संग्रह-१८

क्रम संख्या-१९

जातक संग्रह

[भाग-३]

(कुनै एक भिक्षुको कारणमा बताइएका कथाहरू)

आचार्य

भिक्षु अमृतानन्द

२८२
जा

भा.रु. १०/-   ने.रु. १३/-

लेखकका पुस्तक पुस्तिकाहरू-

(नेपाल भाषामा

१. अग्रश्रावक
२. आर्यसत्य (द्वितीयावृत्ति)
३. कर्मविभाग
४. गृही-विनय (चतुर्यावृत्ति)
५. जातकमाला भाग—१ (द्वितीयावृत्ति)
६. जातकमाला भाग—२ (द्वितीयावृत्ति)
७. त्रिरत्नवन्दना
८. धम्मपद (द्वितीयावृत्ति)
९. धर्म व विनय
१०. धम्मपदट्ठकथा
११. प्रजापति गौतमी (द्वितीयावृत्ति)
१२. पाठ्यसूत्र
१३. बौद्धकहानी
१४. बुद्धशासनया इतिहास
१५. बुद्धजीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञधातु
१९. सूत्रसंग्रह

संग्रह–१८

क्रम संख्या–१९

जातक संग्रह

[भाग – ३]

(कुनै एक भिक्षुको कारणमा बताइएका कथाहरू)

आचार्य

भिक्षु अमृतानन्द

भारु. १०/- नेरु. १३/-

प्रकाशक:

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. १४४२०

294.382

(सर्वाधिकार सुरक्षित)

बुद्धाब्दः २५२३

वि. सं. २०३७

प्रथमावृत्ति १०००

6511

मुद्रक:

नेपाल प्रेस

काठमाडौं, नेपाल ।

Collection No. 18

JATAKA SANGRAHA

(PART III)

Bhikshu Amritananda

Published by

ANANDA KUTI VIHARA TRUST

Ananda Kuti, Kathmandu

NEPAL.

1980

यसमा—

प्रकाशकीय

भूमिका

प्राक्कथन

मूल-ग्रन्थहरू

सहायक ग्रन्थ

संकेत शब्दको अर्थ

त्रिपिटक-सूची

विषय-सूची

"जातक संग्रह" भाग–२

नामावली

शब्दावली

गाथा-सूची

प्रकाशकीय

प्रस्तुत जातक संग्रह तेश्रो भाग बुद्धकालीन ग्रन्थहरूको (आनन्दकुटी विहार गुठीको) प्रकाशन क्रमको उन्नाइसौं ग्रन्थ हो। यसप्रकारका ग्रन्थहरू प्रकाशन गर्ने लक्ष लिएर अविच्छिन्न रूपमा परिश्रम गरिरहनुभएका पूज्य अमृतानन्द महास्थविरद्वारा अनुदित भएको हो। यो संग्रहलाई पनि यस विहार गुठीले प्रकाशित गर्ने सुअवसर पाएको छ।

यसमा विभिन्न जातक सम्बन्धी महत्वपूर्ण कुराहरू ज्ञान गर्न पाउनुको साथै विशेष मनोरञ्जन समेत हुने भएकोले पाठकहरूले सरल रूपमै ज्ञान वृद्धि गर्न पाउने छन् भन्ने आशा लिएको छु।

तीर्थनारायण मानन्धर
सदस्य-सचिव
आनन्दकुटी विहारगुठी

२०३७ बैशाख ३

भूमिका—

जसरी पृथ्वी गोल छ भन्ने कुरामा सबैको सहमत छ त्यसैगरी विश्व-परिस्थिति, वातावरण तथा मनोभावनाको पनि अध्ययन गर्नुपर्ने अवस्थातिर आँखा चिम्लिन मिल्दैन भन्ने कुरातिर राजनैतिक, आर्थिक, सामाजिक र साहित्यिक आदि जुनसुकै विषयलाई माध्यम बनाएर विवेचना गरे पनि आखिर कुरो आएर यौटैमा टुङ्गिन्छ । त्यो केहो भने—घट्टले जसरी फन्कोमार्छ त्यस्तैगरी सबै विषय वा वस्तुहरूले फन्को मारिरहेकै छन् । फरक यत्ति हो कि कहिले यता कहिले उता । यसको तात्पर्य केहो भने—पूर्वीसाहित्यतिरका कथाहरूको वर्गीकरण गरी विभिन्न युगलाई पच्छ्याई हेर्दैजाँदा आधुनिक र प्राचीन साहित्य-मध्ये अहिले आधुनिकताले नाक ठाडो पारेको छ भने पहिले प्राचीनताले । तर हिजोआज आधुनिकतामा वाक्किएर प्राचीनतातिर ढल्कने समाजको संख्या पनि दिन प्रतिदिन बढदैछ । जेहोस् यसै लहरमा हेर्दै जाँदा पूर्वीकथा साहित्यमध्ये जातक कथाको पन आफ्नै खालको पाइएको कुराको दिग्दर्शन जातक कथा संग्रहको भाग एक र दुइको भूमिकामा गराइसकेको हुँदा यहाँ दोहोऱ्याइरहनु पिष्टपेषण गर्नु जस्तै ठान्दछु ।

कसैले भन्लान्—जातककथा प्राचीन परम्पराको परिवेशभन्दा बाहिर आउन नसकेकोले आधुनिक कथा परम्पराको आधारमा यो केही होइन । अध्ययन विनानै यसरी आफ्नो अनभिज्ञताको प्रदर्शन गर्नेहरूलाई थोरै शब्दमा जवाफदिने हो भने प्राचीन कथाहरूले जसरी मानव-मस्तिष्कलाई बहुमुखी शक्ति प्रदानगरी आफ्नो जुन उद्देश्य हो (केन्द्र विन्दु) त्यस अनुरूप सम्बन्धित कार्यमा सक्रीय गराएको थिए र अज गराउँदैछन् भने आधुनिक कथाहरूले केवल बाहिरी आवरण मात्र देखाउन सफल भएका छन् न कि नैतिकतालाई साक्षी राखी आवश्यक कार्य क्षेत्रमा उत्रन । त्यसैले मेरो मस्तिष्कले के अनुभव गरेको छ भने—'यदि वैचारिक द्वन्दता नै आधुनिक कथाको जग हो भने वैचारिक एकता नै प्राचीन कथाको मुटु हो ।'

यदि मुक्तकण्ठले भन्ने हो भने प्राचीन कथाहरूले जेजति नैतिक बल तथा अनुशासन देखाएका छन् त्यस्तो बल हिजो आजका कथाहरूको लेखाइमा देखिएता पनि प्राचीनताको दाँजोमा महत्वहीन हुदै जान थालेका त छैनन् ? भन्ने प्रश्नवाचक कुरालाई सामाजिक वातावरण र स्वभावसँग तुलनात्मक अध्ययन गर्दा हिजो आज पनि कसैले कुनै कुराको उपमादिन पर्‍यो भने विभिन्न नैतिक कथा, पुराण र जातक जस्ता कथाहरूकै नाम लिन्छन् । जसरी भएपनि आफ्नो स्वार्थ पूर्ति कताबाट कसरी हुन्छ त्यतैतिर दौडने हिजो आजको सामाजिक वातावरणले नैतिकता, अनुशासन आदि जस्ता सम्बन्धित विषयहरू त केवल निर्धा र सोझाहरूका आधार मात्र हुन् भन्ने ठानेको छ । तर यसरी ठान्नेलाई पनि गरुडको नामलिने वित्तिकै सर्प तर्से जस्तै गरी

तर्साउन सक्ने खुबी प्राचीनकथाहरूमै छ । जसमध्ये जातक कथा पनि एक हो ।

३२ जना भिक्षु र २ जना भिक्षुणी पात्रहरूको आधारशिलाको पृष्ट भूमिको आधारमा धेरै समस्याहरू बोकेर हाम्रो सन्मुखमा आएको २८० पृष्टद्वारा सुसज्जित जातक कथा संग्रह भाग–३ ले यस जन्म र परजन्म (वर्तमान र अतीत) वा जन्मजन्मान्तरसँग गाँसिएको मालारूपी घटनामा मुख्यतया धर्मनिर्देशित सामाजिक, आर्थिक, नैतिक, दार्शनिक र मनोवैज्ञानिकताको पूर्वरूप तयार पार्ने बुद्धधर्मकोनिमित्त प्रयोग परक भएका असंग्रहितता, अल्पेच्छता, सन्तुष्टिता, शिक्षाकामिता, प्रासादिकता, तपस्वीभाव तथा वीर्यवानता आदिको क्रममै बहुजन हिताय सम्बन्धी सदुपदेश, परोपकारिता, निस्वार्थसेवा, क्रोधरहित भावना, अप्रवञ्चना, अनभिमानता, निरालसता, अनुच्छृङ्खलता र सम्मानता, आदि जस्ता विभिन्न रोचक घटनाहरू गाँसिएका छन् जसलाई वर्गीकरण तथा विश्लेषण गरी हेर्दा तत्कालीन समाजभित्र पाइने—कुचक्र, षड्यन्त्र, धूर्त्याईं, डर, त्रास, लज्जा, आत्मवर्णन, लोभी तथा ठगीपना, अधिकार दुरुपयोग, चोरी, परहिंसा, क्रोध, मत्स्यन्यायका अनुगामी, कञ्जुस्याईंको पराकाष्टा, अर्काको जीवनमाथि खेलवहाड गुरुद्रोह र स्वार्थलोलुपता आदि जस्ता अमानवीय अपराधहरू हिजो आजँ भइरहे झैं भइरहेका कुराहरूको विशद व्याख्या गर्दै तत्कालीन समाजलाई सचेत बनाई पूर्वजन्म समेतका कुराहरू बताउन सक्ने बुद्धको दिव्य दृष्टिले हेरी पहिले नै पछि आउने समाजमा पनि यस्तै घटनाहरूले आवास तयार पार्नें छन् भनेर त्यसको रोकथामकोनिमित्त उपदेशरूपी ऐना हेर्न लगाइएको हो । जसलाई

हेर्दा—कुनै धनाढ्य, कुनै शक्तिमत्त राजा, कुनै निर्वाणको सपना देख्ने भिक्षु, कुनै आफ्नो स्वार्थपूर्तिकोनिमित्त जसो गर्न पनि तम्सने अन्ध, कुनै इहलोक र परलोक सुधार्ने उपायको खोजि गर्ने तपस्वी, कुनै धनमात्र थुपारेर सन्तोषमान्ने मूर्ख, कुनै धनलाई कौडी बराबर पनि नठान्ने त्यागी, कुनै समाजमा आफूलाई ठूलो बनाउन खोज्ने अल्पज्ञ, कुनै आफ्नो श्रीसम्पत्ती नै समाजको भलाइकोनिमित्त हो भन्ठान्ने दानी र कुनै मृत्युदेखि भयभीत हुने अदूरदर्शी आदि जस्ता चरित्रहरूको प्रदर्शन गराउँदै छोरी कुटी बुहारी तर्साउने भनाइलाई सार्थक पारे जस्तै गरी मानवसमुदायलाई निश्चितमार्गमा हिंडाउने अविरल प्रयासको सन्दर्भमा काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता भित्री शत्रुहरूलाई समाप्त पार्ने सल्लाह दिंदै 'प्राणी मात्र एक हुन्' भन्ने भावनारूपी संसारमा सबैलाई पुनर्वास गराउने अभियान प्रारम्भ गर्नकोनिमित्त विभिन्न कारणहरूलाई आधार मानेर ३४ जातकमध्ये कञ्चनक्खन्ध जातक र मित्तामित्त जातक अन्तरगतका भिक्षु पात्रहरूलाई श्रावस्ती नगरमै बसेर र बाँकी जेतवन विहारमै बसी ३२ जातक अन्तरगतका भिक्षु भिक्षुणी पात्रहरूलाई आधार बनाई सबैको सामुन्ने उभ्याई आफू बोधिसत्व छँदा बाराणशी राज्यमा ब्रह्मदत्त (ब्रह्मदत्त एक राजाको पद हो, ब्रह्मदत्त भन्ने कुनै एक राजा मात्र होइन) ले राज्य गरिरहेको बेलामा उक्त जातक अन्तरगतका पात्रहरूले अतीत जन्ममा आफ्नो के कस्तो जीवन कसरी यापन गरिरहेका थिए र यस जन्ममा (आफू बुद्ध भइसकेपछि) किन यस्ता भएका हुन् भन्ने कुराको प्रशंगलाई आधार मानेर पूर्वजन्मसम्बन्धी क्रियाकलापको समेत विस्तृत परिचय गराउने उपक्रम बुद्धद्वारा थालिएको

कुराको व्यक्तिचरित्रलाई नै यस जातकले सँगालेको छ र जातकको नामकरण भने पात्रको पूर्वजन्मको आधारमा नै गरिएको छ र यस जन्मको पात्रको खास नाम नलिई कुनै एक भिक्षु र कुनै एक भिक्षुणीको आधारमा परिचय गराइएको छ । जस्तै—

पूर्वजन्ममा अर्काको रगत र मासुको पिपासु तथा यस जन्मको मोज मजा र ऐश आरामलाई सर्वथोक ठान्ने र बुद्धोपदेशपछि स्रोतापत्तिफलमा प्रतिष्ठित हुने श्रावस्तीवासी बहुभाण्डिक भिक्षुको कारणलाई लिएर 'देवधम्म जातक', पूर्वजन्ममा पक्षीयोनी (मयूर) मा जन्म लिएको र यस जन्ममा लाज र भयको वास्ता नगरी ऐश आरामकै धूनमा लाग्दा लाग्दै बुद्धधर्म सम्बन्धी नियमबाट च्युतहुने श्रावस्तीवासी भिक्षुको कारणलाई लिएर 'नच्च जातक', शील सम्बन्धी कुराको ज्ञान सरल उपायबाट गर्न नसकी बुद्धधर्म नै छोडन तत्पर भएको र पछि बुद्धोपदेशद्वारा शील पालनको सरल उपायको ज्ञान भएपछि प्रमुदित भई शीलमै बस्ने श्रावस्तीवासी भिक्षुको कारणलाई लिएर 'कञ्चनक्खन्ध जातक', पूर्वजन्मको आत्माभिमानी भीमसेन नामक जुलाहा यस जन्ममा आफ्नो खान्दानीको धाक रबाफ देखाई आत्माभिमान गर्दै ठग्ने पेशा अपनाउने एक भिक्षुको कारणलाई लिएर 'भीमसेन जातक', पूर्वजन्ममा हस्तीयोनिमा जन्मी यस जन्ममा बुद्धधर्ममा प्रवेश गरेर पनि मृत्युदेखि भयभीत भइरहेको स्रोतापत्तिफल प्राप्त गर्ने श्रावस्तीवासी भिक्षुको कारणमा 'दुब्बलकट्ठ जातक', पूर्वजन्ममा सेठको नोकर भएर पनि सेठकै छोरा भनी कीर्तेचिट्ठीद्वारा अर्को सेठको छोरी विवाह गरी घरजुवाइँबनी रबाफ गर्ने तथा यस जन्ममा पनि आफ्नो आत्मप्रशंसा गर्न लाज नमान्ने

श्रावस्तीवासी भिक्षुको आधारलाई लिएर 'कटाह जातक', आपनो सफलता र असफलता छुट्याउन नसक्ने तथा जेतवनकै आसपासमा बस्ने पछि अर्हत्व फलमा प्रतिष्ठित भएको भिक्षुको कारणलाई लिएर सम्झाउँदै पशुपक्षिले पनि सफलता र असफलता छुट्याउन सक्तछन् भन्ने कुराको उपमादिन 'घतासन जातक', पूर्वजन्ममा हस्तीयोनिमा जन्मेको र यस जन्ममा आपनो शिष्यप्रति पनि विश्वास नगर्ने अविश्वासी भिक्षुको प्रसंगलाई लिएर 'मित्तामित्त जातक', जन्ताघरको ढोकामा बसी दाउरा चिर्दा चिर्दै सर्पको डसाइले जेतवनारामवासी भिक्षुको कारणलाई लिएर उपमाको रूपमा 'खन्धवत्त जातक', पूर्वजन्ममा मत्स्य योनिमा जन्मेका हाल रूपको कारणमा झगडा गर्न तम्सिरहने श्रावस्तीवासी दुइ युवक भिक्षुहरूको कारणलाई लिएर 'गङ्गेय्य जातक', पूर्वजन्ममा हस्तीयोनिमा जन्मेका र यस जन्ममा जेतवनको आसपासमा वस्ने भिक्षुको कारणलाई लिएर 'गूथपाण जातक', पूर्वजन्मको सपेरा यस जन्मका महास्थविरको कारणलाई लिएर 'सालक जातक', पूर्वजन्मका राजा यस जन्मका जेतवनको आसपासमै बस्ने क्रोधी भिक्षुको कारणलाई लिएर 'तिलमुट्ठि जातक', पूर्वजन्ममा बाँदर कुलमा जन्मी यस जन्ममा जेतवन विहारभन्दा केहि टाढा वस्ने भिक्षुको कारणलाई लिएर 'उदुम्बर जातक', पूर्वजन्ममा सर्पकुलमा जन्मी यस जन्ममा जेतवनको आसपासमा बस्ने अन्त्यमा अनागामीफलमा प्रतिष्ठित भएका क्रोधी भिक्षुले परिचित हुनाको कारणलाई लिएर 'दद्दर जातक', जेतवनकै आसपासमा बस्ने तथा अन्त्यमा अनागामीफलमा प्रतिष्ठित भएका क्रोधी भिक्षुको कारणलाई लिएर उपमाको रूपमा देखाउन 'खन्तिवादी जातक', यस जन्ममा

अनाथपिण्डिक र विशाखा उपासिका जस्ता महादानीहरूकहाँ पनि बेमौकामा दानलिन जाँदा नपाई उल्टै उनीहरूको अनुचितरूपले उपहास गर्दै हिडने तथा अन्त्यमा स्रोतापत्तिफल प्राप्त गर्ने जेतवनाराम निवासी भिक्षुको कारणलाई लिएर उपमाको रूपमा 'पीठ जातक', पूर्वजन्मको गजकुम्भ नामक जन्तु यस जन्ममा अल्छी भिक्षुले परिचित भई जीवन यापन गरिरहेको श्रावस्तीवासी भिक्षुको कारणलाई लिएर 'गजकुम्भ जातक', शाश्वतवादी, नग्नतावादी, उच्छेदवादी जो आयो उसैको पछिलाग्ने श्रावस्ती राज्यकै गुणागुण जान्न नसक्ने गाउँलेहरूकहाँ बस्ने तथा उपदेशपछि स्रोतापत्तिफलमा प्रतिष्ठित हुने एक भिक्षुको कारणलाई लिएर उपमाको रूपमा 'नेरु जातक', पहिले सुगुरयोनिमा जन्मी यस जन्ममा मृत्युदेखि डराउने र उपदेशपछि स्रोतापत्तिफलमा प्रतिष्ठित हुने श्रावस्तीवासी एक भिक्षुको कारणलाई लिएर 'तुण्डिल जातक', कमलको फूलको वास्ना सुँघ्दा कुनै देवताद्वारा चोरको अभियोग लागेको कोशल राज्यको जंगलनिवासी तथा पछि स्रोतापत्तिफलमा प्रतिष्ठित भएको एक भिक्षुको कारणलाई लिएर उपमाको रूपमा 'भिसपुप्फ जातक', स्वादिष्ट खानामा लालायित हुने तथा बुद्धोपदेशपछि अर्हतफल प्राप्त गर्ने कोशलको एक गाउँमा बस्ने भिक्षुको कारणलाई लिएर उपमाको रूपमा 'महासुक जातक', सामान्य कुरामा पनि भयङ्कर क्रोध प्रकट गर्ने उपदेशको अन्त्यमा अनागामीफल प्राप्त गर्ने जेतवनवासी भिक्षुको कारणलाई लिएर उपमाको रूपमा 'चुल्लबोधि जातक', पूर्वजन्मको कन्जूस महासेठलाई आफ्ना पुर्खा इन्द्र महाराजले ठीक ठाउँमा ल्याइदिएपछि दानी भएको तथा अहिलेको जन्ममा पनि दान नदिई

नखाने जेतवनमै बस्ने भिक्षुको कारणलाई लिएर 'बिलारकोसिय जातक', पूर्वजन्ममा ८० कोटी वैभवसम्पन्न भएर पनि महाकञ्जूस देखिने कोसिय नामक सेठ यस जन्ममा महादानी देखिएको श्रावस्तीवासी भिक्षुको कारणलाई लिएर 'सुधाभोजन जातक', पूर्वजन्ममा सुगुरको योनिमा जन्मी जेतवनवासी यस जन्मको बुढो भिक्षु जसले आफ्नो अनुचित व्यक्तित्व देखाउन सारिपुत्रसँग प्रश्न सोध्दा अरूले लखेट्नाको कारणलाई लिएर 'सूकर जातक', पूर्वजन्ममा स्याल भई जन्मेको यस जन्मको जेतवनमै बस्ने बुढो भिक्षु जसले दुइ अग्रश्रावकहरूले प्रश्नोत्तर गरिरहेको ठाउँमा गई उनीहरूसँग बेसमयमा प्रश्न गर्न खोज्दा सभा भंग भएको कारणलाई लिएर 'चतुमट्ट जातक', पूर्वजन्ममा पनि मनुष्य चोला लिएको र अहिले पनि आफ्नो जिद्दी नछोडने स्वभावको जेतवनवासी बुढो भिक्षुको कारणलाई लिएर 'कस्सपमन्दिय जातक', पूर्वजन्मको सपेरा अहिलेको सालक जातकमा फैं एउटा गाउँले केटोलाई प्रव्रजित गराउँदै निकाल्दै गर्ने जेतवनवासी बुढो भिक्षुको कारणलाई लिएर 'अहितुण्डिक जातक', पूर्वजन्मको तपस्वी र यस जन्ममा आफूले प्रव्रजित गराएको केटोको मृत्युको कारणमा शोक गर्दै हिड्ने जेतवनवासी बुढो भिक्षुको कारणमा 'मिगपोत जातक', पूर्वजन्मको तापस र यस जन्ममा आफैले प्रव्रजित गराएको शिष्यको मृत्युमा शोकविह्वल भई भौतारिइरहेको यस जन्मको जेतवनवासी बुढो भिक्षुको कारणलाई लिएर 'सोमदत्त जातक', पूर्वजन्ममा सुगुर योनिमा जन्मेर पनि युद्धकुशल र यस जन्ममा पनि राजनीतिमा प्रवीण कोशलनिवासी धनुग्गहतिस्सत्थेर र अर्को भिक्षुको कारणलाई लिएर 'तच्छसूकर जातक', पूर्वजन्ममा पक्षी योनिमा जन्मलिई

यस जन्मकी अतिलोभिनी भई आफू भिक्षा गर्न जाने ठाउँलाई भयङ्कर डर लाग्दो स्थान बताई आफूमात्र भोजन गर्न पल्केकी श्रावस्ती कुलपुत्रीको कारणलाई लिएर 'अनुसासिक जातक', र पूर्वजन्मकी राजकन्या र यस जन्ममा दशबल शास्ताको धर्मोपदेश सुन्दासुन्दै बोधिसत्वले छद्दन्त हात्तीकोरूप लिएको बखत सोणुत्तर भन्ने ब्याधा पठाई आफ्नै स्वामी मार्नलगाएको पूर्वजन्मको कुरा संस्मरण गरी यस जन्ममा रुने श्रावस्ती-वासी कुलकन्या तथा अन्त्यमा अर्हत्व प्राप्त गर्ने तरुणी भिक्षुणीको कारणमा 'छद्दन्त जातक'।

उक्त पात्र परिचयको क्रममा यहाँ के अवबोध गर्न सकिन्छ भने—कुनै एक भिक्षुणी र कुनै एक भिक्षुको कारणलाई लिएर तत्कालीन सम्पूर्ण समाजको प्रतिनिधित्व गर्दै समाजभित्र रहेका असल वा खराब विभिन्न बहुमुखी तत्वको विश्लेषणको साथै समाजमा सबै असल मात्र बन्न सकेका हुँदैनन् र तिनीहरूलाई सहिबाटो देखाउन सकेको खण्डमा असलभन्दा पनि असल हुन सक्छन् भन्ने कुरालाई उपदेशको अन्त्यमा कुनै स्रोतापत्ति, कुनै अनागामी र कुनै अर्हत्फलमा प्रतिष्ठित भएको कुराको साथै कञ्जूस दानी; लोभी निर्लोभी; क्रोधी अक्रोधी; हिंसक अहिंसक; घमण्डी साधु आदिमा परिवर्तन भएका कुराले नै परिपुष्टि गर्दै सबै भिक्षु यसप्रकारका (प्रारम्भमा खराब आचरणका) नभई बहुजन हिताय जीवन समर्पण गर्ने धेरै छन् र भिक्षु वा भिक्षुणी भई सक्ता पनि कुनै कुनै अज्ञानरूपी अन्धकारमै रुमलिइरहेका हुँदा रहेछन् भन्ने दृष्टान्त देखाई सबैलाई सहि आचरणको दृश्यावलोकन गराउने

सत्प्रयास जारी राख्दै यस संग्रहले भिक्षुत्वको परिभाषा दिंदै भनेको छ कि—

१. "अनिक्कसावो कासावं यो वत्थं परिदहेस्सति ।
अपेतो दम सच्चेन न सो कासावमरहति ।।

२. "यो च वन्तकसावस्स सीलेसु सुसमाहितो ।
उपेतो दमसच्चेन स वे कासावमरहति ।।"

(छद्दन्त जातक पृ. २७१)

(अर्थात् जसले अज्ञानादि रूपी अन्धकारलाई नहटाई गेरुवस्त्र लगाउँछ त्यस्तो संयम र सत्यताबाट बिलकुलै टाढा रहेको मानिसले गेरुवस्त्र पहिरन योग्य छैन र जसले अज्ञानरूपी अन्धकारलाई हटाइ ज्ञान प्रदीप बाली शीलमा प्रतिष्ठित भएको छ त्यस्तो संयम र सत्यताको महत्व बुझने पुरुषले मात्र गेरुवस्त्र लगाउन योग्य छ ।)

यसै सन्दर्भमा संग्रहरूपी रंगमञ्चतिर आँखा, कान र मस्तिष्कलाई लगाउँदा देख्न, सुन्न र अनुभव गर्न पाइने कुराहरूको मोटामोटी रूपमा सारांश खिच्ने हो भने—सर्वप्रथम आत्माभिमान, क्रोध र वैरता कसैले पनि गर्नुहुँदैन र योभन्दा ठूलो शत्रु अर्को हुन सक्तैन यसले सबैलाई भष्मीभूत पार्नसक्तछ भन्ने कुरातिर चुल्लबोधि जातक, तिलमुट्ठि जातक, दद्दर जातक र खन्तिवादी जातकहरूले संकेत मात्र होइन भविष्यवाणी समेत गर्दै धनमत्त भएपछि जतिसुकै मूर्ख मानिस भएपनि आफलाई नै ठूलो ठान्दछ भन्ने कुरा आजको मात्र नभई परम्परादेखि

चलीआएको विभिन्न प्रकारको शोषणको प्रतीकमध्येको एक हो र जसलाई समाप्त गर्न चलाएको अभियान हिजो आजको मात्र नभई बुद्धकै पालादेखि प्रारम्भ भएको हो र अनि भएको हो सौतेनी आमाको क्रूर हृदय मर्दन योजना। यतिमात्र होइन विना कामको आत्मप्रशंसाले आफूलाई मात्र होइन अरुकोनिमित्त पनि हानिकारक भएको कुरा दर्शाउँदै साँच्चै भन्ने हो भने पशुजीवनभन्दा पनि गएगुज्रेको मनुष्यजीवन हुन पुगेको छ भन्ने कुराको अपशोचमा आँसु चुहाउँदै यस्ता अविवेकीहरूलाई चराचुरुङ्गी र अन्य पशुपहरूका कथाहरूले यस प्रकारका दुइ खुट्टे मानिसहरूलाई मनुष्यपथमा हिड्नुपर्ने निर्देशनदिन पनि यहाँ हिचकिचाएको छैन। जुन कुरा मनोवैज्ञानिक सत्य छ भन्न बाध्यहुनु पर्दछ भने अर्कोतिर आफ्नो व्यक्तिगत फाइदा उठाउनकोनिमित्त जतिसुकै विद्वान र विवेकी देखिए पनि कुनै कुनैले छद्म भेषको गोरेटो पनि नरुचाएका होइनन् भन्ने कुरालाई भीमसेनको आडमा चुल्लधनुग्गहले गरेको नाटकीय योजनाले पनि 'शठे शाठ्यं समाचरेत्' भन्ने उक्तिलाई सार्थक पारिदिएको छ र कुनै पनि काम विवेक नपुऱ्याई गरेको खण्डमा उसको जीवन दुःखमय खाडलबाट कहिल्यै पनि माथि आउन नसक्ने कुरामा 'घतासन जातक' ले दाबी गर्दै जस्तालाई त्यस्तै गर्ने परम्पराको अध्ययन गर्न पाउने अवसर एकातिर 'गूथपाणक जातक' ले दिलाएको छ भने अर्कोतिर जुन थालमा खायो त्यसैमा चुट्ने जस्ता धूर्त चरित्रहरू पनि यहाँ नपाइने होइनन् भन्ने कुरालाई लिएर 'उदुम्बर जातक' को आगन्तुक भिक्षुले आफ्नै विहारमा नियमपूर्वक बस्ने भिक्षुलाई उच्छिट्याउन खोज्नु तथा संगतगुनको फल भन्ने उक्तिलाई चरितार्थ

पार्दै सेठको घरको नोकरले सेठकै छोराको साथमा पढी विभिन्न भाषा सिकेपछि कीर्तेपत्रद्वारा आफूलाई सेठकै छोरो बनाई अर्को सेठकी छोरी विवाह गर्न सफल हुने जस्ता घटनाले मौकापरे अन्नदातालाई समेत धोका दिन नहिच्किचाउने व्यक्तिहरू यत्रतत्र पाइन्छन् भन्ने कुरालाई 'कटाह जातक' ले सार्थक पारिदिएको छ भने यस्तै गरी अविवेकीको संगत गर्नेले जस्तो ठूलो दुःखभोग अरूले गर्नपर्दैन भन्ने कुराको उदाहरण बन्न 'नेरु जातक' खडा भएको छ ।

यस्तै गरी संग्रहलाई हेर्दै र अनुभव गर्दै जाँदा के पनि अनुभव गर्न पाइन्छ भने—जस्तोसुकै उत्तम जीवन यापन गर्न पाउने बाटो फेला पार्दा पनि अल्छीको पिण्ड बनेर दुःखभोग्ने अर्थात् आफ्नो खुट्टामा आफै बञ्चरो हान्ने जस्ता कुराले कम आश्चर्य चकित गराउँदैन भन्ने कुराको संकेत गर्न 'गजकुम्भ जातक' अगाडि सरेको छ र मनुष्यकर्तव्यमा आलस्य देखाई कालोबजार गर्ने जस्ता कुप्रवृत्तिमा लाग्नेले धनीबन्ने मौका पाउनसक्ने र सन्मार्गमा लागी इमान्दारपूर्वक मेहनत गर्नेहरूले भने बेहान बेलुका हातमुख जोडन पनि नसक्ने व्यवस्थातिर ठूलो विरोध दर्शाउँदै सन्सारमा यस्ता धूर्तहरूले पनि जन्म लिएका छन् जसको धूर्त्याईंबाट जतिसुकै चंख र विवेकी तथा विद्वान् भएपनि उनीहरूको बाग्जालमा जेलिई आफ्नो कर्तव्य गुमाउन परिरहेका तीता घटनाहरू घटेका कुरालाई 'कटाह जातक' र 'तुण्डिल जातक' जस्ता जातकहरूले परिपुष्टि गरेका छन् भन्दा सच्चाइता र इमान्दारिता अन्योलमा परेका देखिन्छन् । जुन कुरा आज पनि छँदैछ ।

यसरी हेर्दै जाँदा सद्प्रवृत्तिको दाँजोमा कुप्रवृत्तिको चहल पहल

देखिए तापनि यो नगण्य छ। तैपनि यस्तो भयङ्कर रोगरूपी प्रवृत्ति समाजभित्र रहिरहेमा—

> एकेनापि कुवृक्षेण कोटरस्थेन वन्हिना।
> दह्यते तद्वनं सर्वं कुपुत्रेण कुलं यथा ॥

भन्ने नीति अनुरूप समाजलाई नै आघात पार्न सक्ने हुनाले यसको निर्मूल पार्नकोनिमित्त सबैलाई भित्रीआँखा खोलेर हेर्न घच्घच्याउने प्रयास यहां भएको छ।

त्यसैले यस संग्रहरूपी रंगमञ्चको अभिनय हेर्दा पाइने सुखदु:ख आदिको अनुभव गर्दै जाँदा मुख्यतया भिक्षु चरित्रहरूको स्वार्थ सर्वजन हितायतिर जसरी लागेको छ त्यसरी नै गृहस्थीहरूको पहिलो स्वार्थ पारिवारिक जीवन सुखमय बनाउनेतिर तल्लीन भएको हुन्छ भन्ने कुरातिर पनि निकै अगाडि पाइला सारेको मात्र होइन नातेदारहरूको सन्मानकोनिमित्त जुन कर्तव्य ठानिन्छ त्यस्तै कर्तव्य अरूको सन्मानमा पनि हुनुपर्ने कुरालाई परम्परागत धर्म ठान्नुपर्ने विषयतिर उन्मुख गराउने प्रयासकोनिमित्त पनि कम दौडधूप गरेको देखिदैंन। जसलाई मननगर्दा हिजो आज पाइने स्वभाव र तत्कालीन स्वभावमा कुनै विषमता देखिदैंन। यति मात्र होइन सामाजिक स्थितितिर अध्ययन गर्दा सहयोग, परोपकार, निस्वार्थता तथा विभिन्न प्रकारका दान आदि जस्ता कुराहरूले निकै महत्वपूर्ण स्थान ओगटेका छन् र यसप्रकारका कार्यले यो लोक मात्र सुध्रने होइन परलोकको अधिपति पनि हुन सकिंदो

रहेछ भन्ने कुराको मनन गर्नकोनिमित्त 'पीठ जातक', 'चुल्लबोधि जातक' र 'सुधाभोजन जातक' जस्ता जातकहरू ज्वलन्त उदाहरणको रूपमा देखिएका छन् ।

यसरी अनुभव गर्दै जाँदा सामाजिक अस्विकार्य विषयहरूले सताइरहेको मात्र पाइएको होइन कि यस्ता विषयरूपी विषवृक्षको समूल उच्छेदन गर्ने उपायको सन्मार्ग पहिल्याइदिनकोनिमित्त नै विभिन्न प्रकारका कथाहरूले समाजलाई व्युझाइरहेका छन् र भनेका छन् कि— जुनसुकै काममा हात हाल्दा बुद्धि पुऱ्याएर मात्र हाल्नुपर्दछ र अप्राप्य वस्तु पाउन सकिन भनी शोक गर्नु मूर्खता हो र प्राप्य वस्तुकोनिमित्त संघर्ष गर्नुपर्छ भन्ने कुराकै शिलशिलामा जुक्ति बुद्धि पुऱ्याएर कामगर्ने प्रेरणा दिंदै—

यो दन्धकाले तरति तारणीये च दन्धति ।
सुक्खपण्णंव अक्कम्म अत्थं भञ्जति अत्तनो ।।

(गजकुम्भ जातक पृ. ९६)

(अर्थात् जसले छिटै गर्नु पर्ने कामलाई छिटै र विचारपूर्वक गर्नुपर्ने कामलाई हत्तरपत्त गर्छ त्यस्ताले सुकेको पात माड्मुड् पारे जस्तै गरी आफ्नो अर्थ विनाश पार्छ ।)

भन्ने गाथाको आधारलाई लिएर सचेत गराइदिएको छ ।

नैतिक उपदेशको भण्डारै भण्डारले भरिएको यस संग्रहले के पनि भनेको छ भने—मूर्खलाई अति उपदेशदिनु बाँदरको हातका

नरिवल जस्तै हो त्यसैले जसलाई अति उपदेश दिंदा सहि बाटो समात्छ त्यस्तालाई मात्र दिनुपर्दछ भन्ने कुरालाई यसभित्रका विभिन्न अयोग्य पात्रहरू उपदेशको अन्त्यमा योग्यबनेकोवाट पनि प्रष्ट हुन्छ। अनि के प्रष्ट हुन्छ भने खराबलाई असल आचरणमा ल्याउनु नै यसको मुख्य लक्ष रहेको छ र जो असल आचरणबाट विमुख हुन्छ त्यस्ताप्रति चिन्ता व्यक्त गर्दै कञ्जूसहरूको कञ्जूस्याइँको पराकाष्टामाथि खित्का छोडेर हाँसेको कुरालाई पनि 'विलारकोसिय जातक र सुधाभोजन जातक' का दुइ धनाढ्य चरित्रहरूले प्रतिनिधित्व गरेका छन् भने अर्कोतिर योग्यता क्रमको आधारमा मानिसले काम पाउनु पर्दछ न कि फरियाको नाताको आधारमा अयोग्य मानिसले पनि बुढो गोरुले गाई ओगटेझैं उच्चस्थान ओगटन पाओस् भन्ने कुरामा गहिरो दुःख तथा क्षोभ प्रकट गरेको छ र भनेको छ कि—

यत्थालसो च दक्खो च सूरो भीरुव पूजिया।
न तत्थ सन्तो निवसन्ति अविसेसकरे नगे॥

(नेरु जातक पृ. १०१)

हुन पनि अयोग्य मानिसले योग्यमाथि अधिकार जमाउँदै आएको छ र लाज र भय भन्ने कुरालाई तिलाञ्जलिदिने व्यवस्थाले पनि सबैलाई सताइरहेके छ। त्यसैले यहाँ श्री, आशा, श्रद्धा र ह्री रूपी केटीहरूको आरोप गरी समाज भित्रका आठ प्रकारका मानिसहरूको कार्यक्षेत्र दर्शाई 'ह्री' को प्रशंसा गरिरहेको हो। अर्थात् कोसियको शब्दमा भन्ने हो भने श्री (धन) अन्धो, श्रद्धा, अनित्य, आशा असत्यवादी र ह्री

(=लाज) आर्यधर्म अनुकूल आचरण गर्ने हो। त्यसैले भन्न सकिन्छ जसले लाज पचाएर काम गर्छ त्यो ठूलोभन्दा ठूलो मानिस किन नहोस् त्यस्तालाई 'नराधम' भन्न हिच्किचाउन पर्दैन।

यसप्रकारबाट हेर्दै जाँदा बुद्धदर्शनले परिपुटित साहित्यिक, मनो-वैज्ञानिक, आर्थिक, राजनैतिक तथा धार्मिक आदि जुन दृष्टिकोणले हेरे पनि संग्रहलाई खोट लगाउने ठाउँ पाइँदैन। यति मात्र होइन भौगोलिक दृष्टिको आधारमा भएको प्रकृति वर्णनले पनि कम लोभ्याउँदैन र आश्चर्य चकित पार्दैन भन्ने कुरालाई 'छद्दन्त जातक, सुधाभोजन जातक तथा नेरु जातक'ले परिपुष्टि गरेको छ भने नेरु पर्वतको विचित्रताले पनि कम आश्चर्य नगराएको होइन र कम मनोरञ्जन पनि।

यसरी संग्रहमाथि सिंहावलोकन गर्दै आउँदा सबैसँगको मित्रतामा नै सबैको कल्याण छ भन्ने विषयमा अटल विश्वास व्यक्तगर्दै—

एवं समिज्झन्ति अपापकम्मिनो,
अथो सुचिण्णस्स फलं न नस्सति।

(अर्थात्—निष्पापपूर्ण तरिकाले गरेको काम सफल हुन्छ र पवित्र धारणा लिई गरेको कामको फल नास हुँदैन।)

भन्ने कुराको मुख्य सिद्धान्तलाई अंगालेर यस संग्रहले आफ्नो खास व्यक्तित्वको परिचय दिएको छ।

अन्त्यमा—

स्वास्थ्यको कुनै वास्ता नगरी अनवरत परिश्रम गरिरहनु

भएका आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले जसरी बुद्धकालीन ब्राह्मण आदि १५ ग्रन्थहरूलाई पालि त्रिपिटकको नेपालीमा रूपान्तर गर्नुभएको छ त्यसरी नै यत्रतत्र छरिएर बसेका जातक कथाहरूलाई छानबीन तथा वर्गीकरण गरी संग्रहको रूपदिने क्रमको यो तेश्रो जातक संग्रह भाग–३ र प्रकाशन क्रमको १९ सौं हो। प्रस्तुत संग्रहले पूर्व प्रकाशित अन्य जातक संग्रह २ सँगहरूले जस्तै विभिन्न रोचक विषयहरू मात्र संगालेको होइन कि तत्कालीन अवस्थाको कथा साहित्य भाषा[1]को रूपरेखा पनि।

उपदेशपूर्ण कथात्मक शैलीमा (तत्कालीन) लेखिएको यस संग्रहले मानिसलाई केवल मनोरञ्जन मात्र प्रदान नगरी गम्भीर चिन्तन र मनन गर्नकोनिमित्त प्रेरणा पनि दिएको छ अनि दिएको छ 'तमसोमाज्योतिर्गमय' भन्ने मूल मन्त्र।

— वटुकृष्ण "भूषण"

विजयेश्वरी,
स्वयम्भू, काठमाडौं
२०३७ बैशाख १

---

१. यसमा प्रस्तुत भाषा सम्बन्धीवारे जातक संग्रह भाग–१ मा हेर्नू।

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

"बुद्धकालीन" ग्रन्थहरूपछि 'जातक संग्रह' नामले जातकका कथाहरू किन संग्रह गरेको हुँ भन्ने कुरा 'जातक संग्रह' पहिलो भागको प्राक्कथनमा स्पष्ट गरिसकेको छु ।

'जातक संग्रह' दोश्रो भाग छापि सिद्धिएपछि केही महीनाको लागि आफ्नो आचार्यको विहार श्रीलंकामा गई बस्ने विचार गरिरहेको थिएँ । तर जान चाहिं सकेको थिइन । यसै बीच 'जातक संग्रह' तेश्रो भागको अनुवाद कार्य सिद्ध्याई संशोधन गर्ने काम पनि प्रायः सिद्धिइसकेको थियो । श्रीलंका गएर फर्केपछि मात्र छपाउने विचार गरिरहेको थिएँ । त्यसबखत मेरो मनमा निकै द्वन्द्व पनि भइरहेको थियो । साँच्चै भन्ने हो भने एक प्रकारले विरक्तता पनि पैदा भएको थियो । यसको खास कारण चाहिं आनन्दकुटीमा भान्छे नहुनु हो ।

स्थविरवादी भिक्षुहरूको जीवन बडो अनौठो खालको छ । आफैले पकाएर खान नहुने नियम भिक्षुहरूको छ । नेपाल बाहिरका

स्थविरवादी अन्य बौद्ध देशहरूमा अद्यापि भगवान् बुद्धको पालामा फैं भिक्षाटन् जाँदा पाकेको वस्तु नै पाइन्छ र सुलभतापूर्वक भिक्षुहरूको जीवन यापन हुन्छ । अतः ती बौद्ध-देशहरूमा भगवान्‌को पालामा जस्तै अहिले पनि पकाएर खानपर्ने प्रपञ्च छैन । किन्तु नेपालमा काँचो बाहेक पाकेको भिक्षादिने चलन छैन । त्यसैले भिक्षुहरूको विहारमा पकाउनपर्ने समस्या भनौं वा प्रपञ्च भनौं विद्यमान नै छ । बाहिर निम्तो हुँदा चाहिं पकाउनपर्ने हुन्न । अन्यथा सँधैफैं एकछाकको निमित्त पकाउनपर्ने हुन्छ । पकाइदिने भान्छेको प्रबन्ध नभएको खण्डमा भिक्षुहरूकोनिमित्त ठूलो समस्या पर्न जान्छ । केही महीनादेखि आनन्दकुटीमा यो समस्या परिरहेको छ ।

प्रत्येक स्थविरवादी विहारमा बस्ने भिक्षुहरूको हेरचाह गरी सुव्यवस्था मिलाउने मूल उद्देश्य लिएर 'दायकसभा' भन्ने नामले दाता-हरूको स्यानो वा ठूलो संगठन खडा भएको हुन्छ । आनन्दकुटीमा पनि यस्तो सभा वा संगठन नभएको होइन । सक्रिय हुनु र निस्क्रिय हुनु चाहिं अर्कै कुरा हो । दाताहरूको र भिक्षुहरूको बीचमा घनिष्ट सम्बन्ध र सम्पर्कद्वारा नै बुद्धधर्मको जग बलियो हुने कुरा बुद्धकालदेखि आज-सम्मको इतिहासले बताइरहेकै छ । कहिले काँहि सत्य कुरा पनि सुन्नेलाई तीतो जस्तो लाग्नु अस्वभाविक होइन । आनन्दकुटीको बाहिरी कामकाज अर्थात् त्यहाँ बस्ने भिक्षुहरूकोनिमित्त खान-पान आदिको सुप्रबन्ध मिलाउने, तिनीहरूको सुख दुःखको हेरचाह आदि गर्ने जस्ता जम्मै अभिभारा 'दायकसभा' का पदाधिकारी तथा सदस्यहरूमा रहेको हुन्छ । एकछाक भोजनकोनिमित्त सुव्यवस्था मिलाइदिने काम दाता-

हरूको तरफबाट हुनुपर्छ भन्ने कुरा थेरवाद शासनको परम्पराले बताइरहेको छ। आनन्दकुटी 'दायकसभा' का पदाधिकारी तथा सदस्यहरू-सँग आनन्दकुटीवासी भिक्षुहरूको घनिष्ट मैत्री सम्बन्ध र गहिरो तथा बलियो गाँठोको बावजुद दाताहरू र भिक्षुहरूको सम्पर्क सारै कम भन्न सकिन्छ। खुब भए महीनाको एक पटक भेट-घाट हुन्छ होला। अतः सम्पर्कताको कमी हुनाको कारणले गर्दा जति मात्रामा दाताहरूले विहार सम्बन्धी समस्या बुझ्नुपर्ने हो त्यतिमात्रामा बुझ्ने कुरा अधुरै हुनसक्छ र मैत्री तथा घनिष्ट सम्बन्ध पनि धमिलिई परस्परको घनिष्टतामा पनि शिथिलता आउन सक्तछ भन्ने कुराले मेरो मनलाई बराबर घोच्छ। हुनपनि महीनौं भइसकेर पनि दाताहरूको तरफबाट जति तत्परताका साथ भान्छेको व्यवस्था मिलाइनु पर्दथ्यो त्यति तत्परताका साथ हुन नसकेको पनि उपरोक्त कारण नै हुनसक्छ र यो एक चिन्ताको विषय पनि हो। अतएव दाताहरूको र भिक्षुहरूको बीचको सम्बन्ध तथा सम्पर्क बढाउँदै लैजानु पर्छ, घटाउन हुन्न।

विहारमा बस्ने भिक्षुहरूकोनिमित्त एकछाकको व्यवस्था राम्रो-सँग भइदिएको खण्डमा 'बहुजन हिताय बहुजन सुखाय' भन्ने उद्घोषण अनुसार यहाँका भिक्षुहरूले आ-आफ्नो शक्ति अनुसार कसैले धर्म-सेवा, कसैले भाषा-सेवा, कसैले साहित्य-सेवा र कसैले समाज-सेवा आदि काम निश्चिन्तरूपले गर्न सक्ने स्वच्छ वातावरण सिर्जना हुन सक्ने थियो। खासगरी पुस्तक लेख्ने जस्ता काम निश्चिन्तरूपले गर्न सक्ने थिए। यता केही महीनादेखि यही चिन्ताको कारणले गर्दा मेरो मन विरक्तिएको हो भन्ने कुरा स्पष्टरूपले भन्दा कुनै दाताहरूले चित्त

दुखाउन पर्ने कुनै कारण छैन । वहाँहरूले भान्छेको खोजतलास गर्नु नभएको त होओइन होला तर जति ध्यानदिएर भनौं वा जति सहानुभूति राखेर अथवा जति तदारुकताका साथ खोजतलास गर्नु पन हो त्यति मात्रामा चाहिं भएको छैन कि भन्ने लाग्छ । त्यति पनि खामोस लिन नसक्नु चाहिं मेरो आफ्नै कमजोरी पनि हो ।

एकदिन भोजन गरिरहेको बेलामा 'लेखन सिद्धिएको पुस्तक श्रीलंकाबाट फर्किसकेपछि छाप्नु बेशहोला कि अहिले नै छाप्नु बेशहोला' भन्ने चर्चा गर्दा आयुष्मान् महानाम स्थविरले 'अहिले नै छापे सिद्धिएको काम सिद्धिने हाल्नेछ' भन्ने सुझाउ दिनुभएको थियो । यसै बीच 'हाल साल खाली छ छाप्ने मैटर भए पठाइदिनुहोस्' भनी प्रेसबाट पनि फोन आयो । यिनै कारणहरूले गर्दा यो 'जातक संग्रह' तेश्रो भाग पनि छाप्ने निश्चय गरेको हुँ ।

अतः यस 'जातक संग्रह' मा पूर्व सूचना अनुसार कुनै एक भिक्षुको कारणमा बताइएका जातक कथाहरूको संकलन र एक भिक्षुणीको कारणमा बताइएका २ ओटा कथाहरू पनि संग्रहित भएका छन् । प्रस्तुत पुस्तक आनन्दकुटी विहारगुठीको प्रकाशन क्रमको उन्नाइसौं ग्रन्थ हो । यसमा निम्नरूपले संग्रह भएको छ । (१) एक भिक्षुको कारणमा बताइएका जातकहरू–२५, (२) एक बूढो भिक्षुको कारणमा बताइएका जातकहरू–७ र (३) एक भिक्षुणीको कारणमा बताइएका जातकहरू–२ गरी जम्मा ३४ जातक कथाहरू यसमा समावेश भएका छन् । ती हुन्—

१. एक भिक्षुको कारणमा बताइएका–२५

१. देवधम्म जातक, नं. ६, जा. पा. I. पृ. ४, अ. क. I–II. पृ. १००.

२. नच्च जातक, नं. ३२, जा. पा. I. पृ. १०, अ. क I–II. पृ. १५५.

३. कञ्चनक्खन्ध जातक, नं. ५६, जा. पा. I. पृ. १४, अ. क. I–II. पृ. २०४.

४. भीमसेन जातक, नं. ८०, जा. पा. I. पृ. १९, अ. क. I–II. पृ. २६२.

५. दुब्बलकट्ठ जातक, नं. १०५, जा. पा. I. पृ. २४, अ. क. I–II. पृ. ३०६.

६. कटाहक जातक, नं. १२५, जा. पा. I. पृ. २८, अ. क. I–II. पृ. ३३४.

७. घतासन जातक, नं. १३३, जा. पा. I. पृ. ३०, अ. क. I–II. पृ. ३४९.

८. मित्तामित्त जातक, नं. १९७, जा. पा. I. पृ. ४८, अ. क I–II. पृ. ४६७.

९. खन्धवत्त जातक, नं. २०३, जा. पा. I. पृ. ५०, अ. क. I–II. पृ. ४७६.

१०. गङ्गेय्य जातक, नं. २०५, जा. पा. I. पृ. ५१, अ. क. I–II. पृ. ४८०.

११. गूथपाण जातक, नं. २२७, जा. पा. I. पृ. ५७, अ. क. I–II. पृ. ५२०.

१२. सालक जातक, नं. २४९, जा. पा. I. पृ. ६४, अ. क. I–II. पृ. ५५७.

१३. तिलमुट्ठि जातक, नं. २५२, जा. पा. I. पृ. ६६, अ. क. I–II. पृ. ५६४.

१४. उदुम्बर जातक, नं. २९८, जा. पा. I. पृ. ८४, अ. क. I–II. पृ. ६७१.

१५. दद्दर जातक, नं. ३०४, जा. पा. I. पृ. ८८, अ. क. I–II. पृ. ११.

१६. खन्तिवादी जातक, नं. ३१३, जा. पा. I. पृ. ९२, अ. क. III. पृ. २८.

१७. पीठ जातक, नं. ३३७, जा. पा. I. पृ. १०३, अ. क. III. पृ. ८२.

१८. गजकुम्भ जातक, नं. ३४५, जा. पा. I. पृ. १०७, अ. क. III. पृ. ९७.

१९. नेरु जातक, नं. ३७९, जा. पा. I. पृ. १३०, अ. क. III. पृ. १७२.

२०. तुण्डिल जातक, नं. ३८८, जा. पा. I. पृ. १३८, अ. क. III. पृ. २०१.

२१. भिसपुप्फ जातक, नं. ३९२, जा. पा. I. पृ. १४३, अ. क. III. पृ. २१६.

२२. महासुक जातक, नं. ४२९, जा. पा. I. पृ. १८१. अ. क. IV. पृ. ७.

२३. चुल्लबोधि जातक, नं. ४४३, जा. पा. I. पृ. १९९, अ. क. IV. पृ. ६०.

२४. बिलारकोसिय जातक, नं. ४५०, जा. पा. I. पृ. २१०, अ. क. IV. पृ. ९०.

२५. सुधाभोजन जातक, नं. ५३५, जा. पा. II. पृ. १०५, अ. क. IV. पृ. २२४.

२. एक बूढो भिक्षुको कारणमा बताइएका–७

२६. सूकर जातक, नं. १५३, जा. पा. I. पृ. ३४, अ. क. I–II. पृ. ३८६.

२७. चतुमट्ट जातक, नं. १८७, जा. पा. I. पृ. ४५, अ. क. I–II. पृ. ४५१.

२८. कस्सपमन्दिय जातक, नं. ३१२, जा. पा. I. पृ. ९१, अ. क. III. पृ. २६.

२९. अहितुण्डिक जातक, नं. ३६५, जा. पा. I. पृ. १२०, अ. क. III. पृ. १३७.

३०. मिगपोतक जातक, नं. ३७२, जा. पा. I. पृ. १२४, अ. क. III. पृ. १४९.

३१. सोमदत्त जातक, नं. ४१०, जा. पा. I. पृ. १५९, अ. क. III. पृ. २७४.

३२. तच्छसूकर जातक, नं. ४९२, जा. पा. I. पृ. २९०, अ. क. V. पृ. ५०.

३. एक भिक्षुणीको कारणमा बताइएका–२

३३. अनुसासिक जातक, नं. ११५, जा. पा. I. पृ. २६, अ. क. I–II. पृ. ३१६.

३४. छद्दन्त जातक, नं. ५१४, जा. पा. I. पृ. ३७१, अ. क. V. पृ. १९७.

प्रस्तुत पुस्तकको छपाइकार्य २०३६ साल माघ महीनामा शुरु भएको थियो। चैत्र महीनाको आधा आधितिर छपाइको काम सिद्धिने आशा राखेको थिएँ। यसै बीच कुनै कामले पालपातान्सेन र बुटवल गरी तीनहप्ता जति बिताएर आउँदा पनि प्रेसको काम सन्तोषजनक ढंगले प्रगति भएको थिएन र आइसकेपछि काम चालु भयो र बल्लतल्ल २०३७ साल बैशाख लागेपछि छपाइको काम सिद्धियो।

अघि अघि जस्तै प्रस्तुत पुस्तकको भाषा संशोधन र प्रूफ हेर्ने काम समेत प्राध्यापक श्री वटुकृष्ण "भूषण" एम्. ए. द्वारा नै भएको छ भनी भन्न पाउँदा मलाई अत्यन्त सन्तोष लाग्दछ। त्यस्तै गरी आयुष्मान् कुमार कश्यप स्थविरले अन्तिम प्रूफ हेरिदिने र शब्दावलीको प्रारम्भिक लेखाइको काम समेत गरिदिनु भएकोमा वहाँ आयुष्मान् प्रति हार्दिक धन्यवाद दिएको छु। प्रेसमा दिनहुँ कैं गई अल्छी नमानी प्रूफ ल्याउने

र लैजाने काम गरिदिएकोमा श्री खड्गबहादुर उपासकलाई पनि धन्यवाद नदिई रहन सक्दिन। नेपालमा बुद्धधर्म प्रचार तथा प्रसार गर्ने उद्देश्य अनुरूप आनन्दकुटी विहारगुठीले यस पुस्तक पनि प्रकाशन गरिदिएकोमा गुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर सहित अरू सबै सदस्यहरूलाई पनि धन्यवाद ज्ञापन गरेको छु।

'बुद्धकालीन' ग्रन्थहरूको अनुवादकार्य पूर्णतया सम्पूर्ण गर्नकोनिमित्त अझै १०/१२ वर्ष लाग्ने अनुमान छ। हालसम्म केवल दुइवटा ग्रन्थ मात्र परिपूर्ण गर्न सकेको छु। ती हुन् 'बुद्धकालीन ब्राह्मण' र 'बुद्धकालीन गृहस्थीहरू'। यी दुवै ग्रन्थहरू ३/३ भागमा परिपूर्ण भएका छन्। समय परिस्थिति अनुकूल भई सबै तारतम्य मिल्न आएको खण्डमा भविष्यमा बाँकी काम पूरागर्ने पनि इच्छा नभएको होइन। तर इच्छागर्दैमा अथवा इच्छा हुँदैमा कुनै काम सम्पन्न गर्न सकिन्छ भन्ने कुराको टुङ्गोमा भने पुग्न सकिदैन। यसको लागि धेरै अनुकूल संयोगहरू मिल्नु वाञ्छनीय हुन्छ। वातावरण अनुसार चित्तमा प्रभाव पर्ने जस्तै वीर्य-पराक्रमद्वारा वातावरणलाई आफ्नो नियन्त्रणमा राख्नसक्ने महापुरुषहरू पनि लोकमा नभएका होइनन्। किन्तु तीमध्ये म कुन प्रकारको रहेछु त भन्ने विषयमा चाहिं अहिले झ्वाट्ट भन्न गाह्रै पर्दछ। अनि वर्तमान मानसिक स्थितिमाथि यसो विचार गरी हेर्दा चाहिं वातावरणलाई आफ्नो नियन्त्रणमा राख्न नसक्ने खालको रहेछु भन्ने जस्तो लाग्छ। आफ्नो आत्मोन्नतिकोनिमित्त चाहिं यहाँ मलाई कोही कल्याणमित्र नभएको अनुभव हुन्छ र शुद्ध तथा स्वच्छ संघवातावरणबाट पनि दूर भई कहिं कतै एक्लो हुन गएको जस्तो महसुस हुन्छ।

यस्तो हुनु भिक्षुजीवनको परिहानी सिवाय अभिवृद्धि हुने होइन। त्यसैले संघसन्निपात भएको र संघवातावरणद्वारा शुद्ध तथा स्वच्छ वायुमण्डल भएको श्रीलंकातिर जाने प्रबल इच्छा भइरहेको छ।

चिरं तिट्ठतु सद्धम्मो।

– भिक्षु अमृतानन्द

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल।
२०३७ बैशाख ५ गते बिहीबार
फोन : १४४२०

मूल ग्रन्थहरू—

जातकपालि (नालन्दा प्रकाशन)।

जातकट्ठकथा (हेवावितारण प्रकाशन)।

सहायक ग्रन्थ—

भदन्त आनन्द कौसल्यायन अनुदित हिन्दी "जातक"।

संकेत-शब्दको अर्थ—

अ. क. = अट्ठकथा।

अ. क. III. IV. V. VI. = जातकट्ठकथा, हेवावितारण प्रकाशन, III. IV. V. VI.

जा. अ. क. I–II. =सीलानन्दत्थेरद्वारा सम्पादित जातकट्ठकथा, सन् १९२७.

अं. नि. = अङ्गुत्तरनिकाय, नालन्दा प्रकाशन।

जा. पा. = जातकपालि, नालन्दा प्रकाशन।

पटि. स. अ. क. = पटिसम्भिदामग्गट्ठकथा, हेवावितारण प्रकाशन।

बु. प. = बुद्धकालीन परिव्राजक।

बु. रा. = बुद्धकालीन राजपरिवार।

म. नि. = मज्झिमनिकाय, नालन्दा प्रकाशन।

सुत्त. नि. पा. = सुत्तनिपातपालि, नालन्दा प्रकाशन।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा, हेवावितारण प्रकाशन।

त्रि-पिटक-सूची

सुत्तपिटक :

- १–दीघनिकाय
- २–मज्झिमनिकाय
- ३–संयुत्तनिकाय
- ४–अङ्गुत्तरनिकाय
- ५–खुद्दकनिकाय
  - (१) खुद्दकपाठ
  - (२) धम्मपद
  - (३) उदान
  - (४) इतिवुत्तक
  - (५) सुत्तनिपात
  - (६) विमानवत्थु
  - (७) पेतवत्थु
  - (८) थेरगाथा
  - (९) थेरीगाथा
  - (१०) जातक
  - (११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
  - (१२) पटिसम्भिदामग्ग
  - (१३) अपदान
  - (१४) बुद्धवंस
  - (१५) चरियापिटक

विनयपिटक :

- १–पाराजिकपालि, २–पाचित्तियपालि } सुत्तविभङ्ग
- ३–महावग्गपालि, ४–चुल्लवग्गपालि } खन्धक
- ५–परिवारपालि

अभिधम्मपिटक ।

- १–धम्मसङ्गणि
- २–विभङ्ग
- ३–धातुकथा
- ४–पुग्गलपञ्ञत्ति
- ५–कथावत्थु
- ६–यमक।
- ७–पट्ठान।

विषय-सूची

विषयः	पृष्ठः
१. एक भिक्षुको कारणमा बताउनु भएको - २५	
१- देवधम्म जातक (६)	१
२- नच्च जातक (३२)	१०
३- कञ्चनक्खन्ध जातक (५६)	१४
४- भीमसेन जातक (८०)	१९
५- दुब्बलकट्ठ जातक (१०५)	२७
६- कटाह जातक (१२५)	३०
७- घतासन जातक (१३३)	३६
८- मित्तामित्त जातक (१९७)	४०
९- खन्धवत्त जातक (२०३)	४३
१०- गङ्गेय्य जातक (२०५)	४९
११- गूथपाण जातक (२२७)	५३
१२- सालक जातक (२४९)	५८

१३– तिलमुट्ठि जातक (२५२) ६२

१४– उदुम्बर जातक (२९८) ७२

१५– दद्दर जातक (३०४) ७७

१६– खन्तिवादी जातक (३१३) ८१

१७– पीठ जातक (३३७) ८९

१८– गजकुम्भ जातक (३५४) ९४

१९– नेरु जातक (३७९) ९८

२०– तुण्डिल जातक (३८८) १०३

२१– भिसपुप्फ जातक (३९२) ११२

२२– महासुक जातक (४२९) ११७

२३– चुल्लबोधि जातक (४४३) १२५

२४– बिलारकोसिय जातक (४५०) १३५

२५– सुधाभोजन जातक (५३५) १४७

२. एक बूढो भिक्षुको कारणमा बताउनु भएको – ७

२६– सूकर जातक (१५३) २०१

२७– चतुमट्ट जातक (१८७) २०७

२८– कस्सपमन्दिय जातक (३१२) २१०

२९– अहितुण्डिक जातक (३६५) २१५

३०– मिगपोत जातक (३७२) २१९

३१– सोमदत्त जातक (४१०) २२४

३२– तच्छसूकर जातक (४९२) २३०

३. एक भिक्षुणीको कारणमा बताउनु भएको – २

३३–	अनुसासिक जातक (११५)	२४५
३४–	छद्दन्त जातक (५१४)	२४९
	नामावली	३८२
	शब्दावली	२९३
	गाथा-सूची	३११

जातक संग्रह

[भाग–३]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. देवधम्म जातक(६)

"हिरिओत्तप्प सम्पन्ना'ति[१]..." भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका भगवान्‌ले एक बहुभाण्डिक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

आफ्नी भार्या मरेपछि श्रावस्तीवासी एक कुटुम्बिक प्रव्रजित भयो । उ प्रव्रजित हुनुभन्दा अगाडि आफ्नोनिमित्त परिवेण, अग्निशाला र भण्डागार निर्माण गराई भण्डागारमा घिउ, चामल आदिले पूर्णगर्न लगाई प्रव्रजित भयो । प्रव्रजित भएपछि आफ्ना दासहरूलाई बोलाई इच्छानुसार खाना बनाउन लगाई खान्थ्यो । धेरै सामानहरू थिए ।

१. जा. पा. I. पृ. ४: देवधम्मजातकं, नं. ६, अ. क. I-II. पृ. १००.

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. देवधम्म जातक(६)

"हिरिओत्तप्प सम्पन्ना'ति[१]..." भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका भगवान्‌ले एक बहुभाण्डिक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

आफ्नो भार्या मरेपछि श्रावस्तीवासी एक कुटुम्बिक प्रव्रजित भयो । उ प्रव्रजित हुनुभन्दा अगाडि आफ्नोनिमित्त परिवेण, अग्निशाला र भण्डागार निर्माण गराई भण्डागारमा घिउ, चामल आदिले पूर्णगर्न लगाई प्रव्रजित भयो । प्रव्रजित भएपछि आफ्ना दासहरूलाई बोलाई इच्छानुसार खाना बनाउन लगाई खान्थ्यो । धेरै सामानहरू थिए ।

---

१. जा. पा. I. पृ. ४: देवधम्मजातकं, नं. ६, अ. क. I-II. पृ. १००.

रातमा अर्कै ओढने ओढदथ्यो भने दिनमा अर्कै ओढदथ्यो र उ विहारको एकातिर बस्दथ्यो ।

एकदिन उसले आफ्ना चीवर र बिछयौनाहरू झिकी परिवेणमा फिजाई घाममा सुकाउँदै थियो । त्यसबखत केही जनपदवासी भिक्षुहरू शयनासन हेर्दै चारिका गर्दै परिवेणमा पुग्दा चीवर आदि देखेर उनीहरूले—"यी चीवरहरू कस्का हुन् ?" भनी सोधे ।

उसले "आवुसो ! यी मेरा हुन्" भनी भन्यो ।

"आवुसो ! यी चीवरहरू, यी लगाउने कपडाहरू र यी बिछयौनाहरू पनि सबै तिम्रै हुन् ?"

"हो, मेरै हुन् ।"

"आवुसो ! भगवान्ले तीन चीवर मात्र अनुमति दिनुभएको छ । यस्तो अल्पेच्छी बुद्धशासनमा प्रव्रजित हुँदा पनि तिमी यसरी धेरै वस्तुहरू हुने भयौ । आऊ ! तिमीलाई दशबलकहाँ लैजानेछौं" भनी उसलाई लिएर शास्ताकहाँ गए ।

देख्नेबित्तिकै शास्ताले "भिक्षुहो ! क्याहो, इच्छा नहुने भिक्षु-लाई लिएर आयौ नि ?" भनी भन्नुभयो ।

"भन्ते ! यो भिक्षु बहुभाण्डिक छ र धेरै सामान राख्ने खालको हो ।"

"भिक्षु ! साँच्चै तिमी बहुभाण्डिक हौ ?"

"भन्ते ! साँच्चै हो ।"

"भिक्षु ! किन तिमी बहुभाण्डिक भयौ ? अल्पेच्छताकोनिमित्त, सन्तुष्टिताकोनिमित्त, शिक्षाकामीताकोनिमित्त, तपस्वीभावकोनिमित्त, प्रासादिकताकोनिमित्त, असंग्रहितताकोनिमित्त र वीर्यवान्कोनिमित्त मैले वर्णन गरेको छु, होइन त ?"

अनि शास्ताको कुरा सुनी रिसाई "अब यसप्रकार विचरण गर्नेछु" भन्दै ओढने कपडा फिकी परिषद्को बीचमा एक चीवरले उभिइरह्यो ।

शास्ताले उसको रक्षा गर्दै—"भिक्षु ! अघि तिमी लज्जा र भय (=हिरोत्तप्प) को खोजी गर्दैथ्यौ, होइन त ? जल-राक्षस भएको बेलामा पनि बाह्रवर्षसम्म तिमी लज्जा र भय (=हिरोत्तप्प) को खोजी गरेरै बसेका थियौ, होइन त ? अनि किन अहिले यस्तो गौरवपूर्ण बुद्धशासनमा प्रब्रजितभई चतुपरिषद्को[१] बीचमा ओढने कपडा फिकी लज्जा र भयलाई त्यागी बस्दछौ ?"

शास्ताको यो वचन सुनी लज्जा र भय स्थापना गरी त्यो चीवर पारुपण गरी शास्तालाई वन्दना गरी एक छेउमा बस्यो । भिक्षुहरूले उक्त कुरा बताउनहुन भगवान्सँग प्रार्थना गरे । भगवानले जन्मजन्मान्तरसम्म गोप्य भइरहेका कारण प्रकट पार्दै यस्तो भन्नुभयो—

---

१. भिक्षु, भिक्षुणी, उपासक र उपासिका परिषद्लाई 'चतुपरिषद्' भनिएको हो ।

अतीत कथा

अतीत समयमा काशी राष्ट्रको बाराणशीमा ब्रह्मदत्त राजा भएका थिए। त्यसबखत बोधिसत्वले उनकी अग्रमहिषीको कोखमा प्रतिसन्धि ग्रहण गरे। उनको न्वारानको दिनमा उनको नाम 'महिंसासक कुमार' भन्ने राखे। उनी दगुर्न सक्ने भएपछि राजाले अर्को छोरा पनि पाए। उसको नाम 'चन्द्रकुमार' भन्ने राखे। उ दगुर्न सक्ने हुँदा बोधिसत्वकी माताको देहान्त भयो। राजाले अर्कीलाई अग्रमहिषी स्थानमा राखे। उनी राजाको प्यारो र मनपर्ने पनि थिइन्। अनि राजासँगको प्रियसंवासको कारणद्वारा उनले एक पुत्र जन्माइन्। उसको नाम 'सूर्यकुमार' भन्ने राखे। पुत्र देखेर सन्तोषभई राजाले "भद्रे! तिम्रो छोरालाई वर दिनेछु" भनी भने। देवीले चाहिने बेलामा लिनहुने गरी थाती राखिन्। पुत्रको वैँश पुगेपछि उनले राजासँग भनिन् "देवले पुत्र जन्मिदाखेरि मलाई वर दिनुभएको थियो। अब मेरो पुत्रलाई राज्य दिनुहोस्।"

राजाले "अग्निस्कन्ध जस्तै तेजिला मेरा दुइ छोराहरू छन्। तिम्रो छोरालाई राज्यदिन सक्दिन" भनी प्रतिक्षेप गरे। तर उनले बारम्बार सोही कुरा मागेको देखी "यसले मेरा छोराहरूमाथि अनर्थ पनि चिताउन सक्छे" भन्ने सोची छोराहरूलाई बोलाउन लगाई भने—

"तात! मैले सूर्यकुमार जन्मेको बेलामा वर दिएको थिएं। अहिले उसकी आमा राज्य माग्दछे। म चाहिं दिन चाहन्न। आइमाई

भनेका पापी हुन्छन् । तिमीहरूप्रति पाप पनि चिताउन सक्छे । अतः तिमीहरू जंगलमा गई म खसेपछि नगरमा आई कुलपरम्परागत राज्य लिनू ।" यति भनी रोई शीरमा चुम्बन गरी उनीहरूलाई पठाए ।

पितालाई वन्दना गरी उनीहरू प्रासादबाट ओर्लिहरहेको बेलामा राजांगणमा खेलिरहेका सूर्यकुमारले उनीहरूलाई देखेर त्यो कुरा बुझी "म पनि दाइहरूका साथ जानेछु" भनी उनीहरूकै साथ निस्केर गए ।

उनीहरू हिमालयतिर गए । अनि बाटाबाट छेउलागी एक रुखमनि बसी बोधिसत्वले सूर्यकुमारलाई बोलाई "तात सूर्यकुमार ! यो तलाउमा गई नुहाई पानी पिई पद्मको पत्रमा हामीलाई पनि पानी ल्याऊ" भनी भने ।

त्यो तलाउको सम्बन्धमा एक यक्षले वैश्रवणसँगबाट अधिकार पाएको थियो । वैश्रवणले उसलाई भनेका थिए "देवधर्म जान्नेलाई बाहेक यो तलाउमा ओर्लिहने अरू सबैलाई तिमीले खान सक्नेछौ ।"

त्यहाँदेखि त्यो राक्षसले त्यो तलाउमा ओर्लिहनेसँग देवधर्म सोध्दा जसले जान्दैन उसलाई खाने गर्थ्यो । अनि सूर्यकुमार त्यो तलाउमा गई परीक्षा विना नै त्यसमा ओर्ल्ह्यो । अनि उसलाई समाती राक्षसले उसँग "के तिमी देवधर्म जान्दछौ ?" भनी सोध्यो ।

उसले "देवधर्म भनेको चन्द्र सूर्य हो" भनी भन्यो ।

"तिमी देवधर्म जान्दैनौ" भनी उसलाई पानीभित्र लगी आफू बस्ने ठाउँमा राख्यो । उ आउन अबेर भएको ठानी बोधिसत्वले

चन्द्रकुमारलाई पठाए । राक्षसले उसलाई पनि समाती "देवधर्म भनेको केहो, जान्दछौ ?" भनी सोध्यो ।

उसले "हो, जान्दछु; देवधर्म भनेको चारदिशा हो" भनी भन्यो । राक्षसले "तिमी देवधर्म जान्दैनौ" भनी समाती उसलाई पनि त्यहीं लगेर राख्यो । उ पनि आउनमा अबेर गरेको देखेर "कुनै बिघ्नबाधाको कारणले हुनुपर्छ" भनी बोधिसत्व स्वयं त्यहाँ गई दुवै जना ओर्ल्हेको पदचिन्ह देखी "यो तलाउ राक्षसको अधिनमा हुनुपर्छ" भन्ने सोची खड्ग र धनुष लिई उभिइरहे । बोधिसत्व पानीमा नओर्ल्हेको देखेर बनमा कामगर्ने मानिसको भेषमा गई पानीको राक्षसले बोधिसत्वलाई यस्तो भन्यो—"भो पुरुष ! तिमी थाकेकाछौ । किन तिमी यो तलाउमा ओर्ल्ही नुहाई, पानी पिई, पद्मको मूलहरू खाई तथा फूलहरूद्वारा सिंगारिई सुखपूर्वक नगएको ?"

उसलाई देखेर बोधिसत्वले "यही त्यो राक्षस हुनुपर्छ" भन्ने ठानी "तिमीले मेरा भाइहरूलाई समातेका छौ ?" भनी सोधे ।

"हो, मैले समातेको छु ।"

"किन समातेको त ?"

"यो तलाउमा ओर्ल्हिनेलाई मैले खान पाउँछु ।"

"के ओर्ल्हिने सबैलाई खान पाउँछौ ?"

"जसले देवधर्म जान्दछ त्यसलाई बाहेक बाँकी सबैलाई पाउँछु ।"

"तिमीलाई देवधर्मको मतलब छ त ?"

"हो, छ ।"

"यदि यस्तो हो भने म तिमीलाई देवधर्म बताउनेछु ।"

"त्यसोभए बताउ त । म देवधर्म सुन्नेछु ।"

"म देवधर्म भन्नेछु । तर मेरो शरीर मैलोछ" भनी भने ।

अनि यक्षले बोधिसत्वलाई नुहाई, भोजन गराई, पानी पियाई, फूलहरूले सिंगारी, सुगन्धलेप लगाई अलंकृत मण्डपमा आसन बिच्छ्याइदियो । आसनमा बसी यक्षलाई खुट्टामनि बसाली "त्यसोभए ध्यानराखेर कान थापी सत्कारपूर्वक देवधर्म सुन" भनी बोधिसत्वले यो गाथा भने—

"हिरिओत्तप्पसम्पन्ना सुक्कधम्म समाहिता ।
सन्तो सप्पुरिसा लोके देवधम्मा'ति वुच्चरे'ति ।।"

अर्थ—

"यो लोकमा शान्त सत्पुरुषहरूले लज्जा, भय (=हिरोत्तप्प) र शुक्लधर्मले युक्त धर्मलाई नै देवधर्म भन्दछन् ।"

यो धर्मदेशना सुनी यक्ष प्रसन्नभई बोधिसत्वलाई भन्यो—"पण्डित ! म तिमीमाथि प्रसन्नछु । एउटा भाइ दिनेछु । कुनचाहिंलाई ल्याऊँ ?"

"कान्छोलाई ल्याइदेऊ ।"

"पण्डित ! तिमी केवल देवधर्म मात्र जान्दछौ । किन्तु त्यस अनुसार आचरण गर्दा रहेनछौ ।"

"के कारणले ?"

"जुन कारणले जेठोलाई छाडी कान्छोलाई ल्याइदेऊ भन्दछौ सोही कारणले तिमी जेठोलाई सत्कारगर्ने काम गर्दैनौ ।"

"यक्ष ! म देवधर्म पनि जान्दछु र त्यस अनुसार आचरण पनि गर्दछु । हामी चाहिं यही भाइको कारणमा जंगलमा आएकाहौं । यसैको कारणमा हाम्रा पितासँग यसकी माताले राज्य मागेकी थिइन् । हाम्रा पिताले त्यो बर नदिई हाम्रो रक्षाकोनिमित्त हामीलाई जंगलमा जाने आज्ञा दिए । यो कुमार घरमा नबसी हामीहरूसँगै आयो । अतः 'उसलाई जंगलमा एक यक्षले खायो' भनी भन्दा कसैले पनि विश्वास गर्ने छैन । त्यसैले निन्दाको भयले डराई मैले उसैलाई ल्याइदेऊ भनेको हुं ।"

"पण्डित ! साधु साधु ! तिमी देवधर्म पनि जान्दछौ र त्यस अनुसार आचरण पनि गर्दारहेछौ ।" यति भनी प्रसन्नभई यक्षले बोधिसत्वलाई साधुवाद दिई दुवै भाइहरूलाई ल्याइदियो ।

त्यसपछि बोधिसत्वले उसलाई यस्तो भने—"सौम्य ! तिमीले अघि गरेको पापकर्मको कारणले गर्दा अर्काको रगत र मासु खाने यक्षभई उत्पन्न भयौ । अहिले पनि फेरि पाप नै गर्दैछौ । तिम्रो यो पापकर्मले तिमीलाई नरक आदिबाट वच्नदिनेछैन । त्यसैले अब उप्रान्त पापलाई छाडी कुशलकर्म गर ।"

यक्षलाई दमन गर्नमा बोधिसत्व समर्थ भए। उसलाई दमन गरी उसैको आरक्षामा उनीहरू उहीं नै बसे।

एकदिन नक्षत्र हेरिरहेको बेलामा बाबु खसेको कुरा बुझी यक्षलाई साथमालिई बाराणशीमा गई राज्य लिई चन्द्रकुमारलाई उपराजा र सूर्यकुमारलाई सेनापति स्थान दिए। यक्षलाई पनि एक रमणीय स्थानमा घर (आयतन) बनाउन लगाई जस्तो गर्दा उसले अग्रमाला, अग्रफूल र अग्रभात पाउने हो त्यस्तै गरे। धर्मतापूर्वक राज्य गरी उनी (बोधिसत्व) कर्मानुसार परलोक भए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाश पार्नुभयो। सत्य कुराको अवशानमा त्यो भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भयो। सम्यक्सम्बुद्धले दुइवटा कथा बताउनुभई, प्रसंग मिलाई जातक समाधान गर्नुभयो।

"त्यसबखत पानी-राक्षस बहुभाण्डिक भिक्षु थियो। सूर्यकुमार आनन्द र चन्द्रकुमार सारिपुत्र थिए। जेठो भाइ महिंसासक कुमार चाहिं म नै थिएँ" भनी भन्नुभयो।

२. नच्च जातक(३२)

"रुदं मनुञ्ञन्ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बहुभाण्डिक भिक्षुको कारणमा वताउनु भएको हो।

वर्तमान कथा

कथाको पृष्टभूमि चाहिं माथि देवधम्म जातकमा जस्तै हो। शास्ताले सो भिक्षुसँग "भिक्षु! साँच्चैहो के तिमी बहुभाण्डिक ह्रौ?" भनी सोध्नुभयो।

"भन्ते! हो" भनी भन्यो।

"किन तिमी बहुभाण्डिक भएका ह्रौ?"

यति सुन्नेबित्तिकै उ रिसाई ओढने र लगाउने वस्त्रहरू छाडी 'अब यसरी विचरण गर्नेछु' भनी शास्ताको अगाडि नाङ्गोभई उभिइरह्यो। मानिसहरूले "धिक्कारहोस्" भनी भने। त्यहाँबाट

१. जा. पा. I. पृ. १०: नच्चजातकं, नं. ३२, अ. क. I-II. पृ. १५५.

भागेरगई उसले प्रव्रज्या त्याग्यो। धर्मसभामा बसिरहेका भिक्षुहरूले "शास्ताको अगाडि पनि यस्तो गर्छ" भनी त्यसको अपगुणका कुरा गर्नथाले।

शास्ता आउनुभई "भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ?" भनी भिक्षुहरूसँग सोध्नुभयो।

"भन्ते! त्यो भिक्षु तपाइको अगाडि चार परिषद्को बीचमा लज्जा र भय रहित गाउँले वालक जस्तै नाङ्गो उभिई मानिसहरूले घृणा गरेपछि प्रव्रज्या छाडी शासनबाट परिहानी भयो भनी उसको अपगुण कथा भनी बसिरहेका थियौं" भनी भने।

शास्ताले "भिक्षुहो! अहिले मात्र उ लज्जा र भय रहित यस्तो शासनरूपी रत्नबाट परिहानी भएको होइन अघि पनि स्त्रीरत्नबाट परिहानी भएको थियो" भनी पूर्वजन्मको कुरा बताउनुभयो।

अतीत कथा

अतीत समयको प्रथम कल्पमा चौपायाहरूले सिंहलाई राजा बनाए। माछाहरूले आनन्द भन्ने माछालाई राजा बनाए। चराहरूले सुवर्णहंसलाई राजा बनाए। त्यो सुवर्णहंसराजाकी अभिरूपा छोरी थिई। उसले (हंसराजाले) उसलाई बरदान दियो। उसले आफूलाई मनपर्ने पति रोजेर लिने वचन मागी। हंसराजाले उसलाई बरदान दिई हिमालयतिर सबै चराहरूलाई भेला गराउन लगायो। नानाप्रकारका

हंस, मयूर आदि चराहरू आई एउटा ठूलो ढुंगामाथि भेला भए। हंसराजाले "आफूलाई मनपर्ने पति आएर लिनू" भनी छोरीलाई बोलाउन पठायो। उ आई चराहरूको समूहमा हेर्दा मणीवर्ण घाँटी भएको, चित्रित प्वाँख भएको मयूरलाई देखी 'यो मेरो स्वामी हुनेछ' भनी रोजी। अनि चराहरूको समूहले मयूरकहाँ गई यसो भने—"सौम्य मयूर! यी राजपुत्रीले यतिका चराहरूमध्ये स्वामी रोज्दा रोज्दै तिमीमाथि रुचि प्रकट गरिन्।" यो सुनेर उसले "अहिलेसम्म मेरो बल देखेका छैनौ र?" भन्दै अति प्रसन्नभई लज्जा र भयलाई छाडी तेत्रो विशाल चराहरूको समूहको बीचमा प्वाँख फिजाई नाच्न थाल्यो। नाच्दाखेरि उ नाङ्गो देखियो। सुवर्णहंसराज लज्जित भई "यसमा आत्मगौरबको कारणमा उत्पन्न हुने न लज्जा छ, न त बाहिरको कारणमा उत्पन्न हुने भय नै छ। यस्ता लज्जा र भय नहुनेलाई मेरी छोरी दिने छैन" भनी चराहरुको समूहको बीचमा उसले यो गाथा भन्यो—

"रुदं मनुञ्ञं रुचिरा च पिट्ठी,
वेलुरियवण्णपनिभा च गीवा।
व्याममत्तानि च पेखुणानि,
नच्चेन ते धीतरं नो ददामी'ति॥"

अर्थ—

"तिम्रो स्वर मधुर छ, तिम्रो पिठ्यूँ राम्रो छ, वेलौर जस्तै

तिम्रो घाँटी छ, तिम्रो प्वाँख चारहात (=व्याम) बराबर छ। तर लज्जा र भय छाडी नाचेको हुनाले मेरी छोरी दिने छैन।"

यति भनी हंसराजाले सोही परिषद्को बीचमा बसेको आफ्नो भाञ्जा हंसबच्चालाई छोरी दियो। हंसबच्ची नपाई मयूर लज्जितभई त्यहाँबाटै उडी भागेर गयो। हंसराजा पनि आफू बस्ने ठाउँमै गयो।

शास्ताले "भिक्षुहो! अहिले मात्र सो भिक्षु लज्जा र भय छाडी शासनरूपी रत्नबाट परिहानी भएको होइन अघि पनि स्त्रीरत्न लाभबाट परिहीन भएको थियो" भनी यो धर्मदेशना ल्याउनुभई प्रसंग मिलाई जातक समाधान गर्नुभयो।

"त्यसबखत मयूर हुने बहुभाण्डिक भिक्षु थियो। हंसराजा चाहिं म नै थिएँ" भनी भन्नुभयो।

३. कञ्चनक्खन्ध जातक (५६)

"यो पहट्ठेन चित्तेना'ति...[१]" भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीवासी एक कुलपुत्र शास्ताको धर्मदेशना सुनी रत्न जस्तो शासनमा मनदिई प्रव्रजित भयो । अनि उसका आचार्य उपाध्याय-हरूले "आवुसो ! एक प्रकारको शील छ, दुइ प्रकारको शील छ, तीन प्रकारको शील छ, चार प्रकारको शील छ, पाँच प्रकारको शील छ, छ प्रकारको शील छ, सात प्रकारको शील छ, आठ प्रकारको शील छ, नौ प्रकारको शील छ तथा दश प्रकारको शील छ । धेरै प्रकारका शील छन् । यो स्यानो खालको शील हो. यो मझौला खालको शील हो र यो ठूलो खालको शील हो । यो प्रातिमोक्षसंवर शील हो, यो इन्द्रियसंवर

१. जा. पा. I. पृ. १४: कञ्चनक्खन्धजातकं, नं. ५६, अ. क. I–II. पृ. २०४.

शील हो, यो आजीव पारिशुद्धि शील हो तथा यो प्रत्यय प्रतिसेवन शील हो" भनी शीलको कुरा बताए। अनि उसले सोच्नथाल्यो— "यी शील भनेका धेरै रहेछन्। यतिका शील समादान गरी पालन गर्न म सक्दिन। शील पालन गर्न नसकेपछि प्रव्रज्याको के मतलब? म गृहस्थीभई दानादि पुण्यकर्म गर्नेछु र पुत्रदारहरूको पनि पोषण गर्नेछु।" यस्तो सोचेर "भन्ते! म शील पालन गर्न सक्ने छैन। शील पालन गर्न नसक्नेलाई प्रव्रज्याको के मतलब? म चीवर छाडेर जानेछु। तपाइका पात्र-चीवर लिनुहोस्" भनी भन्यो।

अनि उसलाई भने—"आवुसो! यसोभए दशबललाई वन्दना गरी जाऊ।"

यति भनी उनीहरूले उसलाई साथमा लिई शास्ताको धर्म-सभामा गए। शास्ताले देखनासाथ "भिक्षुहो! इच्छा नहुने भिक्षुलाई किन लिएर आएकाह्रौ?" भनी सोध्नुभयो।

"भन्ते! शील पालन गर्न सक्ने छैन भनी यो भिक्षुले पात्र-चीवर सुम्पिदियो। त्यसैले यसलाई लिएर आएकाह्रौं।"

"भिक्षुहो! तिमीहरूले यो भिक्षुलाई किन धेरै शीलका कुरा बताएको? जति शील यसले पालन गर्न सक्नेछ उति नै पालन गर्नेछ। अबदेखि तिमीहरूले यसलाई यसरी केही पनि नबताऊ। गर्नुपर्ने काम म नै जान्नेछु।" यति भन्नुभई शास्ताले उसलाई सम्बोधन गर्नुहुँदै— "आऊ भिक्षु! तिमीलाई धेरै शीलले के गर्नेछ र? तीन शील त तिमीले पालन गर्न सक्नेछौ?"

"भन्ते ! सक्नेछु ।"

"त्यसोभए अब उप्रान्त तिमीले कायद्वार, वचीद्वार र मनद्वार —यी तीन द्वारहरू रक्षा गर । कायद्वारा पाप नगर त्यस्तै वचनद्वारा र मनद्वारा पनि पापकर्म नगर । जाऊ, चीवर नछाड । यी तीन शीलहरू रक्षा गर ।"

यत्तिकैमै सो भिक्षु सन्तुष्टभई "हुन्छ, भन्ते ! यी तीन शीलहरू रक्षा गर्नेछु" भनी शास्तालाई वन्दनागरी आचार्य उपाध्यायहरूसँगै फर्केर गयो । ती तीन शीलहरू रक्षा गर्दागर्दै उसले थाहापायो कि "आचार्य उपाध्यायहरूले वताएका शीलहरू पनि यत्ति नै हुन् । उनीहरू चाहि आफू बुद्ध नभएको हुँदा उनीहरूले मलाई बोध गराउन सकेनन् । सम्यक्सम्बुद्ध चाहि आफू बुद्ध-सुबुद्ध भएको हुनाले र अनुत्तर धर्मराजः भएका हुनाले यतिका शीलहरू तीनवटा द्वारमा समावेश गराई मलाई ग्रहण गर्न लगाउनु भयो । शास्ता मेरो सहारा हुनुभयो" भन्दै विपश्यना बढाउँदै केहीदिन भित्रै अरहत्वमा प्रतिष्ठित भयो ।

यो प्रवृत्ति जानी धर्मसभामा भेला भएका भिक्षुहरूले "आवुसो ! शील रक्षा गर्न सक्दिन भनी चीवर छाडी गृहस्थी हुन लागेको सो भिक्षुलाई भगवान्ले सबै शीलहरू तीन भागमा राखी त्यसलाई ग्रहण गर्न लगाई उसलाई अरहत्व प्राप्त गराइदिनुभयो । अहो बुद्ध ! अहो आश्चर्य मनुष्य !" भन्दै बुद्धगुण वर्णन गरी बसिरहे ।

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नु भएपछि "यो यो" भनी भन्दा

"भिक्षुहो ! धेरै गह्रुँगो वस्तु पनि खण्ड खण्ड गरी विभाजन गरिदिएमा भार हलुँगो जस्तो हुन्छ। अघि पनि ठूलो सुनको ढिक्को पाई पण्डितहरूले बोकन नसकेपछि भाग भाग गरी बोकेर लगेका थिए" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक गाउँका किसान भएका थिए। त्यो ठाउँमा एक गाउँ थियो। त्यो गाउँमा अघि वैभवसम्पन्न एक सेठ थियो। उ जाँघसम्म अग्लो र चारहात चौडाइ भएको एक सुनको ढिक्को गाडेर मरेको थियो। बोधिसत्वको फाली त्यसमा ठक्कर खाई अडक्यो। अनि 'जरोको कारणले होला' भनी माटो खन्दा उनले त्यो देखेर फेरि माटोले छोपी दिनभरी हलो जोती सूर्यास्त भएपछि हलो आदि कामगर्ने ठाउँमा छाडी "सुनको ढिक्को लिएर जानेछु" भनी उचाल्दा उनले उचाल्न सकेनन्। नसकेपछि बसी "यति पेट पाल्नको लागि हुनेछ, यति गाडेर राख्नेछु, यति कामकाजमा लगाउनेछु र यतिले दानादि पुण्यकर्म गर्नेछु" भनी चार भागमा बाँडे। यसरी चार भागमा बाँढदा त्यो सुनको ढिक्को हलुँगो जस्तो भयो। त्यसलाई उचाली घरमा लगी चार भाग गरी दानादि पुण्यकार्य गरी उनी कर्मानुसार परलोक भए। भगवान्‌ले यो धर्मदेशना ल्याउनुभई अभिसम्बुद्ध भएपछि यो गाथा भन्नुभएको हो।

"यो पहट्ठेन चित्तेन पहट्ठमनसो नरो ।
भावेति कुसलं धम्मं योगक्खेमस्स पत्तिया ।
पापुणे अनुपुब्बेन सब्बसंयोजनक्खय'न्ति ।।"

अर्थ—

"प्रसन्न चित्त तथा प्रसन्न मनले जुन पुरुषले बन्धनबाट मुक्त हुनको लागि कुशलधर्म भाविता गर्छ उसले क्रमश: सबै संयोजनहरू क्षय गरी निर्वाण प्राप्त गर्छ ।"

यसरी शास्ताले अरहत्वलाई सर्बोपरि गरी धर्मदेशना सिध्याई प्रसंग मिलाई जातक समाधान गर्नुभयो ।

"त्यसबखत सुनको ढिक्को पाउने पुरुष म नै थिएँ" भनी भन्नुभयो ।

४. भीमसेन जातक(८०)

"यंते पविकत्थितं पुरे'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले झूठो आत्मवर्णन गर्ने एक भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

एक भिक्षुले, "आवुसो! हाम्रो जाति जस्तो जाति र गोत्र जस्तो गोत्र हुने कोही छैन। हामी यस्तो महान क्षत्री कुलमा जन्मेकाह्रौं। गोत्रले वा कुल-प्रदेशले हामी जस्ता अरू छैनन्। हाम्रो सुनचाँदीको अन्त छैन। हाम्रा दास कामदारहरूले पनि मार्सीचामलको भात खान्छन्। काशीको वस्त्र लगाउंछन् र काशीकै लेप लगाउंछन्। प्रव्रजित भएको हुनाले अहिले हामीले यस्तो रुक्खासुक्खा भोजनहरू खाइरहेछौं। रुक्खासुक्खा चीवरहरू लगाइरहेछौं" भनी थेर, नौलो (=भर्खरै भिक्षु

१. जा. पा. I. पृ. १९: भीमसेनजातक, न. ८०, अ. क. I–II. पृ. २६२.

भएको) मध्यम भिक्षुहरूको बीचमा आफ्नो झूठो आत्मवर्णन गरी जाति आदिको अभिमान गरी ठग्दै हिडेको थियो ।

अनि एक भिक्षुले उसको कुल-प्रदेश आदिको परीक्षा गरी उसले झूठो आत्मवर्णन गरिरहेको कुरा भिक्षुहरूलाई सुनायो । अनि धर्मसभामा भेलाभई बसिरहेका भिक्षुहरूले "आवुसो ! अमुक भिक्षु यस्तो नैर्याणिक शासनमा प्रव्रजित भएर पनि आफ्नो झूठो वर्णना र घमण्ड गरी ठग्दै हिडिरहेको छ" भन्दै उसको निन्दागर्न थाले ।

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहां तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोधनी हुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र सो भिक्षुले झूठो आत्मवर्णन तथा घमण्ड गरी ठग्दै हिडिरहेको होइन अघि पनि झूठो आत्मवर्णन तथा घमण्ड गरी ठग्दै हिडेको थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनुभयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक निगमको उदिच्च ब्राह्मण कुलमा जन्मी बैंश पुगेपछि तक्षशिलामा गई दिशाप्रमुख आचार्यसंग तीन वेद र अठार विद्याहरू सिकी सबै शिल्पमा पारंगत भई चुल्लधनुग्गह पण्डित भन्ने नामले प्रख्यात भए । उनी तक्षशिलाबाट निस्केर सबै आगम शास्त्रहरूको खोजी गर्दै महिंसक राष्ट्रमा पुगे । यस जातकमा चाहि

बोधिसत्व केही पुड्का र केही कुप्रा थिए। उनले सोच्नथाले—“यदि म कुनै राजाकहाँ गएँ भने उनले 'यस्तो पुड्को तिमीले के हाम्रो काम गर्न सक्नेछौ ?' भनी सोध्ने छन्। अतः किन एक रूपसम्पन्न पुरुषको आश्रय लिई उसको छायापछाडि बसी जीविका नगरुँ ?”

अनि उनले त्यस्तो पुरुष खोज्दै जाँदा भीमसेन नामक एक कपडा बुन्नेको कपडा बुन्ने ठाउँमा गई उसँग कुशलवार्ता गरी “सौम्य ! तिम्रो नाम के हो ?” भनी सोधे।

“मेरो नाम भीमसेन हो।”

“किन यस्तो अभिरूपसम्पन्न भएर पनि तिमीले यस्तो तुच्छ काम गरिरहेको ?”

“जीविका गर्न नसकेकाले।”

“सौम्य ! यस्तो काम नगर। सकल जम्बुद्वीपमा म समान धनुषधारी अरू कोही छैन। यदि म कुनै राजाकहाँ गएँ भने उनले मलाई 'यस्तो पुड्केले के हाम्रो काम गर्न सक्ला र !' भनी रिसाउन पनि सक्दछन्। अतः राजाकहाँ गई तिमीले 'म धनुषधारी हुँ' भनी भन। राजाले तिमीलाई खर्चदिई सधैंको लागि तलब पनि दिनेछन्। म तिम्रो काम गरिदिनेछु। तिम्रो छायापछाडि बसी जीविका गर्नेछु। यसरी हामी दुवैजना सुखी हुनेछौं। मेरो वचन मान्नेछौ ?” भनी सोधे।

उसले “हुन्छ” भनी स्वीकार्‍यो।

अनि उसलाई लिएर बाराणशीमा गई स्वयं चुल्लधनु उपस्थाक भएर पनि उसलाई अगाडि सारी राजद्वारमा उभिई राजाकहाँ विन्तिगर्न पठाए ।

"आऊ" भनी भनेपछि दुवैजना भित्रगई राजालाई वन्दना गरी उभिइरहे ।

"के कारणले आएकाह्लौ ?" भनी सोध्दा भीमसेनले भन्यो— "म धनुषधारी हुँ । म समान धनुषधारी यो जम्बुद्वीपमा अर्को कुनै छैन ।"

"के पाएमा मेरो उपस्थान गर्नेछौ त ?"

"देव ! आधा महीनाको एकहजार पाएमा उपस्थान गर्नेछु ।"

"यो पुरुष तिम्रो कोहो त ?"

"देव चुल्लउपट्ठाक अर्थात् स्यानो उपस्थाक हो ।"

"हुन्छ, त्यसोभए उपस्थान गर ।"

त्यहाँदेखि भीमसेनले राजाको उपस्थान गर्नथाल्यो । काम परेको बेलामा चाहिं बोधिसत्वले काम टारिदिन्छन् ।

त्यसबखत काशी राष्ट्रका धेरै मानिसहरू हिडने एक जंगलको बाटोमा बाघ निस्केर आउँदथ्यो ।.धेरै मानिसहरूलाई समाती खान्थ्यो । यो खबर राजालाई सुनाए । राजाले भीमसेनलाई बोलाउन लगाई "तात ! त्यो बाघलाई समात्न सक्छौ के ?" भनी सोधे ।

"देव ! यदि बाघ समात्न सकिन भने धनुषधारी भएको के काम लाग्यो र ?"

राजाले उसलाई बाटोखर्च दिएर पठाए। अनि घरमा गई बोधिसत्वलाई उसले उक्त कुरा सुनायो।

"हुन्छ, सौम्य ! जाऊ" भनी बोधिसत्वले भने।

"तिमी जान्नौ ?"

"हो, म जाने छैन। परन्तु तिमीलाई उपाय बताइदिने छु।"

"सौम्य ! बताउ त।"

"तिमी बाघ बस्ने ठाउँमा एकैचोटि क्वाट्ट एक्लै नजाऊ। जनपदका मानिसहरू एकत्रितपारी एक दुइ हजारलाई धनुष लिन लगाई त्यहाँ जाऊ र बाघ आयो भन्ने थाहा पाउनासाथ भागेर एक झाङमा गई घोप्टेर सुत। जानपदिकहरूले नै बाघलाई कुटेर समात्ने छन्। उनीहरूले बाघलाई समातेपछि दाँतले एक लहरा काटी टुप्पो समाती तिमी मरेको बाघको अगाडि गई 'भो ! कसले यो बाघलाई मार्‍यो ? यो बाघलाई गोरुलाई झैं लहराले बाँधेर राजाकहाँ लैजानेछु भनी म लहरा खोज्न झाङभित्र पसेका थिएँ। मैले लहरा ल्याउनुभन्दा अगाडि नै कसले यसलाई मार्‍यो ?' भनी सोध। अनि ती जानपदहरू डराई 'स्वामी ! राजालाई नभन्नुहोस्' भनी धेरै धन दिनेछन्। तिमीले बाघ मारेको हुनेछ र राजाकहाँबाट पनि धेरै धन पाउनेछौ।"

"हुन्छ" भनी उ गई बोधिसत्वले बताए बमोजिम नै बाघलाई

लिई जंगलमा निर्भयपारी महाजनहरूले परिवृत्त भई बाराणशीमा आई राजाकहाँ गई "देव ! मैले बाघ समातें र जंगलमा निर्भयपारें" भनी भन्यो। सन्तुष्टभई राजाले धेरै धन दिए।

फेरि एकदिन "एक बाटोमा अरना निस्केर आउँदैछ" भनी राजालाई सुनाए। राजाले त्यसैगरी भीमसेनलाई पठाए। उसले पनि बोधिसत्वले बताए बमोजिम बाघलाई झैं उसलाई पनि समातेर ल्यायो। राजाले फेरि धेरै धन दिए। महान ऐश्वर्य पायो। उ ऐश्वर्यले मदमत्त भएपछि बोधिसत्वलाई अवज्ञा गरी उनको कुरा सुन्न छोडयो। "न म तिम्रो कारणमा जीविका गर्दछु, के तिमी मात्र पुरुषह्वौ र !" आदि परुषवाचा बोल्नथाल्यो।

अनि केही दिनपछि एक शत्रु-राजा आई बाराणशी घेरी "यात राज्यदेऊ यात युद्ध गर" भनी राजाकहाँ पत्र पठाए।

राजाले "लड" भनी भीमसेनलाई पठाए। उ सबै प्रकारको शस्त्रले सुसज्जित भई योधाको भेष धारण गरी सुसज्जित हात्तीको पिठ्यूँमा बस्यो। बोधिसत्व पनि उ मारिने डरले सबैप्रकारले सुसज्जित भीमसेनको पछाडिको आसनमा बसे। महाजनहरूले परिवृत्त भएको हात्ती नगरद्वारबाट निस्केर संग्रामभूमिमा पुग्यो। युद्ध-भेरी सुन्दासुन्दै भीमसेन कम्पित हुन थाल्यो। "अब यो हात्तीबाट खसी मर्नेछ" भनी बोधिसत्वले हात्तीबाट नखस्नेगरी भीमसेनलाई डोरीले बेरीराखे। लडाइको ठाउँ देखेर मरणभयले भयभीत भई त्यहीं दिसा पिसाब गरी भीमसेनले हात्तीको गद्दी फोहर पाऱ्यो। अनि

बोधिसत्वले "हे भीमसेन! तिम्रो अघिल्लो र पछिल्लो कुरा मिल्दैन। अघि तिमी संग्राम-योधा जस्ता थियौ। अहिले चाहिं हात्तीको गद्दी कोहर पाछौ" भनी उनले यो गाथा भने—

"यं तं पविकत्थितं पुरे,
अथ ते पूतिसरा सजन्ति पच्छा।
उभयन्नसमेति भीमसेन,
युद्धकथा च इदञ्च विहञ्ञन्ति॥"

अर्थ—

"तिमी अघि जुन अभिमान गर्दथ्यौ र पछि दिसा पिसाब गर्‍यौ, भीमसेन! युद्धकथा र अहिलेको दिसा पिसाब—यी दुवं कुरा मिल्दैनन्।"

यसरी बोधिसत्वले उसलाई निन्दागरी "सौम्य! नडराऊ, म छँदा छँदै किन डराउँछौ?" भनी भीमसेनलाई हात्तीबाट ओह्लाली "नुहाएर घरमै जाऊ" भनी पठाई "आज म प्रकट हुनुपर्छ" भनी संग्राम-भूमिमा गई उन्नाद गरी सेनाव्यूह तोडी शत्रु-राजालाई जिउँदै समात्न लगाई बाराणशी राजाकहाँ गए। सन्तुष्टभई राजाले बोधिसत्वलाई महान यश प्रदान गरे। त्यहाँदेखि "चुल्लधनुग्गह पण्डित" भनी सारा जम्बुद्वीपमा प्रख्यात भए। अनि भीमसेनलाई खर्च दिई आफ्नै ठाउँमा पठाई दानादि पुण्यगरी बोधिसत्व कर्मानुसार परलोक भए।

शास्ताले "भिक्षुहो ! अहिले मात्र यो भिक्षु आत्माभिमानी होइन अघि पनि आत्माभिमानी नै थियो" भन्नुहुँदै यो धर्मदेशना ल्याउनुभई प्रसंग मिलाई जातक समाधान गर्नुभयो ।

"त्यसबखत भीमसेन आत्माभिमानी भिक्षु थियो र चुल्ल-धनुग्गह पण्डित चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

५. दुब्बलकट्ठ जातक (१०५)

"बहुम्पेतं वने कट्ठ'न्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भयभीत हुने भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीवासी एक पुत्र थियो । शास्ताको धर्मदेशना सुनी प्रव्रजित हुँदा पनि मृत्युदेखि भयभीत हुन्थ्यो । रातमा वा दिनमा हावा लाग्दा सुकेका हाँगाविगाहरू खस्दा तथा चराचुरुङ्गी चौपायाहरूको आवाजसुन्दा मरण भयले भयभीतभई चिच्याउँदै भाग्दथ्यो । उसमा चाहिं "म पनि मर्नुपर्ने छ" भन्ने होस मात्र पनि थिएन । यदि उसले "म मर्नुपर्ने छ" भन्ने कुरा जानेको भए उसलाई मरणभय हुने नै थिएन । मरणानुस्मृतिको कर्मस्थान भाविता नहुनाले नै मरणको डर

१. जा. पा. I. पृ. २४: दुब्बलकट्ठजातकं, नं. १०५, अ. क. I–II. पृ. ३०६.

हुन्छ । उ मरणभयले डराउने कुरा भिक्षुहरूमा प्रकट भयो । अनि एकदिन धर्मसभामा भिक्षुहरूले कुरा चलाए—"आवुसो ! अमुक भिक्षु मरणभयले भयभीतभई हिड्छ । भिक्षुहरूले चाहिं "अवश्य पनि म पनि मर्नु पर्छ" भन्ने मरणानुस्मृतिको कर्मस्थान (=ध्यान) भाविता गर्नुपर्छ ।"

अनि शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरागरी बसिरहेका थियौ ?" भनी सोधनी हुँदा "यो यो" भनी भनेपछि सो भिक्षुलाई बोलाउन पठाई "साँच्चै हो के तिमी मरणभयले डराउँछौ ?" भनी सोध्नुहुँदा "साँच्चै हो, भन्ते !" भनी भन्दा 'भिक्षुहो ! यस भिक्षुप्रति असन्तुष्ट नहौ; अहिले मात्र यो मरणदेखि डराएको होइन अघि पनि मरणदेखि डराएकै थियो" भनी पूर्वजन्मको कुरा बताउनुभयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्यगरिरहेको बेलामा बोधिसत्व वृक्षदेवताभई हिमालयमा उत्पन्न भए । त्यसबखत बाराणशीका राजाले आफ्नो मंगल-हात्तीलाई निडर बनाउने शिक्षा दिनकोनिमित्त हात्ती आचार्यहरूलाई दिए । अनि उसलाई चलन नहुने गरी खुट्टामा बेस्करी बाँधी हातमा भाला लिएका मानिसहरूले घेरा लगाई उसलाई निडर बनाउने शिक्षादिन थाले । त्यसो गर्दा वेदनालाई सहन नसकी मौलो भाँची मानिसहरूलाई लखेटी उ हिमालयतिर पस्यो ।

उसलाई समात्न नसकी मानिसहरू फर्केर आए। उ त्यहाँ मरणभयले डराउँथ्यो। वायुको आवाज सुन्दा काँप्दै मरणभयले डराई सूँड चलाउँदै उ बेगले भाग्दथ्यो। मौलोमा बाँधी निडर बनाउने क्रिया गरिरहेको जस्तो उसलाई लाग्थ्यो। कायसुख वा चित्तसुख नपाई काँप्दै उ विचरण गर्थ्यो। यो देखेर रुखको कापमा उभिई वृक्षदेवताले यो गाथा भने—

"वहुम्पेतं वने कट्ठं वातो भञ्जति दुब्बलं।
तस्स चे भायति नाग किसो नून भविस्ससी'ति॥"

अर्थ—

"जंगलमा धेरैजसो कमजोर शाखाहरूलाई बतासले भाँचदछ। हे हात्ती! यदि यत्तिकैले डराउँछौ भने निश्चय नै तिमी दुब्ला हुनेछौ।"

यसरी बोधिसत्वले उसलाई अतिवुद्धि दिए। त्यहाँदेखि उ पनि निडर भयो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा सो भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखत हात्ती यो भिक्षु थियो र वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो।

६. कटाह जातक (१२५)

"वहुम्पि सो विकत्थेय्या'ति...१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले कूटो आत्मवर्णन गर्ने एक भिक्षुको कारणमा बताउनु भएको हो। वर्तमान कथा चाहिं माथि बताए जस्तै हो[२]।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व महावैभव सम्पन्न सेठ भएका थिए। उनको भार्याले पुत्र जन्माइन्। उनकी दासीले पनि उसैदिनमा छोरा जन्माई। उनीहरू दुवै सँग सँगै हुर्के। सेठको छोराले लेखने काम सिक्यो। दासले पनि उसको पाटी लैजाने गरेर उसँगै लेखने काम सिक्यो। गणना पनि सिक्यो। दुइ तीन भाषा (वोहार) पनि सिक्यो। उ क्रमशः वचनकुशल,

---

१. जा. पा. I. पृ. २८: कटाहजातक, न. १२५, अ. क. I–II. पृ. ३३४.

२. हेर्नु माथि भीमसेन जातक–४ पृष्ठ १९ मा।

भाषाविद् र अभिरूप भयो। उसको नाम चाहिं कटाहक थियो। सेठको घरको भण्डागारिक भएपछि उसले सोच्न थाल्यो—"यिनीहरूले मलाई सँधैंभरी भण्डागारिक बनाउने छैनन्। केही दोष देखाई पीटेर दाग लगाउन लगाई दास समान गरी राख्नेछन्। प्रत्यन्तमा सेठको एक साथी सेठछ। किन म सेठको तरफबाट पत्र लिई त्यहाँगई 'म सेठको छोरा हुँ' भनी त्यो सेठलाई छकाई उसकी छोरी लिई सुखपूर्वक नबसुँ।"

अनि उसले आफैंले "म फलाना हुँ र मेरो छोरालाई तपाइकहाँ पठाउँदै छु। मैले तपाइसँग वा तपाइले मसँग आवाह-विवाहको सम्बन्ध राख्नु उचित छ। त्यसैले यसलाई तपाइकी छोरी दिई त्यहीं नै बस्न लगाउनुहोस्। म पनि मौका पाएको बेलामा आउनेछु" भनी पत्र लेखी सेठकै औंगुठीको छाप लगाई इच्छानुसार बाटोखर्च, सुगन्ध र वस्त्रादि लिई प्रत्यन्तमा गई सेठकहाँ पुगी वन्दनागरी उभिइरह्यो।

अनि सेठले उसँग "कहाँबाट आएकाह्वौ ?" भनी सोध्यो।

"बाराणशीबाट।"

"कसका छोरा ह्वौ ?"

"बाराणशी सेठको छोरा हुं।"

"के कारणले आएका ह्वौ ?"

त्यसबेला कटाहकले "यो हेरेपछि बुझ्नु हुनेछ" भनी पत्र दियो।

सेठले पत्र पढी "अब म जीवित रहेको भएँ" भनी सन्तुष्टभई छोरी दिई उसलाई प्रतिष्ठित गरायो ।

उसको महान परिवार भयो। यागु खाद्य पदार्थ ल्याउँदा अथवा वस्त्र तथा सुगन्धहरू ल्याउँदा चाहिं उसले "यसरी पनि यागु पकाइन्छ र? यसरी पनि खाद्य पदार्थ बनाइन्छ र? यसरी पनि भात पकइान्छ र? अहो! प्रत्यन्तवासीहरू!" भनी यागु आदिको निन्दा गर्दथ्यो। "यिनीहरू प्रत्यन्तवासी भएकाले कपडाको वस्त्र बनाउन पनि जान्दैनन्, सुगन्धको लेप बनाउन पनि जान्दैनन्, फूलको माला गाँस्न पनि जान्दैनन्" भन्दै वस्त्र सिउने आदिहरूको पनि निन्दा गर्दथ्यो ।

अनि उता दासलाई नदेखेपछि बोधिसत्वले "कटाहक देखिदैन, कहाँ गयो खोज" भनी चारैतिर मानिसहरू पठाए। त्यसमध्ये एकजना त्यहाँ गई उसलाई चिनी आफूलाई थाहा नदिई फर्केर आई उसले बोधिसत्वलाई भन्यो। यो खबर सुनेर "यसले अनुचित गऱ्यो गएर उसलाई समाती ल्याउनेछु" भनी राजासँग सोधी विशाल परिवारका साथ बोधिसत्व निस्के। "सेठ प्रत्यन्तमा जाँदै छन्" भन्ने कुरा सबै ठाउँमा फैलियो। "सेठ आउँदैछन्" भन्ने खबर सुनेर कटाहकले सोच्यो—"अरू कारणले उनी आएका होइनन्, मेरै कारणले आएको हुनुपर्छ। यदि म भागेर गएँ भने फेरि यहाँ आउन पाउनेछैन। एक उपाय गर्नुपऱ्यो। मेरा स्वामीको अगाडि गई दासको काम गरेर उवलाई चित्तबुझाउनेछु।"

त्यहाँदेखि उसले परिषद्को बीचमा यस्तो भन्न थाल्यो—"अरू मूर्ख मानिसहरूले आफ्नो मूर्खताको कारणले गर्दा आमाबाबुको गुणलाई नबुझी उनीहरूको भोजनको वेलामा सम्मान नगरी उनीहरूसँगै बसी खान्छन्। हामी चाहिं आमाबाबुको भोजनसमयमा पानीको भाँडो लैजान्छौं, थुकदानी लैजान्छौं, भाँडाहरू लैजान्छौं तथा पानी र पंखा लिएर उपस्थान गर्छौं।" फेरि दिसाबस्ने वेलामा पानीको लोटा लिएर नदेखिने ठाउँसम्म जाने आदि दासद्वारा स्वामी प्रति गरिने सबै कामको प्रकाश पार्‍यो।

यसरी उसले परिषद्लाई सम्झायो र बोधिसत्व प्रत्यन्त नजिक आइपुगेपछि ससुरालाई भन्यो—"तात! मेरा पिता तपाइसँग भेटनको-निमित्त आउँदैछन्। तपाइहरूले खाद्य भोज्य तयार पार्नुहोस्। म कोसेली लिई अगाडि जानेछु।"

"हुन्छ" भनी उसले स्वीकार्‍यो।

धेरै कोसेली लिएर ठूलो परिवारका साथ गई बोधिसत्वलाई वन्दना गरी कटाहकले कोसेली दियो। बोधिसत्व पनि कोसेली लिई उसँग कुशलवार्ता गरी प्रातकालको समयमा पालटाँगी दिसा बस्नको लागि ढाकेको ठाउँ भित्र पसे। कटाहक आफ्नो परिवारलाई पछाडि राखी लोटा लिई बोधिसत्वकहाँ गई पानीको काम सिध्याए-पछि पाउमा परी "स्वामी! जति धन तपाइ चाहनुहुन्छ उति धन दिनेछु। मेरो यशलाई अन्तरधान नगराइदिनुहोस्" भनी प्रार्थना गर्‍यो। बोधिसत्व उसको सेवाबाट प्रसन्न भई "डराउनु पर्दैन, मेरो कारणमा

तिमीलाई कुनै वाधा हुनेछैन" भनी धैर्यदिई प्रत्यन्त नगरमा गए। उनको महान् सत्कार भएको थियो। कटाहकले पनि निरन्तर दासले गर्ने झैं सबै काम गऱ्यो।

अनि उनी सुखपूर्वक बसिरहेको बेलामा प्रत्यन्तको सेठले भन्यो—"महासेठ! मैले तपाइको पत्र देख्नासाथ तपाइको छोरालाई छोरी दिएँ।" बोधिसत्वले पनि कटाहकलाई आफ्नै छोरा जस्तै गरी तदनुरूप प्रियवचन बोली सेठलाई सन्तोष पारे। त्यहांदेखि कटाहकको मुख हेर्नसक्ने कोही भएन।

अनि एकदिन महासत्वले सेठकी छोरीलाई बोलाई "अम्मे! आऊ, मेरो टाउकोमा जुम्रा हेर" भनी भन्दा उ आएर जुम्रा हेरिरहेको बेलामा प्रियवचन बोल्दै "अम्मे! भन, के मेरो छोरा सुखदुःखमा अप्रमादी भई बस्छ? के तिमीहरू दुवैजना प्रियभाषी भई मेलमिलापसँग बस्दछौ?" भनी सोधे।

"तात! सेठका छोरामा अरू कुनै दोष छैन। केवल खानाको निन्दा गर्छन्।"

"अम्मे! यो संधैभरी दुःखदिने स्वभावको छ। परन्तु म उसको मुख बन्द गर्नकोनिमित्त एक मन्त्र दिनेछु। तिमीले त्यो राम्ररी पढी मेरो छोराले खाने बेलामा आहारको निन्दा गर्दा अगाडि उभिई पढे अनुसार भन" भनी गाथा सिकाइदिए। त्यसपछि केही दिन बसी बोधिसत्व बाराणशीमै फर्के।

कटाहक पनि धेरै खाद्य भोज्य लिई अनुगमन गरी धेरै धन दिई वन्दना गरी फर्केर आयो। बोधिसत्व गएदेखि उ फन् अभिमानी हुनथाल्यो। एकदिन सेठकी छोरीले नानाप्रकारका रसयुक्त भोजनल्याई पर्न्यौ लिई पस्की रहेको बेलामा उसले भोजनको निन्दा गर्नथाल्यो। सेठकी छोरीले बोधिसत्वसँग सिके अनुसार यो गाथा भनी—

"बहुम्पि सो विकत्थेय्य अञ्ञं जनपदं गतो।
अन्वागन्त्वान दूसेय्य भुञ्ज भोगे कटाहका'ति ॥"

अर्थ—

"अर्को जनपदमा गई धेरै झूठो आत्मवर्णना गरी ठगेर हिड्दैछौ, फेरि आएर तिमीलाई दोषी बनाउनेछ। अतः हे कटाहक ! पाएको खाना चुपलागेर खाऊ।"

सेठकी छोरीले चाहिं यसको अर्थ बुझेकी थिइन। पढे अनुसार मात्र उ भन्दथी। अनि कटाहकले "अवश्य पनि सेठले मेरो नाम बताई सबै कुरा यसलाई बताएको होला" भन्ने ठानी त्यहाँदेखि फेरि खानाको बारेमा निन्दा गर्न सकेन। निहतमानी भई पाए अनुसार खाई कर्मानुसार परलोक भयो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत कटाहक झूठो आत्मवर्णना गर्ने भिक्षु थियो। वाराणशी सेठ चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

७. घतासन जातक (१३३)

"खेमं यहिं'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

सो भिक्षु शास्ताकहाँ कर्मस्थान (=ध्यान) ग्रहणगरी प्रत्यन्तमा गई एउटा गाउँको आश्रयलिई जंगलको निवासस्थानमा वर्षावास बस्यो। पहिलो महीनामै भिक्षाटनार्थ गइरहेको बेलामा उसको पर्णशालामा आगो लाग्यो। अनि बस्ने ठाउँको कारणमा कष्ट भएपछि उसले उपस्थाकहरूसँग भन्यो। उनीहरूले "भन्ते! हुनदिनुहोस्, पर्णशाला बनाइदिनेछौं। अहिले चाहिं जोत्दैछौं, ब्यू रोप्दैछौं" भन्दा भन्दै तीन महीना बिताए। वासस्थानको अनुकूलता नहुनाको कारणले

१. जा. पा. I. पृ. ३०: घतासनजातकं, नं. १३३, अ. क. I–II. पृ. ३४९.

गर्दा उसले कर्मस्थान सफल पार्न सकेन । ध्यानकोनिमित्त[1] मात्र पनि उसले पाउन सकेन । अनि वर्षावास पछि जेतवनमा गई शास्तालाई वन्दना गरी एक छेउमा बस्यो ।

शास्ताले उसँग कुशलवार्ता गर्दा गर्दै "भिक्षु ! तिम्रो कर्मस्थान सफल भयो के ?" भनी सोध्नु भयो ।

उसले शुरुदेखि नै असफल भएको कुरा बतायो ।

शास्ताले "भिक्षु ! अघि पशुहरूले पनि आफ्नो सफल र असफलको कुरा बुझी सफल भएको बेलामा बसी असफल भएको बेलामा बसेको ठाउँ छाडी अर्को ठाउँमा गएका थिए । तिमीले किन आफ्नो सफलता र असफलतालाई जान्न सकेनौ ?" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व पक्षी योनिमा जन्मी, ठूलो भएपछि सौभाग्यशाली तथा पक्षीहरूको राजा भई एक जंगलको एक प्राकृतिक तलाउको किनारमा शाखासम्पन्न धेरै पात भएको विशाल रुखको आश्रय लिई

१. ध्यानको विषयलाई आँखा चिम्लिदाखेरि देख्न सक्ने अवस्थालाई 'निमित्त' भन्दछन् ।

सपरिवार वास बस्न थाले । पानी माथि फैलिएको त्यस रुखको शाखामा बसेका धेरै पक्षीगणहरूले पानीमा विस्टा खसाल्दथे । त्यस प्राकृतिक तलाउमा एक चण्ड नागराजा बस्दथ्यो । अनि उसलाई यस्तो लाग्यो—"यी पक्षीगणहरूले मेरो निवासस्थान यो प्राकृतिक तलाउमा विस्टा खसाल्छन् । अतः पानीबाट आगो निकाली रुखमा आगो लगाई यिनीहरूलाई भगाउन पर्‍यो ।" यति सोची क्रोधित भएको उसले रातको समयमा सबै पक्षीगणहरू एकत्रित भई रुखका शाखाहरूमा सुतिरहेको बेलामा सर्वप्रथम चूलोमा तताएको पानी जस्तै गरी पानी तताई, दोश्रो पटक धुँवा निकाली, तेश्रो पटक तालवृक्ष जत्रै ज्वाला निकाल्यो । पानीबाट ज्वाला निस्किरहेको देखेर बोधिसत्वले "भो पक्षीहरू ! आगोको ज्वाला पानीद्वारा निभाइन्छ परन्तु यहाँ पानीबाटै ज्वाला निस्किदै छ । अतः हामी यहाँ बस्न सक्ने छैनौं । अर्कै ठाउँमा जानपर्‍यो" भनी उनले यो गाथा भने—

"खेमं यहिं तत्थ अरी उदीरितो,
उदकस्स मज्झे जलते घता यतो ।
न अज्ज वा सो महिसा महीरुहे,
दिसा भजह्वो सरणज्ज नो भय'न्ति ।।"

अर्थ—

"जहाँ निर्भय थियो त्यहाँबाटै भय उत्पन्न हुँदै छ । पानीको बीचमा आगो बल्दै छ । अब पृथ्वीबाट उम्रेको वृक्षमा बस्न सकिन्न,

अर्कै दिशातिर लागौं । जहाँ शरण लिएका थियौं त्यहींबाटै भय उत्पन्न हुँदै छ ।"

यति भनी आफ्नो कुरा मान्ने पक्षीहरू लिई बोधिसत्व अर्कै ठाउँमा गए । बोधिसत्वको कुरा नमानी उहीं बस्ने पक्षीहरूको ध्वान्त भयो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाश पारी जातक समाधान गर्नुभयो । सत्य कुराको अवशानमा सो भिक्षु अरहत्वमा प्रतिष्ठित भयो ।

"त्यसबखत बोधिसत्वको कुरा मान्ने पक्षीहरू बुद्धपरिषद् थियो र पक्षीराजा चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

८. मित्तामित्त जातक (१९७)

"न नं उम्हयते दिस्वा'ति…[१]" भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

एक भिक्षुले "मैले लिंदा मेरा उपाध्याय रिसाउनु हुनेछैन" भन्ने विश्वास लिई उपाध्यायले राखेको कपडाको एक टुक्रा लिई जुत्ताराख्ने थैलो बनाई पछि उपाध्यायसँग सोध्यो । अनि उसलाई उपाध्यायले "किन लिएको ?" भनी सोध्दा "मैले लिंदा तपाइ रिसाउनु हुनेछैन होला भन्ने ठानी विश्वासले लिएको हुँ" भनी भन्यो ।

"तिमीसँग मेरो केको विश्वास छ र ?" भनी रिसाएर पिट्यो ।

उसको त्यो क्रिया भिक्षुहरूमा प्रकट भयो । अनि एकदिन धर्मसभामा भिक्षुहरूले कुरा उठाए—"आवुसो ! अमुक तरुणले

---

१. जा. पा. I. पृ. ४८: मित्तामित्तजातकं, नं. १९७, अ. क. I–II. पृ. ४६७.

उपाध्यायमाथिको विश्वासले एक टुक्रा कपडा लिई जुत्ताराख्ने थैली बनायो । अनि उसको उपाध्यायले 'मसँग तिम्रो केको विश्वास छ र ?' भनी रिसाएर पिट्यो ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र सो भिक्षु आफूसँगै बस्नेसँग अविश्वासिक थिएन बल्कि अघि पनि अविश्वासिक नै थियो" भनी पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा काशी राष्ट्रको एक ब्राह्मण कुलमा जन्मेका बोधिसत्व वंश पुगेपछि ऋषिभेष अनुसार प्रव्रजित भई अभिज्ञा र समापत्तिहरू लाभ गरी गणाचार्य भई हिमालय प्रदेशमा बस्नथाले ।

ती ऋषिगणहरूमध्येका एक तापसले बोधिसत्वको कुरा नसुनी एउटा आमा (ढोई) मरेको हात्तीको बच्चालाई पाल्यो । उ ठूलो भएपछि तापसलाई मारी जंगलमा गयो । अनि उसको शरीरकृत्य गरी बोधिसत्वलाई घेरा लगाई "भन्ते ! कुन कारणले मित्रभाव र अमित्रभावलाई जान्न सकिन्छ ?" भनी सोधे ।

6511
डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

बोधिसत्वले "यो यो कारणले" भनी यो गाथाहरू भने—

१. "न नं उम्हयते दिस्वा न च नं पटिनन्दति।
चक्खूनि चस्स न ददाति पटिलोमञ्च वत्तति॥

२. "ये ते भवन्तिं आकारा अमित्तस्मिं पतिट्ठिता।
येहि अमित्तं जानेय्य दिस्वा सुत्वा च पण्डितो'ति॥"

अर्थ—

१—"न उसलाई देखेर हाँस्छ, न त उसप्रति प्रसन्न हुन्छ, आँखाले पनि हेर्दैन र उल्टो व्यवहार गर्छ।

२—"अमित्रमा यी आकार-प्रकारहरू हुन्छन्। यिनै कारणहरू देखेर वा सुनेर पण्डितहरू अमित्रलाई चिन्दछन्। यसको विपरीत गुणहुनेलाई मित्र भनी चिन्नु पर्छ।"

यसरी मित्र र अमित्रको लक्षण बताई ब्रह्मविहारलाई भाविता गरी बोधिसत्व ब्रह्मलोक परायण भए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत हात्तीलाई पालन गर्ने तापस साथमा बस्ने शिष्य थियो। हात्ती चाहि उपाध्याय थियो। ऋषिगणहरू बुद्धपरिषद् थियो र गणाचार्य चाहि म नै थिएँ" भनी भन्नुभयो।

९. खन्धवत्त जातक (२०३)

"विरूपक्खेहि मे मेत्त'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

त्यस समय जन्ताघर (=वाफद्वारा स्नान गर्ने ठाउँ) को दैलोमा उ दाउरा चिर्दै थियो । त्यसबखत सुकेको रुखबाट एक सर्प निस्की खुट्टाको औंलामा डस्यो । उ त्यहीं मऱ्यो । उ मरेको खबर सबै विहारमा फैलियो ।

धर्मसभामा भिक्षुहरूले कुरा उठाए—"आवुसो ! अमुक भिक्षु जन्ताघरको दैलोमा दाउरा चिरिरहेको बेलामा सर्पले डसी उहीं मऱ्यो ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि

१. जा. पा. I. पृ. ५०: खण्डजातकं, नं. २०३, अ. क. I–II. पृ. ४७६.

"भिक्षुहो ! यदि सो भिक्षुले चार सर्पराजाको कुलप्रति मैत्री भाविता गरेको भए उसलाई सर्पले डस्ने थिएन । बुद्ध उत्पन्न नभएको बेलामा चार सर्पराजाको कुलप्रति मैत्री गरी ती सर्पराजाको कारणबाट उत्पन्न हुने भयबाट पुराना पण्डितहरू मुक्त भए" भनी पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व काशी राष्ट्रको एक ब्राह्मण कुलमा जन्मे । वंश पुगेपछि कामविषयलाई त्यागी ऋषिभेष अनुसार प्रव्रजितभई अभिज्ञा र समापत्तिहरू लाभ गरी हिमालय प्रदेशमा गंगा घुमेर गएको कुनै एक स्थानमा आश्रमपद बनाई ध्यानक्रीडामा रतभई ऋषिगणका साथ बसे ।

त्यस गंगाको तीरमा नाना प्रकारका सर्पहरूले ऋषिहरूलाई बिघ्नबाधा दिन्थे । धेरैजसो ऋषिहरूको ज्यान जान्थ्यो । यो कुरा तापसहरूले बोधिसत्वलाई सुनाए । बोधिसत्वले सबै तापसहरूलाई भेला गराई "यदि तिमीहरूले चार सर्पराज कुलप्रति मैत्री गऱ्यौ भने तिमीहरूलाई सर्पहरूले डस्ने छैनन् । त्यसैले अबदेखि चार सर्पराज कुलप्रति यसरी मैत्री भावना गर" भनी यो गाथा भने—

"विरूपक्खेहि मे मेत्तं मेत्तं एरापथेहि मे ।
छब्यापुत्तेहि मे मेत्तं मेत्तं कण्हागोतमकेहिच ।।"

अर्थ—

"विरूपाक्ष नागराजकुल प्रति मेरो मैत्री छ, एरापथ नागराजकुल प्रति मेरो मैत्री छ, छब्यापुत्र नागराजकुल प्रति मेरो मैत्री छ र कण्हागोतम नागराजकुल प्रति मेरो मैत्री छ।"

यसरी चार नागराजकुललाई देखाई "यदि तिमीहरूले यिनीहरू प्रति मैत्रीभावना राख्न सक्छौ भने सर्पहरूले तिमीहरूलाई डस्ने छैनन्, कष्टदिने छैनन्" भनी दोश्रो गाथा भने—

"अपादकेहि मे मेत्तं मेत्तं दिपादकेहि मे।
चतुप्पदेहि मे मेत्तं मेत्तं बहुप्पदेहि मे॥"

अर्थ—

"पाउ नभएकाहरूसँग मेरो मैत्री छ, दुइ पाउ हुनेहरूसँग मेरो मैत्री छ, चौपायाहरूसँग मेरो मैत्री छ र धेरै पाउ हुनेहरूसँग मेरो मैत्री छ।"

यसरी क्रमैसँग मैत्री भावनाको स्वरूप बताई अब प्रार्थनाको रूप देखाउँदै यो गाथा भने—

"मा मं अपादको हिंसि मा मं हिंसि दिपादको।
मा मं चतुप्पदो हिंसि मा मं हिंसि बहुप्पदो'ति॥"

अर्थ—

"मलाई पाउ नहुनेहरूले हिंसा नगरुन्, मलाई दुइ पाउ हुनेहरूले हिंसा नगरुन्, मलाई चौपायाहरूले हिंसा नगरुन् र मलाई धेरै पाउ हुनेहरूले पनि हिंसा नगरुन् ।"

अब निर्देश नगरी सर्वसाधारण रूपले भावना गर्ने कुरा दर्शाउँदै यो गाथा भने—

"सब्बे सत्ता सब्बे पाणा सब्बे भूता च केवला ।
सब्बे भद्रानि पस्सन्तु मा कञ्चि पापमागमा'ति ॥"

अर्थ—

"सबै सत्वहरू, सबै प्राणीहरू र सबैका सबै भूतहरू (=जीवहरू)—यी सबैले कल्याणरूपले हेरून् र कसैलाई पनि कुनै अनर्थ नआओस् ।"

यसरी "सबै सत्वहरू प्रति सर्वसाधारणरूपले भावना गर" भनी भनिसकेपछि फेरि तीन रत्नहरूको गुण अनुस्मरण गराउन—

"अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो, अप्पमाणो सङ्घो'ति ॥"

अर्थ—

"बुद्धगुण अप्रमाण छ, धर्मगुण अप्रमाण छ र सङ्घगुण पनि अप्रमाण छ" भनी भने ।

यसरी बोधिसत्वले "यी तीन रत्नहरूको गुण अनुस्मरण गर" भनी तीनै रत्नहरूको अप्रमाण गुणहरूलाई देखाई प्रमाण सहित सत्वहरू देखाउन—

"पमाणवन्तानि सिरिंसपानि अहिविच्छिका।
सतपदि उण्णानाभि सरबू मूसिका'ति ॥"

अर्थ—

"सर्पहरू, बिच्छीहरू, सतपदीहरू, माकुराहरू, माउसुलीहरू र मुसाहरू सबै सप्रमाणिक हुन्" भनी भने।

यसरी बोधिसत्वले "यिनीहरूको अभ्यन्तरमा प्रमाणकर रागादि धर्महरू छन्। त्यसैले यी सर्पादिहरू प्रमाणकर हुन्" भन्ने दर्शाई "अप्रमाण गुण हुने तीनै रत्नहरूको प्रभावद्वारा यी प्रमाण हुनेहरूबाट रात दिन परित्राण होस् र तीनै रत्नहरूको गुण अनुस्मरण गर" भनी भने। त्यसको अतिरिक्त अरू गर्नुपर्ने काम देखाउँदै यो गाथा भने—

"कता मे रक्खा कता मे परित्ता,
पटिक्कमन्तु भूतानि सोहं नमो भगवतो,
नमो सत्तन्नं सम्मासम्बुद्धान'न्ति[१] ॥"

---

१. यस जातकमा उल्लिखित सबैकुरा भएको सूत्रलाई अं. नि–४, पृ. ७६, पत्तकम्मवग्गोमा 'अहिराजसुत्तं' भनी उल्लेख भएको पाइन्छ।

अर्थ—

"मैले आफ्नो रक्षा गरें र आफ्नो परित्राण पनि। म भगवान्‌को तथा सात सम्यक्‌सम्बुद्धहरूको नमस्कार गर्छु। त्यसैले अहितकामी प्राणीहरू फर्केर जाउन्।"

यसरी नमस्कार गरी सात बुद्धहरूको अनुस्मरण गर भन्दै बोधिसत्वले ऋषिगणहरूलाई यो परित्राणद्वारा बन्धन गरिदिए।

प्रारम्भको दुइ गाथाद्वारा चार सर्पराजकुलहरूमाथि मैत्री देखाई अरू दुइ गाथाद्वारा निर्देशित रूपले र अनिर्देशित रूपले मैत्री देखाएको हुँदा यसलाई यहाँ 'परित्राण' भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ। अथवा अर्को अर्थ खोज्नुपर्छ।

त्यहाँदेखि ऋषिगणहरूले बोधिसत्वको अववादमा बसी मैत्री भावना गरे। बुद्धगुणलाई अनुस्मरण गरे। यसरी उनीहरूले बुद्धगुण अनुस्मरण गर्दा गर्दै सबै लामा जातिहरू (=सर्पहरू) फर्केर गए। बोधिसत्व पनि ब्रह्मविहार भाविता गरी ब्रह्मलोक परायण भए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत ऋषिगणहरू बुद्धपरिषद् थियो। गणाचार्य चाहिं म नै थिएं" भनी भन्नुभयो।

१०. गङ्गेय्य जातक (२०५)

"सोभन्ति मच्छा गंगेय्य'न्ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले दुइ तरुण भिक्षुहरूको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

ती दुइजना कुलपुत्रहरू श्रावस्तीवासी हुन् । शासनमा प्रव्रजित भई अशुभ भावनामा नलागी रूप प्रशंसक भई रूपको बयान गर्दै हिड्थे । एकदिन "तिमी शोभायमान् छौ कि म शोभायमान् छु ?" भनी रूपको कारणमा उनीहरूको झगडा भएपछि नजिकमा बसिरहेका एक बूढा स्थविरलाई देखी "यिनले हामीहरू शोभायमान् छौं वा अशोभायमान् छौं भन्ने कुरा जान्ने छन्" भनी उनकहाँ गई "भन्ते ! हामीहरूमध्येमा को शोभायमान् छ ?" भनी सोधे ।

---

१. जा. पा. I. पृ. ५१: गङ्गेय्यजातकं, नं. २०५, अ. क. I–II. पृ. ४८०.

उनले "आवुसो ! तिमीहरूभन्दा म नै शोभायमान् छु" भनी भने ।

तरुणहरू "यी बूढाले हामीले सोधेको प्रश्नको उत्तर नदिई नसोधेको कुरा बताउँछन्" भनी उनको निन्दागरी फर्केर गए ।

उनीहरूको यो करतूत भिक्षुसंघमा प्रकट भयो । अनि एकदिन धर्मसभामा कुरा निकाले "आवुसो ! बूढा स्थविरले ती रूपको बयान गर्ने तरुणहरूलाई लज्जित पारिदिए ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र यी तरुणहरू रूप-प्रशंसक होइनन् अघि पनि यिनीहरू रूपकै बयान गरेरै हिड्दथे" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा गंगाको तीरमा एक बोधिसत्व वृक्षदेवता भएका थिए । त्यसबखत गंगा र यमुनाको संगममा गङ्गेय्य र यामुनेय्य भन्ने दुइटा माछाहरू थिए । एकदिन "म सुन्दरछु कि तिमी सुन्दर छौ ?" भनी रूपको कारणमा ती दुइको विवाद भयो । अनि गंगाको नजिक तटमा कछुवा सुतिरहेको देखेर "यसले हामी सुन्दरछौं वा असुन्दरछौं भन्ने

कुरा जान्नेछ" भनी उसकहाँ गई "हे सौम्य कछुवा ! गङ्गेय्य सुन्दर छ कि यामुनेय्य ?" भनी सोधे ।

कछुवाले " गङ्गेय्य पनि सुन्दर छ, यामुनेय्य पनि सुन्दर छ । तर तिमी दुइजनाभन्दा म नै सुन्दरतर छु" भनी भन्यो । यही अर्थ प्रकाश पार्नकोनिमित्त पहिलो गाथा भनिएको हो—.

"सोभति मच्छो गङ्गेय्यो अथो सोभति यामुनो ।
चतुप्पदायं पुरिसो निग्रोधपरिमण्डलो ।
ईसकायतगीवो च सब्बेव अतिरोचती'ति ।।"

अर्थ—

"गङ्गेय्य माछा पनि सुन्दर छ अनि यामुनेय्य पनि सुन्दरै छ । तर बरको वृक्ष जस्तै गोलाकार भएको, गाडाको धुरी झैं लामो घाँटी भएको तथा चारपाउ भएको यो व्यक्ति[१] नै सबैभन्दा सुन्दरतर छ ।"

उसको कुरा सुनी माछाहरू "हे पापी कछुवा ! हामीले सोधेको कुराको उत्तर नदिई अर्कै कुरा गर्छौ" भनी दोश्रो गाथा भने—

"यं पुच्छितो न तं अक्खा अञ्ञं अक्खासि पुच्छितो ।
अत्तप्पसंसको पोसो नायं अस्माक रुच्चती'ति ।।"

---

१. यहाँ चाहिं आफूलाई नै लक्ष गरी 'यो व्यक्ति' भनिएको हो ।

अर्थ—

"जो सोधेका थियौं त्यो नबताई अर्कै कुरा बताउँछौ। अतः आत्म प्रशंसा गर्ने पुरुष हामी रुचाउँदैनौं।"

यति भनी कछुवामाथि पानी फाली आफ्नै ठाउँमा गए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत ती दुइ माछा तरुण भिक्षुहरू थिए। कछुवा बूढो स्थविर थियो। यो कुरा प्रत्यक्षीकरण गर्ने गंगातीरको वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो।

११. गूथपाण जातक(२२७)

"सूरो सूरेन संगम्मो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

त्यसबखत जेतवनबाट एक गाउत अथवा आधा योजनको दूरीमा एक निगम गाउँ थियो। त्यहाँ धेरै सलाक-भोजनहरू पाइन्थे। त्यहाँ प्रश्न गर्ने खराब स्वभावको एक व्यक्ति थियो। उसले सलाक-भोजन र पाक्षिक-भोजनकोनिमित्त आएका तरुण र श्रामणेरहरूसँग "को खान्छ ? को पिउँछ ? र को भोजन गर्छ ?" भनी प्रश्न सोध्दा भन्न नसक्नेलाई लज्जित गराउँदथ्यो। उसको भयले गर्दा उनीहरू त्यस गाउँमा सलाक-भोजन र पाक्षिक-भोजनको लागि जाँदैनथे।

एकदिन सलाक बाँढने ठाउँमा गई एक भिक्षुले "भन्ते ! अमुक गाउँमा सलाक-भोजन वा पाक्षिक-भोजन पाइन्छ के ?" भनी सोध्यो।

---

१. जा. पा. I. पृ. ५७: गूथपाणजातकं, नं. २२७, अ. क. I–II. पृ. ५२०.

"आवुसो ! पाइन्छ । तर त्यहाँ एक खराब स्वभावको व्यक्तिले प्रश्न सोध्दछ र प्रश्नको उत्तर दिन नसक्नेलाई गालिगर्छ र परिभाष पनि गर्छ । त्यसको भयले गर्दा कोही पनि जानसक्दैन ।"

"भन्ते ! त्यहाँका भोजनहरू मलाई दिनुहोस् । म उसलाई दमन गरी ठीकपारी फेरि तपाइहरूलाई देखेपछि भागेर जाने गराइदिनेछु" भनी भन्यो ।

भिक्षुहरूले "हुन्छ" भनी स्वीकारी उसलाई त्यहाँको भोजन लिने जिम्मा दिए ।

त्यहाँ गई गाउँको द्वारमा उसले चीवर पारुपण गऱ्यो । उसलाई देखेर चण्ड भ्यागुतो झैं वेगले गई त्यो खराब स्वभावको व्यक्तिले "श्रमण ! मेरो प्रश्नको जवाफ देऊ" भनी भन्यो ।

"उपासक ! गाउँमा विचरण गरी यागु ल्याई आसन-शालामा आउन देऊ ।"

उ यागु लिएर आसन-शालामा आइपुग्दा फेरि उसलाई त्यस्तै भन्यो । सो भिक्षुले "अहिले यागु पिउन देऊ, आसन-शालामा बढार्न देऊ र सलाक-भोजन ल्याउन देऊ" भनी भनेर सलाक-भोजन ल्याई उसैलाई पात्र समात्न लगाई "आऊ, प्रश्नको जवाफ दिनेछु" भनी गाउँको बाहिर लगी चीवर बटुलेर काँधमा राखी उसको हातबाट पात्र लिई उभियो ।

त्यहाँ पनि उसले "श्रमण ! प्रश्नको जवाफ देऊ" भनी भन्यो ।

अनि उसलाई "तिम्रो प्रश्नको जवाफ दिनेछु" भनी एकै चोटि थप्पड दिएर लडाई हाडहरू चकनाचूर हुनेगरी चूटेर मुखमा गुहु लगाई "अबदेखि यो गाउँमा आउने कुनै भिक्षुसँग प्रश्न सोधिस् भने थाहा पाउलास् !" भनी सन्तर्जन गरी फर्केर गयो । त्यहाँदेखि भिक्षुलाई देखनेबित्तिकै उ भागेर जान थाल्यो ।

केही समयपछि सो भिक्षुको यो काम भिक्षुसंघमा प्रकट भयो । अनि एकदिन धर्मसभामा कुराचल्यो—"आवुसो ! अमुक भिक्षुले एक खराब स्वभावहुने पुरुषको मुखमा गुहु लगाई गयो ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भन्दा "भिक्षुहो ! अहिले मात्र उसलाई फोहर लगाइदिएको होइन अघि पनि फोहर लगाइ नै दिएको थियो" भनी पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा अंगमगधवासीहरू एक अर्काको राष्ट्रमा बरावर जाने गर्दा एकदिन दुवै राष्ट्रको सिमानाको एक तलाउमा बसी रक्सी पिई माछामासु खाई बिहान सवेरै यानहरू तयारपारी फर्केर गए ।

उनीहरू फर्किसकेपछि एउटा गुहुखाने किरा गुहुको गन्धले आई उनीहरूले पिएर छाडेको रक्सीदेखी पानीको प्यासले गर्दा सो पिई

गुहुको थुप्रोमा चढ्यो । चढ्दाखेरि गीलो गुहु केही थिचियो । अनि "यो पृथ्वीले मलाई धान्न सकेन" भनी उ चिच्च्यायो । उसै समयमा एक मत्ताहात्ती सो ठाउँमा आइपुग्दा गुहुको गन्ध सुँघी घृणा गर्दै फर्केर गयो । उसले उसलाई देखेर "यो मेरो डरले भागेर जाँदैछ" भन्ने ठानी "योसँग मेरो युद्ध हुनुपर्छ" भन्ने सोची उसलाई बोलाउँदै पहिलो गाथा भन्यो—

"सूरो सूरेन संगम्म विक्कन्तेन पहारिनं ।
एहि नाग निवत्तस्सु किन्नुभीतो पलायसि ।
पस्सन्तु अङ्गमगधा मम तुय्हञ्च विक्कम'न्ति ।।"

अर्थ—

"शूरोले शूरोसँग लड्दा खूबसँग प्रहार गर्छ । हे हात्ती ! पर्ख किन डराएर भागेका हौ ? मेरो र तिम्रो पराक्रमलाई अंग र मगधवासीहरूले हेरून् !"

कानथापी उसको कुरा सुनी फर्केर आई उसको नजिक गई उसलाई अप्रसन्न पार्दै हात्तीले दोश्रो गाथा भन्यो—

"न तं पादा वधिस्सामि न दन्तेहि न सोण्डया ।
मिल्हेन तं वधिस्सामि पूति हञ्ञतु पूतिना'ति ।।"

अर्थ—

"तिमीलाई न म खुट्टाले मार्नेछु, न त दाँतले र सुँढले मार्नेछु । बल्कि फोहरलाई फोहरले झैं गुहुले नै तिमीलाई मार्नेछु ।"

यति भनी "फोहर गुहुको किरा फोहरले नै मरोस्" भन्दै उसको टाउकोमा ठूलो लीड खसालेर पानी छोडी उहीं उसको ज्यान लिई क्रौञ्चनाद गरी हात्ती जंगलमै फर्केर गयो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत गुहुको किरा हुने खराब स्वभावको पुरुष थियो। हात्ती चाहिं सो भिक्षु थियो। त्यो कारणलाई प्रत्यक्षरूपले देख्ने त्यो जंगलमा बस्ने देवता चाहिं म नै थिए" भनी भन्नुभयो।

---

१२. सालक जातक (२४९)

"एको पुत्तको भविस्ससी'ति...[१]" भन्ने यो गाथा जेतवन-मा बसिरहनुभएका शास्ताले एक महाथेरको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उसले एक कुमारकलाई प्रव्रजित बनाई उसलाई कष्टदिई बस्दथ्यो । पीडा सहन नसकी श्रामणेर चीवर छाडेर गयो । उसलाई फुर्फुऱ्याउँदै थेरले भन्यो—"कुमारक ! तिम्रो चीवर तिम्रै हुनेछ र पात्र पनि । मकहाँ भएको पात्र-चीवर पनि तिम्रै हुनेछ । आऊ प्रव्रजित होऊ ।"

उसले "म प्रव्रजित हुन्न" भनी भन्दा पनि बारम्बार भनेपछि उ प्रव्रजित भयो ।

---

१. जा. पा. I. पृ. ६४: सालकजातकं, नं. २४९, अ. क. I–II. पृ. ५५७.

उ प्रव्रजित भएदेखि फेरि थेरले उसलाई कष्टदिन थाल्यो। पीडा सहन नसकी फेरि उसले चीवर छाडेर गयो। उसले फेरि भन्दा पनि "तिमी मलाई सहन पनि सक्दैनौ र म विना बस्न पनि सक्दैनौ। जाऊ, म प्रव्रजित हुनेछैन" भनी प्रव्रजित भएन।

भिक्षुहरूले धर्मसभामा कुरा निकाले—"आवुसो! त्यो बालक सुहृदयी थियो। किन्तु महाथेरको मनोभावलाई बुझी प्रव्रजित भएन।"

शास्ता आउनुभई "भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ?" भनी सोध्नु भएपछि "यो यो" भनी भन्दा "भिक्षुहो! अहिले मात्र सो सुहृदयी थिएन अघि पनि सुहृदयी नै थियो। एकपल्ट यसको दोष देखेर फेरि उसलाई ग्रहण गरेन" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक कुटुम्बिकको कुलमा जन्मी वँश पुगेपछि धान बेची जीविका गर्न थाले। एक सपेराले एक बाँदरलाई सिकाई औषधी समात्न लगाई उसँग सर्प नचाई जीविका गर्ने गरेको थियो। बाराणशीमा उत्सबको घोषणा गरेपछि उत्सबमा भागलिने विचारले उसले "यसलाई हेरविचार गर" भनी बाँदरलाई त्यो धान बेचेर जीविका गर्नेकहाँ छाडेर गयो। अनि उत्सबमा भागलिई एक सातामा

उनकहाँ आई "बाँदरकहाँ छ ?" भनी सोध्यो । स्वामीको आवाज सुन्नेबित्तिकै धानको पसलबाट बाँदर बेगले निस्क्यो । अनि उसलाई बाँसको छडीले पिठ्यूँमा पिटी लिएर उदयानमा गई एकछेउमा बाँधी उ निदायो । उ निदाएको थाहापाई आफ्नो बन्धन फुकाली भागेर गई आँपको रुखमा चढी पाकेको आँप खाई कोया चाहिं सपेराको शरीरमा खसाल्यो । उ बिउझेर हेर्दा उसलाई देखेर "मधुर स्वरले उसलाई छकाई रुखबाट ओह्राल्न लगाई समात्नेछु" भनी उसलाई फुफुर्‍याउँदै पहिलो गाथा भन्यो—

"एकपुत्तको भविस्ससि,
त्वञ्च नो हेस्ससि इस्सरो कुले ।
ओरोह दुमम्हा सालक,
एहिदानि घरकं वजेमसे'ति ।।"

अर्थ—

"तिमी मेरो एकलौटे पुत्र हुनेछौ, तिमी नै कुलको मालिक बन्नेछौ, हे सालक ! रुखबाट ओर्लहं, आऊ अब घरमा जाऔं ।"

यो सुनेर बाँदरले दोश्रो गाथा भन्यो—

"ननु मं हदयेति मञ्ञसि,
यं च हनसि मं वेलुयट्ठिया ।
पक्कम्बवने रमामसे,
गच्छ त्वं घरकं यथा सुख'न्ति ।।"

अर्थ—

"निश्चय नै मलाई हृदयदेखि चाहन्छौ तर तिमीले मलाई बाँसको छडीले पिट्छौ। म पाकेको आँपको वनमै रमण गर्छु, तिमी सुखपूर्वक घरमा जाऊ।"

यति भनी उफ्रेर उ वनमै पस्यो। सपेरा असन्तुष्टभई आफ्नो घरमा गयो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत बाँदर श्रामणेर थियो। सपेरा महास्थविर थियो। धान व्यापारी चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

१३. तिलमुट्ठि जातक (२५२)

"अज्जापि मे तं मनसी'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक क्रोधी (भिक्षु) को कारणमा बताउनु भएको हो।

वर्तमान कथा

एक भिक्षु क्रोधी र रिसाहालु थियो। थोरै बोल्दा पनि उ रिसाउँथ्यो र खुशी पनि हुँदैनथ्यो तथा कोप, द्वेष र रिस निकाल्थ्यो। एकदिन धर्मसभामा कुरा निकाले—"आवुसो! फलानो भिक्षु क्रोधी र रिसाहालु छ। चूलोमा परेको नून जस्तै पटपट गरी हिड्छ। यस्तो अक्रोधी शासनमा प्रव्रजित भएर पनि क्रोध मात्रलाई पनि रोक्न सक्दैन।"

शास्ताले यो सुनेर एक भिक्षुलाई पठाई उसलाई बोलाउन लगाई "भिक्षु! साँच्चै तिमी क्रोधी छौ?" भनी सोध्नुहुँदा "साँच्चै

---

१. जा. पा. I. पृ. ६६: तिलमुट्ठिजातकं, नं. २५२, अ. क. I–II. पृ. ५६४.

हो, भन्ते !" भनी भनेपछि "भिक्षुहो ! यो अहिले मात्र क्रोधी होइन अघि पनि क्रोधी नै थियो" भनी पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा उनको ब्रह्मदत्त भन्ने छोरा थियो । "पुराना राजाहरूले आफ्ना छोराहरूलाई 'यिनीहरू निहत मानमद भई, गर्मी र जाडो खप्न सक्ने र लोक चरित्र जान्ने छन्' भन्ने ठानी आफ्नो नगरमा दिशाप्रमुख आचार्य भएता पनि शिल्प सिक्नकोनिमित्त टाढा पारिदेशमा पठाउँछन्" भन्ने सोची राजाले पनि आफ्नो सोह्रवर्षीय छोरालाई बोलाउन पठाई यौटा तलुवा भएको जुत्ता, पातको छाता र एकहजार कार्षापण दिई "तात ! तक्षशिलामा गई शिल्पसिकेर आऊ" भनी पठाए ।

"हुन्छ" भनी आमाबाबुलाई वन्दना गरी बाहिर निस्की क्रमशः तक्षशिलामा पुगी आचार्यको घर सोधी आचार्यले माणवकहरूलाई शिल्प पढाई उठेर घरको द्वारनिर चंक्रमण गरिरहेको बेलामा घरमा गई जहाँबाट आचार्यलाई देखे त्यहाँबाटै जुत्ता फुकाली छाता झिकी उनलाई वन्दना गरी उभिइरहे ।

उनी थाकेको बुझी आचार्यले आगन्तुक संग्रह गराउन लगायो ।

भोजन गरी केही छिन विश्राम गरी कुमार आचार्यकहाँ गई वन्दना गरी उभिइरहे ।

"तात ! कहाँबाट आएका ह्वौ ?" भनी सोधेपछि "बाराणशी-बाट आएको हुँ" भनी भने ।

"कसको छोरा ह्वौ ?"

"बाराणशी राजाको छोरा हुँ ।"

"के कारणले आएको ?"

"शिल्प अध्ययन गर्नकोनिमित्त ।"

"के तिमीले आचार्य-भाग (=फीस) ल्याएका छौ ? अथवा धर्म-अन्तेवासी हुन चाहन्छौ ?"

"मैले आचार्य-भाग ल्याएको छु" भनी आचार्यको पाउमा एक हजारको थैली राखेर वन्दना गरे ।

धर्म-अन्तेवासी हुनेहरू दिनमा आचार्यको काम गरी रातमा शिल्प सिक्छन् । आचार्य-भाग दिनेले घरको जेठो छोरो जस्तै भई शिल्पमात्र सिक्छ । अनि आचार्यले असल नक्षत्रमा उनलाई शिल्प सिकाउन थाल्यो ।

शिल्प पढिरहेको बेलामा एकदिन उनी आचार्यको साथ नुहाउनकोनिमित्त गए । त्यसबखत एक बुढी तील सुकाउन फिजाई हेरविचार गरी बसिरहेकी थिई । सेता तीलहरू देखेर कुमारको खाने इच्छा भएपछि एक मुट्ठी तील लिएर खाए । "यो लोभी रहेछ" भनी केही पनि नबोली बुढी चुपलागेर बसी । अर्को दिनमा पनि उनले त्यसै बेलामा त्यसै गरे । बुढीले पनि उनलाई केही भनिन । तेश्रो दिनमा

पनि उनले त्यसै गरे। त्यस समय "दिशा प्रमुख आचार्य आफ्ना शिष्यहरूद्वारा मेरो तील लुटाउँन लगाउँछन्" भन्दै पाखुरा समाती बुढी रोई।

फर्केर हेरी आचार्यले "अम्मे ! यो के हो ?" भनी सोध्यो।

"स्वामी ! तपाइको अन्तेवासीले मैले फिजाइराखेका सेता तीलहरू आज एक मुट्ठी खायो, हिजो पनि एक मुट्ठी खाइदियो र अस्ति पनि एक मुट्ठी खाइदियो। यसरी खाँदा मेरा सबै तीलहरू नाश हुन्नन् र ?"

"अम्मे ! नरोऊ, उसलाई मूल्य तिराउन लगाउनेछु।"

"स्वामी ! मलाई मूल्यको आवश्यकता छैन। बरु जे गर्दा यो कुमारले फेरि यसो गर्ने छैन त्यसैगरी सिकाउनुहोस्।"

"अम्मे ! त्यसोभए हेर" भनी आचार्यले दुइजना माणवकलाई त्यो कुमारका दुइ हातहरू समात्न लगाई बाँसको छडी लिई "फेरि यसो नगर" भनी पिठ्यूँमा तीनपटक पिट्यो।

आचार्यमाथि रिसाई कुमारले रातो आँखा गरी पैतालादेखि शीरसम्म हेरे। आचार्यले पनि उनी रिसाएर हेरेको कुरा बुझ्यो।

शिल्प पढी सकिएपछि उसले गरेको दोषलाई मनमा राखी "यसलाई निम्त्याएर मार्न लगाउनेछु" भनी भन्ने सोचेर जाने बेलामा आचार्यलाई वन्दना गरी "आचार्य ! बाराणशीको राज्य पाएपछि म तपाइलाई बोलाउनेछु त्यसबखत तपाइ आउनु होला" भनी सस्नेही

जस्तो भई उसको वचन लिई कुमार फर्केर गए। बाराणशीमा गई आमाबाबुलाई वन्दना गरी उनले शिल्प देखाए।

"बाँच्दा बाँच्दै मैले पुत्र देखें, बाँचदा बाँच्दै उसको राज्यश्री पनि हेर्नेछु" भनी पुत्रलाई राज्यमा प्रतिष्ठित गराए।

राज्यश्री अनुभव गर्दा आचार्यले गरेको दोषलाई सम्झी रिस उठेपछि "उसलाई मार्न लगाउनेछु" भन्ने सोची बोलाउन लगाउन आचार्यकहाँ उनले दूत पठाए।

"तरुण भैसकेको हुँदा उनलाई सम्झाउन सक्ने छैन" भन्ने सोची आचार्य गएनन्। पछि राजा मध्यम बंशमा पुगेपछि "अहिले भने उनलाई सम्झाउन सक्नेछु" भन्ने ठानी गएर राजद्वारमा उभिई "तक्षशिलाको आचार्य आएको छ" भनी खबर सुनाउन पठायो।

सन्तुष्ट भएका राजाले बोलाउन पठाई उ आफूकहाँ आएको देख्नेबित्तिकै कोप निकाली रातो आँखा गरी अमात्यहरूलाई सम्बोधन गरी "भो! आजसम्म पनि मेरा आचार्यले पीटेको ठाउँमा मलाई दुख्दैछ। आचार्य चाहिं ललाटमा मृत्यु लिएर 'मर्छु' भनी आएको छ। आज उसको ज्यान रहने छैन" भनी पहिलो दुइ गाथा भने—

१. "अज्जापि मे तं मनसि यं मं त्वं तिलमुट्ठिया।
बाहाय मं गहेत्वान लट्ठिया अनुतालयि॥

२. "ननु जीविते न रमसि येनासि ब्राह्मणागतो।
यं मं बाहा गहेत्वान तिक्खत्तुं अनुतालयी'ति॥"

अर्थ –

१–"तीब्रको मुट्ठीको कारणमा जो तिमीले मलाई हात समात्न लगाई लट्ठीले पिट्यौ सो कुरा अहिले पनि मेरो मनमा रहिरहेको छ।

२–"जो तिमीले मलाई समात्न लगाई तीन पटक लट्ठीले पिटेका थियौ तै पनि तिमी यहाँ आउँदैछौ। ब्राह्मण! लाग्छ कि निश्चय नै तिमी जिउन चाहन्नौ।"

यसरी उसलाई मरणद्वारा तर्जित गरी यति भनेको हो। यो सुनेर आचार्यले तेश्रो गाथा भन्यो—

"अरियो अनरियं कुब्बानं यो दण्डेन निसेधति।
सासनत्थं न तं वेरं इति नं पण्डिता विदू'ति॥"

अर्थ—

"जो आर्यले अनार्य काम गर्नेलाई अनुशासनमा राख्नकोनिमित्त दण्डद्वारा निषेध गराउँछ त्यस्तो काम प्रति आर्यजनले वैर गर्दैन भनी पण्डितहरू जान्दछन्।"

आर्य भनेका चार प्रकारका छन्। आचार्य-आर्य, दर्शन-आर्य, लिङ्ग-आर्य र पटिवेध-आर्य।

मनुष्य होस् वा पशु होस्। जसको आचरण श्रेष्ठ र सुन्दर छ—त्यो हो 'आचार-आर्य'। भनेको पनि छ—

"अरियवत्तसि वक्कङ्ग यो वद्धमपचायसि ।
चजामि ते तं भत्तारं गच्छथूभो यथासुख'न्ति[१] ।।"

अर्थ—

"हे वक्कङ्ग जो तिमीले वयोवृद्धको सम्मान गर्‍यौ—त्यो तिम्रो आर्य-व्यवहार हो । त्यसैले म तिम्रो लोग्नेलाई छाडिदिने छु; तिमीहरू दुवैजना सुखपूर्वक जाओ ।"

रूपद्वारा, ईर्य्यापथद्वारा, प्रासादिक र दर्शनीय व्यवहार युक्त चाहिं 'दर्शन-आर्य' हो । भनेको पनि छ—

"अरियावकासोसि पसन्न नेत्तो,
मञ्ञे भवं पब्बजितो कुलम्हा ।
कथन्नु वित्तानि पहाय भोगे,
पब्बज्जि निक्खम्म घरा सपञ्ञा'ति[२] ।।"

अर्थ—

"हे प्रसन्न नेत्र र सुन्दर रूप भएका ! लाग्छ कि तपाइ कुनै श्रेष्ठ कुलबाट प्रव्रजित हुनुभएको हो । हे प्रज्ञावान् ! काम-भोगलाई त्यागी घरबाट निस्की तपाइ प्रव्रजित हुनुभएको हो ?"

---

१. जा. अ. क. VI. पृ. २०८: महाहंसजातकं, नं. ५३४.
२. जा. अ. क. VI. पृ. ४८: सङ्खपालजातकं, नं. ५२४.

लगाउने र ओढने आदि चिन्ह लिएर जो श्रमण जस्तै भई विचरण गर्छ, उ दुश्शीलो भए पनि 'लिङ्ग-आर्य' हो। जसको कारणमा यस्तो भनिएको छ—

"छदनं कत्वान सुब्बतानं,
पक्खन्दि कुलदूसको पगब्भो।
मायावी असञ्ञतो पलापो,
पतिरूपेन चरं समग्गदूसी'ति[१] ॥"

अर्थ—

"शीलवान्को स्वभावले ढाकेर म पनि भिक्षु हुँ भनी दगुर्ने— कुलदूषक, प्रगल्भी, छली, असंयमी, प्रलापी तथा भिक्षुभेष धारण गरी हिड्ने 'मार्गदूषक' हो।"

बुद्ध आदि चाहिं 'पटिवेध-आर्य' हुन्। त्यसैले भनिएको हो—

"अरिया बुच्चन्ति बुद्धा च पच्चेक बुद्धा च बुद्धसावका चा'ति[२] ॥"

अर्थ—

"बुद्धहरू, प्रत्येकबुद्धहरू तथा बुद्ध श्रावकहरूलाई 'आर्य' भनिएको हो।"

---

१. सुत्त. नि. पा. पृ. २८६: चुन्दसुत्तं, उरगवग्गो। यस सूत्रको अनुवाद लेखकको बु. गृ. भाग–२, पृ. २१० मा छ।

२. पटि. स. अ. क. पृ. ३०५: अत्तानुदिट्ठिवण्णना–६४.

यो मध्ये यहाँ चाहिं 'आचार-आर्य' लाई लक्ष गरिएको हो ।

"महाराज ! त्यसैले तपाइ पनि सम्झनुहोस् कि यस्तो ठाउँमा वैरता गर्नु हुन्न । महाराज ! यदि तपाइलाई यसरी नसिकाएको भए समय बित्दै गएपछि तपाइले रोटी, सखरको मठ्ठा तथा फल आदिहरू पनि लिई चौरकार्यमा प्रलोभित भई क्रमशः घर फोर्ने, बाटामा लुट्ने र गाउँमा घात गर्ने आदि कामगर्नु हुन्थ्यो होला । अनि 'राज-अपराधी चोर' भनी वस्तु सहित समातेर राजालाई देखाई 'जाऊ यसलाई दोष अनुसार दण्ड देऊ' भनी राज-दण्डभय भोग्नपर्ने थियो होला । कहाँबाट यस्तो सम्पत्ति पाउने ? मेरो कारणले गर्दा यो ऐश्वर्य तपाइलें पाउनु भएको हो, होइन त ?"

यसरी राजालाई आचार्यले सम्झायो । उसको कुरा सुनी घेरा लगाई वसिरहेका अमात्यहरूले पनि 'देव ! यी सबै ऐश्वर्यहरू तपाइका आचार्यकै हुन्' भनी भने । त्यसबखत राजाले आचार्यको गुणलाई ख्याल राखी "आचार्य ! सबै ऐश्वर्य तपाइलाई दिनेछु, राज्य स्वीकार गर्नुहोस्" भनी भने ।

"महाराज ! मलाई राज्यको आवश्यकता छैन" भनी प्रतिक्षेप गऱ्यो ।

अनि तक्षशिलामा मानिस पठाई आचार्यका पुत्रदारहरू ल्याउन लगाई महान ऐश्वर्य दिई उसलाई पुरोहित बनाई पितृस्थानमा राखी उसको अववादमा बसी दानादि पुण्यकर्म गरी राजा स्वर्गपरायण भए ।

शास्ताले यो धर्मदेशना ल्याउनु भई सत्यकुरा प्रकाश पार्नुभयो। सत्यकुराको अवशानमा क्रोधी भिक्षु अनागामीफलमा प्रतिष्ठित भयो। धेरै व्यक्तिहरू स्रोतापन्न, सकृदागामी र अनागामी भए।

"त्यसबखत राजा क्रोधी भिक्षु थियो। आचार्य चाँहि म नै थिएँ" भनी भन्नुभयो।

१४. उदुम्बर जातक (२९८)

"उदुम्बरा चिमे पक्का' ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

सो भिक्षु एक प्रत्यन्त गाउँमा विहार बनाई बसेको थियो। ढुँगाको एक चट्टानमा बनेको त्यो विहार रमणीय थियो। बढार्ने ठाउँ थोरै मात्र थियो। पानीको सुविधा थियो र भिक्षाटन् जाने गाउँ पनि नजिकमै थियो। प्रेमपूर्वक मानिसहरूले भिक्षादिन्थे।

अनि एक भिक्षु चारिकागर्दै त्यो विहारमा आइपुग्यो। आगन्तुक कर्तव्य गरी भोलिपल्ट उसलाई लिएर नेवासिक[२] स्थविर भिक्षाटन्कोनिमित्त गयो। मानिसहरूले उसलाई भिक्षादिई भोलिको

---

१. जा. पा. I. पृ. ८४: उदुम्बरजातकं, नं. २९८, अ. क. I-II. पृ. ६७१.

२. स्थायी रूपले बस्ने भिक्षुलाई 'नेवासिक' भन्दछन्।

लागि पनि निम्तो गरे। केही दिन त्यहाँ बसी भोजन गरिरहेको आगन्तुक भिक्षुले सोच्यो—"कुनै उपायद्वारा यसलाई छकाएर विहार-बाट निकाली यो विहार लिनुपर्‍यो।" अनि हेरचाह गर्नकोनिमित्त आएको स्थविरसँग सोध्यो—"आवुसो ! बुद्धोपस्थानमा गयौ के ?"

"भन्ते ! यो विहार हेरचाह गर्ने कोही छैन त्यसैले कहील्यै गएको छैन।"

"तिमी बुद्धोपस्थानमा गएर नआउञ्जेलसम्म म हेरचाह गर्नेछु।"

"हुन्छ, भन्ते !"

"म नआएसम्म स्थविर प्रति प्रमादी नहौ" भनी मानिसहरूलाई सम्झाई नेवासिक भिक्षु गयो।

त्यहाँदेखि आगन्तुक भिक्षुले त्यो नेवासिक भिक्षुको यो यो दोष छ भनी ती मानिसहरूको मन बिगारिदियो। उ पनि शास्तालाई वन्दना गरी फर्केर आयो। उसलाई आगन्तुक भिक्षुले विहार दिएन। उ एक ठाउँमा बसी भोलिपल्ट भिक्षाटनार्थ गाउँमा गयो। मानिसहरूले शिष्टाचार मात्र पनि देखाएनन्। उसलाई अपसोच लाग्यो। अनि जेतवनमा गई उसले त्यो कुरा भिक्षुहरूलाई सुनायो। उनीहरूले धर्मसभामा कुरा उठाए—"आवुसो ! फलानो भिक्षुले फलानो भिक्षुलाई विहारबाट निकाली स्वयं बस्नथाल्यो।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि

"भिक्षुहो ! अहिले मात्र होइन अघि पनि उसले यसलाई बस्नेठाउँबाट निकालेकै थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व वृक्षदेवता भई जंगलमा उत्पन्न भए । वर्षादको समयमा त्यहाँ सातहप्तासम्म वर्षा भयो । अनि रातो मुख भएको एउटा स्यानो बाँदर पानी नपर्ने एउटा ढुंगाको गुफामा बस्दथ्यो । एकदिन उ ढुंगाको गुफाको द्वारनिर पानी नपर्ने ठाउँमा सुखपूर्वक बसेको थियो । त्यहीँ एउटा कालो मुख भएको ठूलो बाँदर भीजेर जाडोले पीडित भई एताउता घुमिरहेको बेलामा उसलाई त्यसरी बसिरहेको देखेर "एक उपायद्वारा यसलाई निकालेर त्यहाँ बस्नेछु" भनी सोचेर सन्तोषभाव देखाउँदै पेट देखाई उसको अगाडि उभिई उसले पहिलो गाथा भन्यो—

"उदुम्बराचिमे पक्का निग्रोधा च कपित्थना ।
एहि निक्खम भुञ्जस्सु किं जिघच्छाय मीयसी'ति ।।"

अर्थ—

"यी डुम्रीहरू पाकेका छन्, निग्रोध र कपित्थ फलहरू पनि । आऊ, निस्केर खाऊ, किन भोकले मरिरहेका छौ ?"

उसको वचनलाई विश्वास गरी फलफूल खाने इच्छागरी निस्केर यताउता विचरण गर्दा केही नदेखेपछि फेरि आउंदा त्यो गुफाभित्रपसी उ बसिरहेको देखेर यसलाई छकाउनपर्‍यो भनी उसको अगाडि उभिई दोश्रो गाथा भन्यो—

"एवं सो सुखितो होति यो वद्धमपचायति ।
यथाहमज्ज सुहितो दुमपक्कानि मासिनो'ति ।।"

अर्थ—

"जस्तै आज म पाकेको फल खाएर सन्तुष्ट भएको छु त्यस्तैगरी जेठोलाई सम्मान गर्नेको पेट स्वत भरिन्छ र सुखी पनि हुन्छ ।"

यो सुनेर ठूलो बाँदरले तेश्रो गाथा भन्यो—

"यं वनेजो वनेजस्स वञ्चेय्य कपिनो कपिं ।
दहरोपि तं नसद्धेय्य नहि जिण्णो जरा कपी'ति ।।"

अर्थ—

"बनमा जन्मेको जुन बाँदरले बनमै जन्मेको बाँदरलाई छकाउंछ त्यस्ताको कुरा कुनै तन्नेरीले पनि विश्वास गर्न सक्दैन भने म जस्तो जराजीर्ण बुढो बाँदरले कसरी विश्वास गर्न सकुँला र ?"

"यस ठाउंका सबै फलफूलहरू वर्षाद्ले भिजेर खसिसके । फेरि यो ठाउं तिम्रोनिमित्त हुनेछैन जाऊ ।" अनि उ त्यहाँबाट गयो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत स्यानो बाँदर नेवासिक भिक्षु थियो। कालो ठूलो बाँदर चाहिं आगन्तुक भिक्षु थियो। वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१५. दद्दर जातक (३०४)

"इमानि मं दद्दर तापयन्ती'ति···[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक क्रोधी (भिक्षु) को कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

वर्तमान कथा चाहिं माथि[2] बताइ सकिएको छ । त्यसबखत धर्मसभामा उसको क्रोधीभावको बारेमा कुरा उठेपछि शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भन्दा सो भिक्षुलाई बोलाउन पठाई "भिक्षु ! साँच्चै हो के तिमी क्रोधी छौ ?" भनी सोध्दा "हो, भन्ते !" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि यो क्रोधी नै थियो । क्रोधी हुने स्वभावले गर्दा नै पुराना पण्डितहरू परिशुद्ध नागराजा

---

१. जा. पा. I. पृ. ८८: दद्दरजातकं, नं. ३०४, अ. क. III. पृ. ११.

२. माथि तिलमुट्ठि जातक–१३ मा उल्लेख भएको छ ।

भएर पनि तीनबर्षसम्म गुहु भरिएको फोहर भूमिमा बस्नुपऱ्यो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व हिमाल प्रदेशको दद्दरपर्वतको फेदीमा दद्दर नागभवनमा बसेका थिए । त्यहाँ राज्य गरिरहेको बेलामा दद्दर राजाको छोरा महादद्दर भन्ने थियो । उसको भाइको नाम चुल्ल दद्दर थियो । उ क्रोधी तथा कठोर भई नाग बच्चाहरूलाई गालिगर्दै पिट्दै हिड्दथ्यो । उसको कठोर स्वभावलाई बुझी नागराजाले उसलाई नागभवनबाट निकालिदिने आज्ञा दिए । महादद्दरले पितासंग क्षमा मागी रोक्न लगायो । दोश्रो पटक पनि राजासंग रिसाए । दोश्रो पटक पनि क्षमा माग्यो । तेश्रो पटकमा चाहिं "यो अनाचारीलाई निकाल्न लाग्दा तिमी रोक्छौ । जाऊ, तिमीहरू दुवैजना यो नागभवनबाट निस्केर बाराणशीको फोहर भूमिमा तीनवर्षसम्म बस" भनी नागभवनबाट निकाल्न लगाए । उनीहरू त्यहाँ गएर बसे ।

अनि उनीहरू फोहर भूमिको पानी भएको ठाउंको एक छेउमा गोचर खोज्न जाँदा गाउंका वालकहरूले देखेर पिट्दै ढुंगा र लट्ठी फाल्दै "यी ठूला शरीर भएका र सियो जस्तो पुच्छर भएका पानीका सर्पहरू को हुन् ?" आदि भन्दै गालि गर्थे । चुल्ल दद्दर चण्ड र कठोर स्वभावको हुनाले उनीहरूको त्यो अपमानलाई सहन नसकी "दाइ ! यी केटाहरू

हामीलाई गालि गर्छन् । हामी विषधारी ह्वौं भन्ने कुरा यिनीहरूलाई थाहां छैन । यिनीहरूको अपशब्दलाई म सहन सक्दिन । नाकको ज्वालबाट उनीहरूलाई विनाश पार्नेछु" भनी कुरा गरी पहिलो गाथा भन्यो—

"इमानि मं दद्दर तापयन्ति,
वाचादुरुत्तानि मनुस्सलोके ।
मण्डूकभक्खा उदकन्तसेवी,
आसीविसं मं अविसा सपन्ती'ति ।।"

अर्थ—

"हे दद्दर ! यो मनुष्यलोकको दूषित वचनले मलाई तापदिन्छ । यी वालकहरूले 'विषधारी भएको मलाई भ्याकुता खाने र पानीमा बस्ने' भनी गालि गर्छन् ।"

उसको कुरा सुनी महादद्दरले बांकी गाथाहरू भन्यो—

१. "सका रट्ठा पब्बाजितो अञ्ञं जनपदं गतो ।
महन्तं कोट्ठं कयिराथ दुरुत्तानं निधेतवे ।।

२. "यत्थ पोसं न जानन्ति जातिया विनयेन वा ।
न तत्थ मानं कयिराथ वसमञ्ञातके जने ।।

३. "विदेसवासं वसतो जातवेद समेन पि ।
खमितब्बं सपञ्ञेन अपि दासस्स तज्जित'न्ति ।।"

अर्थ—

१–" स्वदेशबाट निकालिएर अर्को जनपदमा जानेले गालिगरेको वचनलाई राख्नकोनिमित्त ठूलो कोठा बनाउनु पर्छ ।

२–"जहाँ जातिद्वारा वा शीलस्वभावद्वारा मानिसहरूले चिन्दैनन् त्यस्तो अनभिज्ञ मानिसहरूसँग बस्नेले अभिमान गर्न हुन्न ।

३–" अग्नि समान तेजिलो भएता पनि विदेशमा बस्ने पण्डितले दासको तर्जनलाई पनि सहन सक्नुपर्छ ।"

यसरी उनीहरू त्यहाँ तीनवर्षसम्म बसे । अनि पिताले उनीहरूलाई बोलाउन पठाए । त्यहाँदेखि उनीहरू निराभिमानि भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा क्रोधी भिक्षु अनागामी फलमा प्रतिष्ठित भयो ।

" त्यसबखत चुल्ल दद्दर क्रोधी भिक्षु थियो । महादद्दर चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

१६. खन्तिवादी जातक(३१३)

"यो मे हत्थे च पादे चा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक क्रोधी भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

वर्तमान कथा चाहिं माथि[२] नै बताइ सकिएको छ । शास्ता चाहिं त्यस भिक्षुलाई "किन तिमी अक्रोधी बुद्धशासनमा प्रव्रजित भई क्रोधी हुन्छौ ? आफ्नो शरीरमा हजार प्रहार पर्दा र हात खुट्टा, कान र नाक काटिंदा पनि पुराना पण्डितहरूले अर्कामाथि क्रोध गरेनन्" भनी पूर्वजन्मको कुरा बताउनु भयो ।

---

१. जा. पा. I. पृ. ९२: खन्तिवादीजातकं, नं. ३१३, अ. क. III. पृ. २८.

२. माथि तिलमुट्ठी जातक–१३ मा उल्लेख भएको छ ।

अतीत कथा

अतीत समयमा बाराणशीमा कलाबु भन्ने राजाले राज्य गर्दथे । त्यसबखत बोधिसत्व असीकोटी वैभव हुने ब्राह्मण कुलमा जन्मेका थिए । अनि बैंश पुगेपछि तक्षशिलामा सबै शिल्पहरू अध्ययन गरी कुटुम्ब संस्थापना गरी आमाबावुहरू मरेपछि धनरासी हेरेर यो धन उत्पादन गर्ने मेरा नातेदारहरू धन नलिएर नै गए । मैले चाहिं यो लिनसक्नुपर्छ भनी त्यो सबै धन हेरी हेरी दानदिने गरी जसलाई जे उचित छ उ-उसलाई त्यही दिई हिमालयमा गई प्रव्रजितभई फलफूल-द्वारा यापन गरी बसे । चिरकालसम्म त्यहाँ बसिसकेपछि नून र अमिलो सेवनार्थ मनुष्यपथमा आई क्रमशः बाराणशीमा आइपुगी राजोदद्यानमा बसे । भोलिपल्ट नगरमा भिक्षा जाँदा सेनापतिको घरको दैलोमा पुगे । उनको स्वभावमा प्रसन्नभई घरभित्र लगी आफ्नोनिमित्त तयार पारेको भोजन खुवाई प्रतिज्ञा लिई सेनापतिले उनलाई उहीं राजोदद्यानमै बसाले ।

अनि एकदिन कलाबु राजा सुरामदमत्त भई नर्तकीहरूद्वारा घेरि ठूलो ऐश्वर्यका साथ उदद्यानमा गई मङ्गलशिला-पटमा बिछ्यौना लगाउन लगाई एक प्रियमनाप स्त्रीको काखमा सुते । गानबजान नाचमा दक्षा नर्तकी स्त्रीहरूले गीत गाउन थाले । शक्रदेवराजको जस्तै महान श्रीसम्पत्ति थियो । राजा निदाए ।

अनि "जसकोनिमित्त हामीले गीतादि गाइरहेछौं उनी निदाएका छन् । अब गीतादि गाएर के गर्ने ?" भनी त्यहीं त्यहीं वीणादि-

तुरीयहरू छाडी ती स्त्रीहरू उदयानमा गए र फलफूल र पातहरूद्वारा प्रलोभित भई उदयानमा अभिरमण गर्नथाले ।

त्यसबखत उदयानको सुपुष्पित एक शालवृक्ष मनि मगनमस्त भएको हात्ती जस्तै भई प्रव्रज्यासुखानुभव गरी समय बिताई बोधिसत्व बसिरहेका थिए ।

अनि उदयानमा विचरण गर्दा ती स्त्रीहरूले उनलाई देखेर "आर्याहरू ! आऊ, यो रुखमनि प्रव्रजित बसिरहेका छन् । राजा न बिउझेसम्म उनकहाँ केही केही कुरा सुनी बसौं" भनी गएर वन्दना गरी घेरा लगाई बसेर "हामीलाई उपयुक्त हुने केही कुरा बताउनुहोस्" भनी भने । बोधिसत्वले उनीहरूलाई धर्मकथा सुनाए ।

त्यो स्त्रीले काख चलाई राजालाई बिउझाई । बिउझिदा उनीहरूलाई राजाले नदेखेपछि "यी चण्डालनीहरू कहाँ गए !" भनी सोधे ।

"महाराज ! यिनीहरू गएर एक तपस्वीलाई घेरा लगाई बसिरहेका छन् ।"

क्रोधित भई खड्ग लिई "यस दुष्ट तपस्वीलाई सिकाउनेछु" भनी राजा वेगले त्यहाँ गए ।

अनि ती स्त्रीहरूले क्रोधित भई आइरहेका राजालाई देखेर तीमध्ये राजाकी अधिक प्रिया स्त्री गएर राजाको हातबाट तरबार लिएर राजालाई शान्तपारी ।

आएर बोधिसत्वकहाँ उभिइएका राजाले "श्रमण ! तिमी के वादी ह्वौ ?" भनी सोधे ।

"महाराज ! क्षान्तिवादी हुँ ।"

"यो क्षान्ति भनेको के हो ?"

"गाली गर्दा, पिट्दा र परिभाष गर्दा नरिसाउनु हो ।"

"तिमीमा क्षान्ति छकि छैन भन्ने कुरा हेर्नेछु" भनी राजाले चोरघातकलाई बोलाउन लगाए ।

आफ्नो दस्तुर अनुसार बञ्चरो र काँढा भएको छडी लिएर पीतवस्त्र पहिरी रातो माला लगाई आएर राजालाई वन्दना गरी "के गर्नुपर्‍यो ?" भनी उसले सोध्यो ।

"यो दुष्ट चोर तपस्वीलाई समाती तानेर भुइमा पछारी काँढा भएको छडी लिई अघाडिपछाडि, दुवैतिरबाट र चारैतिरबाट दुइहजार पटक प्रहार गर ।" उसले त्यसै गर्‍यो ।

बोधिसत्वको छवि काटियो; छाला काटियो, मासु काटियो र रगत बग्नथाल्यो ।

फेरि राजाले "हे भिक्षु ! तिमी के वादी ह्वौ ?" भनी सोधे ।

"क्षान्तिवादी हुँ । महाराज ! तिमीले चाँहि मेरो क्षान्ति छालाभित्र होला भनी ठानेका छौ । मेरो छालाभित्र क्षान्ति छैन । महाराज ! तिमीले देखन नसक्ने मेरो हृदयभित्र मेरो क्षान्ति बसेको छ ।"

फेरि चोरघातकले के गर्ने भनी सोध्यो ।

" यो दुष्ट जटिलको दुवै हात काट ।"

उसले बञ्चरो लिई अचानोमा राखी हात काटिदियो ।

अनि उसको खुट्टा काट भनी भने ।

खुट्टा पनि काट्यो ।

घैंटाको प्वालबाट चप्राको रङ्ग निस्के जस्तै गरी हात खुट्टाको टुप्पोबाट रगत बग्न थाल्यो ।

फेरि राजाले " के वादी ह्वौ ?" भनी सोधे ।

" क्षान्तिवादी; महाराज ! तिमी चाहिं मेरो क्षान्ति हात खुट्टाको टुप्पोमा छ भन्ने ठान्दछौ । त्यो त्यहां छैन । मेरो क्षान्ति गम्भीर स्थानमा छ ।"

राजाले " यसको नाक र कान काट " भनी भने ।

उसले नाक र कान पनि काटिदियो । सारा शरीरमा रगतै रगत भयो ।

फेरि राजाले " तिमी के वादी ह्वौ ?" भनी सोधे ।

" महाराज ! म क्षान्तिवादी हुं । नाक र कानमा यसको क्षान्ति छ होला भन्ने नठान । मेरो क्षान्ति हृदयभित्र गम्भीर स्थानमा रहेको छ ।"

"दुष्ट जटिल तेरो क्षान्ति तै ने लिएर बस्" भनी बोधिसत्वको छातीमा लात्तले हानी राजा फर्केर गए ।

उनी गइसकेपछि सेनापतिले बोधिसत्त्वको शरीरबाट रगत पुछी हात खुट्टा तथा कानको टुप्पोमा कपडाले बेरी बोधिसत्वलाई बिस्तारैसँग बसाली वन्दना गरी एक छेउमा बसेर "भन्ते ! यदि तपाइ रिसाउन चाहनुहुन्छ भने अपराध गर्ने राजामाथि रिसाउनुहोस्, अरूमाथि नरिसाउनुहोस्" भनी प्रार्थना गर्दै पहिलो गाथा भन्यो—

"यो ते हत्थे च पादे च कण्णनासञ्च छेदयि ।
तस्स कुज्झ महावीर मारट्ठं विनस्स इदन्ति ।।"

अर्थ—

"हे महावीर ! जसले तपाइका हात खुट्टा र नाक तथा कान काटिदियो त्यसैमाथि रिसाउनुहोस् परन्तु निरपराधी काशी राष्ट्रलाई विनाश नपार्नुहोस् ।"

यो सुनेर बोधिसत्वले दोश्रो गाथा भने—

"यो मे हत्थे च पादे च कण्णनासञ्च छेदयि ।
चिरं जीवतु सो राजा न हि कुज्झन्ति मादिसा'ति ।।"

अर्थ—

"जसले मेरो हात खुट्टा र नाक कान छेदन गऱ्यो सो राजा चिरंजीविहोस्, म जस्ता मानिसहरू रिसाउँदैनन् ।"

उदयानबाट गइरहेका राजा बोधिसत्वको चक्षुपथबाट नदेखिएपछि नै दुइलाख चालीस हजार (२,४०,०००) योजन बाक्लो यो पृथ्वी कपडा फाटे झैं फाटेर अवीचिबाट ज्वाला निस्की कुलपरम्पराले दिएको रातो कम्बलले लपेटे झैं राजालाई ज्वालाले लपेट्यो ।

उनी उदयानको द्वारबाटै पृथ्वीमा पसी अवीचि महानरकमा पुगे । बोधिसत्वको सोही दिनमै मृत्युभयो । गन्धमालादि धूपहरू हातमा लिई आएर राजपुरुषहरू र नागरिकहरूले बोधिसत्वको शरीर कृत्य गरे । कोही भन्दछन् कि बोधिसत्व चाहिं हिमालयममै गए । यो सत्य होइन ।

यी दुइ चाहिं सम्बुद्ध गाथाहरू हुन्—

१. "अहू अतीतमद्धानं समणो खन्तिदीपनो ।
तं खन्तियायेव ठितं कासिराजा अछेदयि ।।

२. "तस्स कम्मस्स फरुसस्स विपाको कटुको अहु ।
यं कासिराजा वेदेसि निरयम्हि समप्पितो'ति ।।"

अर्थ —

१–" अतीत समयमा क्षान्ति देखाउने श्रमण थियो । क्षान्तिमा रहंदा रहंदै उसलाई काशीराजाले काट्न लगाए ।

२–" त्यो कठोर कर्मको विपाक कटु थियो जो कि काशीराजाले नरक भोगे ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा क्रोधी भिक्षु अनागामी फलमा प्रतिष्ठित भयो। धेरैले स्रोतापत्तिफल प्राप्त गरे।

"त्यसबखत कलाबु राजा देवदत्त थिए। सेनापति सारिपुत्र र क्षान्तिवादी तापस चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

१७. पीठ जातक(३३७)

"न ते पीठमदायिम्हा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

जनपदबाट जेतवनमा गई पात्र-चीवर राखी शास्तालाई वन्दना गरी सो भिक्षुले तरुण श्रामणेरहरूसँग सोध्यो "आवुसो ! श्रावस्तीमा आगन्तुक भिक्षुहरूको उपकारक को छ ?"

"आवुसो ! अनाथपिण्डिक भन्ने महासेठ र विशाखा भन्ने महाउपासिकाहरू उपकारक छन् । यिनीहरू भिक्षुसंघको उपकारी हुन् । आमाबाबुको स्थानमा बस्दछन् ।"

"ठीक छ" भनी उ भोलिपल्ट बिहान सबेरै कुनै भिक्षु पनि नगरमा नपसेको बेलामा अनाथपिण्डिकको घरद्वारमा गयो । कुबेलामा गएको हुँदा उसलाई कसैले पनि देखेन । त्यहाँ केही नपाएपछि

१. जा. पा. I. पृ. १०३: पीठजातकं, नं. ३३७, अ. क. III. पृ. ८२.

उ विशाखाको घरद्वारमा पुग्यो। निक्कै सबेरै पुगेको हुँदा त्यहाँ पनि केही पाएन। अनि उ यताउता घुमी फेरि यागु सिद्धिएको बेलामा पुग्यो। फेरि फर्केर यताउता घुमी भोजन सिद्धिसकेपछि गयो। त्यसपछि उ विहारमा गई "दुवै कुलहरू अश्रद्धालु र अप्रसन्न भएर पनि यी भिक्षुहरू चाहिं श्रद्धालु र प्रसन्न छन् भनी भन्दछन्" भनी ती दुवै कुलहरूको उपहास गरी हिंड्यो।

अनि एकदिन धर्मसभामा भिक्षुहरूले कुरा उठाए—"आवुसो! अति सबेरै कुलद्वारमा जाँदा फलाना जानपदिक भिक्षुले भिक्षा नपाएपछि कुलको परिहास गर्दै हिंडेको छ।"

शास्ता आउनुभई "भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ?" भनी सोध्नु हुँदा "यो यो" भनी भनेपछि सो भिक्षुलाई बोलाउन पठाई "साँच्चै हो के?" भनी सोध्दा "भन्ते! साँच्चै हो" भनी भनेपछि "भिक्षु! तिमी किन रिसाएका? अघि बुद्ध उत्पन्न नभएको बेलामा तापसहरू कुलघरमा गई भिक्षा नपाउँदा पनि रिसाएका थिएनन्" भनी पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा वाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक ब्राह्मण कुलमा जन्मे। अनि वैंश पुगेपछि तक्षशिलामा सबै शिल्पहरू अध्ययन गरिसकी तापस भेषमा प्रव्रजित

भई हिमवत्मा चिरकालसम्म बसी पछि नगरमा भिक्षा गए। त्यसबखत बाराणशी सेठ श्रद्धालु र प्रसन्न थियो। बोधिसत्वले "कुन कुलघर श्रद्धावान् छ?" भनी सोध्दा "सेठको घर" भन्ने सुनेर सेठको घरमा गए। त्यसबखत सेठ राजोपस्थानमा गएको थियो। मानिसहरूले उनलाई देखेनन्। उनी फर्केर गइरहेका थिए। अनि सेठ राजदरवारबाट निस्किरहेको बेलामा उनलाई देखेर वन्दना गरी भिक्षाभाजन लिई घरमा लगी बसाली पाउधुने र पुछ्ने आदि गरी यागु र खाद्यपदार्थले सन्तर्पित पारी भोजनको बीचमा कुनै कुरा नसोधी भोजन सिद्धिएपछि वन्दना गरी एक छेउमा बसी "भन्ते! हाम्रो घरमा आउने याचकहरू र धार्मिक श्रमण ब्राह्मणहरू सत्कार सम्मान नपाई कहिल्यै पनि अघि फर्केका थिएनन्। आज चाहिं तपाइलाई हाम्रा बालकहरूले नदेखनाको कारणले गर्दा आसन, पिउने पानी, पाउ धुने वा यागु र भोजन नपाई तपाइ फर्केर जानुभयो। यो हामीहरूको दोष हो। हामीहरूमाथि क्षमा गर्नुहोस् भनी भन्दै पहिलो गाथा भन्यो—

"न ते पीठमदायिम्ह न पाणं नपि भोजनं।
ब्रह्मचारि खमस्सु मे एतं पस्साम अच्चयन्ति ॥"

अर्थ—

"हामीले तपाइलाई न बस्ने पीरा दियौं, न पिउने पानी दियौं, न त भोजन नै। हामीले यो आफ्नो दोष स्वीकार्छौं। त्यसैले हे ब्रह्मचारी! हामीमाथि क्षमा गर्नुहोस्।"

यो सुनेर बोधिसत्वले दोश्रा गाथा भने—

"नेवाभिसज्जामि न चापि कुप्पे,
न चापि मे अप्पियमासि किञ्चि ।
अथोपि मे आसि मनोवितक्को,
एतादिसो नून कुलस्स धम्मो'ति ।।"

अर्थ—

"न आसक्त हुन्छु, न क्रोध गर्छु, न त मलाई कुनै अप्रिय नै लाग्छ । हो, मेरो मनमा यस्तो कल्पना उठेको थियो कि—निश्चय नै यिनीहरूको कुलधर्म नै यस्तै रहेछ ।"

यो सुनेर सेठले दुइवटा गाथा भन्यो—

१. "एसम्हाकं कुले धम्मो पितुपितामहो सदा ।
आसनं उदकं पज्जं सब्वेतं निपदामसे ।।

२. "एसम्हाकं कुले धम्मो पितुपितामहो सदा ।
सक्कच्चं उपतिट्ठाम उत्तमं विय ञातक'न्ति ।।"

अर्थ—

१–"आसन, पानी, पाउमा घस्ने तेल आदि सबै दिनु नै हाम्रो बाबुबाजेको पालादेखि चलेर आएको स्वभाव धर्म रहेको छ ।

२–"जसरी उत्तम नातेदारहरूलाई सेवा गरिन्छ त्यसरी नै आगन्तुकहरूलाई सत्कारपूर्वक सेवा गर्नु नै हाम्रो बाबुबाजेको पालादेखि चलेर आएको स्वभाव धर्म रहेको छ।"

अनि बोधिसत्वले बाराणशी सेठहरूलाई धर्मदेशना गर्दै केही दिन त्यहीं बसी फेरि हिमवन्तमा नै गई अभिज्ञा र समापत्तिहरू लाभ गरे।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्य कुराको अवशानमा सो भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखत बाराणशीको सेठ आनन्द थिए। तापस चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१८. गजकुम्भ जातक (३४५)

"वनं यदग्गि दहती'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक अल्छी भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीवासी एक कुलपुत्र हो । शासनमा मन दिई प्रव्रजित भएर पनि उ अल्छी थियो । बुद्ध-वचन पढ्नु, प्रश्नादि गर्नु, उचित रूपले मनन गर्नु तथा गर्नुपर्ने कर्तव्य गर्नबाट उ विमुख थियो । नीवरण (=चित्तमल) बाट अभिभूत भई बस्नु र उठ्नु आदि ईर्यापथको बारेमा पनि त्यस्तै थियो । उसको यो अल्छीपनको बारेमा धर्मसभामा कुरा चल्यो—" आवुसो ! फलाना भिक्षु यस्तो नैर्याणिक शासनमा प्रव्रजित भएर पनि अल्छी भई नीवरणद्वारा अभिभूत भई विचरण गर्छ ।"

---

१. जा. पा. I. पृ. १०७: गजकुम्भजातकं, नं. ३४५, अ. क. III. पृ. ९७.

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि यो अल्छी नै थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व उनको अमात्यरत्न भएका थिए । बाराणशी राजा चाँहि अल्छी स्वभावका थिए । राजालाई बोधगराउनेछु भनी एक उपाय विचार गरी बोधिसत्व विचरण गर्दै थिए । एकदिन राजा उद्यानमा गई अमात्यगणहरूसँग परिवृत्तभई त्यहाँ विचरण गरिरहेको बेलामा एक गजकुम्भ भन्ने अल्छी (जन्तु) लाई उनले देखे । उ दिनभरी हिडदा पनि एक दुइ अंगुल मात्र हिड्थ्यो । राजाले यसलाई देखी "यो के जन्तु हो ?" भनी बोधिसत्वसँग सोधे ।

बोधिसत्वले "महाराज ! यो गजकुम्भ भन्ने अल्छी जन्तु हो । यो दिनभरी हिड्दा पनि एक दुइ अंगुल मात्र हिड्छ" भनी भनेर उसँग कुरा गर्दै "हे गजकुम्भ ! तिमी अति बिस्तारै हिड्छौ । यो जंगलमा आगो लागेको खण्डमा तिमी के गर्छौ ?" भनी सोध्दै पहिलो गाथा भने—

"वनं यदग्गि दहति पावको कण्हवत्तनी ।
कथं करोसि पचलक एवं दन्धपरक्कमो'ति ।।"

अर्थ—

"हे पचलक ! यदि जंगलमा आगो लागेको खण्डमा यस्तो बिघ्न मन्दगतिले जाने तिमी के गर्नेछौ ?"

यो सुनेर गजकुम्भले दोश्रो गाथा भन्यो—

"वहूनि रुक्खछिद्दानि पठव्या विवरानि च ।
तानि चे नाभिसम्भोम होति नो कालपरियायो'ति ।।"

अर्थ—

"रुखमा धेरै प्वालहरू छन् र पृथ्वीमा पनि । यदि त्यहाँ पुग्न नसकेको खण्डमा हाम्रो मरण नै हुनेछ ।"

यो सुनेर बोधिसत्वले अर्को दुइ गाथा भने—

१. "यो दन्धकाले तरति तरणीये च दन्धति ।
सुक्खपण्णंव अक्कम्म अत्थं भञ्जति अत्तनो ।।

२. "यो दन्धकाले दन्धेति तरणीये च तारयि ।
ससीव रत्ति विभजं तस्सत्थो परिपूरती'ति ।।"

अर्थ—

१–"जसले ढीलो गर्नुपर्ने कामलाई छिटो र छिटो गर्नुपर्ने कामलाई ढीलो गर्छ—यस्ताले सुकेको पातलाई कुल्चेर विनाश पारे झैं आफ्नो अर्थ विनाश पार्छ ।

२–"जसले ढीलो गर्नुपर्ने कामलाई ढीलो र छिटो गर्नुपर्ने कामलाई छिटो गर्छ त्यस्ताले कृष्णपक्षको रातभन्दा फरक देखाउने शुक्लपक्षको रातले पूर्णता प्राप्त गरे झैं आफ्नो काममा पूर्णता प्राप्त गर्छ।"

बोधिसत्वको यो कुरा सुनी राजा त्यहाँदेखि निरालसी भए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत गजकुम्भ अल्छी भिक्षु थियो। पण्डित अमात्य चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१९. नेरु जातक (३७९)

"काकोला काकोसङ्घा चा'ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उ शास्तासँग कर्मस्थान (=ध्यान) लिई एक प्रत्यन्त गाउँमा गयो। उसको स्वभावदेखि प्रसन्न भएका मानिसहरूले भोजन गराई वचन लिई जंगलमा पर्णशाला बनाई उसलाई त्यहाँ बसाले। उसको खूब सत्कार गरे। अनि त्यहाँ शाश्वतवादीहरू आए। उनीहरूले तिनीहरूको कुरा सुनी स्थविरको वादलाई त्यागी शाश्वतवाद स्वीकारी तिनीहरूलाई नै सत्कार गरे। त्यसपछि उच्छेदवादीहरू आए। उनीहरूले शाश्वतवादलाई त्यागी उच्छेदवाद ग्रहण गरे। त्यसपछि नग्नतावादीहरू

1. जा. पा. I. पृ. १३०: नेरुजातकं, नं. ३७९, अ. क. III. पृ. १७२.

आए। उनीहरूले उच्छेदवावलाई त्यागी नग्नतावादलाई ग्रहण गरे। उ गुणागुण जान्न नसक्ने मानिसहरूकहाँ दुःखपूर्वक बस्यो। वर्षावास सिद्धिएपछि पवारणा[1] गरी शास्ताकहाँ गयो। शास्ताले कुशलवार्ता गर्नुहुँदै "कहाँ वर्षावास बस्यौ ?" भनी सोध्नुहुँदा "प्रत्यन्त गाउँमा" भनी भन्दा "सुखपूर्वक बस्यौ त ?" भनी सोध्नु भएपछि "भन्ते ! गुणागुण नजान्नेहरूकहाँ दुःखपूर्वक बसें" भनी भन्यो।

शास्ताले "भिक्षुहो ! पुराना पण्डितहरू तीर्यकयोनिमा जन्मिदा पनि गुणागुण नजान्नेसँग एकदिन पनि बसेका थिएनन्। तिमी चाहिं किन गुणागुण नजान्नेकहाँ बसेको त ?" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व हंसयोनिमा जन्मे। उनको कान्छो भाइ पनि थियो। उनीहरू चित्रकूट पर्वतमा बसी हिमाल प्रदेशमा स्वयंजात धान खान्थे। एकदिन उनीहरू त्यहाँ चरिसकेपछि चित्रकूटमा आइरहेको बेलामा बाटाको बीचमा 'नेरु' भन्ने एउटा काञ्चन पर्वत देखेर उसको चुचुरोमा बसे। त्यो पर्वतको आश्रय लिई बस्ने चराहरू, खरायोहरू, चौपायहरू

---

१. वर्षावास सिद्धिने उपोसथको दिनमा गरिने विनयकर्मलाई 'पवारणा' भन्दछन्।

चर्न जाँदाखेरि नानाबर्णी हुन्थे। तर पर्वतमा आउँदाखेरि उसको प्रकाशले गर्दा सुवर्णवर्णी हुन्थे। यो देखेर बोधिसत्वको कान्छो भाइले यसको कारण नबुझेकोले कारण सोध्दै दाइसँग कुरा गरी दुइओटा गाथा भन्यो—

१. "काकोला काकसङ्घा च मयञ्च पततं वरा।
सब्बेव सदिसा होम इमं आगम्म पब्बतं॥

२. "इध सीहा च व्यग्घा च सिगाला च मिगाधमा।
सब्बे सदिसा होन्ति अयं कोनाम पब्बतो'ति॥"

अर्थ—

१—"जंगली कौवाहरू, सामान्य कौवाहरू तथा पक्षीहरूमा श्रेष्ठ हामीहरू सबै यो पर्वतमा आउँदा एकैनास हुन्छौं।

२—"यहाँ सिंह, बाघ तथा पशुहरूमध्येमा हीन श्रृगाल आदि सबै एकैनासका हुन्छन्, यो पर्वतको नाम के हो?"

उसको वचन सुनेर बोधिसत्वले तेश्रो गाथा भने—

"इमं नेरुन्ति जानन्ति मनुस्सा पब्बतुत्तमं।
इध वण्णेन सम्पन्ना वसन्ति सब्बपाणिनो'ति॥"

अर्थ—

"मानिसहरू यस उत्तम पर्वतलाई 'नेरु' नामले चिन्दछन्। यहाँ बस्ने सबै प्राणीहरू वर्णसम्पन्न भई बस्छन्।"

यो सुनेर कान्छोले शेष गाथाहरू भन्यो—

१. "अमानना यत्थ सिया सन्तानंवा विमानना।
हीनसम्माननना वापि न तत्थ वसति वसे ।।

२. "यत्थालसो च दक्खो च सूरो भीरुव पूजिया।
न तत्थ सन्तो निवसन्ति अविसेसकरे नगे ।।

३. "नायं नेरु विभजति हीनमुक्कट्ठमज्झिमे।
अविसेसकरो नेरु हन्द नेरुं जहामसे'ति ।।"

अर्थ—

१–"जहाँ पण्डितहरूको मान हुँदैन र जहाँ पण्डितहरूको अवज्ञा हुन्छ तथा हीनपुरुषको सम्मान हुन्छ त्यस्तो ठाउँमा पण्डितहरू बस्नु जाति छैन।

२–"जहाँ कुनै विशेषता नछुट्याई अल्छी, दक्ष, शूर तथा कायर आदिको एकैनास सम्मान हुन्छ—त्यस्तो ठाउँमा पण्डितहरू बस्दैनन्।

३–"यो 'नेरु' पर्वतले यो हीन, मध्यम तथा उत्तम हो भनी विभाजन गर्दैन। यस्तो विशेषता नजान्ने अथवा विशेषता नगर्ने पर्वतलाई निश्चय नै परित्याग गर्नुपर्छ।"

यति भनी ती दुवै हंसहरू उडेर चित्रकूटमै गए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा त्यो भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखत कान्छो हंस आनन्द र जेठो हंस चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

२०. तुण्डिल जातक (३८८)

"नवछन्दके'ति...[१]" भन्ने यो गाथा जेतवनमा वसिरहनुभएका शास्ताले मृत्युसँग भयभीत हुने एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीवासी कुलपुत्र थियो । शासनमा प्रव्रजित भए पनि उ मृत्युदेखि भयभीत हुन्थ्यो । अलिकता मात्र शाखाहरू हल्लिदा सुकेका हाँगाविगा तथा चराचुरिगी चौपायहरूको आवाज जस्ता कुनै पनि आवाज सुन्दा मरणभयले तर्सिएर पेटमा बाँणलागेको खरायो जस्तै कम्पितभई हिड्दथ्यो । भिक्षुहरूले धर्मसभामा कुरा निकाले—"आवुसो ! फलानो भिक्षु मरणभीरुक छ र अलिकता आवाज सुन्दा पनि कम्पितभई भागेर जान्छ । यी सत्वहरूको मरण चाँहि ध्रुव छ र जीवन चाँहि अध्रुव छ । त्यसैले यसै कुराको ध्यान राख्नुपर्छ होइन ?"

---

१. जा. पा. I. पृ. १३८: तुण्डिलजातकं, नं. ३८८, अ. क. III. पृ. २०१.

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नु भएपछि "यो यो" भनी भनेपछि सो भिक्षुलाई बोलाउन पठाई "भिक्षु ! साँच्चैहो के तिमी मरणभीरुक छौ ?" भनी सोध्नुहुँदा "हो, भन्ते !" भनी उसले भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि यो मरणभीरुक थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको वेलामा बोधिसत्वले सुगुरनीको कोखमा प्रतिसन्धि ग्रहण गरे । परिपूर्ण गर्भ भएपछि सुगुरनीले दुइवटा बच्चा (पाठा) जन्माई । एकदिन उ उनीहरू-लाई लिएर एउटा खाल्टोमा सुती । अनि बाराणशीको द्वारगाउँवासी एक बुढी कपासको खेतबाट डालोभरी कपास लिई भुइमा लौरो टेकी आउँदै थिई । यो आवाज सुनी मरण भयले भयभीतभई सुगुरनीले आफ्ना पाठाहरूलाई छाडी भागी । बुढीले सुगुरका पाठाहरू देखेर पुत्रस्नेह उत्पन्न गरी डालोमा राखी घरमा लगी जेठोलाई महातुण्डिल्ल र कान्छोलाई चुल्लतुण्डिल्ल नाम राखी उनीहरूलाई पुत्र जस्तै गरी पाली ।

पछि उनीहरू बढ्दैगई मोटा भए । "यिनीहरूलाई मूल्य लिई वेच" भन्दा पनि बुढीले "यी मेरा छोरा बराबर हुन्" भनी कसैलाई

बेच्दिनथी । अनि एक उत्सबको दिनमा रक्सी पिई मासु सिद्धिएपछि "कहाँबाट मासु पाउन सकिएला ?" भनी धूर्तहरूले विचार गर्दा बुढीको घरमा सुगुरहरू भएको कुरा बुझी रक्सी लिई त्यहाँ गई "अम्मे ! मूल्यलिई एउटा सुगुर हामीलाई बेच" भनी भने ।

"तात ! भइहाल्यो, मासु खानको लागि किन्नेहरूलाई छोराहरू बेच्ने व्यक्ति पनि कोही हुन्छ र ?" भनी बुढीले प्रतिक्षेप गरी ।

"अम्मे ! मनुष्यहरूको सुगुर छोरा हुन्न" भनी धूर्तहरूले भने ।

"हामीलाई देऊ" भनी बारम्बार भन्दा पनि नपाएपछि बुढीलाई रक्सी पियाई । अनि रक्सी लागेपछि "अम्मे ! सुगुरहरूले के गर्लान् र ? मूल्य लिई खर्चबर्च गर" भनी उसको हातमा कार्षापण राखिदिए ।

कार्षापण लिएर उसले भनी "तात ! महातुण्डिललाई त दिन सक्दिन, चुल्लतुण्डिललाई लेऊ ।"

"उ कहाँ छ त ?"

"ऊ त्यहाँ झाङमा छ ।"

"आवाज देऊ त ।"

"खानेकुरा केही देखिदन ।"

मूल्य दिई भातको एक थाली धूर्तहरूले ल्याउन लगाए ।

त्यो लिएर दैलोमा राखेको सुगुरलाई खुवाउने द्रोणी भरी द्रोणी नजिकमा बुढी उभिइरही। तीसजना जति धूर्तहरू पनि हातमा पासो लिई उहीं उभिइरहे।

"तात! चुल्लतुण्डिल आइज" भनी बुढीले उसलाई आवाज दिई।

यो सुनेर महातुण्डिलले "अहिलेसम्म मेरी आमाले चुल्ल-तुण्डिललाई आवाज दिएकी थिइन, मलाई नै पहिले आवाज दिन्थी। अवश्य पनि आज हामीहरूकोनिमित्त भय उत्पन्न भयो होला" भन्ने जान्यो।

कान्छोलाई बोलाई उसले भन्यो—"तात! मेरी आमा तिमी-लाई बोलाउँदै छे। गएर पहिले बुझ।"

अनि उ झाडबाट निस्की भातको द्रोणी नजिक उनीहरू उभिइरहेका देखेर "आज मेरो मरण हुनेछ" भन्ने ठानी मरणभयले भयभीतभई फर्केर दाइकहाँ आई कामी अड्न नसकी ढुनमुनिन थाल्यो।

उसलाई देखेर "तात! आज तिमी थरथर काँप्दैछौ, ढुनमुनिन थाल्दैछौ, पस्नेठाउँ खोज्दैछौ, यो के गरिरहेको?" भनी महातुण्डिलले सोध्यो।

अनि आफूले देखेको कारण बताउँदै उसले पहिलो गाथा भन्यो—

"नवछन्दकेदानि दिप्पति,
पुण्णायं दोणि सुवामिनी ठिता ।
बहुके जने पासपाणिके,
नो च खो मे पटिभाति भुञ्जितु'न्ति ।।"

अर्थ—

"आज नयाँ प्रकारको खाना दिइँदैछ, यो द्रोणीभरी भात छ र आर्या पनि नजिकमै उभिइरहेकीछे । हातमा पासो लिई धेरै मानिसहरू पनि उभिएका छन्, त्यसैले उभिइरहेका यिनीहरू र यो भात पनि म मन्पराउँदिन ।"

यो सुनेर महासत्वले "तात चुल्लतुण्डिल ! यहाँ बसेर मेरी आमाले सुगुर पालिरहेकीछे । जुन कारणले पालेको हो सो उसको मतलब आज पुराहुँदै छ । तिमीले चिन्ता नगर" भनी बुद्धलीलाद्वारा मधुरस्वरले धर्मदेशना गर्दै दुइ गाथा भने—

१. "तससि भमसि लेणमिच्छसि,
अत्ताणोसि कुहिं गमिस्ससि ।
अप्पोस्सुक्को भुञ्ज तुण्डिल,
मंसत्थाय हि पोसियामसे ।।

२. "ओगह रहदं अकद्दमं,
सब्बं सेदमलं पवाहय ।
गण्हाहि नवं विलेपनं,
यस्स गन्धो न कदाचि छिज्जती'ति ।।"

अर्थ—

१–"डराउँदछौ, ढुन्मुनिदँछौ, शरण खोज्दँछौ तर त्राण छैन कहाँ जान्छौ ? तुण्डिल ! अल्पोत्सुकीभई खाऊ, मासुकोनिमित्त नै हामी पालिएका ह्वौं ।

२–"हिलो नभएको तलाउमा ओल्र्है र सबं फोहरहरू पखाली जसको गन्ध कहिल्यै हराउँदैन त्यस्तो नयाँ विलेपन लगाऊ ।"

दशपारमीलाई संस्मरण गरी, मैत्री पारमीलाई अगाडि राखी पहिलो वाक्य भन्ने बित्तिकै त्यो आवाज बाह्र योजन भएको समस्त बाराणशीमा फैलियो । सुन्नेबित्तिकै राजा, उपराजा आदि गरी बाराणशीबासीहरू आए । नआउनेहरूले पनि घरैमा बसी सुने । राजपुरुषहरूले झाडहरू सफागरी भूमि समतलपारी बालुवा छरे । धूर्तहरूलाई रक्सीले छाड्यो । पासो छाडेर धर्मका कुरा सुनी उभिइरहे । बुढीलाई पनि रक्सी लागेको छुट्यो । महासत्वले महाजनहरूको बीचमा चुल्लतुण्डिललाई धर्मदेशना गर्न थाले ।

यो सुनेर चुल्लतुण्डिलले "मेरो दाइले यसो भन्दछ । तर हाम्रो वंशमा पोखरीमा ओर्ल्हो नुहाएर पसिनाबाट उब्जेको मयल पखाल्ने, पुरानो विलेपनलाई धोई नयाँ विलेपन लगाउने कुरा कहिल्यै भएको छैन । के कारणले दाइले मलाई यसो भनेको होला ?" भन्ने कुरा सोध्दै चौथो गाथा भन्यो—

"कतमो रहदो अकद्दमो,
किंसु सेदमलन्ति वुच्चति ।
कतमञ्च नवं विलेपनं,
कस्स गन्धो न कदाचि छिज्जती'ति ॥"

अर्थ—

"कुनचाहिं तलाउमा हिलो छैन ? पसिनाको मयल केलाई भन्दछन् ? नयाँ लेपन भनेको क्याहो ? कस्तो गन्ध कहिल्यै हराउँदैन ?"

यो सुनेर "त्यसोभए कान थापेर सुन" भनी बुद्धलीलाले धर्म-देशना गर्दै महासत्वले यी गाथाहरू भने—

१. "धम्मो रहदो अकद्दमो,
पापं सेदमलन्ति वुच्चति ।
सीलञ्च नवं विलेपनं,
तस्स गन्धो न कदाचि छिज्जति ॥

२. "नन्दन्ति सरीरघातिनो,
न च नन्दन्ति सरीर धारिनो ।
पुण्णाय च पुण्णमासिया,
रममानाव जहन्ति जीवित'न्ति ॥"

अर्थ—

१–"धर्मरूपी तलाउमा हिलो छैन, पापलाई पसिनाको मयल भनिएको हो, शील नै नयाँ विलेपन हो, त्यसको गन्ध कहिल्यै पनि हराउँदैन ।

२–"प्राणी हत्या गर्ने मानिसहरू चाहिं आनन्द मान्छन् तर शरीरधारी चाहिं मरण देखेर प्रसन्न रहन सक्दैनन् । गुणले पूर्ण भएका प्राणीहरू पूर्ण चन्द्रमा जस्तै आनन्द मान्दै आफ्नो ज्यान पनि परित्याग गर्छन् ।"

यसरी बुद्धले जस्तै मधुरस्वरले महासत्वले धर्मदेशना गरे । लाखौं महाजनहरूले चुट्की बजाए । कपडाहरू पनि आकाशमा फ्याकिएका थिए । साधुकार शब्दले आकाश गुञ्जायमान भयो ।

बाराणशी राजाले बोधिसत्वलाई राज्यद्वारा पूजा गरे । बुढोलाई यश प्रदान गरे । ती दुवैलाई सुगन्धित पानीले नुहाई वस्त्र पहिराई गलामा मणिरत्नादिहरूले अलंकृत पारी नगरमा लगी पुत्र-स्थानमा राखी महान परिवारका साथ पालन गरे ।

बोधिसत्वले राजालाई पञ्चशील दिए । सबै बाराणशी-बासीहरूले र काशी राष्ट्रवासीहरूले शीलहरू पालन गरे । महासत्वले पक्षका दिनहरूमा धर्मदेशना गर्नथाले । न्यायाधीशभई झगडा छिन्थे । उनी छँदासम्म झूठो झगडा भनेको भएन ।

पछि राजा परलोक भए । उनको शरीरकृत्य गराई न्यायालयमा पुस्तक लेखाई महासत्वले "यो पुस्तक हेरेर मुद्दा छिन" भनी अववाद

गरी सबैलाई रुवाउँदै विलाप गराउँदै चुल्लतुण्डिललाई लिएर जंगलमा गए। बोधिसत्वको यो उपदेश साठी हजार वर्षसम्म रह्यो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। त्यो मरणभीरुक भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखत राजा आनन्द थिए। चुल्लतुण्डिल मरणभीरुक भिक्षु थियो। परिषद् बुद्धपरिषद् थियो महातुण्डिल चाहिं म नै थिएँ" भनी भन्नुभयो।

२१. भिसपुप्फ जातक (३९२)

"यमेतं'न्ति...१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

जेतवनबाट निस्केर कोशल राज्यको कुनै एक जंगलको आश्रय लिई उ बसिरहेको थियो । एकदिन पद्मसरोबरमा पुष्पित पद्म देखेर त्यहाँ ओर्ल्हीं हावा आउनेतिर बसी उसले बासना सुँघ्यो । अनि त्यस वनमा बस्ने देवताले "मारिष ! तिमी गन्ध-चोर हौ" भनी उसलाई भन्यो । यो पनि चोरीको एक अङ्ग हो भनी उसलाई विरक्त गरायो । उसले विरक्त गराएपछि फेरि उ जेतवनमा आई शास्तालाई वन्दना गरी बसेपछि वहाँले "भिक्षु ! कहाँ बसेका थियौ ?" भनी सोध्नुभयो ।

उसले "फलानो वनखण्डमा । त्यहाँ मलाई एक देवताले यसरी विरक्त गरायो" भनी भन्यो ।

---

१. जा. पा. I. पृ. १४३: सिङ्घपुप्फजातकं, नं. ३९२, अ. क. III. पृ. २१६.

अनि शास्ताले "भिक्षु ! तिमीलाई मात्र फूल सुँघदा देवताले विरक्त गराएको होइन पुराना पण्डितहरूलाई पनि अघि विरक्त गराएको थियो" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा वाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक निगमको एक ब्राह्मण कुलमा जन्मे । बँश पुगेपछि तक्षशिलामा शिल्प अध्ययन पूरा गरी ऋषिभेष अनुसार प्रव्रजित भई पद्म सरोबरको आश्रय लिई बसे । अनि एकदिन पद्म सरोबरमा ओर्लही सुपुष्पित पद्म सुँघी उभिइरहे । अनि एक देवकन्याले रुखको शाखाको काप्मा उभिई उनलाई विरक्त पार्दै पहिलो गाथा भनी—

"यमेतं वारिजं पुप्फं अदिन्नं उपसिङ्घसि ।
एकङ्गमेतं थेय्यानं गन्धत्थेनोसि मारिस ।।"

अर्थ—

"उसले नदिइकनै पानीबाट उम्रेको फूलको जुन वासना तिमी सुँघ्दछौ—यो चोरीको एक अङ्ग हो । हे मारिष ! अतः तिमी गन्ध-चोर हौ ।"

त्यसपछि बोधिसत्वले दोश्रो गाथा भने—

"नहरामि न भञ्जामि आरा सिङ्घामि वारिजं ।
अथ केन नु वण्णेन गन्धत्थेनोति वुच्चती'ति ।।"

अर्थ—

"न टिप्छु, न भाँच्छु; टाढैबाटै फूलको वासना सुँघिरहेकोछु भने कसरी म गन्ध-चोर हुन्छु ?"

त्यसै बखत एक पुरुषले त्यो सरोवरमा जराहरू उखेल्दै थियो र पद्मपुष्प पनि भाँच्दै थियो । यो देखेर बोधिसत्वले "टाढा बसेर गन्ध सुँघ्नेलाई चोर भन्छचौ भने यो पुरुषलाई किन चोर नभनेको त ?" भनी भन्दै उसँग कुरा गर्दै तेश्रो गाथा भने—

"यो यं भिसानि खणति पुण्डरीकानि भञ्जति ।
एवं आकिण्णकम्मन्तो कस्मा एसो न वुच्चती'ति ।।"

अर्थ—

"जो यो पुरुषले जराहरू उखेली पद्म-फूलहरू टिप्दैछ—त्यो त्यस्तो दरुणकर्म गर्नेलाई किन केही नभनेको त ?"

अनि उसलाई केही नभनेको कारण बताउँदै देवकन्याले चौथो र पाँचौ गाथा भनी—

१. "अकिण्णलुद्दो पुरिसो धातिचेलंव मक्खितो ।
तस्मि मे वचनं नत्थि तञ्च अरहामि वत्तवे ।।

२. "अनङ्गणस्स पोसस्स निच्चं सुचिगवेसिनो ।
वालग्गमत्तं पापस्स अब्भामत्तंव खायती'ति ।।"

अर्थ—

१–"लोभमा डुबेको जुन मानिस हो, जसले धाइले जस्तै मलीन वस्त्र लगाएको छ—त्यस्तालाई भन्ने वचन मसँग केही छैन । तर तिमीलाई चाहि भन्न योग्य छ ।

२–"सँधै शुद्धि-खोजिगर्ने तिमी जस्ता निर्दोषीलाई रौंको टुप्पोमा लागेको जत्रै पाप पनि महामेघ जस्तै लाग्नेछ ।"

उसले विरक्त गराएका बोधिसत्वले विरक्तभई छैटौं गाथा भने—

"अद्धा मं यक्ख जानासि अथो मं अनुकम्पसि ।
पुनपि यक्ख वज्जासि यदा पस्ससि एदिस'न्ति ।।"

अर्थ—

"हे देवते ! अवश्य पनि तिमीले मलाई चिन्दछौ र मनाथि अनुकम्पा राखदछौ; फेरि पनि मलाई यस्तो कुरा भन जब तिमीले यस्तो कुरा देख्नेछौ ।"

अनि देवकन्याले सातौं गाथा भनी—

"नेव तं उपजीवाम नपिते भतकम्हसे ।
त्वमेव भिक्खु जानेय्य येन गच्छेय्य सुगति'न्ति ।।"

अर्थ—

"न म तिम्रो कारणले जीविका गर्छु, न त म तिम्रो नोकर हुं; भिक्षु ! जे गर्दा सुगतिमा पुगिन्छ त्यो कुरा तिमी नै जान ।"

यसरी उसलाई अववाद दिई उ आफ्नो विमानभित्र पसी । बोधिसत्व पनि ध्यान लाभ गरी ब्रह्मलोक गामी भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्य कुराको अवशानमा सो भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत देवकन्या उत्पलवर्णा थिइन् । तपस्वी चाहिं म नै थिएं" भनी भन्नुभयो ।

२२. महासुक जातक (४२९)

"दुमो यदा होती'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ शास्ताकहाँ कर्मस्थान (=ध्यान) ग्रहण गरी कोशल जनपद्को एक प्रत्यन्त गाउँको उपनिश्रय लिई एक जंगलमा बस्यो । मानिसहरूले उसकोनिमित्त रात्री-स्थान र दिवा-स्थान तयारपारी आउने जाने सुविधा भएको ठाउँमा बस्ने ठाउँ बनाई सत्कारपूर्वक उपस्थान गरे । उ वर्षावास बसेको पहिलो महीनामै गाउँमा आगो लाग्यो । मानिसहरूको बिउ मात्र पनि बचेन । उनीहरूले उसलाई राम्रो भोजन दिन सकेनन् । अनुकूल परेको ठाउँमा बस्दा पनि भिक्षा-भोजनद्वारा कष्ट पाई उसले मार्ग वा फल लाभ गर्न सकेन । अनि तीनमहीना बितेपछि शास्तालाई वन्दना गर्नकोनिमित्त गयो । आएको उसँग कुशलवार्ता गर्दै शास्ताले

१. जा. पा. I. पृ. १८१ः महासुवजातकं, नं. ४२९, अ. क. IV. पृ. ७.

"भिक्षा-भोजनबाट कष्ट त पाएनौ ? बस्ने ठाउँ अनुकूल त थियो ?" भनी सोध्नुभएपछि उसले उक्त कुरा बतायो । उसको बस्ने ठाउँ अनुकूल छ भन्ने कुरा बुझ्नुभई शास्ताले "भिक्षु ! बस्ने ठाउँ अनुकूल भएमा श्रमण हुनेले चाहिं भिक्षा-भोजनमा लोलुपता गर्नुहुन्न । यथालाभ भोजन गरी सन्तुष्टपूर्वक श्रमण-धर्म पालन गर्नुपर्छ । पुराना पण्डितहरूले तिर्यकयोनिमा जन्मिदा आफू बस्ने ठाउँको रुख सुकेर जाँदा चूर्ण खाएर भए पनि लोलुपतालाई त्यागी सन्तुष्टभई मित्रधर्म छोडी अर्को ठाउँमा गएनन् । तिमीले चाहिं किन भिक्षा-भोजन थोरै र रुक्ष छ भनी अनुकूल ठाउँ छाडेको ?" भनी भन्दा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा हिमवन्तमा गङ्गाको तीरको डुम्रीको एक बनमा अनेक हजार सुगाहरू बसेका थिए । त्यहाँ एक सुगाको राजा थियो । अनि सो सुगा आफू बस्ने रुखका फलहरू सिद्धिएपछि जे बाँकी बचेका —अंकुर, पात, बोक्रा अथवा छाला खाएर गङ्गाको पानी पिई परम अल्पेच्छता र सन्तुष्टता लिई अरू ठाउँमा गएन । उसको अल्पेच्छता र सन्तुष्टिभावगुणको कारणले शक्रको भवन कम्पित भयो । शक्रले आवर्जन गरी हेर्दा यो देखेर उसको परीक्षा गर्नकोनिमित्त आफ्नो प्रभावद्वारा त्यो रुख सुकाइदिए । रुखको ठूटो मात्र बाँकी रह्यो । हावा आई प्वाल प्वालबाट हावा पस्दा ढल्ला जस्तो हुन्थ्यो ।

त्यसको प्वालबाट धूलो निस्किनथाल्यो। सुगाको राजा धूलो खाई गङ्गाको पानी पिई अरू ठाउँमा नगई हावा र घामको वास्ता नगरी डुम्रीको ठूटोको टुप्पोमा नै बसिरह्यो। "उसको परम अल्पेच्छभाव जानी मित्रधर्मको गुण बताउन लगाई उसलाई बर दिई डुम्रीको रुख अमृतफल गराई आउनेछु" भनी शक्र एक हंसराजा भई असुरकन्या सुजालाई अगाडि राखी सो डुम्रीको वनमा गए। त्यहाँ एक रुखको शाखामा बसी उनीसंग कुरागर्दै पहिलो गाथा भने—

"दुमो यदा होति फलुपपन्नो,
भुञ्जन्ति नं विहगा सम्पतन्ता।
खीणन्ति ञत्वान दुमं फलच्चये,
दिसोदिसं यन्ति ततो विहङ्गमा'ति॥"

अर्थ—

"हे सुगाका राजा! जब वृक्षमा सुसम्पन्न फलहरू हुन्छन् तब चराहरू उफ्रिदै फलहरू खान्छन्। फलहरू क्षीण भएपछि चराहरू त्यस रुखबाट यताउती लाग्छन्।"

यति भनी उसलाई त्यहाँबाट अन्यत्र पठाउने विचारले दोश्रो गाथा भने—

"चर चारिकं लोहिततुण्ड माचरि,
किं त्वं सुव सुक्खदुमम्हि झायसि।
तदिङ्घ मं ब्रूहि वसन्तसन्निभ,
कस्मा सुव सुक्खदुमं न रिञ्चसी'ति॥"

अथ—

"हे रातो चुच्चो भएको सुगा ! यताउती नगई किन तिमी सुकेको रुखमा झोक्रिएर बसिरहेको ? हे सुगा ! वसन्तकालमा बस्ने जस्तै यहाँबाट अन्त नगई किन तिमी यहाँ बसिरहेकाह्वौ ?"

अनि उनलाई सुगाको राजाले "हंस ! मैले आफ्नो कृतज्ञता र कृतवेदिताको कारणले यो रुखलाई न छाडेको हुं" भन्दै दुइवटा गाथा भन्यो—

१. "ये वे सखीनं सखारो भवन्ति,
पाणच्चये सुखदुक्खेसु हंस ।
खीणं अखीणन्ति न तं जहन्ति,
सन्तो सतं धम्ममनुस्सरन्ता ।।

२. "सोहं सतं अञ्ञतरोस्मि हंस,
ञाती च मे होति सखा च रुक्खो ।
तं नुस्सहे जीविकत्थो पहातुं,
खीणन्ति ञत्वान नहेसधम्मो'ति ।।"

अर्थ—

१–"हे हंस ! जो सहायकको सहायक बन्छ—उसले सुखदुःखमा

प्राण पनि त्याग्नुपर्छ, क्षीण भयो वा क्षीण भएन भनी त्यसलाई छाड्दैन । सत्यधर्म पालन गर्ने सत्पुरुषले यस्तै गर्छ ।

२–"हे हंस ! म ती सत्पुरुषहरूमध्येको एक हुँ, यो रुख मेरो ज्ञाति र साथी हो, फलहरू क्षीण भए भनेर जीविकाको कारणमा यसलाई छाड्न सक्दिन ।"

उसको कुरा सुनी प्रसन्नभई प्रशंसागर्दै बर दिने इच्छा गर्दै शक्रले दुइवटा गाथा भने—

१. 'साधु सक्खिकतं होति मेत्ति संसति सन्थवो ।
सचे तं धम्मं रोचेसि पासंसोसि विजानतं ।।

२. "सो ते सुव वरं दम्मि पत्तयान विहङ्गम ।
वरं वरस्सु वक्कङ्ग यं किञ्चि मनसिच्छसि ।।"

अर्थ—

१–"परिषद्को बीचमा बसी सखीभाव र मैत्रीभाव राख्नु राम्रो हो । यदि तिमी यस्तो धर्मलाई रुचाउँछौ भने ज्ञानीहरूद्वारा तिमी प्रशंसित छौ ।

२–"हे सुगा ! हे आकाशचर चरा ! हे वक्राङ्ग ! तिमीलाई बर दिनेछु, जे चाहन्छौ माग ।"

यो सुनेर सुगाको राजाले बर माग्दै सातौं गाथा भन्यो—

"वरञ्च मे हंस भवं ददेय्य,
अयं हि रुक्खो पुनरायुं लभेथ।
सो साख व फलिमा संविरुल्हो,
मधुत्थिको तिट्ठतु सोभमानो'ति।।"

अर्थ—

"हे हंस ! यदि तिमीले बर दिन्छौ भने—यो रुखले फेरि आयु पाओस् र शाखाहरू फलफूलहरूले भरिपूर्ण हुउन् तथा शोभायमानपारी मधुर फलहरू फलाइदेऊ।"

अनि उसलाई बर दिदै शक्रले आठौं गाथा भने—

"तं पस्स सम्म फलिमं उलारं,
सहावते होतु उदुम्बरेन।
सो साखवा फलिमं संविरुल्हो,
मधुत्थिको तिट्ठतु सोभमानो'ति।।"

अर्थ—

"हे सौम्य ! अब धेरै फलहरू हेर, डुम्रीको रुख पनि स्वभावत् नै होस्, शाखाहरू पनि फलले परिपूर्ण होउन् र मधुर फलहरूले शोभायमान होस्।"

यति भनी शक्रले आफ्नो आत्मभाव देखाई आफ्नो र सुजाको प्रभाव देखाउँदै गंगाघाट हातले पानी लिई डुम्रीको रुखमा छम्किदिए। त्यतिखेरै हाँगाविना शाखा सम्पन्न भई मधुर फलफूलहरू सहित रुख झ्याम्मिएर आयो। मुण्डमणि पर्वत जस्तै देखियो। यो देखेर सुगाको राजाले शक्रको स्तुति गर्दै नवौं गाथा भन्यो—

"एवं सक्क सुखी होहि सह सब्बेहि ञातिभि।
यथाहमज्ज सुखितो दिस्वान फलितं दुम'न्ति॥"

अर्थ—

"हे शक्र! जस्तै आज म यो फलको रुख देखेर सुखीछु त्यस्तै तिमी पनि ज्ञातिहरू सहित सुखी होऊ।"

उसलाई वर दिई डुम्रीको रुखका फलहरूलाई अमृतमय बनाई सुजासँगै शक्र आफ्नै ठाउँमा गए। यो अर्थ प्रकाशपार्दै अभिसम्बुद्ध भइसक्नु भएपछि यो गाथा बताउनु भएको हो—

"सुवस्स च वरं दत्वा कत्वान सफलं दुमं।
पक्कामि सहभरियाय देवानं नन्दनं वन'न्ति॥"

अर्थ—

"सुगालाई वर दिई फलसम्पन्न रुखबनाई भार्या सहित शक्र नन्दन वनमा गए।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई "भिक्षु ! यसरी पुराना पण्डितहरू तिर्यकयोनिमा जन्मिदा पनि निर्लोभी स्वभावका भएका थिएं । तिमी चाहिं यस्तो शासनमा प्रव्रजित भई किन लोभी स्वभावको भई विचरणगर्छौ ? जाऊ, त्यहीं बस" भनी कर्मस्थान बताई जातक-समाधान गर्नुभयो ।

सो भिक्षु त्यहाँ गई विपश्यना गर्दा गर्दै अरहत् भयो ।

"त्यसबखत शक्र अनुरुद्ध थिए । सुगाको राजा चाहिं म नै थिएं" भनी भन्नुभयो ।

---

२३. चुल्लबोधि जातक(४४३)

"यो ते इमं विसालक्खि'न्ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक क्रोधी भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

नैर्याणिक शासनमा प्रव्रजित हुँदा पनि सो भिक्षुले क्रोधलाई जित्न सकेन। उ क्रोधी थियो। रिसलाई मनमा राखिछाड्थ्यो। थोरै कुरामा पनि रिसाउँथ्यो, कोप प्रकट गर्थ्यो र ठुस्स पर्थ्यो। उसको क्रोधको स्वभावको कुरा सुनेर शास्ताले उसलाई बोलाउनपठाई "साँच्चैहो के तिमी क्रोधीछौ?" भनी सोध्नुहुँदा "भन्ते! साँच्चैहो" भनी भनेपछि "भिक्षु! क्रोधलाई रोक्नुपर्छ। यस्ताले इहलोक र परलोकलाई अनर्थ गर्न नसक्ने छैन। तिमी क्रोध रहित सम्बुद्धको शासनमा प्रव्रजित भई

१. जा. पा. I. पृ. १९९: चुल्लबोधिजातकं, नं. ४४३, अ. क. IV. पृ. ६०.

किन क्रोधी हुन्छौ ? बुद्धशासन बाहिर प्रव्रजित भएर पनि पुराना पण्डितहरूले क्रोध गरेनन्" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा काशीगाउँको एक ठाउँमा आढ्य, महाधनी र महाभोगी एक अपूतो ब्राह्मण थियो । उसकी ब्राह्मणीले पुत्र-प्रार्थना गरी । त्यसवखत बोधिसत्व ब्रह्मलोकबाट च्युतभई त्यो ब्राह्मणीको कोखमा जन्मे । नाम राख्ने दिनमा उनलाई बोधिकुमार भन्ने नाम राखे । वँश पुगेपछि तक्षशिलामा गई सबै शिलपहरू अध्ययन गरी उनी फर्केर आए । अनि उनको इच्छा नहुँदा नहुँदै आमाबाबुहरूले समान जाति र कुलकी एक कुमारी ल्याइदिए । उ पनि ब्रह्मलोकबाट च्युतभई आएकी थिई । उ उत्तम रूपसम्पन्ना र देव अप्सरा समान थिई । उनीहरूको इच्छा बिना नै परस्पर आवाहविवाह गरिदिए । ती दुवै जनामा कहिल्यै पनि क्लेशयुक्त व्यवहार भएको थिएन । राग सहित चित्तले कहिल्यै पनि परस्पर हेरेका थिएनन् । उनीहरूले कुनै स्वप्नमा पनि मैथुनधर्मलाई देखेका थिएनन् । यसरी उनीहरू परिशुद्ध शीलवान् भएका थिए ।

अनि पछि आमाबाबुहरू खसेपछि उनीहरूको शरीरकृत्य गरी उसलाई बोलाउन पठाई बोधिसत्वले "भद्रे ! यो असीकोटी धन लिएर तिमीले सुखपूर्वक जीवन बिताऊ" भनी भने ।

"आर्यपुत्र ! तपाइ नि ?"

"मलाई धनको आवश्यकता छैन। हिमवत् प्रदेशमा गई प्रव्रजित भई आफ्नो प्रतिष्ठा बनाउने छु।"

"आर्यपुत्र ! के त प्रव्रज्या भनेको पुरुषहरूलाई मात्र योग्यछ कि स्त्रीहरूलाई पनि ?"

"भद्रे ! स्त्रीहरूलाई पनि योग्य छ।"

"त्यसोभए तपाइले छाडेको खकार म लिने छैन। मलाई पनि धनको आवश्यकता छैन। म पनि प्रव्रजित हुनेछु।"

"भद्रे ! हुन्छ।"

अनि महादानदिई तो दुवैजना घरवाट निस्की रमणीय भूमिमा आश्रम बनाई प्रव्रजित भई हातमा भिक्षापात्र लिई फलफूलद्वारा जीविका गरी दश वर्षसम्म त्यहाँ बसे। त्यसबेलासम्म उनीहरूलाई ध्यानादि भने केही लाभ भएको थिएन। प्रव्रज्यासुख अनुभव गरी त्यहाँ दश वर्षसम्म बसी पछि नून र अमिलो सेवन गर्नकोनिमित्त जनपद चारिका गर्दै क्रमशः बाराणशीमा पुगी राजोदयानमा बसे।

एकदिन उदयानपाल पाहुर लिई आइरहेको देखेर राजाले "उदयानक्रीडा गर्नेछु, उदयान सफा गर" भनी भने। उसले सफा नरिसकेपछि महान परिवारका साथ उदयानमा गए। त्यसबखत तो दुवैजना उदयानको एक छेउमा प्रव्रज्यासुखले बसिरहेका थिए।

अनि उद्यानमा घुम्दा घुम्दै बसिरहेका ती दुवैजनालाई देखेर परमसुन्दरी तथा उत्तम रूपधरा परिव्राजिकालाई देख्दा राजा उसमाथि आसक्त भए। क्लेशको कारणले कम्पित भएका राजाले "पहिले यो परिव्राजिका यसको को पर्दो रहिछे भन्ने कुरा सोध्नुपर्‍यो" भनी बोधिसत्व भएको ठाउँमा गई "प्रव्रजित! यो परिव्राजिका तिम्रो को पर्छिन्?" भनी सोधे।

"महाराज! केही पर्दिनन्। केवल एक साथ प्रव्रजित भएकाह्रौं। हो, गृहस्थीमा छँदा चाहिं पादपरिचारिका थिईं।"

यो सुनेर राजाले "यो यसको केही पर्दो रहिनछे। केवल गृहस्थीमा छँदा पादपरिचारिका भएकी रहीछे। मैले आफ्नो ऐश्वर्य बलद्वारा यसलाई लगेमा यसले मलाई के गर्न सक्ला र? यसलाई लैजानेछु" भनी सोचेर बोधिसत्वकहाँ गई पहिलो गाथा भने—

"यो ते इमं विसालक्खि पियं सम्मिलभासिनिं।
आदाय बलं गच्छेय्य किन्नु कयिरासि ब्राह्मणा'ति॥"

अर्थ—

"जो यो विशाल आँखा भएकी मुसुक्क हाँस्ने तिम्रो प्रिया हो यदि त्यसलाई बलात्कारले लगेको खण्डमा तिमी के गर्दछौ?"

उनको कुरा सुनी महासत्वले दोश्रो गाथा भने—

"उप्पज्ज मे न मुच्चेय्य न मे मुच्चेय्य जीवतो।
रजंव विपुला वुट्ठि खिप्पमेव निवारये'ति॥"

अर्थ—

"यदि मेरोमनमा क्रोध उत्पन्न भयो भने यसले छाड्ने छैन, मनमा उठेको क्रोधले यो जीवनलाई छाड्ने छैन। यसैले ठूलो ठूलो फोका भएको पानीले धुलोलाई तुरुन्तै शान्तपारे जस्तै मैत्रीद्वारा मैले क्रोधलाई तुरुन्तै शान्त पार्नेछु।"

यसरी बोधिसत्वले सिंहनाद गरे। राजा चाहिं उनको कुरा सुनेर पनि अन्धबालताले गर्दा प्रतिबद्ध चित्तभई चित्तलाई छेक्न नसकी एक अमात्यलाई "यो परिव्राजिकालाई राजदरबारमा लैजा" भनी आज्ञादिए। "हुन्छ" भनी प्रत्युत्तर दिई "यो अयुक्त हो लोकमा अधर्म हुँदैछ" आदि भन्दै रोइरहेकी परिव्राजिकालाई लिएर गयो। उसको रुदन शब्द सुनी बोधिसत्वले एक पल्ट हेरेपछि फेरि हेरेनन्। रोइकराइरहेकी उसलाई राजदरबारमै लगे।

ती बाराणशी राजा पनि उद्यानमा अरू बिलम्ब नगरी चाँडै चाँडै घरमा गई ती परिव्राजिकालाई बोलाउन लगाई महानयशद्वारा निम्तो गरे। उसले यशको अवगुणहरू र प्रव्रज्याको गुणकथा सुनाई। कुनै प्रकारले पनि राजाले उसको मन पाउन नसकेपछि उसलाई एक कोठामा राखी सोच्नथाले—"यो परिव्राजिका यस्तो यश चाहन्न। यस्ती आइमाईलाई लिएर गएता पनि त्यो तपस्वीले क्रोध मात्रले पनि हेरेन। प्रव्रजितहरू अनेक माया जान्ने हुन्छन्। केही प्रयोग गरी मेरो अनर्थ पनि गर्न सक्छन्। अतः तापस के गरी बसेको रहेछ भन्ने कुरा पहिले बुझ्नेछु" भन्दै बस्न नसकी उद्यानमा गए।

उता बोधिसत्व चीवर सिएर बसिरहेका थिए। हिडेको आवाज नसुन्ने गरी थोरै परिवारका साथ सुस्तरी राजा त्यहाँ पुगे। राजालाई नहेरिकनै बोधिसत्वले चीवर नै सिइरहे। राजाले "यो तापस क्रोधितभई मसँग बोल्दैन" भन्ने ठानी "दुष्ट तापस अघि चाहिं क्रोध आउनदिने छैन, आए पनि चाँडै नै दमन गर्नेछु भनी गर्ज्यो। अहिले चाहिं क्रोधले मत्तभई मसँग कुरा पनि गर्दैन" भन्ने ठानी तेश्रो गाथा भने—

"यन्नु पुब्बे विकत्थित्थो बलम्हीव अपस्सितो।
स्वाज्ज तुण्हीककोदानि संघाटिं सिब्बमच्छसी'ति॥"

अर्थ—

"अघि आत्मवर्णन गरी जुन तिमीले बल देखाएका थियौ तर अहिले चाहिं क्रोधले चुपचाप भई संघाटी सिएर बसिरहेछौ।"

यो सुनेर "क्रोधको कारणले गर्दा मैले यो राजासँग कुरा गरेन भन्ने ठान्दछन्। अब उनलाई बताउनेछु कि उत्पन्न भएको क्रोधलाई दमन गरेको कुरा" भन्ने सोची महासत्वले चौथो गाथा भने—

"उप्पज्जि मे नमुच्चित्थ नमे मुच्चीत्थ जीवतो।
रजंव विपुला वुट्ठि खिप्पमेव निवारयिं'न्ति॥"

अर्थ—

"मनमा क्रोध उत्पन्न भएको थियो नभएको होइन। बाचुञ्जेल त्यसले छाड्ने पनि छैन होला। तर मैले ठूला ठूला फोका भएको पानीले धुलोलाई शान्त पार्ने जस्तै तुरन्तै शान्त पारिसकेको छु।"

यो सुनेर "यसले क्रोधलाई मात्र लिएर यसो भनेको हो कि अथवा अरू कुनै कारणलाई लिएर यसो भनेको हो? यो कुरा सोध्नेछु" भन्ने सोचेर राजाले पाँचौं गाथा भने—

"किं ते उप्पज्जि नो मुच्चि किं ते नो मुच्चि जीवतो।
रजंव विपुला वुट्ठि कतमं त्वं निवारयी'ति॥"

अर्थ—

"तिम्रो मनमा के उत्पन्न भयो र केले छाडेन? अनि केले ज्यान भएसम्म छाडेन? केलाई तिमीले ठूला ठूला फोका भएको पानीले झैं शान्त पाऱ्यौ?"

यो सुनेर "महाराज! यो क्रोधमा अनेक प्रकारका दोषहरू छन्। यसले महाविनाश पनि पार्छ। मेरो मनमा यो उत्पन्न भएको थियो तर उत्पन्न भएको त्यसलाई मैले मैत्रीभावनाद्वारा रोकें" भनी क्रोधको दोष देखाउँदै बोधिसत्वले यस्तो भने —

१. "यम्हि जाते न पस्सति अजाते साधु पस्सति।
सो मे उप्पज्जि नो मुच्चि कोधो दुम्मेधगोचरो॥

२. "येन जातेन नन्दन्ति अमित्ता दुक्खमेसिनो ।
सो मे उप्पज्जि नो मुच्चि कोधो दुम्मेधगोचरो ।।

३. "यस्मिञ्च जायमानस्मि सदत्थं नावबुज्झति ।
सो मे उप्पज्जि नो मुच्चि कोधो दुम्मेधगोचरो ।।

४. "येनाभिभूतो कुसलं जहाति,
परक्करे विपुलञ्चापि अत्थं ।
स भीमसेनो बलवा पमद्दी,
कोधो महाराज न मे अमुच्चथ ।।

५. "कट्ठस्मि मत्थमानस्मि पावको नाम जायति ।
तमेव कट्ठं डहति यस्मा सो जायते गिनि ।।

६. "एवं मन्दस्स पोसस्स बालस्स अविजानतो ।
सारम्भा जायते कोधो सोपि तेनेव डय्हति ।।

७. "अग्गीव तिणकट्ठस्मि कोधो यस्स पवड्ढति ।
निहीयति तस्स यसो कालपक्खेव चन्दिमा ।।

८. "अनिन्धो धूमकेतूव कोधो यस्सूपसम्मति ।
आपुरती तस्स यसो सुक्कपक्खेव चन्दिमा'ति ।।"

अर्थ —

१–" जुन क्रोध उत्पन्नहुँदा आत्मार्थ र परार्थ दुवै देखन सकिंदैन त्यो उत्पन्न नहुँदा उभयार्थ देखन सकिन्छ । त्यो ममा उत्पन्न भएको थियो तर मैले त्यसलाई तुरन्तै हटाएँ । मूर्खहरू नै क्रोधको वशीभूत हुन्छन् ।

२–" जुन उत्पन्नहुँदा अमित्र तथा अहितकामीहरू हर्षित हुन्छन् त्यो ममा उत्पन्न भएको थियो तर मैले त्यसलाई तुरन्तै हटाएँ । मूर्खहरू नै क्रोधको वशीभूत हुन्छन् ।

३–" जुन उत्पन्नहुँदा आत्महितको कुरा बुझिंदैन त्यो ममा उत्पन्न भएको थियो तर त्यसलाई मैले तुरन्तै हटाएँ । मूर्खहरू नै क्रोधको वशीभूत हुन्छन् ।

४–" जसको वशीभूत हुँदा मानिसले असल कुरा छाड्छ अनि आफ्नो विपुल अर्थलाई पनि त्यागिदिन्छ । त्यसले जस्तै बलवान्लाई पनि मर्दन गर्छ । तर महाराज ! यस्तो क्रोधलाई मैले स्थान दिइन ।

५–" काठ रगड्नाले आगो निस्किन्छ र सोही काठलाई नै जलाउँछ जसबाट सो आगो निस्केको हो ।

६–" यसरी नै मन्दबुद्धि हुने, मूर्ख हुने र निर्बुद्धि हुने पुरुषमा 'तँ र म' भन्ने भावनाले गर्दा क्रोध उत्पन्न हुन्छ । अनि सोही क्रोधले उसलाई जलाउँछ ।

७–" जसको क्रोध तृण र दाउराहरूमा परेको आगो झैं बढ्छ त्यस्ताको यश कृष्णपक्षको चन्द्रमा जस्तै हराएर जान्छ ।

८–"जसको क्रोध दाउरा नभएको आगो जस्तै निभेर जान्छ त्यस्ताको यश शुक्लपक्षको चन्द्रमा जस्तै बढेर जान्छ ।"

महासत्वको धर्मकुरा सुनी राजा सन्तुष्टभई एक अमात्यलाई आज्ञा दिई परिव्राजिकालाई ल्याउन लगाई "भन्ते क्रोधरहित तपस्वी ! तपाइहरू दुवैजना सुखपूर्वक प्रव्रज्या-सुख बिताउँदै यसै उदचानमा बस्नुहोस् । मैले धर्मतापूर्वक तपाइहरूको आरक्षा र आवरण गर्नेछु" भनी क्षमा मागी वन्दना गरी फर्केर गए । उनीहरू दुवैजना उहीं बसे । पछि परिव्राजिकाको मृत्यु भयो । उ मरेपछि बोधिसत्व हिमवत्मा गई अभिज्ञा र समापत्तिहरू प्राप्तगरी चारब्रह्मविहारहरू भाविता गरी ब्रह्मलोकपरायण भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा क्रोधी भिक्षु अनागामीफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत परिव्राजिका राहुलमाता थिइन् । राजा आनन्द थिए । परिव्राजक चाहिं म नै थिएं" भनी भन्नुभयो ।

२४. बिलारकोसिय जातक(४५०)

"अपचरन्तायी'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक दानीभिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

भगवान्को धर्मदेशना सुनी शासनमा प्रव्रजितभई प्रव्रजित भएदेखि उ दानी र दानीस्वभावको थियो । भिक्षापात्रमा पाएको भिक्षा भोजन अरूलाई नदिई भोजन गर्दैनथ्यो । यति मात्र होइन पानी समेत अरूलाई नदिई पिउन्नथ्यो । यसरी उ दानकार्यमा अभिरत थियो । अनि धर्मसभामा उसको गुणकथाको चर्चा चल्यो ।

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि सो भिक्षुलाई बोलाउन पठाई "साँच्चै हो के तिमी दानीछौ र दानदिनमा

---

१. जा. पा. I. पृ. २१०: बिलारकोसियजातकं, नं. ४५०, अ. क. IV. पृ. ९०.

मन लगाउँछौ ?" भनी सोध्नु भएपछि "भन्ते ! साँच्चै हो" भनी भन्दा "भिक्षुहो ! अघि चाहिं यो अश्रद्धालु र अप्रसन्न चित्तको थियो । घाँसको टुप्पोबाट खस्ने जति तेलको एक थोपो पनि कसैलाई दिन्नथ्यो । अनि मैले यसलाई दमन गरी नम्र बनाई दानफल बोध गराएँ । त्यसपछि यसले दानदिने चित्तलाई जन्मजन्मान्तरसम्म पनि छाडेन" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक श्रेष्ठी कुलमा जन्मे । वैँश पुगेपछि कुटुम्ब स्थापना गरे । बाबुको मृत्युपछि श्रेष्ठिस्थान प्राप्तगरे । एकदिन धनसम्पत्ति हेरी "धनसम्पत्ति भने देखिन्छ तर यसलाई उत्पादन गर्नेहरू चाहिं देखिदैनन् । यो धन परित्याग गरी मैले दानदिनुपर्छ" भनी दानशाला बनाई जीवनभर महादान दिई आयु सिद्धिएपछि "यो दान-चर्यालाई नछाड्नू" भनी छोरालाई अववाद गरी त्रयस्त्रिंश भवनमा शक्र भई उत्पन्न भए । उनको पुत्रले पनि त्यस्तै गरी दानदिई आयु सिद्धिएपछि पुत्रलाई अववाद गरी चन्द्र देवपुत्र भई उत्पन्न भयो । क्रमशः यसै गरी यसको पुत्र सूर्य देवपुत्र भई, यसको पनि पुत्र मातली संग्राहक भई तथा फेरि यसको पनि पुत्र पञ्चशिख गन्धर्वपुत्र भई उत्पन्न भयो । छैटौं पुत्र चाहिं अश्रद्धालु, कठोर, निस्नेही तथा कंजूस थियो । उसले दानशाला विध्वंस गरी आगो लगाई याचकहरूलाई पिटी

बाहिर निकाल्न लगायो । घाँसको टुप्पोबाट खस्ने जति तेलको एक थोपो पनि कसैलाई दिदैनथ्यो ।

त्यसवेला शक्र देवराजले आफ्नो पूर्व कर्म हेरी "मेरो दान-परम्परा चल्दैछ वा छैन ?" भनी विचार गर्दा "दानदिएर मेरो छोरा चन्द्र भएर जन्म्यो । उसको छोरा सूर्य, उसको छोरा मातली र उसको छोरा पञ्चशिख भई जन्म्यो । छैटौं चाहिंले त्यो परम्परालाई विनाश गर्‍यो" भन्ने देखे । अनि उनलाई यस्तो लाग्यो—"यो पापीलाई दमन गरी दानको फल बोध गराई आउनेछु ।"

यति सोचेर उनले चन्द्र, सूर्य, मातली तथा पञ्चशिखलाई बोलाउन पठाई "सौम्य ! हामीहरूको वंश-परम्परालाई छैटौंले छाडेर दानशालामा आगो लगाई याचकहरूलाई निकालेर पठाउँछ । कसैलाई पनि केही दिदैन । आऊ, उसलाई हामीहरू दमन गरौं" भनी उनीहरू-सँग बाराणशीमा गए । त्यसबखत श्रेष्ठी राजोपस्थानबाट फर्की सातौं द्वार-कोठामा सडकतिर हेर्दै चंक्रमण गरिरहेको थियो । "म भित्र पसिसकेपछि तिमीहरू मेरो पछि लागेर एकपछि अर्को आउनू" भनी सेठको नजिक शक्र गएर उभिई "भो महासेठ ! मलाई भोजन देऊ" भनी भने ।

"ब्राह्मण ! तिम्रो लागि यहाँ भोजन छैन, अन्त जाऊ ।"

"भो महासेठ ! ब्राह्मणहरूले भोजन माग्दा नदिनु उचित हुन्न ।"

"ब्राह्मण ! मेरो घरमा पाकेको वा पकाउनुपर्ने भोजन छैन, जाऊ ।"

"महासेठ ! त्यसोभए तिमीलाई एउटा श्लोक सुनाउनेछु, सुन ।"

"मलाई तिम्रो श्लोकको आवश्यकता छैन, जाऊ यहाँ नभिऊ ।"

उसको कुरा नसुने जस्तो गरी शक्रले दुइवटा गाथा भने—

१. "अपचन्तापि दिच्छन्ति सन्तो लद्धान भोजनं ।
किमेव त्वं पचमानो यं न दज्जा न तं समं ।।

२. "मच्छेरो च पमादा च एवं दानं न दिय्यति ।
पुञ्ञं आकङ्खमानेन देय्यं होति विजानता'ति ।।"

अर्थ—

१–"महासेठ ! नपकाउने सन्त सत्पुरुषले भिक्षाद्वारा लाभ भएको भोजन पनि दिन चाहन्छन् भने पकाउने भएर पनि तिमी किन दिन्नौ ? यो कुरा मेलखान्न ।

२–"कंजूस र प्रमादी हुनेले दान दिदैन । किन्तु जो पुण्य चाहने बुद्धिमानी पुरुष हो उसले दानविनु पर्छ ।"

उनको कुरा सुनी "त्यसोभए घरभित्र पसेर बस, केही पाउनेछौ" भनी उसले भन्यो । शक्र पसेर त्यो श्लोक पढेर बसिरहे । अनि आएर चन्द्रले भात माग्यो । "भात छैन जाऊ" भनी भन्दा "महासेठ ! भित्र एक ब्राह्मण बसिरहेको छ । शायद ब्राह्मण-पाठ हुँदैछ होला भन्ने ठान्दछु । म पनि भित्र जानेछु" भन्दा "ब्राह्मण-पाठ भएको छैन, बाहिर निस्क" भनी भन्यो । "महासेठ ! त्यसोभए पहिले श्लोक सुन" भन्दै दुइ गाथा भन्यो—

१. 'यस्सेव भीतो न ददाति मच्छरी तदेव अददतो भयं।
जिघच्छा च पिपासा च यस्स भायति मच्छरी।
तमेव बालं फुसति अस्मिं लोके परम्हि च ॥

२. "तस्मा विनेय्य मच्छेरं दज्जा दानं मलाभिभु।
पुञ्ञानि परलोकस्मिं पतिट्ठा होन्ति पाणिन'न्ति ॥"

अर्थ—

१–"जुन कुराको भय लिएर कंजूसले दानदिन्न सोही दान नदिनु नै भय हो। जुन भोक र प्यासको भय कंजूसले लिन्छ सोही भय नै बालमूर्खले यो लोक र परलोकमा पाउँछ।

२–"त्यसैले कंजूसपनलाई दूरगरी लोभलाई मर्दन गरी दानदिनु पर्छ। प्राणीहरूकोनिमित्त पुण्य नै परलोकमा प्रतिष्ठा हुन्छ।"

उसको कुरा सुनी "त्यसोभए भित्रपस केही पाउनेछौ" भनी भन्यो। उ भित्र गई शक्रसँगै बस्यो। त्यसपछि केही समय बितेपछि सूर्य आएर भात मागी दुइवटा गाथा भन्यो —

१. "दुद्ददं ददमानं दुक्करं कम्मकुब्बतं।
असन्तो नानुकुब्बन्ति सतं धम्मो दुरन्नयो ॥

२. "तस्मा सतं च असतं च नाना होति इतो गति।
असन्तो निरयं यन्ति सन्तो सग्गपरायणा'ति ॥"

अर्थ—

१—"दानदिनु भनेको गाह्रो काम हो। दानकार्य गर्नु भनेको पनि कठिन काम हो। सत्पुरुषधर्म नजान्ने असत्पुरुषले त्यस्तो कठिन दानदिने काम गर्दैन।

२—"त्यसैले सत्पुरुष र असत्पुरुषको गति भिन्नाभिन्नै हुन्छ। असत्पुरुष नरकमा जान्छ भने सत्पुरुष स्वर्गपरायण हुन्छ।"

अनि सेठले याचकहरू धेरै भए भन्ने कुरातिर ख्याल नगरी "त्यसोभए भित्र गएर ब्राह्मणहरूसँगै बस, केही पाउनेछौ" भनी भन्यो। त्यसपछि केहीछिनपछि मातली आएर भात माग्दा "छैन" भनी भन्नेबित्तिकै मातलीले सातौं गाथा भन्यो—

"अप्पस्मेके पवेच्छन्ति बहुनेके न दिच्छरे।
अप्पस्मा दक्खिणा दिन्ना सहस्सेन समंमिता'ति।।"

अर्थ—

"कसैले आफूसंग थोरै हुँदा पनि दानदिन्छ र कसैले आफूसँग धेरै हुँदा पनि दानदिन्न। थोरै हुँदा पनि दिने दानको फल सहश्र समान हुन्छ।"

अनि सेठले उसलाई पनि "त्यसोभए भित्र पसेर बस" भनी भन्यो। त्यसपछि केहीछिनपछि पञ्चशिख आएर भात माग्दा "छैन

जाऊ" भनी भनेको सुनी "म कहाँ जाऊँ र ? लाग्छकि यो घरमा ब्राह्मण-पाठ हुँदैछ" भनी उसलाई धर्मकथा सुनाउँदै आठौं गाथा भन्यो—

"धम्मं चरे योपि समुच्छकं चरे,
दारं च पोसं ददं अप्पकस्मि ।
सतं सहस्सानं सहस्सयागिनं,
कलम्पि नाग्घन्ति तथा विधस्स ते'ति ।।"

अर्थ—

"हातमा भिक्षापात्र लिई जीविका गर्नेले पनि धर्मचर्या गर्दै पुत्रदार भरण गरी अलिकता बचेकोबाट पनि दानदिनु पर्छ । यस्तो अलिकता भएकाले दिएको थोरै दानको अगाडि अर्कालाई पीडा दिई लाखौं खर्च गरेर हजारौं यज्ञ गर्नेहरूको यज्ञ सोह्र भागको एक भाग बराबर पनि हुन्न ।"

पञ्चशिखको कुरा सुनेर सेठले सोच्न थाल्यो । अनि सोह्र भागको एक भाग पनि नहुनाको कारण सोध्दै उसले नवौं गाथा भन्यो—

"केनेस यञ्ञो विपुलो महग्घनो,
समेन दिन्नस्स नअग्घमेति ।
कथं सहस्सानं सहस्सयागिनं,
कलम्पि नाग्घन्ति तथाविधस्स ते'ति ।।"

अर्थ—

"यस्तो अनर्घ खर्चगरी गरिएको यज्ञ धर्मपूर्वक दिएको दानको दाँजोमा किन पुग्दैन ? लाखौं खर्चगरी गरेको हजारौं यज्ञ थोरै भएकाले दिएको दान समान किन नभएको ?"

अनि उसलाई कारण बताउँदै पञ्चशिखले अवशान गाथा भन्यो—

"ददन्ति हेके विसमे निविट्ठा,
छत्वा वधित्वा अथ सोचयित्वा।
सा दक्खिणा अस्सुमुखा सदण्डा,
समेन दिन्नस्स न अग्घमेति॥"

अर्थ—

"यहाँ केहीले कायसंयम आदि नहुनेलाई दिन्छन् र केहीले मारेर पीडा दिएर शोकयुक्तभई दिन्छन्। त्यस्तो दान सदण्ड र अश्रुमुखी हुन्छ। त्यसैले त्यस्तो दान धर्मतापूर्वक दिइने दानको अगाडि सोह्र भागको एक भाग पनि हुन्न।"

पञ्चशिखको धर्मकुरा सुनी "त्यसोभए जाऊ र घरभित्र पसी बस। केही पाउनेछौ" भनी सेठले भन्यो। उ पनि गएर उनीहरूसँगै बस्यो।

अनि बिलारकोसिय सेठले एउटी दासीलाई बोलाई "यी ब्राह्मणहरूलाई एक एक कुरुवा भूस मिसिएको धान देऊ" भनी भन्यो। उसले धान लिएर आई ब्राह्मणहरूकहाँ गई "यो लिएर कुनै ठाउँमा पकाई खाऊ" भनेर भनी।

"हामीहरू धान छुन्नौं।"

"आर्य ! धान छुन्नौं रे !"

"त्यसोभए उनीहरूलाई चामल देऊ।"

उ चामल लिएर आई ब्राह्मणहरूलाई चामल लेऊ भनेर भनी।

"हामीहरू काँचो लिन्नौं।"

"आर्य ! काँचो लिन्नौं रे !"

"त्यसोभए उनीहरूलाई भाँडामा गाइको भात राखेर देऊ।"

उसले ठूला ठूला गाईहरूकोनिमित्त पकाइराखेको भात भाँडामा राखी ल्याएर दिई।

पाँचै जनाले ठूल-ठूला गाँस लिएर मुखमा राखी घाँटीमा अट्काएर आँखा पल्टाई बेहोसभई मरे जस्तै गरी पल्टे।

यो देखेर "मरे होलान्" भनी डराउँदै गएर दासीले सेठलाई भनी "आर्य ! यी ब्राह्मणहरू गाईको भात निल्न नसकी मरे।"

अनि उसले सोचनथाल्यो—"यो पापीले सुकुमारहरूलाई गाईको भात दिई त्यो निल्न नसकी यिनीहरू मरे भनी मलाई निन्दा गर्नेछन्।" यति सोचेर उसले दासीलाई भन्यो—

"चाँडै गएर यिनीहरूका भाँडाहरूमा अनेक रसयुक्त मार्सी चामलको भात राख।"

उसले त्यस्तै गरी।

अनि सेठले बाटामा गइरहेका मानिसहरूलाई बोलाउन लगाई "मैले आफूले खाने अनुसार यी ब्राह्मणहरूलाई भात दिलाइदिएँ। लोभको कारणले ठूल-ठूला गाँस गरी खाँदा घाँटीमा अट्केर यिनीहरू मरे! मेरो निर्दोषभाव जान्नुहोस्!" भन्दै परिषद् जम्मागऱ्यो। महाजनहरू भेला भएपछि ब्राह्मणहरू उठी महाजनहरूतिर हेरेर "हेर! यो सेठको झूठो कुरा! हामीलाई आफूले खाने भात दिनलगाएँ भनी भन्दछ! हामीलाई पहिले गाईको भात दिंदा हामी मरे जस्तै गरी सुतेपछि यो भात ल्याएर राखेको हो" भनी आफूले खाएको भात ओकली भुइमा खसाली देखाए।

सेठलाई निन्दा गर्दै महाजनहरूले भने—"अन्धमूर्ख! आफ्नो कुलवंशको नाश गऱ्यौ। दानशालामा आगो लगायौ। याचकहरूलाई घाँटी समाती बाहिर निकाल्न लगायौ। अहिले यी सुकुमार ब्राह्मणहरूलाई भात दिंदा गाईको भात दिन लगायौ। लाग्छकि मानो परलोक जाँदा तिमीले यो घरको सम्पत्ति घाँटीमा बाँधेर लैजान खोजेकाछौ।"

त्यसबखत शक्रले मानिसहरूसँग सोधे—"तिमीहरूलाई थाहाछ कै यो घरको सम्पत्ति कसको हो?"

"थाहा छैन।"

"यो नगरमा अघि फलाना बाराणशी महासेठले महादानशाला बनाई महादान दिए भन्ने कुरा तिमीहरूले सुनेका छौ ?"

"हो, सुनेकाछौं ।"

"म त्यही सेठहुं । त्यो दानदिएर शक्र देवराज भई म जन्में । मेरा छोराले पनि त्यो वंशपरम्परालाई नाश नगरी चन्द्र देवपुत्र भई जन्म्यो । उसको छोरा सूर्य भई, उसको छोरा मातली भई र उसको छोरा पञ्चशिख भई जन्म्यो । ती मध्ये यो चन्द्र हो, यो सूर्य हो, यो मातली संग्राहक हो, यो पापीको पिता यो पञ्चशिख गन्धर्वपुत्र हो । दानमा धेरै गुणहरू छन् । यस्तो दानमय कुशलकर्म भनेको पण्डितहरूले गर्नैपर्छ" भनी भनेर महाजनहरूका शंका निवारण गर्नको-निमित्त आकाशमा उफ्रेर गई महानप्रभावले, महानपरिवारले बलिरहेको शरीर लिई उभिइरहे । सबै नगर प्रज्वलित भए जस्तो लाग्यो ।

महाजनहरूलाई सम्बोधन गर्दै शक्रले "हामी हाम्रो दिव्यसम्पत्ति छाडेर यहाँ आएको यो कुलको अन्तिम कुलंगार पापधर्मी बिलार सेठको कारणमा हो । यो पापधर्मीले आफ्नो कुलवंशलाई नाशपारी दानशालामा आगो लगाई याचकहरूको घाँटी समाती बाहिर निकाल्न लगाई हाम्रो वंशको विनाश पाऱ्यो । यो दुश्शील अनादानी भई नरकमा उत्पन्न हुनेछ भनी यसमाथि अनुकम्पाराखी हामीहरू यहाँ आएका हौं" भनी भनेर दानगुणको कुरा प्रकाशपारी महाजनहरूलाई धर्मदेशना गरे ।

अनि दश औंला जोरी बिलारकोसियले "देव ! आजदेखि म पुरानो कुलवंशलाई विनाश नपारी दानदिनेछु । आजदेखि पानी र दतिवन

समेत गरी आफूले खाने खाना मध्येबाट अरूलाई नदिई खाने छैन" भनी प्रतिज्ञा गऱ्यो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई "भिक्षुहो ! यसरी यो भिक्षु अघि कसैलाई पनि केही नदिने अश्रद्धालु थियो । मैले यसलाई दमन गरी दानको फल बोध गराएँ । जन्मजन्मान्तरसम्म पनि यसले त्यो दानचित्तलाई छाडेन" भनी भन्नुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको सेठ यो दानपति भिक्षु थियो । चन्द्र सारिपुत्र थिए, सूर्य मौद्गल्यायन थिए, मातली कश्यप थिए, पञ्चशिख आनन्द थिए र शक्र चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

२५. सुधाभोजन जातक (५३५)

"न गुत्तमे'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक दानदिने स्वभाव भएको भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीको एक कुलपुत्र थियो । शास्ताको धर्मकथा सुनी प्रसन्न चित्तले प्रव्रजित भएको थियो । प्रव्रजित भएपछि उ शील परिपूर्णकारी, धुतङ्ग[२] गुण सम्पन्न तथा सब्रह्मचारीहरू प्रति मैत्रीचित्त राख्ने स्वभावको थियो । दिनको तीनपटक बुद्ध, धर्म तथा संघको

---

१. जा. पा. II. पृ. १०५: सुधाभोजनजातकं, नं. ५३५, अ. क. VI. पृ. २२४.

२. धुतङ्ग भनी विशेष प्रकारका शीलहरूलाई भनिएको हो । यस बारेमा लेखकको बु. प. भाग–१, पृ. १२३ को पादटिप्पणीमा हेर्नू ।

उपस्थान गर्नमा अप्रमादी, आचार सम्पन्न र दानदिने स्वभावको थियो। उ सारणिय धर्मलाई[1] पनि पालन गरी आफूले पाएको वस्तु प्रतिग्राहक भेटिए आफूले नखाइकन पनि दिने नै गर्थ्यो। उसको यो दानदिने स्वभाव र दानदिनमा मनलगाउने स्वभावको कुरा भिक्षुसंघको बीचमा प्रकट भयो।

अनि एकदिन धर्मसभामा कुरा निकाले "आवुसो ! फलाना भिक्षु दानदिने स्वभावको छ र दानदिनमा मन लगाउँछ। आफूले पाएको एक पसर पानीमा पनि लोभ नगरी सब्रह्मचारीहरूलाई दिन्छ। उसको विचारधारा बोधिसत्वको जस्तै छ। शास्ताले त्यो कुरा दिव्यश्रोतद्वारा सुन्नुभई गन्धकुटीबाट निस्की आएर "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! सो भिक्षु अघि चाहिं अदानी, कंजूस र घाँसको टुप्पोबाट खस्ने जति तेलको एक थोपो पनि कसैलाई नदिने खालको थियो। अनि मैले उसलाई दमन गरी विनम्र बनाई दानको वर्णन गरी दानदिने कार्यमा लगाएको थिएँ। अनि उसले

---

१. 'सारणिय धर्म' भनेको—(१) मैत्री-कायकर्म, (२) मैत्री-वचीकर्म, (३) मैत्री-मनकर्म, (४) आफूले पाएको पानी भएपनि अरूलाई पनि दिने बानी, (५) निर्मल परिशुद्धरूपले शील पालन गर्नु र (६) जुन दृष्टि लिंदा दुःखक्षय हुने हो त्यस्तो दृष्टि राख्नु हो। अं. नि–६, पृ. ११: पठमसारणीयसुत्तं, सारणीयवग्गो; म. नि. I. पृ. ३९४: कोसम्बियसुत्तं।

"एक पसर पानी पाएता पनि कसैलाई नदिइकन पिउने छैन" भन्ने प्रतिज्ञा मकहाँ गरेको थियो। त्यसको फलस्वरूप उ दानदिने स्वभावको भयो र दानदिनेमा मन लगाउन थाल्यो" भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा असीकोटी वैभव हुने एक महाधनी गृहपति थियो। उसलाई राजाले श्रेष्ठीपद दिए। उ राजपूजित र नगर जनपदहरूद्वारा पूजित भई एकदिन आफ्नो सम्पत्ति हेरेर सोच्नथाल्यो—"यो यश मैले अतीत समयमा निदाएर वा कायदुश्चरितादि गरेर पाएको होइन। बल्कि सुचरित पूरा गरेर पाएको हुँ। अतः अनागतमा पनि मैले आफ्नो प्रतिष्ठा बनाउन सक्नुपर्छ।" यति सोचेर उ राजाकहाँ गई "देव! मेरो घरमा असीकोटी धन छ। त्यो तपाइले लिनुहोस्" भनी भन्यो।

"मलाई तिम्रो धनको जरूरत छैन। मसँग धेरै धनहरू छन्। बरु चाहन्छौ भने तीमध्येबाट जे चाहन्छौ त्यो लैजाऊ" भनी भने।

"देव! के त मेरो धन मैले दानदिन पाउनेछु?" भनी सोध्यो।

अनि राजाले "जस्तो चाहन्छौ त्यस्तै गर" भनी भनेपछि

उसले नगरद्वारको चारैतिर चारवटा, नगरको बीचमा एउटा र आफू बस्ने ठाउँमा एउटा गरी जम्मा छवटा दानशालाहरू बनाउनलगाई दिनको छ लाख परित्याग गरी महादान दिनथाल्यो ।

जीवनभर दानदिई "यो मेरो दानपरम्परालाई नबिगार्नू" भनी छोराहरूलाई अनुशासन गरी जीवन सिद्धिएपछि उ शक्र भएर उत्पन्न भयो । उसको छोरो पनि त्यस्तैगरी दानदिई चन्द्र भएर उत्पन्न भयो । उसको छोरो सूर्य भएर, उसको छोरो मातली भएर तथा उसको छोरो पञ्चशिख भएर उत्पन्न भए । उसको छोरो छैटौंको चाहिं मच्छरियकोसिय (=मात्सर्य कौशिय) सेठ भन्ने नाम रहेको थियो र धन चाहिं असीकोटी वैभव नै थियो ।

"मेरा बाबु बाजेहरू मूर्ख थिए । दुःखपूर्वक कमाइराखेको धन खेर फाले । म चाहिं धन-रक्षा गर्नेछु । कसैलाई केही दिने छैन" भनी सोचेर उसले दानशाला विनाशपारी आगोले जलाई कठोर कंजूस भएर बस्न थाल्यो ।

अनि उसको घरद्वारमा याचकहरू एकत्रित भई हातमाथि हात राखी "महासेठ ! आफ्ना बाबुबाजेहरूको वंशपरम्परालाई नाश नपार ! दान देऊ" भनी महाशब्द गरी रुनथाले । यो सुनेर महाजन-हरूले "मच्छरियकोसिय सेठले आफ्नो वंशपरम्पराको कामलाई तोडिदियो" भन्दै उसको निन्दागर्न थाले । लज्जितभई बस्नेघरको द्वारमा याचकहरू आउलान् भनी उसले पहरा राख्यो । निराश्रितभई त्यहाँदेखि उनीहरू उसको घरद्वारतिर फर्केर पनि हेरेनन् । त्यस-

बेलादेखि उसले धन मात्र जम्मा गर्न थाल्यो। न आफूले राम्ररी खान्थ्यो न छोराछोरीहरूलाई दिन्थ्यो। खोले र कनिकाको भात खान्थ्यो। जरो जस्तै मोटो धागोको खस्रो कपडा लगाउँथ्यो। पातको छाता ओढी बुढो गोरु नारेको थोत्रो रथमा बसी हिड्थ्यो। यसरी त्यो असत्पुरुषको धन कुक्कुरले पाएको नरिवल जस्तै भयो।

एकदिन उ राजोपस्थानमा जाँदा "अनुसेठलाई पनि लिएर जानपर्‍यो" भनी उसको घरमा गयो। त्यसबखत अनु-सेठ छोराछोरी-हरूले घेरा लगाई नयाँ घिउमा पकाएको मह र सक्खरको धुलोमा तयार पारेको पायस खाई बसिरहेको थियो। अनि उसले मच्छरियकोसिय-लाई देखेर आसनबाट उठी "महासेठ! आउनुहोस्! यो आसनमा बस्नुहोस्, एक साथ पायस खाऔं" भनी भन्यो।

पायस देखेर नै उसको मुखमा पानी आउन थाल्यो। खाने इच्छा त भएको थियो। तर उसले यस्तो सोच्यो—"यदि मैले खाएँ भने अनु-सेठ मेरो घरमा आउँदा प्रतिसत्कार गर्नकोनिमित्त मैले पनि यस्तै गरी खुवानुपर्नेछ। अनि मेरो धन खर्चहुनेछ।" यति सोचेर "भो! खान्न" भनी भन्यो। बारबार प्रार्थना गर्दा पनि "भो! भइहाल्यो, भर्खरै मात्र खाएकोले पेट भरिएको छ" भनी इच्छा गरेन। अनु-सेठले खाइरहेको हेरेर बस्दा उसको मुखमा पानी भरिएर आयो। खाना सिद्धिएपछि उसँगै राजदरबारमा गई फर्केर आफ्नो घरमा आइपुगी पायसको तृष्णाले सताएपछि सोच्नथाल्यो—"यदि पायस खाने इच्छा लागेको छ भनी मैले भनेको खण्डमा महाजनहरूले पनि खाने इच्छा गर्ने छन्। धेरै चामल खर्च हुनेछ। अतः कसैलाई पनि भन्ने छैन भनी

बस्यो।" रातदिन पायस मात्रको चिन्ता गरी समय बिताएर बस्नथाल्यो। परन्तु धन खर्च होला भन्ने भयको कारणले गर्दा कसैलाई नबताई सो तृष्णा सहेर नै बस्यो। क्रमशः सहेर बस्न नसकेपछि उ पहेंलो भई दुब्लाउँदै गयो। यस्तो भएता पनि धन खर्च होला भन्ने डरले कसैलाई पनि बताएन। पछिगएर कम्जोर भई खाट् समातेर सुत्न थाल्यो। अनि उसको नजिकमा आई उसकी भार्याले पिठ्यूँ मिच्दै "स्वामी! तपाइलाई के रोग लाग्यो?" भनी सोधी।

"तिम्रै शरीरमा रोग छ, मलाई केही रोग छैन।"

"स्वामी! तपाइ पहेंलो भएर जाँदै हुनुहुन्छ। के तपाइमा कुनै चिन्ता छ कि? अथवा राजा रिसाए कि? अथवा पुत्रहरूले अपमान गरे कि? अथवा केही तृष्णा उत्पन्न भएको छ कि, क्याहो?"

"हो, तृष्णा उत्पन्न भएको छ।"

"स्वामी! त्यसोभए भन्नुहोस्।"

"त्यसलाई रक्षा गर्न सकौली र?"

"रक्षा गर्नुपर्ने भए रक्षा गरुँला।"

तैपनि धन खर्च होला भन्ने डरले उसले भन्न सकेन। उसले बारम्बार जोर गरेपछि भन्यो—

"भद्रे! एकदिन अनु-सेठले घिउमा सक्खरद्वारा तयार पारेको पायस खाइरहेको मैले देखें। त्यहाँदेखि त्यस्तै पायस खाने इच्छा उत्पन्न भयो।"

"असत्पुरुष ! के तिमी दरिद्रीछौ र ? बाराणशीवासी सबं-लाई पुग्नेगरी पायस पकाउनेछु ।"

यो सुनेर उसको शीरमा लट्ठीले हिर्काएको जस्तो भयो । अनि रिसाउँदै "मलाई थाहाछ कि तिमी धनीछयौ भनेर ! यदि तिम्रो माइतीबाट ल्याएकोछयौ भने नागरिकहरूलाई पायस पकाएर देऊ" भनी उसले भन्यो ।

"त्यसोभए यौटै टोलमा बस्नेहरूलाई पुग्नेगरी पकाउनेछु ।"

"उनीहरूलाई खुवाने के मतलब पर्‍यो र ?"

"त्यसोभए अगाडि पछाडिका सात सात घरमा बस्ने छिमेकी-हरूलाई पुग्नेगरी पकाउनेछु ।"

"तिमीलाई उनीहरूको के मतलब ?"

"त्यसोभए यो घरका परिजनहरूलाई पुग्नेगरी पकाउनेछु ।"

"तिनीहरूको के मतलब ?"

"त्यसोभए बन्धुहरूलाई मात्र पुग्नेगरी पकाउनेछु ।"

"यिनीहरूको के वास्ता ?"

"स्वामी ! त्यसोभए तपाइ र मलाई मात्र पुग्नेगरी पकाउनेछु ।"

"तिमी कोह्रौ र ? तिमीलाई पनि पर्दैन ।"

"स्वामी ! तपाइ एकलैको लागि मात्र पकाउनेछु ।"

"मेरोनिमित्त पनि नपकाऊ। घरमा पकाउँदा सबैले आशा गर्नें छन्। मलाई चाहिं एक पसर चामल, त्यसको चार भागको एक भाग दुध, चुट्की प्रमाण सक्खर, सानो एक बट्टा मह र एउटा भाँडो देऊ। जंगलमा गएर त्यहाँ पकाई खानेछु।"

उसले त्यस्तै गरी।

ती वस्तुहरू सबै नोकरलाई लिन लगाई "फलाना ठाउँमा उभिइरहनू" भनी उसलाई पहिले पठाई आफू एक्लै शीर छोपेर अज्ञात भेषले त्यहाँ गई नदीको तीरमा एउटा रुखमनि चूलो बनाउन लगाई दाउरा र पानी ल्याउन लगाई "तिमी गएर बाटोमा उभिइरहनू। कसैलाई देख्यौ भने मलाई सूचना दिनू। मैले बोलाएको बेलामा मात्र आउनू" भनी उसलाई पठाएर आगो बाली पायस पकाउन थाल्यो।

त्यसबखत शक्र देवराजाले दशहजार योजन अलंकृत भएको देवनगर, साठी योजन भएको सुवर्णमार्ग, एकहजार योजन उँचाई भएको वैजयन्त (प्रासाद), पाँचशय योजन भएको सुधर्म (सभागृह), साठी योजन भएको पण्डुकम्बल शैलासन, पाँच योजन गोलाइ भएको सुवर्णमाला युक्त छत्र र अढाइकोटी अप्सराहरूले अलंकृत भएको आफ्नो आत्मभाव र आफ्नो श्रीसौभाग्यलाई हेरेर "मैले यस्तो यश के गरेर पाएको रहेछु?" भनी विचार गर्दा "बाराणशीको सेठ भएको बेलामा दिएको दानले हो" भन्ने देखे।

त्यसपछि "मेरा पुत्रादिहरू कहाँ उत्पन्न भएका रहेछन्?" भनी हेर्दा "मेरो छोरा चन्द्र देवपुत्र भई उत्पन्न भयो, उसको छोरा सूर्य

आदि भई उत्पन्न भयो" भनी सबै उत्पन्न भएको कुरा बुझी "पञ्च-शिखको छोरा कस्तो भएछ ?" भनी हेर्दा—आफ्नो वंशपरम्परालाई छाडेको कुरा देखे। अनि उनलाई यस्तो लाग्यो—"यो असत्पुरुष कंजूस भई न आफूले खान्छ न अर्कालाई दिन्छ। मेरो वंशपरम्परालाई उच्छिन्न गरी मृत्युपछि यो नरकमा उत्पन्न हुनेछ। अतः यसलाई अववाद गरी मेरो वंशपरम्परालाई प्रतिस्थापना गराउन लगाई यो देवनगरमा उत्पन्न हुने गराउनेछु।"

अनि उनले चन्द्र आदिहरूलाई बोलाउन लगाई "आऊ, हामीहरू मनुष्यपथमा जाऔं। मच्छरियकोसियले हामीहरूको वंश-परम्परालाई छाड्यो। दानशालामा आगो लगाई न आफूले खान्छ न अर्कालाई दिन्छ। अहिले चाहिं पायस खाने इच्छागरी घरमा पकाउँदा अरुहरूलाई पनि दिनपर्ला भनी जंगलमा गई एक्लै पकाउँदै छ। उसलाई वमन गरी दानको फल बोधगराई आउनेछौं। हामी सबैले एकै पटक गई माग्दा उ उहीं मर्नसक्दछ। अतः म पहिले गएर पायस मागेर बसेपछि तिमीहरू पनि ब्राह्मण भेषले एकपछि अर्को आई माग" भनी भनेर सर्वप्रथम आफू ब्राह्मण भेषले उसकहाँ गई "भो! बाराणशी जाने बाटो कुन हो ?" भनी सोधे।

अनि उनलाई मच्छरियकोसियले "के बहुला भयौ कि क्याहो ? बाराणशी जाने बाटो पनि थाहाछैन ? किन यहाँ आएको ? उताबाट जाऊ" भनी भन्यो।

उसको कुरा नसुने जस्तै गरी "के भनेको ?" भन्दै शक्र उसको अगाडितिर गए।

उसले पनि "अरे बहिरा ब्राह्मण ! किन यता आएको ? उताबाट जाऊ" भनी चिच्च्यायो ।

अनि शक्रले "भो ! किन चिच्च्याउँछौ ? धुँवा देखिन्छ, आगो देखिन्छ र पायस पनि पाक्दैछ । ब्राह्मणहरूलाई निम्तो गरेको ठाउँ हुनुपर्छ । ब्राह्मणहरूलाई भोजन गराउने बेलामा मैले पनि केही पाउनेछु । किन मलाई भगाउँछौ ?" भनी भने ।

"यहाँ ब्राह्मणहरूलाई निम्त्याएको छैन । उता जाऊ" भनेपछि—

"त्यसोभए किन रिसाउँछौ ? तिमीले खाने बेलामा केही पाउनेछु" भनी भने ।

अनि उसले "तिमीलाई एक बिन्दु पनि दिनेछैन । यो अलिकता मलाई मात्र पुग्नेगरी पकाएको छु । मैले पनि यो मागेर नै पाएको हुँ । अन्त गएर तिमी तिम्रो खाना खोज" भनी भार्यासँग मागेर पाएको कुरा प्रकट गर्दै यो गाथा भन्यो—

"नेव किणामि नपि विक्किनामि,
न चापि मे सन्निचयो अत्थि ।
सुकिच्छरूपं वतिदं परित्तं,
पत्थोदनो नालमयं दुविन्न'न्ति ।।"

अर्थ—

"न किन्दछु, न बेच्दछु, न आफूसंग केही राखेको छु। यो पसरभरीको भात अत्यन्त थोरै छ, दुइजनालाई पुग्दैन।"

यो सुनेर शक्रले "म पनि तिमीलाई मधुरस्वरले श्लोक सुनाउनेछु, सुन" भनी भन्दा "मलाई तिम्रो श्लोकको काम छैन" भनी रोक्दा रोक्दै पनि दुइ गाथा भने—

१. 'अप्पम्हा अप्पकं दज्जा अनुमज्झतो मज्झकं।
बहुम्हा बहुकं दज्जा अदानं न उपपज्जति॥

२. "तं तं वदामि कोसिय देहि दानानि भुञ्ज च।
अरियं मग्गं समारुह नेकासी लभते सुख'न्ति॥"

अर्थ—

१—"थोरैबाट थोरै दिनू, मध्यम प्रमाणबाट मध्यम प्रमाणले दिनू, धेरैबाट धेरै दिनू। तर नदिनु चाहिं ठीक छैन।

२—"हे कोसिय! म तिमीलाई भन्दछु कि दान देऊ र आफूले पनि खाऊ। आर्यमार्गमा लाग, एक्लैले खाएर सुखहुने छैन।"

उनको कुरा सुनी "हे ब्राह्मण! तिमीले राम्रै भन्यौ। पायस पाकेपछि तिमीले केही पाउनेछौ बस" भनी उसले भन्यो।

शक्र एक छेउमा बसे। उनी बसिसकेपछि चन्द्र पनि त्यस्तैगरी

अगाडि आई त्यस्तैगरी कुरा निकाली उसले रोक्दा रोक्दै दुइवटा गाथा भन्यो—

१. "मोघंचस्स हुतं होति मोघञ्चापि समीहितं ।
अतिथिस्मि यो निसिन्नम्हि एको भुञ्जति भोजनं ।।

२. "तं तं वदामि कोसिय देहि दानानि भुञ्ज च ।
अरियं मग्गं समारुह नेकासी लभते सुखन्ति ।।"

अर्थ—

१—"अतिथीहरूलाई बसाली जसले आफू एक्लैले खान्छ त्यस्ताको आहुति व्यर्थ हुनेछ, त्यस्ताको धन उत्पादन गर्ने चर्या पनि व्यर्थ नै हुनेछ ।

२—"हे कोसिय ! म तिमीलाई भन्दछु कि दान देऊ र आफूले पनि खाऊ । आर्यमार्गमा लाग, एक्लैले मात्र खाएर सुख हुने छैन ।"

उसको कुरा सुनी उसले बडो मुस्किलतापूर्वक "त्यसोभए बस, केही पाउनेछौ" भनी भन्यो । उ गएर शक्रसँगै बस्यो । त्यसपछि सूर्य पनि उस्तैगरी आई त्यस्तैगरी कुरा निकाल्न थाल्दा सेठले रोक्दा रोक्दै दुइवटा गाथा भन्यो—

१. "सच्चं तस्स हुतं होति सच्चञ्चापि समीहितं ।
अतिथिस्मि यो निसिन्नस्मि नेको भुञ्जति भोजनं ।।

२. "तं तं वदामि कोसिय देहि दानानि भुञ्ज च।
अरियें मग्गं समारुह नेकासी लभते सुख'न्ति ।।"

अर्थ—

१—"उसको आहुति सार्थक हुनेछ र उसको धन उत्पादन गर्ने चर्या पनि सार्थक नै हुनेछ जसले बसिरहेका अतिथीहरूलाई पनि दिएर खान्छ।

२—"हे कोसिय ! म तिमीलाई भन्दछु कि दान देऊ र आफूले पनि खाऊ। आर्यमार्गमा लाग। एक्लैले खाएर सुख हुने छैन।"

उसको पनि कुरा सुनी बडो मुस्किलकासाथ "त्यसोभए बस। केही पाउनेछौ" भनी भन्यो। उ गएर चन्द्रको साथमा बस्यो। त्यसपछि मातली पनि उस्तैगरी आई उस्तैगरी कुरा निकाल्न थाल्यो र उसले रोक्दा रोक्दै निम्न गाथा भन्यो—

१. "सरसञ्च यो जुहति बहुकाय गयाय च।
दोणे तिम्बरुतित्थस्मि सीघसोते महावरे।।

२. "अत्रचस्स हुतं होति अत्रचस्स समीहितं।
अतिथिस्मि यो निसिन्नस्मि नेसो भुञ्जति भोजनं।।

३. "तं तं वदामि कोसिय देहि दानानि भुञ्ज च।
अरियं मग्गं समारुह नेकासि लभते सुख'न्ति ।।"

अर्थ—

१–"यहां धेरै जसोले सरोवर, गया, द्रोण र तिम्बरु जस्ता तीर्थस्थानमा तथा द्रुतगतिमा बगिरहेको पानीमा गई आहुति गर्छन् ।

२–"यही उसको आहुति हुन्छ र यही उसको अभिवृद्धि हुन्छ जसले बसिरहेका अतिथीहरूलाई पनि दिएर खान्छ ।

३–"हे कोसिय ! म तिमीलाई भन्दछु कि दान देऊ र आफूले पनि खाऊ । आर्यमार्गमा लाग । एक्लैले मात्र खाएर सुख हुने छैन ।"

उसको कुरा सुन्दा उसलाई पहाडले थिचे जस्तै भएता पनि बडो मुस्किलले उसले "त्यसोभए बस केही पाउनेछौ" भनी भन्यो । मातली गएर सूर्यसँगै बस्यो । त्यसपछि त्यस्तै प्रकारले आई त्यस्तैगरी पञ्चशिखले पनि कुरा निकालनथाल्यो र उसले रोक्दा रोक्दै दुइ गाथा भन्यो—

१. "वलिसं हि सो निगिगलति दीघसुत्तं सबन्धनं ।
अतिथिंस्मि यो निसिन्नंस्मि एको भुञ्जति भोजनं ।।

२. "तं तं वदामि कोसिय देहि दानानि भुञ्ज च ।
अरियं मग्गं समारुह नेकासी लभते सुख'न्ति ।।"

अर्थ—

१–"अतिथीहरूलाई बसाली जसले एक्लै खान्छ उसले मानो लामो धागोमा बाँधेको बल्छी निल्ने जस्तै हो ।

२–"हे कोसिय ! म तिमीलाई भन्दछु कि दान देऊ र आफूले पनि खाऊ। आर्यमार्गमा लाग। एक्लैले खाएर सुख हुने छैन।"

यो सुनेर मच्छरियकोसियले 'धत्तेरी' भन्दै थुक्दै "त्यसोभए बस, केही पाउनेछौ" भनी भन्यो। पञ्चशिख गएर मातलीसँगै बस्यो। यसरी ती पाँचैजना ब्राह्मणहरू बसिसकेपछि पायस पनि पाक्यो। अनि कोसियले चूलोबाट झिकेर "तिमीहरूको पात ल्याऊ" भनी भन्यो। उनीहरूले त्यहाँ बस्दाबस्दै हात पसारी हिमालयबाट मालुवलताका पातहरू ल्याए। त्यो देखेर कोसियले "तिमीहरूलाई यी पातहरूमा दिन पायस छैन। खयर आदिको पातहरू ल्याऊ" भनी भन्यो। उनीहरूले त्यस्तै ल्याए। एक एकवटा पात योधाहरूको ठूलो फलेक (=ढाल) जत्रै थियो। उसले सबैलाई दाडुले पायस दियो। सबैभन्दा पछिल्लोलाई दिंदा पनि भाँडोमा पायस घटेको थिएन। पाँचैजनालाई दिइसकेपछि स्वयं भाँडो लिएर बस्यो।

त्यसबखत पञ्चशिख उठेर आफ्नो रूप बदली कुक्कुर भएर उनीहरूको अगाडि मुत्दै हिंड्यो। ब्राह्मणहरूले आ-आफ्नो पायस पातले छोपे। कोसियको हातमाथि पिसापको छिटा पऱ्यो। कमण्डलुबाट पानी लिई पायसमाथि छर्की ब्राह्मणहरू खान तयार भए। अनि कोसियले "मलाई पनि पानी देऊ, हात धोएर खानेछु" भनी भन्यो।

"तिमी आफै पानी ल्याएर हात धोऊ।"

"मैले तिमीहरूलाई पायस दिएँ। मलाई अलिकता पानी देऊ।"

"हामीहरू भिक्षाको बदलामा भिक्षा दिन्नौं।"

"त्यसोभए यो भाँडो हेरिरहनू । म हात धोएर आउनेछु" भनी नदीमा गयो ।

त्यतिञ्जेलमा भाँडाभरी कुक्कुरले पिसाबले भरिदियो । पिसाब गरिरहेको देखेर उसले ठूलो लट्ठी लिएर उसलाई तर्जन गर्दै आयो । अनि ठूलो घोडा जत्रै भई उसलाई लखेट्दा उसले अनेक रूप धारण ग-यो । कहीले कालो, कहीले सेतो, कहीले सुवर्णवर्णी, कहीले छिरबिरे, कहीले ठूलो र कहीले स्यानो हुँदै—यसरी अनेक वर्णीभई मच्छरिय-कोसियलाई लखेट्यो । मरणभयले भयभीत भई उ ब्राह्मणहरूकहाँ गयो । उनीहरू पनि उफ्रेर आकाशमा उभिइरहे । उनीहरूको यस्तो चमत्कार देखेर उसले यस्तो भन्यो—

"उलारवण्णा वत ब्राह्मणा इमे,
अयञ्च वो सुनखो किस्स हेतु ।
उच्चावचं वण्णनिभं विकुब्बति,
अक्खाथ नो ब्राह्मण केनु तुम्हे'ति ।।"

अर्थ—

"यो ब्राह्मणहरू उत्तमवर्णी छन् । यो मात्र कुक्कुर किन भयो ? उचनीच गरी अनेक वर्ण बनाउँछ । हे ब्राह्मणहो ! मलाई भन कि तिमीहरू को हौ ?"

यो सुनेर शक्र देवराज भन्दछन्—

"चन्दो च सुरियो च उभो इधागता,
अयं पन मातली देव सारथि ।
सक्कोहमस्मि तिदसानमिन्दो,
एसो च खो पञ्चसिखोति वुच्चती'ति ।।"

अर्थ—

"चन्द्र सूर्य दुवै यहाँ आए । यो चाहिं देव सारथी मातली हो । म चाहिं त्रिलोकको इन्द्र शक्र हुँ । यसलाई चाहिं पञ्चशिख भन्दछन् ।"

यति भनी उसको यशको बयान गर्दै यो गाथा भने—

"पाणिस्सरा मुतिङ्ग च मुरजा लम्बराणि च ।
सुत्तमेतं पबोधेन्ति पटिबुद्धो च नन्दती'ति ।।"

अर्थ—

"हातको स्वर, मृदङ्ग, मुरज र आलम्बण आदि वाद्यहरूद्वारा सुत्नेलाई बिउझाउँछ र बिउँझेपछि आनन्दित हुन्छ ।"

उनको कुरा सुनी उसले "यस्तो दिव्यसम्पत्ति के गरेर पाइन्छ ?" भनी सोध्यो । दान नदिने, शील पालन नगर्ने दुश्शील कंजूस देवलोक जानसक्दैन र नरक लोकमा पुग्छ भन्ने कुरा देखाउँदै—

"येकेचिमे मच्छरिनो कदरिया,
परिभासका समणब्राह्मणानं ।
इधेव निक्खिप्प सरीरदेहं,
कायस्स भेदा निरयं वजन्ती'ति ।।"

अर्थ—

"जो लोभी र कंजूस हुन्छ तथा जसले श्रमण ब्राह्मणहरूलाई परिभाष गर्छ त्यस्तो पुरुष यहीं शरीर छाडी मृत्युपछि नरक जान्छ ।"

यो गाथा भन्दै धर्ममा बस्ने चाहिं देवलोकमा जाने कुरा दर्शाउँदै यो गाथा भने—

"येकेचिमे सुग्गतिमाससाना,
धम्मे ठिता संयमे संविभागे ।
इधेव निक्खिप्प सरीरदेहं,
कायस्स भेदा सुगतिं वजन्ती'ति ।।"

अर्थ—

"जो सुगतिको प्रार्थना गर्छ उ धर्ममा बसी संयमभई दान-संविभाजन गर्छ । अनि यहीं शरीर छाडी मृत्युपछि उ स्वर्गमा जान्छ ।"

यति भनी "हे कोसिय ! ह्रामीहरू तिमीकहाँ पायसकोनिमित्त आएका होइनौं । करुणापूर्वक तिमीमाथि अनुकम्पा राखी आएका हौं" भन्ने कुरा प्रकाशपार्दै यस्तो भने—

"त्वं नो ञाति पुरिमासु जातिसु,
सो मच्छरी रोसको पापधम्मो।
तवेव अत्थाय इधागतम्हा,
मा पापधम्मो निरयं अपत्था'ति ॥"

अर्थ—

"पहिलो जन्ममा तिमी हाम्रा ज्ञाति थियौ। तिमी कंजूस, क्रोधी र पापी भयौ। तिम्रै निमित्त हामी यहाँ आएका हौं। पापी भई नरकको इच्छा नगर।"

यो सुनेर कोसियले सोच्यो—"यिनीहरू मेरा हितकामी हुन्। मलाई नरकबाट बचाई स्वर्गमा पुऱ्याउन चाहन्छन्।" अनि सन्तुष्ट भई उसले यसो भन्यो—

१. "अद्धाहि मं वो हितकामा यं मं समनुसासथ।
सोहं तथा करिस्सामि सब्बं वुत्तं हितेसिहि ॥

२. "एसाहमज्जेव उपारमामि,
नचापहं किञ्चि करेय्य पापं।
नचापि मे किञ्चि मदेय्य मत्थि,
नचापि दत्वा उदकम्पहं पिबे ॥

३. "एवञ्च मे ददतो सब्बकालं,
भोगा इमे बासव खीयिस्सन्ति।

ततो अहं पब्बज्जिस्सामि सक्क,
हित्वान कामानि यथोधिकानी'ति ।।"

अर्थ—

१–" अवश्य पनि तिमीहरू मेरा हितकामी ह्वौ जो कि तिमीहरूले मलाई अनुशासन गर्दछौ । हितैषी भएका तिमीहरूले बताएका सबै कुरा म गर्नेछु ।

२–" आजे कंजूसपनलाई पारगर्नेछु र कुनै पाप गर्ने छैन । मैले दिन नसक्ने केही छैन र नदिइकन पानी पनि पिउने छैन ।

३–" हे वासव ! यसरी निरन्तर दिंदा मेरा भोग्यवस्तुहरू सिद्धिने छन् । हे शक्र ! अनि कामविषयलाई त्यागी प्रव्रजित हुनेछु ।"

शक्रले मच्छरियकोसियलाई दमन गरी विनीतपारी, दान-फल-बोध गराई धर्मदेशनाद्वारा पञ्चशीलमा प्रतिष्ठित गराई उनीहरूको साथ शक्र देवलोकमै गए । मच्छरियकोसिय पनि नगरभित्र गई राजाबाट अनुमति लिई "ल्याए ल्याएका भाँडाभरी वस्तुहरू लेऊ" भनी याचकहरूलाई धनदिई उसै बखत निस्केर हिमालयको दक्षिणपट्टि गंगा र एक सरोवरको बीचमा पर्णशाला बनाई प्रव्रजितभई वनका फलफूलहरूद्वारा यापन गरी उहीं धेरै समयसम्म बस्यो । पछि बुढो भयो ।

त्यसबखत शक्रका आशा, श्रद्धा, श्री र हिरि (=लज्जा) भन्ने चारजना छोरीहरू थिए । उनीहरू धेरै दिव्यगन्धमालाहरू लिई

पानीमा खेलनकोनिमित्त अनोतप्तदहमा गई त्यहाँ क्रीडा गरी मनो-शिलातलमा बसे ।

त्यसबखत नारद भन्ने तपस्वी ब्राह्मण दिवाविहारकोनिमित्त त्रयस्त्रिंश भवनमा गई त्यहाँ चित्रकूटलता भएको नन्दन वनमा दिवाविहार गरी छाता जस्तो गरी छायाकोनिमित्त पारिच्छत्तक फूल (पारीजात) धारण गरी आफू बस्ने ठाउँबाट मनोशिलातलमा गई पछि आफू बस्ने कञ्चनगुफामा गयो । उनीहरूले उसको हातमा त्यो फूल (पारीजात) देखेर मागे ।

यो कुरा प्रकटपार्दै शास्ताले यी गाथाहरू भन्नुभएको हो ।

१. "नगुत्तमे गिरिवरे गन्धमादने,
मोदन्ति ता देववराभिपालिता ।
अथागमा इसिवरो सब्बलोकगू,
सुपुप्फितं दुमवरसाखमादिय ॥

२. "सुचिं सुगन्धं तिदसेहि सक्कतं,
पुप्फुत्तमं अमरवरेहि सेवितं ।
अलद्धमच्चेहि वा दानवेहिवा,
अञ्ञत्र देवेहि तदारहं हिदं ॥

३. "ततो चतस्सो कनकत्तचूपमा,
उट्ठाय नारियो पमदाधिपा मुनिं ।

आसाच सद्धाच ततो सिरी हिरि,
इच्चब्रवुं नारददेवब्राह्मणं ॥

४. "सचे अनुद्दिट्ठं तया महामुनि,
पुप्फं इमं पारिच्छत्तस्स ब्रह्मे ।
ददाहि नो सब्बगति ते इज्झतु,
त्वम्पि नो होहि यथेव वासवो ॥

५. "तं याचमानाभिसमेक्ख नारदो,
इच्चब्रवी संकलहं उदीरयी ।
न मय्हमत्थत्थि इमेहि कोचिनं,
या येव वो सेय्यसि सा पिलय्हथा'ति ॥"

अर्थ—

१–"शक्रद्वारा पालित ती देवकन्याहरू त्यो उत्तम श्रेष्ठ गन्धमादान पर्वतमा आई आनन्द मनाउँदै थिए । अनि देवमनुष्यलोक सबै ठाउँमा जानसक्ने श्रेष्ठ ऋषि श्रेष्ठ वृक्षको सुपुष्पित फूलको हाँगा लिएर आयो ।

२–"पवित्र सुगन्धित देवताहरूद्वारा सत्कृत शक्रद्वारा सेवित देवताहरूले बाहेक मनुष्यहरूले वा दानवहरूले पाउन नसक्ने फूल लिएर आयो ।

३–" अनि ती सुवर्णमया आशा, श्रद्धा, श्री र हिरि (=ह्री) चारैजना नारीहरू उठी उनीहरूले ब्राह्मण नारददेवसँग यस्तो भने—

४–" हे महामुनि ब्रह्मे ! यदि कसैलाई दिने संकल्प गरेका छौ भने त्यो पारिच्छत्त फूल (=पारीजात) हामीलाई देऊ। तिम्रो सबै इच्छा पूर्ण हुन्। हाम्रा पिताले हामीहरूलाई चाहेको वस्तु दिने झैं तिमीले पनि देऊ।

५–" त्यो फूल मागेको देखेर नारद भन्दछ—यो कुरा कलहको कारण हो। यसको मलाई जरूरत छैन। अतः तिमीहरूमध्ये जो जेष्ठ-श्रेष्ठ छौ उसैले धारण गर।"

उसको कुरा सुनेर ती चारैजनाले गाथा भने—

"त्वं नोत्तमोवाभिसमेक्ख नारद,
यस्सिच्छसि तस्सं अनुप्पवेच्छसु।
यस्सा हि नो नारद त्वं पदस्ससि,
सायेव नो होहिति सेट्ठसम्मता'ति॥"

अर्थ—

" हे नारद ! हामीमध्ये जसलाई श्रेष्ठ ठान्दछौ उसैलाई तिमीले देऊ। हे नारद ! जसलाई तिमीले दिनेछौ उही हामीमध्ये श्रेष्ठ हुनेछ।"

उनीहरूको कुरा सुनी नारदले सम्बोधन गर्द यो गाथा भन्यो—

"अकल्लमेतं वचनं सुगत्ते,
को ब्राह्मणो को कलहं उदीरये ।
गन्त्वान भूताधिपमेव पुच्छथ,
सचे न जानाथ इधुत्तमा धम'न्ति ।।"

अर्थ—

" हे सुगात्रे ! यो तिमीहरुको भनाई ठीक छैन । कुन ब्राह्मणले कलह ल्याउँछ र ? अतः यदि तिमीहरू आफ्नो उच्च र नीचतालाई जान्दैनौ भने आफ्नो पिता शक्रसँगै गएर सोध ।

त्यसपछि शास्ताले गाथा भन्नुभयो—

"ता नारदेन परमप्पकोपिता,
उदीरिता वण्णमदेन मत्ता ।
सकासे गन्त्वान सहस्सचक्खुनो,
पुच्छिसु भूताधिपं कानु सेय्यसी'ति ।।"

अर्थ—

"नारदद्वारा यसरी उत्तेजित पारेपछि वर्ण-मदले मत्त भएका ती कन्याहरू सहस्र-नेत्र भएका शक्रकहाँ गई—हामीहरूमध्येमा को श्रेष्ठ छ ? भनी सोधे ।"

यसरी सोधो उभिइरहेका उनीहरूलाई—

"ता दिस्वा आयत्तमना पुरिन्ददो,
इच्चब्रवी देववरो कतञ्जली ।
सब्बाव वो होथ सुगत्ते सादिसी,
को नेव भद्दे कलहं उदीरयी'ति ।।"

अर्थ—

"उनीहरूलाई देखेर उत्सुक मन लिएका कृताञ्जलि शक्र देवेन्द्रले यस्तो भने – हे सुगात्रे ! तिमीहरू सबै समानछौ; हे भद्रे ! कसले कलह निकाल्ने छ र ?"

अनि उनीहरूले भने –

"यो सब्बलोकं चरको महामुनि,
धम्मे ठितो नारदो सच्चनिक्कम्मो ।
सो नो ब्रवी गिरिवरे गन्धमादाने,
गन्त्वान भूताधिपमेव पुच्छथ,
सचे न जानाथ इधुत्तमाधम'न्ति ।।"

अर्थ—

"सबै लोकमा विचरण गर्ने, धर्ममा बस्ने र सत्यवादी महामुनि नारद गन्धमादान उत्तम पर्वतमा बसी यसो भन्दछन् — यदि तिमीहरू को श्रेष्ठ र को अ-श्रेष्ठ छ भन्ने कुरा जान्दैनौ भने शक्र देवेन्द्रकहाँ गई सोध ।"

यो सुनेर शक्रले सोचे कि यी चारैजना मेरा छोरीहरू हुन् । यदि मैले यिनीहरूमध्येमा फलानी गुणसम्पन्ना छे भनी भनें भने बाँकी अरूहरू रिसाउनेछन् । यो झगडा म छिन्न सक्दिन । यिनीहरूलाई हिमालयमा बसिरहेको कोसिय तापसकहाँ पठाउनेछु । उसले यिनीहरूको यो झगडा छिनिदिने छ भन्ने ठानी "म तिमीहरूको झगडा छिन्न चाहन्न । हिमालयमा कोसिय भन्ने तापस छ । उसकहाँ आफ्नो सुधाभोजन म पठाउनेछु । अर्कालाई नदिइकन उ भोजन गर्दैन । दिंदाखेरि पनि गुण विचार गरेर नै दिन्छ । तिमीहरूमध्ये जसले उसको हातबाट भोजन पाउनेछौ उही श्रेष्ठ हुनेछ" भन्दै यो गाथा भने —

"असु ब्रह्मारञ्ञचरो महामुनि,
नादत्वा भत्तं वरगत्ते भुञ्जति ।
विचेय्य दानादि ददाति कोसियो,
यस्सा हि सो दस्सति साव सेय्यसी'ति ।।"

अर्थ—

"महा अरण्यमा बस्ने महामुनि छ । कसैलाई नदिइकन उ खाँदैन । कोसियले विचार गरी छानेर असललाई दानदिन्छ । जसलाई उसले दिनेछ उही श्रेष्ठ भनी सम्झ ।"

यसरी उनीहरूलाई तापसकहाँ पठाई मातलीलाई बोलाउन लगाई उसकहाँ पठाउँदै अर्को गाथा भने—

"असूहि यो सम्मति दक्खिणं दिसं,
गङ्गाय तीरे हिमवन्तपस्मनि ।
स कोसियो दुल्लभपाणभोजनो,
तस्स सुधं पापय देवसारथी'ति ।।"

अर्थ—

"फलाना गङ्गाको तीरमा हिमालयको दक्षिणतिर बस्ने कोसिय तापसलाई पान-भोजन दुर्लभ छ । अतः हे देवसारथी ! उसकहाँ सुधाभोजन पुऱ्याऊ ।"

त्यसपछि शास्ताले भन्नुभयो—

"स मातली देववरेन पेसितो,
सहस्सयुत्तं अभिरुय्ह सन्दनं ।
स खिप्पमेव उपगम्म अस्समं,
अदिस्समानो मुनिनो सुधं अदा'ति ।।"

अथ—

"शक्र देवेन्द्रद्वारा पठाइएको सो मातली सहस्र घोडाले युक्त रथमा बसी तुरन्तं आश्रममा आई आफूलाई नदेखने गरी उसले तावसलाई सुधाभोजन दियो ।"

कोसियले त्यो लिएर उभिइएर नै दुइवटा गाथा भन्यो—

१. "उदग्गिहुत्तं उपतिट्ठतो हि मे,
पभङ्करं लोकतमोनुदुत्तमं ।
सब्बानि भूतानि अतिच्च वासवो,
कोनेव मे पाणिसु किं सुधोदहि ।।

२. "सङ्खूपमं सेतमतुल्यदस्सनं,
सुचिं सुगन्धं पियरूपमब्भुतं ।
अदिट्ठपुब्बं मम जातचक्खुहि
का देवता पाणिसु किं सुधोदही'ति ।।"

अर्थ—

१–"अग्निहोत्र गरिसकेर लोकको अन्धकारलाई विनाशपार्ने उत्तम सूर्यको उपासनागरिरहेको बेलामा सबै प्राणीहरूलाई अतिक्रमण गरी मेरो हातमा कसले सुधाभोजन राखिदियो ? शक्र त होइन ?

२–"शंख जस्तै सेतो, अतुल्य दर्शनीय, शुद्ध, सुगन्धित, प्रियरूप, अद्‌भुत तथा मैले कहिल्यै यो आँखाले नदेखेको यो सुधाभोजन कुन देवताले मेरो हातमा राखिदियो ?"

त्यसपछि मातलीले भन्यो—

१. "अहं महिन्देन महेसि पेसितो,
सुधाभिहासिं तुरितो महामुनि ।
जानासि नं मातलि देवसारथि,
भुञ्जस्सु भत्तुत्तमं मा विचारयि ।।

२. "भुत्ता च सा द्वादस हन्ति पापके,
खुदं पिपासं अरतिं दरक्लमं।
कोधूपनाहञ्च विवाद पेसुणं,
सीतुण्हतन्दिञ्च रसुत्तमं इदंन्ति ।।"

अर्थ—

१–"हे महामुनि ! म महेन्द्रद्वारा पठाइएको हुँ। मैले तुरन्तै सुधाभोजन ल्याएँ। मलाई देवसारथी मातली भनी जान। अरू केही विचार नगरी यो उत्तम भोजन खाऊ।

२–"यो उत्तम रस भएको सुधाभोजन गर्नाले बाह्र (१२) वटा खराबीलाई हटाइदिन्छ। जस्तै—क्षुधालाई, प्यासलाई, उत्कण्ठालाई, शारीरिक पीडालाई, थकावटलाई, क्रोधलाई, बैरभावलाई, विवादलाई, पैशुन्यतालाई, ठण्डीलाई, गर्मीलाई र अल्छीपनलाई।"

यो सुनेर आफ्नो व्रतको बारेमा कोसियले प्रकाशपार्दै गाथा भन्यो—

"न कप्पति मातलि मय्ह भुञ्जितुं,
पुब्बे अदत्वा इति मे वतुत्तमं।
न चापि एकासनमरियपूजितं,
असं विभागीच सुखं न विन्दती'ति ।।"

अर्थ—

"मातली ! खानुभन्दा अघि कसैलाई नदिइकन म खान्न—यो मेरो उत्तम व्रत हो। एक्लै भोजन गर्नें आर्य-प्रशंसित हुन्न। दान नदिई खानेलाई सुखलाभ हुन्न।"

"भन्ते ! अरूलाई नदिइकन खानमा के दोष देखेर तपाइले यो व्रत पालन गर्नुभएको हो ?" भनी मातलीले सोधेपछि उसले भन्यो—

१. "थीघातका येचिमे पारदारिका,
मित्तद्दनो येच सपन्ति सुब्बते।
सब्बेच ते मच्छरियञ्चमाधमा,
तस्मा अदत्वा उदकम्पि नास्मिये ।।

२. "यो हित्थिया वा पुरिसस्स वा पन,
दस्सामि दानं विदु सम्पवण्णितं।
सद्धा वदञ्ञू इध वीतमच्छरा,
भवन्ति हेते सुचिसम्मसम्मता'ति ।।"

अर्थ—

१—"स्त्रीघात गर्नु, परदार गमन गर्नु, मित्रद्रोह गर्नु, धार्मिक श्रमण ब्राह्मणलाई गालिगर्नु र पाँचौ कंजूस हुनु—यी सबै अधर्म हुन्। त्यसैले नदिइकन म पानी पनि पिउन्न।

२–"स्त्रीलाई वा पुरुषलाई विज्ञद्वारा प्रशंसित दान दिन्छु। यसो गर्नाले श्रद्धा हुन्छ, भनेको कुरा जान्ने हुन्छ र कंजूसपनलाई हटाउँछ अनि यही नै पवित्र र सत्ययुक्त हुन्छ।"

यति सुनेर देख्ने गरी मातली एक ठाउँमा उभियो। त्यसबखत ती चारवटी देवकन्याहरू पनि चारदिशामा उभिइरहे। श्री पूर्वदिशामा उभिई, आशा दक्षिणदिशामा उभिई, श्रद्धा पश्चिमदिशामा उभिई र हिरी (=ह्री) उत्तरदिशामा उभिई। यो कुरा प्रकाशपार्दै शास्ताले भन्नुभयो—

१. "अतो मुता देववरेन पेसिता,
कञ्ञा चतस्सो कनकत्तचूपमा।
आसा च सद्धा सिरी ततो हिरी,
तं अस्समं आगमुं यत्थ कोसियो॥

२. "ता दिस्वा सब्बो परमप्पमोदितो,
सुभेन वण्णेन सिखारिवग्गिनो।
कञ्ञा चतस्सो चतुरो चतुद्दिसा,
इच्चब्रवी मातलिनो च सम्मुखा॥

३. "पुरिमं दिसं का त्वं पभासि देवते,
अलङ्कता तारवराव ओसधी।
पुच्छामि तं कञ्चनवेल्लिविग्गहे,
आचिक्ख मे त्वं कतमासि देवता॥

४. "सिराहं देवी मनुजेसु पूजिता,
अपापसत्तूपनिसेवनी सदा ।
सुधाविवादेन तवन्तिमागता,
तं मं सुधाय वरपञ्ञ भाजय ।।

५. "यस्साहं इच्छामि सुखं महामुनि,
स सब्बकामेहि नरो पमोदति ।
सिरीति मं जानाहि जूहतुत्तम,
तं मं सुधाय वरपञ्ञ भाजया'ति ।।"

अर्थ—

१–"देवेन्द्रद्वारा त्यहांबाट पठाइएपछि सुवर्णवर्णी आशा, श्रद्धा, श्री र हिरी चारवटी देवकन्याहरू कोसिय बसिरहेको आश्रममा आए ।

२–"अग्निशिखा जस्तै सुवर्णवर्णी भई ती चारवटी कन्याहरूलाई चारै दिशामा देखेर अति प्रसन्न भई कोसियले मातलीको अगाडि यस्तो भन्यो—

३–"अलंकृत भई ताराहरूमध्ये उत्तम ओसधि ताराले झैं प्रकाशपार्दै पूर्वदिशामा बस्ने कञ्चन शरीर भएकी तिमीसँग सोध्दछु कि तिमी कुन देवी हौ ?

४–"म मनुष्यहरूमा पूजिता 'श्री' देवी हुं । म सँधै निष्पापी

पुरुषहरूकहाँ रहन्छु । सुधाभोजनको विवादले म तिमीकहाँ आएकी हुँ । हे श्रेष्ठ-प्राज्ञ ! त्यो सुधाभोजन मलाई देऊ ।

५–"हे महामुनि ! जुन पुरुषको म सुख चाहन्छु त्यो पुरुष सबै कामनाद्वारा आनन्दित हुन्छ । हे श्रेष्ठ-प्राज्ञ ! 'श्री' भनी मलाई जानी सुधाभोजन देऊ ।"

यो सुनेर कोसियले भन्यो—

१. "सिप्पेन विज्जाचरणेन बुद्धिया,
नरा उपेता पगुणा सकम्मना ।
तया विहीना न लभन्ति किञ्चनं,
तयिदं न साधु यदिदं तया कतं ।।

२. "पस्सामि पोसं अलसं महग्घसं,
सुदुक्कुलीनम्पि अरूपिमं नरं ।
तयानुगुत्तो सिरि जातिमं अपि,
पेसेति दासं विय भोगवा सुखी ।।

३. "तं तं असच्चं अविभज्जसेविनिं,
जानामि मूल्हं विदुरानुपातिनिं ।
न तादिसी अरहति आसनूदकं,
कुतो सुधा गच्छ न मय्ह रुच्चसी'ति ।।"

अर्थ –

१–"मानिसहरू आफ्नो शिल्प, विद्या र आचरणद्वारा आफ्नो काममा दक्ष भएर पनि तिमी विना केही पाउन सक्दैनन् । यो तिम्रो राम्रो काम होइन जो तिमी यस्तो गर्छ्यौ ।

२–"म यहाँ देख्दछु कि तिम्रो अनुग्रहले अल्छी, धेरै खाने, बडो खराब कुलको कुरूप पुरुषलाई पनि भोगसम्पन्न सुखी बनाई जातिसम्पन्न मेहनती पुरुषलाई भने दास समान बनाउँछ्यौ ।

३–"हे अविवेकपूर्ण असत्यमा बस्ने ! यो तिम्रो मूढता हो । हे पण्डितहरूलाई खसाल्ने ! तिमी जस्तोलाई आसन र पानी पनि दिन योग्य छैन भने कहाँको सुधाभोजन ! जाऊ, तिमीलाई म रुचाउँदिन ।"

उ उहीं अन्तर्धान भई । त्यसपछि आशासँग कुरा गर्दै भन्यो—

१. "का सुक्कदाठा पटिमुत्तकुण्डला,
चित्तङ्गदा कम्बुविमट्ठधारिणी ।
ओसित्तवण्णं परिदय्ह सोभसि,
कुसग्गिरत्तं अपिलय्ह मञ्जरिं ।।

२. "मिगीव भन्ता सरचापधारिना,
विराधिता मन्दमिव उदिक्खसि ।
को ते दुतियो इध मन्दलोचने,
न भायसि एकिका कानने वने'ति ।।"

अर्थ—

१–"हे सेता दाँत भएकी ! हे कुण्डल धारण गरेकी ! हे विचित्र अंग भएकी ! हे सुवर्ण अलंकार धारण गरेको ! हे दिव्यवस्त्र धारण गरी सुन्दरी भएकी ! हे कुशाग्नि जस्तै रातो मञ्जरी धारण गरेको !

२–"धनुष वाँण लिएको व्याधाद्वारा हानेकी मृगी जस्ती मन्दलोचनले हेर्ने ! तिम्रो यहाँ दोश्रो को छ ? यस्तो जंगलमा एक्लै तिमी डराउँदिनौ ?"

त्यसपछि उ भन्छे—

"न मे दुतियो इधमत्थि कोसिय,
मसक्कसारप्पभवम्हि देवता ।
आसा सुधासाय तवन्तिमागता,
तं मं सुधाय वरपञ्ञ भाजया'ति ।।"

अर्थ—

"हे कोसिय ! यहाँ मेरो कोही छैन । म त्रयस्त्रिंश भवनमा जन्मेकी देवी हुँ । म सुधाभोजनको आशा लिएर तिमीकहाँ आएको हुँ । हे श्रेष्ठ-प्राज्ञ ! मलाई सुधाभोजन देऊ ।"

यो सुनेर कोसिय भन्दछ—"तिमी चाहिं जसलाई रुचाउँछयौ उसलाई आशाको फल सफलपारिदिन्छयौ । जसलाई तिमी रुचाउँदिनौ

उसलाई दियो । तिमी जस्तो इच्छा गरेको काम विनाशवान् अरू छैनन्" भन्ने कुरा प्रकाशपार्दै भन्यो —

१. "आसाय यन्ति वणिजा धनेसिना,
नावं समारुय्ह परेन्ति अण्णवे ।
ते तत्थ सीदन्ति अथोपि एकदा,
जीनाधना एन्ति विनट्ठपाभता ॥

२. "आसाय खेत्तानि कसन्ति कस्सका,
वपन्ति बीजानि करोन्तुपायसो ।
ईतीनिपातेन अवुट्ठिकाय वा,
न किञ्चि विन्दति ततो फलागमं ॥

३. "अथत्तकारानि करोन्ति भत्तुसु,
आसं पुरक्खत्वा नरा सुखेसिनो ।
ते भत्तुरत्था अतिगाल्हिता पुन,
दिसा पनस्सन्ति अलद्ध किञ्चनं ॥

४. "जहित्वा धञ्ञञ्च धनञ्च ञातके,
आसाय सग्गाधिमना सुखेसिनो ।
तपन्ति लूखम्पि तपं चिरन्तं,
कुम्मग्गमारुय्ह परेन्ति दुग्गतिं ॥

५. "आसाविसंवादिकसम्मता इमे,
आसे सुधासं विनयस्सु अत्तनि ।
न तादिसी अरहति आसनूदकं,
कुतो सुधा गच्छ न मय्ह रुच्चसी'ति ॥"

अर्थ —

१–"धनको खोजिगरी आशा लिएर व्यापारीहरू नौका चढेर समुद्रपारी पनि जान्छन् । कहिलेकाहिं उनीहरू समुद्रमा डुब्छन् पनि । धन विनाशभई उनीहरू विनष्ट भएर आउँछन् ।

२–"आशा लिएर नै किसानहरू खेत जोत्छन्, उपाय गरी बिऊ रोप्छन् । अनावृष्टिले गर्दा वा धानमा रोग लाग्नाले त्यसबाट उनीहरूले केही फल पाउँन सक्दैनन् ।

३–"सुखकामी मानिसहरू आशा लिएर नै युद्धमा आफ्नो मालिकको सेवा गर्छन् । स्वामीकोनिमित्त मरिमेटी कामगर्ने उनीहरू युद्धद्वारा पीडित भई केही नपाई यताउता भागेर जान्छन् ।

४–"स्वर्गको इच्छागर्ने सुखकामी मानिसहरू धनधान्य र ज्ञातिबन्धुहरूलाई त्यागी रुक्ष जीवन बिताई चिरकालसम्म तपस्या गर्छन् । तर कुमार्गमालागी दुर्गतिमा पुग्छन् ।

५–"हे आशे ! तिमी कूठवादी ह्वौ । हे आशे ! सुधाभोजनको आशालाई छाडिदेऊ । त्यस्तालाई आसन र पानी त दिन योग्य छैन भने कहाँबाट सुधाभोजन ! जाऊ, तिमीलाई म रुचाउँदिन ।"

उसले प्रतिक्षेप गरेपछि उ पनि उहीं अन्तर्धान भई । त्यसपछि श्रद्धासँग कुरा गर्दै गाथा भन्यो—

"दद्दल्लमाना यससा यसस्सिनी,
जिघञ्ञनामव्हयनं दिसं पति ।
पुच्छामि तं कञ्चनवेल्लिविग्गहे,
आचिक्ख मे त्वं कतमासि देवता'ति ।।"

अर्थ—

"हे यशले यशस्विनी भई तेजिली भएकी ! हे दिशामा उभिइएकी तिरस्कृत नाम भएकी ! हे स्वर्णवर्णी ! तिमीसँग म सोध्दछु कि तिमी कुनचाहिं देवी हौ ?"

त्यसपछि उसले गाथा भनी—

"सद्धाहं देवी मनुजेसु पूजिता,
अपापसत्तूपनिसेविनी सदा ।
सुधाविवादेन तवन्तिमागता,
तं मं सुधाय वरपञ्ञ भाजया'ति ।।"

अर्थ—

"म मनुष्यहरूमा पूजिता 'श्रद्धा' भन्ने देवी हुँ । म सँधै निष्पापी पुरुषहरूको साथमा बस्छु । सुधाभोजनको विवादको कारणले म तिमी कहाँ आएकी हुँ । हे श्रेष्ठ-प्राज्ञ ! मलाई सुधाभोजन देऊ ।"

भनि कोसियले जसको वचन भए पनि विश्वासगरी तदनुसार काम गर्दा कर्तव्यभन्दा पनि धेरैजसो अकर्तव्य नै प्राणीहरू गर्छन् । त्यो जस्तै तिमीले नै गराएकी ह्वौ" भनी यसो भन्यो—

१. "दानं दमं चागमथोपि संयमं,
आदाय सद्धाय करोन्ति हेकदा ।
थेय्यं मुसाकूटमथोपि पेसुणं,
करोन्ति हेके पुन विच्चुता तया ।।

२. "भरियासु पोसो सदिसीसुपेक्खवा,
सीलूपपन्नासु पतिब्बतासु ।
विनेत्वा छन्दं कुलधीतियासुपि,
करोति सद्धं पन कुम्भदासिया ।।

३. "त्वमेव सद्धे परदारसेविनी,
पापं करोसि कुसलम्पि रिञ्चसि ।
न तादिसी अरहसि आसनूदकं,
कुतो सुधा गच्छ न मय्ह रुच्चसी'ति ।।"

अर्थ—

१—"कहिले काँहि मानिस श्रद्धाको कारणले दान, दम, त्याग र संयम गर्छन् । फेरि कहिले काँहि तिम्रो कारणले चोरी, मृषा, छलकपट र चुक्ली पनि गर्छन् ।

२–"आफू जस्तै समान कुलको भार्याप्रति आशा भएर पनि, शीलवती पतिव्रता हुँदा पनि कुम्भदासीको कुरा सुनी कुलकुमारी प्रतिको प्रेमलाई छाडी अरूलाई सेवन गर्छन् ।

३–"हे श्रद्धे ! तिमी नै परदारगमन गर्ने ह्वौ । कुशलतालाई छाडेर अकुशलता पनि गर्छचौ । त्यस्तालाई आसन र पानी त दिन योग्य छैन भने कहाँको सुधाभोजन ! जाऊ, म तिमीलाई रुचाउँदिन ।"

उ उहीं अन्तर्धान भई । कोसियले पनि उत्तरदिशातिर उभिइरहेकी 'हिरी' सँग कुरागर्दै दुइवटा गाथा भन्यो—

१. "जिघञ्ञरत्ति अरुणस्मि ऊहते,
या दिस्सति उत्तमरूपवण्णिनी ।
तथूपमा मं पटिभासि देवते,
आचिक्ख मे त्वं कतमासि अच्छरा ।

२. "काला निदाघेरिव अग्गजातिव,
अनिलेरिता लोहितपत्तमालिनी ।
का तिट्ठसि मन्दमिवावलोकयं,
भासेसमानाव गिरिं न मुञ्चसी'ति ।।"

अर्थ—

१–"हे देवी ! रातको अन्त्यको अरुणोदय समयमा जो उत्तम रूप धारिणी 'उषा' देखिने हो मलाई तिमी त्यस्तै लाग्दछचौ । भन, तिमी कुनचाहिं अप्सरा ह्वौ ?

२–" गर्मीको याममा कालोमेघ जस्तै नयाँ खेतमा पलाएको फल जस्तै बतासले चलिरहेको रक्तवर्ण लता जस्तै मन्द मन्द हेरी उभिइरहेकी तिमी कोह्वौ ? लाग्छ कि तिमी मसँग बोल्न चाहन्छयौ, तर केही बोल्दिनौ ।"

त्यसपछि उ भन्छे—

"हिराहं देवी मनुजेसु पूजिता,
अपापसत्तूपनिसेविनी सदा ।
सुधा विवादेन तवन्तिमागता,
सा तं न सक्कोमि सुधम्पि याचितुं,
कोपीनरूपा विय याचनित्थिया'ति ॥"

अर्थ—

"म मानिसहरूमा पूजिता 'हिरी' (=ह्री) भन्ने देवी हुं । निष्पापी मानिसहरूसंग म संधै बस्छु । सुधाभोजनको विवादको कारणले म तिमीकहाँ आएकी हुँ । तैपनि म सुधाभोजन माग्न सक्दिन किनकि माग्नु भनेको आइमाईहरूकोनिमित्त लाजले मर्नु जस्तै हो ।"

यो सुनेर तापसले दुइवटा गाथा भन्यो—

१. "धम्मेन ञायेन सुगत्ते लच्छसि,
एसो हि धम्मो नहि याचना सुधा ।

तं तं अयाचन्तिमहं निमन्तये,
सुधाय यम्पिच्छसि तम्पि दम्मि ते ।।

२. "सा त्वं मया अज्ज सकम्हि अस्समे,
निमन्तिता कञ्चनवेल्लिविग्गहे ।
तुवं हि मे सब्बरसेहि पूजिया,
तं पूजयित्वान सुधम्पि अस्मिये'ति ।।"

अर्थ—

१—"हे सुगात्रे! धर्मपूर्वक र न्यायपूर्वक तिमीले नै पाउनेछ्यौ। सुधाभोजन नमाग्नुनै धर्म हो। अतः म तिमीलाई निम्त्याउँछु, सुधाभोजन मात्र होइन अरू पनि जो तिमी चाहन्छ्यौ दिनेछु।

२—"हे कञ्चनवर्ण शरीर भएकी! आज तिमीलाई मेरो आश्रममा निम्त्याउँछु। सुधाभोजन मात्र होइन अरू रसहरूले पनि तिमीलाई पूजा गर्छु। यदि बाँकी रहेको खण्डमा म पनि सुधाभोजन गर्नेछु।"

त्यसपछि यो अभिसम्बुद्ध गाथा हो—

१. "सा कोसियेनानुमता जुतीमता,
अद्धा हिरि रम्मं पाविसियस्समं।
उदञ्ञवन्तं फलमरियपूजितं,
अपापसत्तूपनिसेवितं सदा ।।

२. "रुक्खग्गहणा बहुकेत्थ पुप्फिता,
अम्बा पियाला पनसा च किंसुका।
सोभञ्जना लोद्दमथोपि पद्मका,
केका च भङ्गा तिलका च पुप्फिता ।।

३. "साला करेरी बहुकेत्थजम्बुयो,
अस्सत्थनिग्रोधमधूकवेतसा ।
उद्दालका पाटलिसिन्धुवारिता,
मनुञ्ञगन्धा मुचलिन्दकेतका ।।

४. "हरेणुका वेलुका वेणुतिन्दुका,
सामाकनीवारमथोपि चीनका ।
मोचा कदली बहुकेत्थसालियो,
पवीहयो आभुजिनो पि तण्डुला ।।

५. "तस्स च उत्तरे पस्से जाता पोक्खरणी सिवा ।
अकक्कसा अपब्भारा साधु अप्पटिगन्धिया ।।

६. "तत्थ मच्छा सन्निरता खेमिनो बहुभोजना ।
सिङ्गू सवङ्का सकुला सतवङ्का च रोहिता ।
आलिगग्गरकाकिण्णा पाठीना काकमच्छका ।।

७. "तत्थ पक्खी सन्निरता खेमिनो बहुभोजना ।
हंसा कोञ्चा मयूरा च चक्कवाका च कुक्कुहा ।
कुणालका बहुचित्रा सिखण्डो जीवञ्जिवका ।।

८. "तत्थ पाणयमायन्ति नानामिगगणा बहू ।
सीहा व्यग्घा वराहा च अच्छकोकतरच्छयो ।।

९. "पलासादा च गवजा महिसा रोहिता रुरू ।
एणेय्य च वराहा च गणिनो निङ्कसूकरा ।।

१०. "कदलिमिगा बहूचेत्थ बिलारा ससकण्णका ।
छमागिरी पुप्फ विचित्र सन्थता ।
दिजाभिघुट्ठा दिजसङ्घसेविता'ति ।।"

अर्थ—

१–"कोसियको आज्ञा पाई तेजिली शरीर भएकी उ पानी सुसम्पन्न भएको, अनेक फलहरू भएको, आर्यहरूद्वारा प्रशंसित र निष्पाप मनुष्यहरूद्वारा सेवित आश्रममा गईं ।

२–" त्यहाँ फलफूलहरू सुपुष्पित थिए र आँप, पियाल, कटहर, पलाँस, सोमञ्जन, लोद्द, पद्म, केका, भङ्गा र तिलका भन्ने रुखहरू पनि थिए ।

३–" त्यहाँ शाल, करेरी, धेरै जमुनाका रुखहरू, पीपल, वर, मधुक, वेतसा, उद्दालक, पाटलि, सिन्धुवारित, मनोरम सुगन्ध भएको मुचलिन्द र केतकका रुखहरू थिए ।

४–" त्यहाँ हरेणुका, वेलु, वेणुतिन्दुक, सामाक, नीवर, चीनक, मोच, केरा र धेरै प्रकारका धान्यवर्गहरू थिए ।

५–"त्यसको उत्तरतिर कर्कश नभएको, अभेद्य तट भएको सुगन्ध गन्धित राम्रो पोखरी थियो ।

६–"त्यो अभयप्राप्त पोखरीमा धेरै खानाको साथ धेरै माछाहरू थिए । जस्तै—सिंगु, सवङ्क, सकुला, सतवङ्क, रोहित, अलिग्गरक, काकिण्ण, पाठिना र काकमाछाहरू ।

७–"त्यहाँ अभयप्राप्त तथा धेरै भोजनप्राप्त चराहरू थिए । जस्तै—हंस, कन्याङ्कुरुङ्क, मयूर, चखेवा, कुकुह, कोइली, रंगविरंगी भालेमयूर र जीवंजीवकहरू ।

८–"त्यहाँ अनेक मृगगणहरू पानी पिउन आउँछन् । जस्तै—सिंह, बाघ, बनेल, भालु, कोक र तरच्छहरू ।

९–"त्यहाँ गैंडा, गवज, अर्ना, रोहित, रुरुमृग, एणीमृग, बनेल, गोकर्ण र निकसूगुरहरू—

१०–"त्यहाँ कदलिमृग, धेरै बिरालाहरू, ससकण्णक, ढुंगाका पर्वतहरू, विचित्र फूलहरू, मधुरस्वरले कराइरहेका चराहरू र चराहरूका स्थानहरू छन् ।"

यसरी भगवान्ले कोसियको आश्रमको वर्णना गर्नुभयो । अब 'हिरी' देवी त्यहाँ गएको आदि कारण देखाउनकोनिमित्त भन्नुभयो—

१. "सा सुत्तचा नीलदुमाभिलम्बिता,
विज्जु महामेघरिवानुपज्जथ ।

तस्सा सुसम्बन्धसिरं कुसामयं,
सुचिं सुगन्धं अजिनूपसेवितं ।
अत्रिच्छकोच्छं हिरिमेतदब्रवि,
निसीद कल्याण सुखयिदमासनं ।।

२. "तस्सा तदा कोच्छगताय कोसियो,
यदिच्छमानाय जटाजिना धरो ।
नवेहि पत्तेहि सयं सहूदकं,
सुधाभिहासी तुरितो महामुनि ।।

३. "सा तं पटिग्गय्ह उभोहि पाणिहि,
इच्चब्रवी अत्तमना जटाधरं ।
हन्दाहमेतरहि पूजिता तया,
गच्छेय्य ब्रम्हे तिदिवं जिताविनी ।।

४. "सा कोसियेनानुमता जुतीमता,
उदीरिता वण्णमदेन मत्ता ।
सकासे गन्त्वान सहस्सचक्खुनो,
अयं सुधा वासव देहि मे जयं ।।

५. "तमेन सक्कोपि तदा अपूजयि,
सहिन्दा च देवा सुरकञ्ञमुत्तमं ।
सा पञ्जली देवमनुस्सपूजिता,
नवम्हि कोच्छम्हि यदा उपाविसी'ति ।।"

अथ —

१–"नीलवृक्षको शाखा समाती, महामेघद्वारा आमन्त्रित विजुली जस्तै सुन्दर त्वचा भएकी उ वहाँ पुगी। अनि योग्य पवित्र कुशासनमाथि सुगन्धित मृगछाला विच्छ्याई 'हिरी' लाई कोसियले भन्यो —'हे कल्याणी! यो आसनमा सुखपूर्वक बस'।

२–'आसनमा बसेकी 'हिरी' को निमित्त जटाजिनधारी कोसिय महामुनिले दक्षिणोदकको साथ नयाँ पातमा स्वयं हतार हतार गरी सुधाभोजन लिएर आयो।

३–"अनि दुइहातले सन्तोषपूर्वक ग्रहण गरी उसले जटाधारी-लाई यस्तो भनी—अहिले तिमीद्वारा पूजित भएँ, हे ब्रह्म! अब म विजयी भई स्वर्गलोकमा जानेछु।

४–"अनि कोसियबाट अनुमति पाई सहस्रनेत्र शक्रकहाँ गई वर्णमदले मत्त भएकी उसले यस्तो भनी—'हे वासव! यो सुधाभोजन हो, अब मलाई 'जय' दिनुहोस्'।

५–"अनि शक्रले पनि देवताहरूसँगै सुरकन्यालाई पूजा गरे। जब उ नयाँ आसनमा बसी तब देवमनुष्यहरूले पनि पूजा गरे।"

यसरी उसको पूजा गरी शक्रले सोचनथाले—के कारणले कोसियले अरूलाई नदिई यसलाई सुधाभोजन दिएको होला? यो कारण जान्नकोनिमित्त उनले फेरि मातलीलाई पठाए। यसको अर्थ प्रकाशपार्दै शास्ताले भन्नुभयो—

"तमेव संसी पुनरेव मातलि,
सहस्सनेत्तो तिदसानमिन्दो ।
गन्त्वान वाक्यं मम ब्रूहि कोसियं,
आसाय सद्धाय सिरिया च कोसिय,
हिरी सुधं केन मलत्थ हेतुना'ति ।।"

अर्थ—

"सहस्रनेत्र भएका देवेन्द्रले फेरि मातलीलाई भने— कोसिय-कहाँ गई मेरो वचनले यसो भन—'हे कोसिय ! आशा, श्रद्धा र श्रीले नपाई 'हिरी' ले सुधाभोजन किन पाई' ?"

उनको वचन स्वीकार गरी उ वैजयन्त रथमा बसी गयो ।

त्यो अर्थ प्रकाशपार्दै शास्ताले भन्नुभयो—

१. "तं सुप्लवत्थं उदतारयी रथं,
दद्दल्लमानं उपकिरिय सादिसं ।
जम्बोनदीसं तपनेय्य सन्निभं,
अलङ्कतं कञ्चन चित्तसन्तिकं ।।

२. "सुवण्णचन्देथ बहू निपातिता,
हत्थि गवस्सा किकिव्यग्घदीपियो ।
एणेय्यका लङ्घीमयत्थ पक्खियो,
मिगेत्थ वेलुरियमया युधायुता ।।

३. "तत्थस्सराजहरयो अयोजयुं,
दस सतानि सुसुनाग सादिसे।
अलङ्कते कञ्चनजालुरच्छदे,
आवेलिने सद्दगमे असंहिते ।।

४. "तं यानसेट्ठं अभिरुय्ह मातली,
दसदिसा इमा अभिनादयित्थ।
नभञ्च सेलञ्च वनस्पतीनिच,
ससागरं पव्यथयित्थ मेदिनं ।।

५. "सखिप्पमेव उपगम्म असम्मं,
पावारमेकंसकतो कतञ्जलि।
बहुस्सुतं वद्धं विनीतवन्तं,
इञ्चब्रवी मातलि देवब्राह्मणं ।।

६. "इन्दस्स वाक्यं निसामेहि कोसिय,
दूतो अहं पुच्छति तं पुरिन्ददो।
आसाय सद्धा सिरियाच कोसिय,
हिरी सुधं केन मलत्थ हेतुना'ति ।।"

अर्थ —

१—"अनि सुखपूर्वक जानकोनिमित्त उसले काञ्चनमय सप्तरत्नले युक्त, सबै परिष्कारहरू भएको रथ हाक्न तयार गऱ्यो।

२–"त्यस रथमा धेरै सुवर्णमय चन्द्रमाहरू, हात्ती, गोरु, व्याघ्र, चितुवा, एणीमृगहरू तथा वैदुर्यमय पक्षीहरू थिए।

३–"त्यसमा एकहजार बलवान् हात्तीहरू जोतिएका थिए। आवाज दिनासाथ जान तयार थिए।

४–"त्यस्तो श्रेष्ठ यानमा बसी आकाश, पर्वत, जंगल, सागर आदि दशदिशा गुञ्जायमान गरी मातली गयो।

५–"उ चाँडै नै आश्रममा पुग्यो। अनि आफनो दिव्यवस्त्र एकांश गरी हातजोडी बहुश्रुत, गुण-वृद्ध, विनीतवान् देवब्राह्मणलाई मातलीले यस्तो भन्यो—

६–"हे कोसिय! इन्द्रको वचन सुन। म उनको दूत हुँ। इन्द्र सोध्दछन् कि आशा, श्रद्धा र श्री हुँदाहुँदै पनि किन 'हिरी' ले सुधाभोजन पाई?"

उसको वचन सुनी उसले गाथा भन्यो—

"अन्धा सिरी मं पटिभाति मातलि,
सद्धा अनिच्चा पन देवसारथि।
आसा विसंवादिकसम्मता हि मे,
हिरी च अरियम्हि गुणे पतिट्ठिता'ति॥"

अर्थ—

"हे मातली! मलाई लाग्छ कि 'श्री' भनेको अन्धो हो।

हे देवसारथी ! मलाई लाग्छ कि 'श्रद्धा' अनित्य हो। 'आशा' असत्यवादी सम्मत छे र 'हिरी' चाहिं आर्यधर्ममा प्रतिष्ठिता छे।"

अब उसको गुण वर्णनागर्दै भन्यो—

१. "कुमारियो याचिमा गोत्तरक्खिता,
जिण्णा च या या च सभत्तुइत्थियो।
ता छन्दरागं पुरिसेसु उग्गतं,
हिरिया निवारेन्ति सचित्तमत्तनो॥

२. "सङ्गामसीसे सरसत्तिसंयुते,
पराजितानं पततं पलायिनं।
हिरिया निवत्तन्ति जहित्वा जीवितं,
ते सम्पटिच्छन्ति पुनाहिरीमना॥

३. "वेला यथा सागरवेगवारिणी,
हिरायं हि पापजनं निवारणी।
तं सब्बलोके हिरिमरियपूजितं,
इन्दस्स नं वदेय्य देवसारथी'ति॥"

अर्थ—

१–"जो गोत्ररक्षिता कुमारी हो, जो विधवी हो, जो स-स्वामी स्त्री हो—यी सबैको मनमा जब रागचित्त उत्पन्न हुन्छ तब 'हिरी' ले नै त्यस चित्तलाई रोक्दछ।

२–' बाँण र विविध आयुधको बीच युद्धमा पराजित भई भागेर जान लागेको बेलामा 'हिरी' को कारणले नै ज्यान त्यागी फर्केर आफ्नो मालिकलाई बचाउँदछ।

३–" जस्तै समुद्रको तटले सागरको लहरलाई रोक्छ त्यस्तैगरी 'हिरी' ले पापबाट रोक्दछे। सर्व लोकमा आर्यजनद्वारा 'हिरी' पूजित छे। हे देवसारथी! यही कुरा इन्द्रलाई भनिदिनू।"

यो सुनेर मातलीले गाथा भन्यो—

"को ते इमं कोसिय दिट्ठिमोदहि,
ब्रह्मा महिन्दो अथवा पजापति।
हिरायं देवेसु हि सेट्ठसम्मता,
धीता महिन्दस्स महेसि जायथा'ति॥"

अर्थ—

"हे कोसिय! यस्तो विचार तिमीलाई कसले दियो? ब्रह्माले, महेन्द्रले अथवा प्रजापतिले? महेन्द्रकी छोरी 'हिरी' (=ह्री) ले तिमीबाट सुधाभोजन पाएदेखि उ देवताहरूको बीचमा श्रेष्ठ सम्मत भई।"

उसले यस्तो भन्दा भन्दै त्यसै क्षणमा कोसियको अन्तिम अवस्था आइपुग्यो। अनि मातलीले "हे कोसिय! तिम्रो आयु-संस्कार क्षीण भयो। दानकार्य पनि सम्पन्न भयो। अब मनुष्यलोकमा

बसेर के गर्छौ ? आऊ, देवलोकमा जाऔं !" भनी त्यहाँ लैजाने विचार गरी गाथा भन्यो—

"हन्देहिदानि तिदिवं समक्कम,
रथं समारुय्ह ममायितं इमं ।
इन्दोच तं इन्दसगोत्त कङ्खति,
अज्जेव त्वं इन्दसहव्यतं वजाति ।।"

अर्थ—

"हन्त ! आऊ, मैले ल्याएको यो सुन्दर रथमा बसी देवलोकमा जाऔं । तिम्रो पूर्वजन्मको सगोत्र इन्द्रले तिम्रो प्रतिक्षा गरिरहेका छन् । आज तिमीलाई इन्द्रको सहवासमा पुऱ्याउनेछु ।"

यसरी उसले कोसियसँग कुरा गरिरहेको बेलामा कोसिय च्युतभई औपपातिक देवपुत्र भई रथमा बस्यो । अनि मातलीले उसलाई शक्रकहाँ लग्यो । उसलाई देखेर प्रसन्नभई शक्रले आफ्नो छोरी 'हिरीदेवी' लाई उसको अग्रमहिषी बनाइदिए । उसको ऐश्वर्य महान थियो । यो अर्थ बुझनुभई 'श्रेष्ठ जनको कर्म यसप्रकार विशुद्ध हुन्छ' भन्नुहुँदै शास्ताले अन्तिम गाथा भन्नुभयो—

"एवं समिज्झन्ति अपापकम्मिनो,
अथो सुचिण्णस्स फलं न नस्सति ।
ये केचि मद्दक्खु सुधायभोजनं,
सब्बेव ते इन्दसहव्यतं गता'ति ।।"

अर्थ—

"यसरी निष्पापीको कर्म सफल हुन्छ। सुचिकर्म गर्नेको फल नाश हुँदैन। जसले सुधाभोजनको अनुमोदन गरे ती सबै पनि इन्द्रको सहवासमा पुगे।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई "भिक्षुहो! अहिले मात्र होइन अघि पनि अदानी भई ठूलो कंजूस भएको बेलामा मैले नै यसलाई दमन गरेको थिएँ" भनी जातक समाधान गर्नुभयो।

"त्यसबखत 'हिरी देवता' उत्पलवर्णा थिई र कोसिय चाँहि दानपति भिक्षु थियो। पञ्चशिख अनुरुद्ध, मातली आनन्द, सूर्य कश्यप, चन्द्र मौद्गल्यायन, नारद सारिपुत्र र शक्र चाँहि म नै थिएँ" भनी भन्नुभयो।

२६. सूकर जातक(१५३)

"चतुप्पदो अहं सम्मा'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बूढो स्थविरको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

एकदिन रातमा धर्मदेशना भइरहेको बेलामा शास्ता गन्ध-कुटीको द्वारसँगको मणिमय भर्‍याँङमा उभिई भिक्षुसंघलाई सुगतोवाद दिई गन्धकुटीमा भित्रिनुभयो । त्यसबेला तथागतलाई वन्दना गरी धर्मसेनापति आफ्नो परिवेणमा जानुभयो ।

महामौद्गल्यायन पनि परिवेणमा नै आउनु भई एकछिन विश्राम गरी स्थविरकहाँ गई प्रश्न सोध्नुभयो । आकाशमा चन्द्रमा प्रकट भए जस्तै गरी सोधे सोधेका प्रश्नहरूको उत्तर धर्मसेनापतिले दिनुभयो । चार परिषद् धर्मश्रवण गरी बसिरहे ।

---

१. जा. पा. I. पृ. ३४: सूकरजातकं, नं. १५३, अ. क. I–II. पृ. ३८६.

अनि त्यहाँ एक बूढो स्थविरले सोच्नथाल्यो—"यदि मैले यो परिषद्को बीचमा सारिपुत्रसँग गोलमाल गरी एक प्रश्न सोधें भने यो परिषदले मलाई 'बहुश्रुत रहेछ' भन्ने ठानी मेरो सत्कार र सम्मान गर्नेछ।" यति सोची परिषद्को बीचबाट उठी स्थविरकहाँ गई एक छेउमा उभिई "आवुसो! सारिपुत्र! हामी पनि तपाइसँग एउटा प्रश्न सोध्न चाहन्छौं। हामीलाई पनि समय दिनुहोस् र तपाइको निर्णय पनि दिनुहोस् भन्दै—"बाँढेको नै नबाँढिएको, निग्रह गरेको नै निग्रह नगरिएको र विशेषता नै अविशेषता हो ?" भनी सोध्यो।

उसलाई हेरेर स्थविरले "यो बूढो पनि छ र इच्छाको वशमा पनि छ, यो तुच्छ र केही जान्दैन" भन्ने सोची उसँग केही नबोली लज्जित भई पंखा[१] राखी आसनबाट ओर्ल्हीं परिवेणमा जानुभयो। महामौद्गल्यायन स्थविर पनि आफ्नो परिवेणमा नै जानुभयो। मानिसहरूले उठी "समात यो दुष्ट बूढोलाई! हामीलाई मधुर धर्मश्रवण गर्न दिएन" भनी उनीहरूले लखेटे। उ भागेर जाँदा विहारको छेउमा भाँचिएको फलेक भएको चर्पीबाट लडी गुहुमा लटपटिएर उठ्यो। उसलाई देखेर मानिसहरू घृणागर्न थाले र शास्ताकहाँ गए।

उनीहरूलाई देखेर शास्ताले "उपासकहो! केही? असमयमा आयौ नि ?" भनी सोध्नुभयो। उनीहरूले सो कुरा बताए।

---

१. त्यसबखत धर्मदेशना गर्दा हातमा पंखा लिने चलन थियो। आजकल पनि लंकामा यस्तै चलन छ।

शास्ताले "उपासकहो! अहिले मात्र यो बूढो फूलेर आफ्नो बल नजानी महाबलवान्संग झगडा गरेर गुहुमा लटपटिएको होइन अघि पनि यो फूलेर आफ्नो बल नजानी महाबलवान्संग झगडा गरेर गुहुमा लटपटिएको थियो" भनी भन्नुहुँदा उनीहरूले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा हिमालय प्रदेशको पर्वत गुफामा सिंह योनिमा जन्मेका **बोधिसत्व** वास बसे। त्यसको आसपासको एक तलाउको आश्रय लिई धेरै सुगुरहरू बसेका थिए। सोही तलाउको आश्रय लिई तपस्वीहरू पनि पर्णशालाहरूमा बस्दथे।

अनि एकदिन सिंहले भैंसी र हस्तिनीहरूमध्ये कुनै एकलाई मारी भरिपूर्ण मासु खाई तलाउमा ओर्ल्हीं पानी पिई उक्लिरहेको थियो। त्यसबखत एउटा मोटो सुगुर त्यो तलाउको आसपासमा चरिरहेको थियो। सिंहले उसलाई देखेर "अर्को दिनमा यसलाई खानुपर्छ, मलाई देखेर फेरि उ नआउन सक्छ" भनी उ नआउने डरले तलाउबाट माथि उक्लेर एक छेउ लागेर जान थाल्यो। सुगुरले देखेर "मलाई देखेर भयले नजिकमा आउन नसकी डरले यो भागेर जाँदैछ। आज यो सिंहसँग लड्नुपर्छ" भनी टाउको उठाई उसलाई लड्नको-निमित्त आह्वान गर्दै पहिलो गाथा भन्यो —

"चतुप्पदो अहं सम्म त्वम्पि सम्म चतुप्पदो ।
एहि सीह निवत्तस्सु किन्नु भीतो पलायसी'ति ॥"

अर्थ—

"हे सौम्य ! म पनि चौपाया हुँ र तिमी पनि चौपायाह्वौ । हे सिंह ! फर्केर आऊ, किन डराई भागेर जाँदैछौ ?"

उसको कुरा सुनी—"सौम्य सूगुर ! आज तिमीसँग युद्ध हुने छैन । आजको सातौं दिनमा यसै ठाउँमा युद्ध हुनेछ" भन्दै सिंह फर्केर गयो ।

"सिंहको साथ लड्नेछु" भनी सन्तोषभई यो खबर उसले आफ्ना नातेदारहरूलाई सुनायो ।

उसको कुरा सुनी उनीहरू भयभीत भई "अब तिमीले हामी सबैलाई विनाश गराउनेछौ । आफ्नो बललाई नजानी सिंहको साथ लड्न चाहन्छौ । सिंह आएर हामी सबैको ज्यान लिने छ । दुस्साहस काम नगर" भनी भने ।

अनि उ भयभीत भई "अब के गरुँ त ?" भनी सोच्यो ।

सूगुरहरूले "यो तपस्वीहरूको दिसा बस्ने ठाउँमा गई सातदिन-सम्म त्यो कुहेको गुहुमा तिम्रो शरीर लटपटाई, शरीर सुकाई सातौं दिनमा सीतको पानीले भिजाई सिंह आउनुभन्दा अगाडि नै आएर हावा बहने ठाउँ जानी हावा बहने ठाउँमा उभिएर बस । सुग्घर सफा

चाहने सिंहले तिम्रो शरीर सुँघी तिमीलाई विजयी बनाइ जानेछ" भनी भने ।

उस्तै गरी सातौं दिनमा उ त्यहां उभिइरह्यो । सिंहले उसको शरीरको दुर्गन्ध सुँघी गुहुले लटपटिएको भन्ने जानी "सौम्य सूगुर ! तिमीले राम्रै उपाय गन्यौ । यदि तिमी गुहुमा नलटपटिएको भए यहिं नै तिम्रो ज्यान लिने थिएँ । अब म तिम्रो शरीरलाई न मुखले टोक्न सक्छु, न त खुट्टाले प्रहार गर्न सक्छु; तिमीलाई नै विजयी बनाइदिन्छु" भन्दै दोश्रो गाथा भन्यो—

"असुचि पूतिलोमोसि दुग्गन्धो वासि सूकर ।
सचे युज्झितुकामोसि जयं सम्म ददामिते'ति ।।"

अर्थ—

"हे सूगुर ! तिम्रो रौं घृणायुक्त फोहर छ र तिम्रो शरीरबाट दुर्गन्ध आउँदै छ । हे सौम्य ! यदि तिमी युद्ध गर्न चाहन्छौ भने तिमीलाई नै विजयी बनाइदिनेछु ।"

यति भनी सिंह फर्केर आफ्नो खाना लिई तलाउमा पानी पिई पर्वतको गुफामा नै गयो ।

सूगुरले पनि "सिंहलाई मैले जितें" भनी आफ्ना नातेदारहरूलाई भन्यो । उनीहरू भयभीत भई अर्को कुनै दिनमा आई "सिंहले हामी

सबैको ज्यान लिनेछ" भन्ने विचारले भागेर अर्कै ठाउँमा गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

" त्यसबखत सूगुर हुने बूढो थियो र सिंह चाहिं म नै थिएँ " भनी भन्नुभयो ।

---

२७. चतुमट्ट जातक (१८७)

"उच्चे विटभिमारुय्हा'ति...१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बूढो भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

एकदिन दुइ अग्रश्रावकहरू परस्पर प्रश्नोत्तर गरी बसिरहेको बेलामा उनीहरूकहाँ गई तेश्रो पुरुष भई बसेर एक बूढो भिक्षुले "भन्ते! हामी पनि तपाइहरूसँग प्रश्न गर्नेछौं र तपाइहरूले पनि आफ्नो शंका लागेको कुरा हामीसँग सोध्नुहोस्" भनी भन्यो।

उ प्रति घृणा गरी स्थविरहरू उठेर गए। स्थविरहरूको धर्मकथा सुन्नकोनिमित्त भेलाभई बसिरहेको परिषद्को सभा भंग भएपछि परिषद् शास्ताकहाँ गयो। शास्ताले "किन असमयमा आएका हौ?" भनी सोध्नुभएपछि उक्त कुरा बतायो।

---

१. जा. पा. I. पृ. ४५: चतुमट्टजातकं, नं. १८७, अ. क. I–II. पृ. ४५१.

शास्ताले "भिक्षुहो ! अहिले मात्र यसमाथि घृणा गरी केही नबोली सारिपुत्र मौद्‌गल्यायनहरू उठेर गएका होइनन् अघि पनि गएका थिए" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व जंगलका वृक्षदेवता भएका थिए । दुइ हंस-बच्चाहरू चित्रकूट पर्वतबाट निस्की त्यो रुखमा बसेर गोचर खोजन जान्थे । फर्केर आउंदा पनि सोही रुखमै विश्राम गरी चित्रकूटमा जाने गर्थे । समय बित्दै गएपछि बोधिसत्वसँग उनीहरूको विश्वास भयो । अनि जांदा पनि आउँदा पनि परस्पर कुशलक्षेम कुरा गरी धर्मकथा सुनाएर जान्थे ।

एकदिन रुखको टुप्पोमा बसी बोधिसत्वसँग उनीहरूले कुरा गरिरहेको बेलामा त्यस रुखमनि उभिई ती हंस-बच्चाहरूसंग कुरागर्दै यौटा स्यालले पहिलो गाथा भन्यो—

"उच्चे विटभिमारुय्ह मन्तयव्हो रहोगता ।
नीचे ओरुय्ह मन्तव्हो मिगराजापि सोस्सती'ति ।।"

अर्थ—

"रुखमाथि बसी रहस्यमय रूपले कुरागर्दै छौ । तल आएर

कुरा गर ताकि मृगराजाले[1] पनि सुन्न पाउनेछ ।"

घृणा गरी हंस-बच्चाहरू उडेर चित्रकूटमा नै गए । उनीहरू गइसकेपछि स्याललाई बोधिसत्वले दोश्रो गाथा भने—

"यं सुपण्णो सुपण्णेन देवो देवेन मन्तये ।
किं तत्थ चतुमट्ठस्स विलं पविस जम्बुका'ति ॥"

अर्थ—

"चराले चरासँग र देवताले देवतासँग कुरा गरिरहेकोमा चारप्रकारको[2] दोष युक्त तँ स्याललाई के भयो र ? जा तँ प्वालभित्र पस् ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत बूढो भिक्षु स्याल थियो । दुइ हंस-बच्चाहरू सारिपुत्र र मौद्गल्यायन थिए । वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

१. आफूलाई नै लक्षगरी यहाँ 'मृगराजा' भनिएको हो ।

२. शरीर, जाति, स्वर तथा गुणलाई चारप्रकार भनिएको हो ।"

२८. कस्सपमन्दिय जातक (३१२)

"अपि कस्सप मन्दिया'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बूढो भिक्षुको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

कामविषयको दुष्परिणामलाई देखी शास्ताकहाँ प्रव्रजित भई कर्मस्थान (=ध्यान) मा लागेर चिरकाल नबित्दै श्रावस्तीवासी एक कुलपुत्र अरहत्वमा पुग्यो। पछि उसकी आमा मरी। अनि आमा मरेपछि उसले पितालाई र कान्छो भाइलाई प्रव्रजित गरायो र उनीहरू जेतवनमा बसे। वर्षावासको समय आएपछि चीवरादि प्रत्ययको सुलभता सुनेर एउटा गाउँको आवासमा गई तीनै जनाले त्यहीं वर्षावास गरे। वर्षावास सिद्धिएपछि जेतवनमै फर्के।

---

१. जा. पा. I. पृ. ९१: कस्सपमन्दियजातकं, नं. ३१२, अ. क. III. पृ. २६.

"श्रामणेर ! स्थविरलाई विश्राम गराउँदै विस्तारैसँग ल्याऊ। अगाडि गएर म चाहिं परिवेण सफा, सुग्घर गर्नेछु" भनी तरुण भिक्षु जेतवनमा गयो। बूढो भिक्षु विस्तारैसँग आउँदैथ्यो। अनि श्रामणेरले शोरले घचाडेको जस्तै गरी "भन्ते ! जाऊँ जाऊँ" भन्दै जबरजस्ती गरी हिंडाउदथ्यो। "आफ्नो अधीनमा राखी मलाई ल्याउँछौ" भनी फर्की थेर पुनः शुरुदेखि आउँथ्यो। यसरी आपसमा उनीहरू झगडा गर्दा गर्दै सूर्यास्त भयो। अँध्यारो भयो। अर्कोले चाहिं परिवेण बढारी पानी राखी सक्दा पनि उनीहरू आएको नदेखेर चिराक लिएर बाटो हेर्न जाँदा उनीहरू आइरहेको देखेपछि "किन अबेर भएको ?" भनी सोध्यो। बूढोले उक्त कुरा बतायो। उसले ती दुवैजनालाई विश्राम गराउँदै विस्तारैसँग ल्यायो। त्यसदिन बुद्धोपस्थानमा जाने समय भएन। अनि दोश्रो दिन बुद्धोपस्थानमा गई वन्दना गरी बसिरहेकासँग शास्ताले "कहिले आयौ ?" भनी सोध्नुभयो।

"भन्ते ! हिजो।"

"हिजो आएर आज बुद्धोपस्थानमा आएको त ?"

"हो, भन्ते !" भनी उसले उक्त कुरा सुनायो। शास्ताले बूढो भिक्षुलाई निन्दा गर्नुभई "यसले (श्रामणेरले) अहिले मात्र यस्तो काम गरेको होइन अघि पनि गरेको थियो। अहिले चाहिं यसले तिमीलाई कष्टदियो। अघि पनि पण्डितहरूलाई कष्टदिएको थियो" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा काशी निगमको ब्राह्मणकुलमा बोधिसत्व जन्मेका थिए। उनको वंश पुगेपछि उनकी आमा मरिन्। अनि आमाको शरीरकृत्य गरी महीना आधामहीना बितेपछि घरमा भएको धन दानदिई बाबुलाई र कान्छो भाइलाई लिएर उनी हिमवन्त प्रदेशमा देवताले दिएको वल्कल लिएर ऋषिभेष अनुसार प्रव्रजित भई मूल फलाफलहरू र भिक्षाटनद्वारा जीवन यापन गरी रमणीय वनखण्डमा बसे। वर्षाको समयमा मूसलधारे पानी पर्दा हिमालतिर कन्दमूल खन्न सकिँदैन थियो। फलाफल र पातहरू पनि झर्दथे। तापसहरू धेरैजसो हिमालतिरबाट ओर्लेर मनुष्यपथमा बस्दथे। त्यसबखत पिता र कान्छो भाइलाई लिएर बोधिसत्व पनि मनुष्यपथमा बसी हिमालतिर फलफूलहरू फलेपछि फेरि ती दुवैलाई लिएर हिमालतिरको आफ्नो आश्रमको नजिक आइपुग्दा सूर्यास्त भएपछि "तिमीहरू बिस्तारैसँग आउनू। म अगाडि गई आश्रम सफा, सुग्घर गर्नेछु" भनी उनीहरूलाई छाडेर गए। बाबुसँगै बिस्तारसँगै गइरहेको बेलामा स्यानो तापसले उसको कम्मरमा टाउकोले घच्याडी "जाऊ जाऊ" भनी उसलाई जबरजस्तीसँग हिँडाउँदथ्यो। "आफ्नो इच्छा अनुसार तिमी मलाई ल्याउँदै छौ" भन्दै बूढो फेरि फर्केर शुरुदेखि आउँदथ्यो। यसरी उनीहरू झगडा गर्दागर्दै अँध्यारो भयो।

पर्णशालामा बढारी, पानी राखी चिराक लिएर बोधिसत्वले

बाटो हेर्न आउँदा उनीहरूलाई देखेपछि "अहिलेसम्म के गरिरहेका ह्वौ?" भनी सोधे। स्यानो तापसले पिताले गरेको कुरा बतायो। बोधिसत्वले दुवैलाई विस्तारैसँग लगे। अनि परिष्कारहरू राखी पितालाई नुहाई, पाउधुने, तेलघस्ने र पिठ्यूँमिच्ने आदि काम गरिसकेपछि गोलको मकल राखी थकाइ मेटिएपछि पितालाई बसाली "तात! तरुण केटाहरू भनेका माटाका भाँडाहरू जस्तै एकैछिनमा फुट्छन्। एकचोटि फुटेपछि फेरि जोडन सकिन्न। उनीहरूले गालि गरे पनि परिभाष गरे पनि बूढा हुनेहरूले नै सहन सक्नुपर्छ" भन्दै पितालाई अववाद गरी उनले यी गाथाहरू भने—

१. "अपि कस्सप मन्दिया युवा सपति हन्ति वा।
सब्बन्तं खमते धीरो पण्डितो तं तितिक्खति॥

२. "सचेपि सन्तो विवदन्ति खिप्पं सन्धीयरे पुन।
वाला पत्ताव भिज्जन्ति न ते समथमज्झगू॥

३. "एते भिय्यो समायन्ति सन्धि तेसं न जीरति।
यो चाधिपन्नं जानाति यो च जानाति देसनं॥

४. "एसोहि उत्तरितरो भारवाहो धुरन्धरो।
यो परेसाधिपन्नानं सयं सन्धातुमरहती'ति॥"

अर्थ—

१—"हे कश्यप! मन्दबुद्धि भएको युवाले गालि गरे पनि पिटे पनि धीर पण्डितले ती सबै कुरा सहन्छ।

२–"सज्जनले झगडा गरे पनि उनीहरूको मेलमिलाप चाँडै हुन्छ। बालमूर्खहरू चाहिं माटाका भाँडाहरू झैं चाँडै फुट्छन् र तिनीहरूको मेलमिलाप पनि हुन सक्दैन।

३–"जसले अर्कालाई गरेको दोष देख्दछ र जसले त्यो दोषलाई स्वीकार गरी क्षमा माग्नेलाई क्षमा दिन्छ—यस्ता दुबैको मेलमिलाप हुन्छ र मित्रता पनि नष्ट हुँदैन।

४–"जसले उत्तरोत्तर मैत्री-भाव वहन गर्छ, अर्काको अपराध-लाई मैत्रीपूर्वक धारण गर्छ—त्यो नै धुरन्धर हो।"

यसरी बोधिसत्वले पितालाई अववाद दिए। त्यहाँदेखि उ पनि दान्त सुदान्त भयो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत पिता-तापस बूढो थेर थियो। स्यानो-तापस श्रामणेर थियो। पितालाई अववाद दिने चाहिं म नै थिएँ" भनी भन्नुभयो।

२६. अहितुण्डिक जातक (३६५)

"'धुत्तोम्हि' ति…[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बूढो भिक्षुको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

वर्तमान कथा चाहि माथि सालक जातकमा[2] उल्लेख भइसकेको छ । यहाँ पनि त्यो बूढोले एउटा गाउँले केटोलाई प्रव्रजित गराई उसलाई गाली गर्‍यो र पिट्न पनि पिट्यो । केटोले भागेर चीवर छाड्यो । दोश्रो पटक पनि उसलाई प्रव्रजित गराई त्यस्तै गर्‍यो । दोश्रो पटक पनि चीवर छाड्यो । फेरि भन्न आउँदा चाहि हेर्न पनि चाहेन । भिक्षुहरूले धर्मसभामा कुरा उठाए—'आवुसो ! फलाना बूढो आफ्नो श्रामणेरसँग बस्न पनि सक्दैन र उ नहुँदा पनि बस्न सक्दैन ।

---

१. जा. पा. I. पृ. १२०: अहितुण्डिकजातकं, नं. ३६५, अ. क. III. पृ. १३७.

२. माथि पृ. ५८ मा हेर्नू ।

उसले उसको दोष देखेर फेरि हेर्न पनि चाहेन । कुमारक चाहिं सुहृदयी थियो ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि त्यो श्रामणेर सुहृदयी नै थियो । एकपल्ट दोष देखेपछि फेरि हेर्न पनि चाहेन" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा धान व्यापारीको कुलमा जन्मेका बोधिसत्वको वँश पुगेपछि धान बेची जीविका चलाउन थाले । अनि बाँदरलाई सिकाई सर्पलाई नचाउँदै एक सपेरा हिंड्थ्यो । एकदिन बाराणशीमा उत्सवको घोषणा भएपछि त्यो बाँदरलाई धान व्यापारीकहाँ राखी उ सातदिनसम्म क्रिडा गरेरै हिंड्यो । त्यो व्यापारीले बाँदरलाई खाद्य-भोज्य दियो । सातदिनपछि उत्सव सिद्धिएपछि सपेरा आएर त्यो बाँदरलाई बाँसको छडीले तीनपटक पीटी त्यसलाई लिएर उद्यानमा गई बाँधी निदायो । बन्धन फुकाली आँपको रुखमा चढी आँप खाई बांदर बसिरह्यो । उ बिउँझिएपछि बाँदरलाई रुखमा देखी "यसलाई फकाई फुल्याई समात्नु पर्छ" भन्ने सोचेर त्योसँग कुरागर्दै पहिलो गाथा भन्यो—

"धुत्तोम्हि सम्म सुमुख जूते अक्खपराजितो ।
हरेहि अम्बपक्कानि विरियन्ते भक्खयामसे'ति ।।"

अर्थ—

"हे सौम्य सुमुख ! म जुवामा हारेको धूर्त हुं । मलाई आँप देऊ, तिम्रो वीर्यको फल खाने छु ।"

यो सुनेर बाँदरले शेष गाथा भन्यो—

१. "अलिकंवत मं सम्म अभूतेन पसंससि ।
को ते सुतोवा दिट्ठोवा सुमुखो नाम मक्कटो ।।

२. "अज्जापि मे तं मनसि यं मं त्वं अहितुण्डिक ।
धञ्ञापणं पविसित्वा मत्तो छातं हनासि मं ।।

३. "ताहं सरं दुक्खसेय्यं अपिरज्जम्पि कारये ।
नेवाहं याचितो दज्जं तथाहि भयतज्जितो ।।

४. "यञ्च जञ्ञा कुलेजातं गब्भे तित्तं अमच्छरिं ।
तेन सखिञ्च मित्तञ्च धीरो सन्धातुमरहती'ति ।।"

अर्थ—

१—"हे सौम्य ! झूठो कुराले तिमी मेरो प्रशंसा गर्छौ । सुन्दर मुख भएको बाँदरलाई तिमीले कहाँ देख्यौ र सुन्यौ ।

२–"हे सपेरा ! जो तिमीले धानको पसलमा पसी मत्तभएर भोको बसेको मलाई पीट्यौ त्यो कुरा अहिलेसम्म पनि मेरो मनमा रहिरहेको छ ।

३–"त्यो पसलमा दुःखपूर्वक सुतेको कुरालाई सम्झना गर्दा र तिम्रो भयबाट डराएको हुँदा तिमीले राज्य दिए पनि म तिमीलाई आँप दिने छैन ।

४–"जसलाई धीरपुरुषले यो असल कुलमा जन्मेको र गर्भबाटै अमात्सर्य छ भनी जान्दछ त्यस्तासँग सखिभाव र मित्रभाव राख्न योग्य हुन्छ ।"

यति भनेर बाँदर तुरुन्तै जंगलभित्र पस्यो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत सपेरा बूढो थेर थियो । बाँदर श्रामणेर थियो । धानको व्यापारी चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

३०. मिगपोत जातक(३७२)

"अगारा पच्चुपेतस्सा'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बूढो (भिक्षु) को कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उसले एक केटोलाई प्रव्रजित गरायो। उसलाई आदरपूर्वक उपस्थान गरिरहेको श्रामणेर पछि अस्वस्थताको कारणले गर्दा मऱ्यो। उ मरेपछि शोकाभिभूत भएको बूढो डाँको छोडेर रुँदै हिड्नथाल्यो। भिक्षुहरूले सम्झाउन नसकेपछि धर्मसभामा कुरा निकाले—"आवुसो! फलाना बूढो श्रामणेर मरेपछि रुँदै कराउँदै हिडिरहेको छ। लाग्छकि उ मरणानुस्मृतिबाट बाहिर छ।"

शास्ता आउनुभई "भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि

---

१. जा. पा. I. पृ. १२४: मिगपोतकजातकं, नं. ३७२, अ. क. III. पृ. १४९.

"भिक्षुहो ! अहिले मात्र होइन अघि पनि त्यो मर्दाखेरि रोई कराई हिँडेको थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्वले शक्रत्व पाएका थिए । त्यसबखत काशी राष्ट्रवासी एक पुरुष हिमालयमा गई ऋषिभेष अनुसार प्रव्रजित भयो । फलाफलद्वारा उसले जीविका गर्नथाल्यो । एकदिन माउ मरेको एक मृगबच्चालाई देखी आश्रममा ल्याई खाना दिएर उसलाई पोषण गर्‍यो । मृगबच्चा ठूलो भएपछि अभिरूप तथा शोभायमान भयो । तपस्वीले उसलाई आफ्नो पुत्र समान गरी हेरचाह गर्‍यो । एकदिन धेरै घाँस खाई पचाउन नसकी मृगबच्चा मर्‍यो । "मेरो पुत्र मर्‍यो" भन्दै तपस्वी रुँदै कराउँदै हिँड्नथाल्यो । त्यसबखत लोकको विषयमा विचार गरी हेरिरहेको बेलामा शक्र देवराजाले त्यो तपस्वीलाई देखी—"उसलाई विरक्त पार्नेछु" भनी आई आकाशमा उभिई पहिलो गाथा भने—

"अगारा पच्चुपेतस्स अनागारस्स ते सतो ।
समणस्स न तं साधु यं पेतमनुसोचसी'ति ।।"

अर्थ—

"घर छाडी अनगारिक तथा श्रमण भएका तिमीलाई त्यो मरिसकेकाकोनिमित्त रुनु उचित हुन्न ।"

यो सुनेर तपस्वीले दोश्रो गाथा भन्यो—

"संवासेन हवे सक्क मनुसस्स मिगस्सवा ।
हदये जायते पेमं न तं सक्का असोचितु'न्ति ।।"

अर्थ—

"हे शक्र ! साथमा बस्नाको कारणले गर्दा मनुष्यको होस् वा पशुको होस् मनमा प्रेम उत्पन्न हुन्छ । अतः म अपसोच नगरी बस्न सक्दिन ।"

त्यसपछि शक्रले दुइ गाथा भने—

१. "मतं मरिस्सं रोदन्ति ये रुदन्ति लपन्ति च ।
तस्मा त्वं इसि मारोदि रोदितं मोघमाहु सन्तो ।।

२. "रोदितेन हवे ब्रह्मे मतो पेतो समुट्ठहे ।
सब्बे सङ्गम्म रोदाम अञ्ञमञ्ञस्स ञातके'ति ।।"

अर्थ—

१–"जो रोएर विलाप गर्छ उ मृतहुने वा मृत भएकाकोनिमित्त रुन्छ । हे ऋषि ! अतः तिमी नरोऊ । पण्डितहरू रुनेलाई तुच्छ भन्दछन् ।

२–"ब्राह्मण ! यदि रोएर मरेको प्राणी उठेर आउँछ भने हामी सबै ज्ञातिहरू मिली परस्पर रुनेछौं ।"

यसरी शक्रले भन्दा भन्दै तपस्वीले "रुनु भनेको व्यर्थ नै रहेछ" भन्ने ठानी शक्रको स्तुतिगर्दै तीनवटा गाथा भन्यो—

१. "आदित्तं वत मं सन्तं घतसित्तंव पावकं ।
वारिना विय ओसिञ्चं सब्बं निब्बापये दरं ।।

२. "अब्बूल्हं वत मे सल्लं यमासि हदयनिस्सितं ।
यो मे सोकपरेतस्स पुत्तसोकं अपानुदि ।।

३. "सोहं अब्बूल्हसल्लोस्मि वीतसोको अनाविलो ।
न सोचामि न रोदामि तव सुत्वान वासवा'ति ।।"

अर्थ—

१–"घिउ हालेर जलिरहेको आगो जस्तं जलिरहेको मेरो जलनलाई पानी छर्केको आगो निभाइदिए झैं गरी मेरो सबै दुःखलाई निभाइदियौ ।

२–"मेरो हृदयमा गडिरहेको शोकरूपी काँढालाई तिमीले निकालिदियौ र शोकले ग्रस्त भएको मलाई पुत्रशोकबाट दूर गराइदियौ ।

३–"हे शक्र ! तिम्रो कुरा सुनेर अब ममा शोकरूपी काँढो छैन र शोकबाट दूरभई परिशुद्ध भएको छु; अब उप्रान्त शोकगर्ने छैन र रुँदा पनि रुँने छैन ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत तपस्वी हुने बूढो थियो। मृग हुने श्रामणेर थियो। शक्र चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

३१. सोमदत्त जातक (४१०)

"यो मं पुरे पच्चुदेती'ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बूढो (भिक्षु) को कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उसले एक श्रामणेरलाई प्रव्रजित गरायो । श्रामणेर उसको उपकारी थियो । त्यस्तै रोगले उ मऱ्यो । उ मरेपछि रुँदै कराउँदै बूढो (भिक्षु) विचरण गर्नथाल्यो । यो देखेर धर्मसभामा भिक्षुहरूले कुरा उठाए—"आवुसो ! फलाना बूढो (भिक्षु) श्रामणेर मरेपछि रुँदै कराउँदै विचरण गर्न थालेको छ । लाग्छ कि उसमा मरणानुस्मृति भावना छैन ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा

---

१. जा. पा. I. पृ. १५९: सोमदत्तजातकं, नं. ४१०, अ. क. III. पृ. २७४.

गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि यो मर्दाखिरि रोएकै थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनुभयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व शक्रत्वमा थिए । अनि काशी गाउँमा बस्ने एक 'ब्राह्मण महाशाल' काम-भोग छाडी हिमवन्तमा गई ऋषिभेष अनुसार प्रव्रजित भई भिक्षाचार गरी वनको फलफूलद्वारा जीवन यापन गरी बस्न थाल्यो । फलफूलकोनिमित्त जाँदा यौटा हात्तीको बच्चा देखी उसलाई आफ्नो आश्रममा ल्याई सोमदत्त भन्ने नाम राखी पुत्रस्थानमा राख्यो र त्यसपछि घाँसपात खुवाई हेरविचार गर्न थाल्यो ।

वैंश पुगेपछि उ ठूलो भयो र एकदिन धेरै खाई पचाउन नसकी दुर्बल भयो । उसलाई आश्रममा राखी तापस फलफूलकोनिमित्त गयो । उ फर्केर नआउँदैमा हात्तीको बच्चा मर्‍यो । तापस फलफूलहरू लिई आउँदा "अरूहरू दिनमा मेरो छोरा बाटो हेर्न आउँथ्यो आज चाँहि देखिन्न, कहाँ गयो होला ?" भनी रुँदै पहिलो गाथा भन्यो—

"यो मं पुरे पच्चुदेति अरञ्ञे दूरमायती ।
सो न दिस्सति मातङ्गो सोमदत्तो कुहिं गतो'ति ॥"

अर्थ—

"यो दूर जंगलमा जसले मलाई पहिले बाटो हेर्न आउँथ्यो आज सो हात्ती देखिदैन, सोमदत्त कता गएछ ?"

यसरी रुँदै आउँदा चंक्रमण स्थानको एक छेउमा उसलाई लडिरहेको देखेर गर्धनमा समाती परिदेव गर्दै उसले दोश्रो गाथा भन्यो—

"अयं वा सो मतो सेति अल्लपिङ्कं व छिज्जितो ।
भूम्या निपतितो सेति अमरा वत कुञ्जरो'ति ।।"

अर्थ—

"मकिएको लहरा चुडिए जस्तै यो हात्ती मरेर भुइमा लडी सुतिरहेछ ।"

त्यसबखत लोकमा हेरिरहेका शक्रले उसलाई देखेर "यो तापस पुत्रदारहरू त्यागी प्रव्रजित भएर अहिले हात्तीको बच्चामाथि पुत्रसंज्ञा राखी रुँदैछ । उसलाई विरक्तपारी स्मृति दिलाउनेछु" भनी उसको आश्रममा आई आकाशमा उभिई उनले तेश्रो गाथा भने—

"अनगारियुपेतस्स विप्पमुत्तस्स चेतसो ।
मरणस्स न तं साधु यं पेतमनुसोचसी'ति ।।"

अर्थ—

"अनगारिक भई विमुक्त चित्त भएको श्रमणलाई मरेकाको-निमित्त शोक गर्नु राम्रो होइन।"

उनको वचन सुनी तापसले चौथो गाथा भन्यो —

"संवासेन ह्वे सक्क मनुस्सस्समिगस्स वा।
हदये जायती पेमं तं न सक्का असोचितु'ति।।"

अर्थ—

"मनुष्य होस् वा पशुमा होस्—साथमा बस्नाको कारणले गर्दा मनमा प्रेम उत्पन्न हुन्छ। त्यसैले शोक नगरी बस्न सक्दिन।"

अनि उसलाई अववाद गर्दै शक्रले दुइ गाथा भने—

१. "मतं मरिस्सं रोदन्ति ये रुदन्ति लपन्ति च।
तस्मा त्वं इसि मारोदि रोदितं मोघमाहुसन्तो।।

२. "कन्दितेन हवे ब्रह्मे मतो पेतो समुट्ठहे।
सब्बे सङ्गम्म रोदाम अञ्ञमञ्ञस्स ञातके'ति।।"

अर्थ—

१–"जो रोएर विलाप गर्छ उ मृतहुने अथवा मृत भएकाको-निमित्त नै रुन्छ। हे ऋषि! तिमी नरोऊ, रुनेलाई पण्डितहरू निरर्थक भन्दछन्।

२–"ब्राह्मण ! यदि रोएर मरेको प्राणी उठेर आउँछ भने हाम्रो सबै ज्ञातिहरू मिली परस्पर रुने थियौं ।"

शक्रको वचन सुनेर तापसले होस पाई निश्शोकी भई आँसु पुछी शक्रलाई स्तुतिको रूपमा शेष गाथा भन्यो—

१. "आदित्तं वत मं सन्तं घतसित्तंव पावकं ।
वारिना विय ओसिञ्चं सब्बं निब्बापये दरं ।।

२. "अब्बही वत मे सल्लं सोकं हदयनिस्सितं ।
यो मे सोकपरेतस्स पुत्तसोकं अपानुदि ।।

३. "सोहं अब्बूल्हसल्लोस्मि वीतसोको अनाविलो ।
न सोचामि न रोदामि तव सुत्वान वासवा'ति ।।"

अर्थ –

१–"घिउ हालेर जलिरहेको आगो जस्तै जलिरहेको मेरो जलनलाई पानी छम्की आगो निभाइदिए जस्तै मेरो सबै दुःखलाई निभाइदियौ ।

२–"मेरो हृदयमा गडिरहेको शोकरूपी काँढालाई तिमीले निकालिदियौ र शोकले ग्रस्त भएको मलाई पुत्रशोकबाट दूर गराइदियौ ।

३–"हे शक्र ! तिम्रो कुरा सुनेर अब ममा शोकरूपी काँढा छैन र शोकबाट दूरभई परिशुद्ध भएको छु; अब उप्रान्त शोकगर्ने छैन र रूँदा पनि रुने छैन ।"

यसरी तापसलाई अववाद दिई शक्र आफ्नै ठाउँमा गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत हात्तीको बच्चा श्रामणेर थियो । तापस चाहिं बूढो (भिक्षु) र शक्र चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

३२. तच्छसूकर जातक(४९२)

"यदेसमाना विचरिम्हा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले दुइ बूढाथेरहरूको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

महाकोशल राजाले बिम्बिसारराजालाई छोरी दिंदा छोरीलाई नुहाउने आदि खर्चकोनिमित्त काशीगाउँ दिएका थिए। अजातशत्रुले आफ्ना पितालाई मारेपछि राजा प्रसेनजित्ले[२] त्यो गाउँ खोसेर लिएका थिए[३]। सो गाउँको कारणमा यिनीहरू युद्ध गर्दा

१. जा. पा. I. पृ. २९०: तच्छसूकरजातकं, नं. ४९२, अ. क. V. पृ. ५०.

२. महाकोशल राजाका छोरा।

३. यस विषयमा केही कुरा जान्नकोनिमित्त लेखकको बु. रा. भाग–१, को पृ. १५३, १६८, २११ र २३६ मा हेर्नू वेस हुनेछ।

पहिले अजातशत्रुको विजय भएको थियो। पराजित भएका कोशल (प्रसेनजित्) राजाले अमात्यहरूसँग सोधे—"कुन उपायद्वारा अजातशत्रुलाई समात्नु पर्ला ?"

"महाराज! भिक्षुहरू भनेका मन्त्रकुशल हुन्छन्। अतः गुप्तचरहरू विहारमा पठाई उनीहरूको कुरा सुनाउन लगाउनु पर्छ।"

"ठीकछ" भनी "तिमीहरू यता आऊ, विहारमा गई प्रतिच्छन्न रूपले भदन्तहरूको कुरा सुन" भनी राजाले पुरुषहरूलाई पठाए।

जेतवनमा धेरै राजपुरुषहरू पनि प्रव्रजित भएका थिए। तीमध्ये दुइ बूढाथेरहरू विहारको एकापट्टि पर्णशालामा बस्दथे। जसमध्ये यौटाको नाम धनुग्गहतिस्सत्थेर र अर्काको नाम मन्तिदत्तत्थेर भन्ने थियो। रातभरी सुती उनीहरू प्रत्युषसमयमा बिउफे। यसमध्ये धनुग्गहतिस्सत्थेरले आगो बाली भन्यो—

"भन्ते दत्तत्थेर !"

"भन्ते ! के हो ?"

"तपाइ निदाउँदै हुनुहुन्छ ?"

"निदाएको छैन। के गर्नुपर्‍यो ?"

"भन्ते यो कोशल राजा अति मूर्ख छन्। केवल हाँडीभरीको भात मात्र खान जान्दछन्।"

"अनि के त, भन्ते !"

"आफ्नो पेटको कीरा (=जुका) समान अजातशत्रु राजा-द्वारा पराजित भयो भनी मनाउन लगाए।"

"भन्ते ! त्यसोभए के गर्नुपऱ्यो त ?"

"भन्ते दत्तत्थेर ! युद्ध भनेका तीनप्रकारका हुन्छन्। जस्तै—रथ-व्यूह, चक्र-व्यूह र पद्म-व्यूह। यी मध्ये अजातशत्रुलाई समात्नकोनिमित्त 'रथ-व्यूह' बनाई समात्नुपर्छ। फलानो पर्वत-खण्डको दुवैतिर शूर पुरुषहरू राखी अगाडितिर सेना देखाई (शत्रु) भित्र पसेको बुझी गर्जन गरी दौडेर गई जालमा फसेका माछाहरूलाई जस्तै मुट्ठीमा पारी उसलाई समात्न सकिन्छ।"

नियुक्त पुरुषहरूले यो कुरा सुनी राजालाई बताए। ठूलो संख्यामा सेना लिएर गई राजाले त्यस्तै गरे। अनि अजातशत्रुलाई समाती सिक्रीले बाँधी केहीदिनसम्म उनको मानलाई मर्दन गरी "फेरि यस्तो नगर्नू" भनी सम्झाई छाडिदिए। त्यसपछि आफ्नी छोरी वजिरकुमारी भन्नेलाई उनलाई दिई महापरिवारका साथ पठाइदिए।

"धनुग्गहतिस्सत्थेरको संविधानद्वारा कोशल राजाले अजातशत्रुलाई समाते" भन्ने कुरा भिक्षुहरूको बीचमा चल्यो। धर्मसभामा पनि यस्तै कुरा निकाले।

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि धनुग्गहतिस्सत्थेर युद्ध

संविधान गर्नमा दक्ष नै थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशी नगरको द्वारगाउँमा बस्ने एक सिकर्मी काठकोनिमित्त जंगलमा जाँदा उसले खाल्डोमा खसेको एक सुगुरको पाठो देखेर त्याई 'तच्छसूकर' भन्ने नाम राखी पोषण गऱ्यो । उ उसको उपकारी थियो । थुतुनोले रुख ढालिदिन्थ्यो दाह्रामा बेरी धागो तानिदिन्थ्यो, मुखले चयापी बसिला मुग्रो आदि ल्याइदिन्थ्यो । ठूलो भएपछि उ महाबलवान् र ठूलो शरीरको भयो । सिकर्मीले उसमाथि पुत्र प्रेमको भाव राखी "यो यहाँ बस्यो भने कसैले यसलाई मारिदिन पनि सक्छ" भनी उसलाई जंगलमा छाडिदियो । अनि उसले सोच्न थाल्यो —"म यस जंगलमा एक्लै बस्न सक्नेछैन । ज्ञातिहरूको खोजी गरी उनीहरूसँगै बस्नेछु" अनि घनाजंगलमा सुगुर खोजीगर्दै हिँडिरहेको उसले धेरै सुगुरहरू देखी खुशिभई तीनवटा गाथा भन्यो —

१. "यदेसमाना विचरिम्ह पब्बतानि वनानि च ।
अन्वेसं विचरिं ञाती तेमे अधिगता मया ।।

२. "बहुं इदं मूलफलं भक्खोचायं अनप्पको ।
रम्माचिमा गिरिनदियो फासुवासो भविस्सति ।।

३. "इधेवाहं वसिस्सामि सह सब्बेहि ञातिभि ।
अप्पोसुक्को निरासङ्की असोको अकुतोभयो'ति ।।"

अर्थ—

१–"जुन ज्ञातिहरूको खोजी गर्दै पर्वत तथा वनमा घुमिरहेको थिएँ अब ती ज्ञातिहरूलाई फेलापारें ।

२–"यहाँ धेरै मूलफलहरू छन्, धेरै खानेकुराहरू पनि छन् । यो नदी र पर्वत पनि रमणीय छ । यहाँको बसोबास राम्रो हुनेछ ।

३–"उत्सुकता रहित, आशंका रहित, शोक रहित तथा भय रहित भई ज्ञातिहरूसंग म यहाँ बस्नेछु ।"

उसको कुरा सुनी सुगुरहरूले चौथो गाथा भने—

"अञ्ञं हि लेणं परियेस सत्तु नो इध विज्जति ।
सो तच्छ सूकरे हन्ति इधागन्त्वा वरं वर'न्ति ।।"

अर्थ—

"हे तच्छ ! अर्कै गुफा खोज । यहाँ हामीहरूको शत्रु बस्छ । उ यहाँ आई ठूल ठूला सुगुरहरूलाई मार्छ ।"

यहाँदेखि उता मूलपालि अनुसार सोझै सम्बन्ध भएका गाथाहरू छुन् भन्ने कुरा बुझ्नुपर्छ ।

'कोनम्हाकं इध सत्तु को ञाती सुसमागतो ।
अप्पधंसे पधंसेति तम्मे अक्खाथ पुच्छिता ।।"

अर्थ—

"हे एकत्रित भएका ज्ञातिगणहरू ! विनाश गर्न नसक्ने हामी-हरूलाई विनाश गर्ने हाम्रो शत्रु कोहो ? यो प्रश्नको जवाफ देऊ ।"

"उद्धग्गराजी मिगराजा बली दाठावुधो मिगो ।
सो तच्छ सूकरे हन्ति इधागन्त्वा वरं वरं ।।"

अर्थ—

"माथितिर रेखा गएको टाटेपाटे तथा दाह्रा नै शस्त्र भएको मृगराजा (=बाघ) यहाँ आई ठुल ठूला सुगुरहरूलाई खान्छ ।"

"न नो दाठा न विज्जन्ति बलं काये समूहतं ।
सब्बे समग्गा हुत्वान वसं काहामि एककं ।।"

अर्थ—

"हामीहरूका दाह्रा नभएका होइनन् र शरीरमा बल नभएको पनि होइन । हामी सबै मिलेर एक्लो भएको उसलाई आफ्नो वशमा राख्नेछौं ।"

"हदयङ्गमं कण्णसुखं वाचं भाससि तच्छक ।
योपि युद्धे पलायेथ तम्पि पच्छा हनामसे'ति ।।"

अर्थ—

"हे तच्छ ! मनमा राख्न योग्य र कानलाई आनन्दलाग्ने कुरा तिमी भन्दछौ । युद्धबाट जो भागेर जाने छन् उनीहरूलाई पनि लखेटी मार्नेछौं ।"

तच्छसुगुरले सबै सुगुरहरूलाई एकमत गराई सोध्यो— "कुनबेला बाघ आउँछ ?"

"आज बिहानै एउटालाई लिएर गइसक्यो । अब भोलि बिहान सबेरै आउनेछ ।"

युद्ध-कुशल उ भूमिभागको परीक्षा गर्न पनि जान्दथ्यो । अनि "यसै ठाउँमा बसेर जित्नसक्नेछु" भन्ने सोच्यो । अनि एउटा ठाउँ रोजेर रातमै सुगुरहरूलाई गोचर ग्रहण गर्न लगायो । धेरै बिहान सबेरै युद्ध गर्दा 'रथ-व्यूह' आदि त्रिविधाकारले युद्ध गरिन्छ भनी 'पद्म-व्यूह' को संविधान गऱ्यो । बीचमा दूध पिउने पाठाहरूलाई राख्यो । उनीहरूलाई घेरा लगाई तिनीहरूका आमाहरू, उनीहरूलाई घेरा लगाई थारी सुगुरनीहरू, त्यसपछि सुगुरका पाठाहरू, त्यसपछि स्य-स्याना दाह्रा भएका तरुण सुगुरहरू, त्यसपछि ठुल-ठूला दाह्रा भएका, त्यसपछि बूढा सुगुरहरू र त्यसपछि यताउता दश डफा, बीस डफ्फा र तीस डफ्फा गरी सेनाको टुकडी राख्यो । त्यसपछि आफ्नोनिमित्त एउटा खाल्टो र बाघ

खसाल्नकोनिमित्त नाङलोआकारको खूब गहिरोपारी एउटा खाडल खनाउन लगायो। दुवै खाल्टाको बीचमा आफू उभिनकोनिमित्त पीठ बनाउन लगायो। त्यसपछि बलसम्पन्न योधा सुगुरहरू साथमा लिई यताउता गई सबै सुगुरहरूलाई धैर्य दिंदै उ हिंड्यो। यसरी हिंड्दा हिंड्दै सूर्योदय भयो।

अनि बाघको राजा कूटजटिलको आश्रमबाट निस्की पर्वतमाथि उभियो। यो देखेर सुगुरहरूले "भन्ते! हाम्रो बैरी आउँदैछ" भनी भने।

"नडराऊ; जसरी जसरी उसले गर्नेछ उसरी उसरी नै प्रतिपक्ष भई तिमीहरूले गर।"

बाघले आङ तानि पछाडि हटेर मुत्यो। सुगुरहरूले पनि त्यस्तै गरे। सुगुरहरूलाई हेरेर बाघ गर्ज्यो। उनीहरूले पनि त्यस्तै गरे। उनीहरूको क्रिया देखेर उसले सोचन थाल्यो — "यिनीहरू अघि जस्ता छैनन्। आज यिनीहरू विरोधी भएर डपफा डपफा भई उभिइरहेका छन्। यो संविधान गर्ने उनीहरूको नेता पनि देखिन्छ। आज म उनीहरूकहाँ जान हुन्न" भनी मरणभयले डराई उ फर्केर कूटजटिलकहाँ[1] गयो। अनि खालि हात देखेर उसलाई नवौं गाथा भन्यो—

"पाणातिपाता विरतोनु अज्ज,
अभयन्नु ते सब्बभूतेसु दिन्नं।

---

१. यो जटिलले बाघले ल्याए ल्याएको मासु खाने गर्थ्यो।

दाठानु ते मिग विरियं न सन्ति,
यो सङ्घपत्तो कपणोव झायसी'ति ॥"

"हे बाघ ! आज तिमी प्राणी हिंसाबाट दूररह्यौ कि क्याहो ? सबै प्राणीहरूलाई अभय दियौकि क्याहो ? अथवा दाह्रामा बल भएनकि क्याहो ? जो सुगुरहरूको समूहमा पुगेर पनि कृपण जस्तै भई सोच्दछौ।"

अनि बाघले तीनवटा गाथा भन्यो—

१. "न मे दाठा न विज्जन्ति,
बलं काये समूहतं।
ञाती च दिस्वान समङ्गि एकतो,
तस्मा झायामि वनम्हि एकको ॥

२. "इमस्सुदं यन्ति दिसोदिसं पुरे,
भयद्दिता लेणगवेसिनो पुथु।
तेदानि संगम्म वसन्ति एकतो,
यत्थट्ठितो दुप्पसहज्ज ते मया ॥

३. "परिनायकसम्पन्ना सहिता एकवादिनो।
ते मं समग्गा हिंसेय्युं तस्मा तेसं न पत्थये'ति ॥"

अर्थ—

१–"मेरा दाह्रा नभएको होइन तर एकत्रित भएका ज्ञाति सेनाको समूह देखदछु त्यसैले एक्लै जंगलमा सोच्दैछु।

२–"पहिले यिनीहरूलाई मैले हेर्दा यिनीहरू सबै भयले यताउता भागी गुफा खोज्दथे। किन्तु आज यिनीहरू एकत्रित भई एकै ठाउँमा बसिरहेका छन्। त्यसैले आज त्यहाँ जाने साहस भएन।

३–"सेना नायकको कुरा सुनी उनीहरू एकगठ भएका छन्। अतः उनीहरू मिलेर आज मलाई मार्न पनि सक्छन्। त्यसैले उनीहरूको इच्छा गर्दिन।"

यो सुनेर कूटजटिलले भन्यो—

"एकोव इन्दो असुरे जिनाति,
एकोव सेनो हन्ति दिजे पसय्ह।
एकोव व्यग्घो मिगसङ्घपत्तो,
वरं वरं हन्ति बलं हि तादिस'न्ति॥"

अर्थ—

"एक्लै इन्द्रले असुरहरूलाई जित्छन्, एक्लै बाजले पक्षिहरूलाई मार्छ र एक्लै बाघले मृगहरूको समूहमा गई ठूल-ठूला मृगलाई मार्छ—यस्तै बल बाघमा हुन्छ।"

अनि बाघले भन्दछ—

"नहेव इन्दो न सेनो नपि व्यग्घो मिगाधिपो।
समग्गे सहिते ञाति व्यग्घेच कुरुते वसे'ति॥"

अर्थ—

"एक जूट भई मिलेर बसेका बाघ जस्तै सुगुरहरूको समूहलाई न इन्द्रले, न बाजले न त बाघराजाले जित्न सक्छ।"

फेरि जटिलले उसलाई उत्साहित पारी दुइ गाथा भन्यो—

१. "कुम्भीलका सकुणका सिङ्घिनो गणचारिनो।
सम्मोदमाना एकज्झं उप्पतन्ति डयन्ति च ॥

२. "तेसञ्च डयमानानं एकेत्थ अपवत्तति।
तञ्च सेनो नितालेति वेय्यग्घीयेव सा गती'ति ॥"

अर्थ—

१–"स्याना स्याना कुम्भिलक चराहरू समूहमा र गणमा बस्छन्। उनीहरू प्रियभाषी भई एकै साथ उफ्रन्छन् र उड्छन् पनि।

२–"उडिरहेका ती चराहरूमध्ये कुनै कुनै अलग्गिएर वा पछाडि परेर उड्छन्। त्यस्तालाई बाजले समात्छ। त्यस्तै काम बाघको पनि हो।"

यति भनी "हे बाघराजा! तिमी आफ्नो बललाई जान्दैनौ। नडराऊ। केवल तिमी गर्जिदै गई फुत्ट। एकैसाथ दुइवटा भागेको तिमीले पाउने छैनौ। उत्साह गर। अनि उसले त्यस्तै गऱ्यो।

यो अर्थ प्रकाशपार्दै शास्ताले मन्नुभयो—

'उस्साहितो जटिलेन लुद्देनामिसचक्खुना ।
दाठी दाठीसु पक्खन्दि मञ्ञमानो यथा पुरे'ति ।।"

अर्थ—

"लोभदृष्टि भएका व्याधा (=जटिल) द्वारा उत्साहित पारिएपछि पहिले जस्तै सम्झी दाह्रावाल बाघले दाह्रा भएका सुगुर-हरूमाथि झम्टयो ।"

उ आएर पहिले पर्वतमाथि उभियो । सुगुरहरूले—"स्वामी ! चोर फेरि आउँदैछ" भनी भने ।

"डराउनु पर्दैन" भनी उनीहरूलाई आश्वासन दिई उ उठेर दुवै खाल्टोको बीचको पीठमा उभिएर बस्यो । तच्छक सुगुरलाई समात्नको लागि एकै वेगले बाघ झम्टिन आयो । तच्छक सुगुर पल्टी थुतुनो पछाडि फर्काई अगाडिको खाल्टोमा खस्यो । आफ्नो वेगलाई थाम्न नसकी बाघ गएर नाङ्लो जस्तो आकारको गहिरो खाडलमा खसी घुसमुन्टिई एकै डल्लो भयो । झटपट उठेर आई तच्छ सुगुरले जाँघको बीचबाट दाह्रा गाडी छातिसम्म चिरी उसको मासु खाई मुखले च्यापी खाडलबाट बाहिर ल्याएर पछारी "यो दासलाई समात" भनी भन्यो । पहिले आएकाहरूले एक एक चोटि टोक्दा जति आउनेहो त्यति मासु पाए । पछि आएकाहरूले "बाघको मासु कस्तो

हुन्छ ?" मात्र भन्न पाए। खाडलबाट बाहिर आएको तच्छसुगुरले सुगुरहरूतिर हेरेर "के तिमीहरू अब राम्ररी सन्तुष्ट भएनौ ?" भनी सोध्यो।

"स्वामी ! अहिले चाहिं एउटा बाघ समातियो। दशवटा बाघ जत्रै अर्को एउटा छ।"

"यो केहो ?"

"बाघले ल्याए ल्याएका मासु खाने कूटजटिल हो।"

"त्यसोभए आऊ, उसलाई पनि समातौं" भनी उनीहरूका साथ बेगले दौड्यो।

"बाघ अहिलेसम्म आएको छैन" भनी उ आउने बाटोतिर जटिलले हेरिरहेको बेलामा सुगुरहरू आइरहेको देखेर "बाघलाई मारी मलाई पनि मार्नकोनिमित्त यिनीहरू आइरहेका होलान्" भन्ने ठानी उ भागेर एक डुम्रीको रुखमाथि चढ्यो।

सुगुरहरूले "यो रुखमा चढ्यो" भनी भने।

"यो केको रुख हो ?"

"डुम्रीको रुख हो।"

"त्यसोभए सोच्नु पर्दैन। अहिले नै उसलाई समात्नेछु" भनी तरुण सुगुरहरूलाई बोलाई रुखको जरोको माटो खोस्न लगायो। सुगुरनीहरूलाई मुख भरी भरी पानी ल्याउन लगायो। ठुल-ठूला दाह्रा हुने सुगुरहरू लगाई चारैतिरका जराहरू काट्न लगायो। एउटा ठाडो

जरो मात्र बाँकी रह्यो। त्यसपछि बाँकी सुगुरहरूलाई "तिमीहरू हट" भनी उनीहरूलाई हटाई घुँडाटेकी जरोमा दाह्रा घस्यो। बञ्चरोले गरेको प्रहार जस्तै प्रहारले चुँडिदा रुख पल्टिएर ढल्यो। खसिरहेको कूटजटिललाई समातेर मासु खायो। यो आश्चर्य देखेर वृक्षदेवताले गाथा भने —

"साधु सम्बहुला ञाती अपि रुक्खो अरञ्ञजा।
सूकरेहि समग्गेहि व्यग्घो एकायने हतो'ति ।।"

अर्थ—

"ज्ञातिहरू एकजुट हुनु असल हो। त्यस्तै जंगलमा पैदा भएका रुखहरू पनि। एकजुट भएका सुगुरहरूले एकै चोटिमा बाघलाई मारिदिए।"

दुवैलाई मारेको कुरा प्रकाशपार्दै शास्ताले अर्को गाथा भन्नुभयो—

"ब्राह्मणञ्च व्यग्घञ्च उभो हन्त्वा सूकरा।
आनन्दितो पमुदिता महानादमनादिसु'न्ति ।।"

अर्थ—

"ब्राह्मण र बाघ दुवैलाई मारी आनन्दित तथा प्रमुदित भएका सुगुरहरूले महा गर्जन गरे।"

फेरि तच्छक सुगुरले सोध्यो—"अरू पनि तिमीहरूको शत्रु छ के ?"

"स्वामी ! छैन" भनी सुगुरहरूले भने। यति भनी "उसलाई अभिषेक गरी राजा बनाउनेछौं" भनी पानी खोज्दै जाँदा जटिलको पानीराख्ने शंख देखेर त्यो दक्षिणावर्त शंखभरी पानी ल्याई डुम्रीको रुखमनि तच्छकलाई अभिषेक गरे। अभिषेक पानी छरिसकेपछि उसको सुगुरनीलाई नै अग्रमहिषी बनाइदिए। त्यसपछि डुम्रीको असल पीठमा बसाली दक्षिणावर्त शंखले अभिषेक कार्य गरे। त्यो अर्थ प्रकाशपार्दै शास्ताले अवशान गाथा भन्नुभयो—

"तेसु उदुम्बरमूलस्मि सूकरा सुसमागता।
तच्छकं अभिसिञ्चिसु त्वं नो राजासि इस्सरो'ति ।।"

अर्थ—

"त्यस डुम्रीको रुखमनि भेला भएका सुगुरहरूले "तपाईं नै हाम्रा राजा र ईश्वर हुनुहुन्छ" भनी तच्छकलाई अभिषेक गरे।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि धनुग्गहतिस्स युद्धसंविधान गर्नमा दक्ष नै थियो" भन्नुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत कूटजटिल देवदत्त थियो। तच्छकसुगुर धनुग्गहतिस्स थियो। वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

३३. अनुसासिक जातक (११५)

"यायञ्ञे मनुसासती'ति...१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले अनुशासन गर्ने एक भिक्षुणीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीवासी एक कुलको छोरी थिई । प्रव्रजित भई उपसम्पन्ना भएदेखि श्रमणधर्ममा मन नलगाई लोभी भई जहाँ अरू भिक्षुणीहरू जान्नथे त्यस्तो नगरको एक प्रदेशमा भिक्षागर्न थाली । मानिसहरू उसलाई उत्तम भिक्षा भोजन दिन्थे । उ रस-तृष्णामा आसक्ता भई "यदि यो ठाउँमा अरू भिक्षुणीहरू भिक्षाटनार्थ आएका खण्डमा मेरो लाभ हराउनेछ" भन्ने सोची "जे गर्दा यो ठाउँमा अरू कुनै आउने छैनन् त्यसै गर्नुपर्‍यो" भनी भिक्षुणीहरू बस्ने ठाउँमा गई

---

१. जा. पा. I. पृ. २६ः अनुसासिकजातकं, नं. ११५, अ. क. I–II. पृ. ३१६.

"आर्या ! फलाना ठाउँमा चण्ड-हात्ती, चण्ड-घोडा र चण्ड-कुक्कुरहरू हिड्छन् । त्यो स्थान भययुक्त छ । अतः त्यहाँ भिक्षाटनार्थ नजानु होला" भनी भिक्षुणीहरूलाई अनुशासन गरी । उसको कुरा सुनी एउटी भिक्षुणीले पनि त्यस ठाउँतिर कहिल्यै मुन्टो फर्काएर हेरिन ।

एकदिन त्यस ठाउँमा भिक्षाटन् गरिरहेको बेलामा बेगले घरभित्र गइरहेको एक चण्ड-भेडाले हानेर उसको जाँघको हाड भाँचिदियो । दौडेर आई भाँचिएको जाँघको हाड मिलाई बाँधी उसलाई खाट्मा राखी भिक्षुणीहरू बस्ने ठाउँमा मानिसहरूले लगे ।

"यो अरू भिक्षुणीहरूलाई अनुशासन गरी आफू स्वयं त्यस ठाउँमा भिक्षाटन् गर्दा जाँध भाँचिई आई" भनी भिक्षुणीहरूले उसको परिभाष गर्नथाले । त्यसले गरेको त्यो कुरा चिरकाल नबित्दै भिक्षुसंघमा पनि प्रकट भयो । अनि एकदिन धर्मसभामा भिक्षुहरूले कुरा निकाले— 'आवुसो ! अनुशासिका भिक्षुणीले अरूलाई अनुशासन गरी स्वयं त्यस ठाउँमा भिक्षाटन् गर्दा एक चण्ड-भेडाद्वारा जाँघ भाँचन लगाई आई" भन्दै उसको अवगुणका कुरा गरे ।

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि अरूलाई अनुशासन गरी आफू स्वयं चाहिं तदनुसार काम नगर्ने भएकी यसले सधैंभरी दुःख नै भोगेकी थिई" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा जंगलमा चराको योनिमा जन्मेका बोधिसत्व ठूलो भएपछि चराहरूको जेठो भई अनेक शय चराहरूले परिवृत्तभई हिमालयमा गए। उनी वहाँ बस्ने समयमा चण्ड स्वभावकी एक पोथी-चरा महाराजमार्गमा गई गोचर खोज्दथी। उसले त्यहाँ गाडाबाट खसेका धानहरू मूगिका गेडाहरू पाई—"जसो गर्दा यो ठाउँमा अरू चराहरू आउने छैनन् त्यसो गर्नुपर्‍यो" भन्ने विचार गरी चराहरूको समूहलाई यसरी अववाद गर्थी—"महाराजमार्गमा भय हुन्छ। हात्ती घोडाहरू र चण्ड-गोरुहरू नारेका यानादिहरू आवत जावत गर्छन्। झट्ट उडन पनि नसकिने हुइन्छ। अतः त्यस्तो ठाउँमा जानुहुन्न।" चराको समूहले उसलाई 'अनुशासिका' भन्ने नाम राख्यो।

एकदिन उ महाराजमार्गमा चरिरहेको बेलामा बेगले राजमार्गमा आइरहेको रथको आवाज सुनी फर्केर हेर्दा "अझै टाढा छ" भनी चरेर नै बसी। अनि बायुबेगले चाँडै नै रथ त्यहाँ आइपुग्यो। उ उड्न पनि सकिन। चक्काले दुइटुक्रा पारी गयो। चराको जेठोले चराहरू फर्केर आई उसलाई नदेखेपछि "अनुशासिका देखिन्न, उसलाई खोज" भनी भन्यो। चराहरूले खोजिगर्दा महाराजमार्गको बीचमा उ दुइटुक्रा भइरहेको देखेर चराको जेठोलाई भने। अनि चराको जेठोले "उ अरू चराहरूलाई रोकी स्वयं त्यहाँ चरी अहिले दुइटुक्रा भई" भनी यो गाथा भन्यो—

"यायञ्ञे मनुसासति सयं लोलुप्पचारिनी ।
सायं विपक्खिका सेति हता चक्केन सालिका'ति ।।"

अर्थ –

"अरूलाई अनुशासन गरी जो स्वयं लोभिनी भई अहिले चक्काले किचिएर विनापखाँकी भई लडिरहेकीछे ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत अनुशासिका पोथी-चरा यही अनुशासिका भिक्षुणी थिई । चराको जेठो चाहि म नै थिएँ" भनी भन्नुभयो ।

३४. छद्दन्त जातक(५१४)

"किं नु सोचसी'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक तरुणी भिक्षुणीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीबासी एक कुलकन्या थिई । गृहस्थी जीवनको दुष्परिणामलाई देखेर उ प्रव्रजित भई । एकदिन भिक्षुणीहरूका साथ धर्मश्रवणार्थ जाँदा अलंकृत धर्मासनमा बसी धर्मदेशना गरिरहनु भएका दशबलको अपरिमित पुण्यप्रभावद्वारा उत्पन्न भएको उत्तम सम्पत्तियुक्त आत्मभावलाई हेरेर "यो संसारमा विचरण गरिरहेको बेलामा के म वहाँ महापुरुषको पादपरिचारिका भएकी थिएँ वा थिइन होली ?" भनी सोची । अनि उसमा उत्नाघरीमै जातिस्मरण ज्ञान उत्पन्न भयो—

१. जा. पा. I. पृ. ३७१: छद्दन्तजातकं, नं. ५१४, अ. क. V. पृ. १९७.

"अघि छद्दन्त हात्ती भएको बेलामा म वहाँ महापुरुषको पादपरिचारिका भएकी थिएँ" भन्ने ज्ञान भयो। यो कुराको संस्मरण गर्दा गर्दै उसमा ठूलो प्रीति-प्रामोद्य उत्पन्न भयो। उ प्रीतिको बेगले बेतकरी हाँसी। फेरि सोच्नथाली—"पादपरिचारिका भनेका स्वामीहरूप्रति हितैषीणी हुन्छन् र थोरै मात्र अहितैषिणी हुन्छन्। म वहाँ महापुरुषप्रति ठूलो हितैषिणी भएकी थिएँ वा अहितैषिणी ?" फेरि स्मरण गर्दा—"अलिकता मात्र दोषलाई मनमा राखी एकशय बीस हात भएका छद्दन्त महाराजलाई मैले सोणुत्तर भन्ने व्याधा पठाई बीष भएको बाँणले हान्न लगाई ज्यान लिएको थिएँ" भन्ने कुरा उसलाई ज्ञात भयो। अनि उसमा शोक उत्पन्न भयो। छाती गर्मिएर आयो। शोकलाई थाम्न नसकी आश्वास-प्रश्वास गर्दै ठूलो आवाजले रुन थाली। यो देखेर शास्ता मुस्काउनु भयो। भिक्षुसंघले "भन्ते ! मुस्काउनाको के कारण र के प्रत्यय हो ?" भनी सोध्दा "भिक्षुहो ! यो भिक्षुणीले अघि ममाथि गरेको अपराधलाई संस्मरण गरी रुँदै छे" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा हिमालयतिर छद्दन्त दहको आश्रय लिई आकाशचारी ऋद्धिवान् आठहजार (८,०००) हात्तीहरू बस्दथे। त्यसबखत बोधिसत्व जेष्ठ हात्तीका पुत्र भई जन्मे। उनी सम्पूर्ण सेता थिए। मुख र पाद राता थिए। ठूलो भएपछि पछिगएर उनी

अठासी (८८) हात अग्ला भए। एकशय बीस (१२०) मुढीहात लामा थिए। अठाउन्न (५८) हात लामो चाँदीको डोरी जस्तै सूँढ थियो। दाह्राको गोलाई चाहिं (पन्ध्र) हात थियो। तीस (३०) हात लम्बाई थियो। छवर्ण रश्मीयुक्त थियो। आठहजार (८,०००) हात्तीहरूमध्ये जेठा थिए। पाँचशय (५००) प्रत्येकबुद्धहरूलाई पूजा गर्थे। उनको दुइवटी अग्रमहिषीहरू थिए- चुल्लसुभद्दा (=चुल्लसुभद्रा) र महासुभद्दा (=महासुभद्रा)। आठहजार (८,०००) हात्तीहरूका साथ यी कञ्चनगुफामा बस्दथे।

छद्दन्त दह

लम्बाइ र चौडाईमा यो छद्दन्त दह पचास (५०) योजन थियो। त्यसको बाह्र (१२) योजन प्रमाणको बीचमा क्याउ, कारपात र हिलो थिएन। मणीस्कन्ध वर्ण जस्तै सफा पानी मात्र थियो। (१) त्यसपछि योजनभर फैलिएको शुद्ध सुन्दर चन्द्र कमलको वनद्वारा त्यो घेरिएको थियो। (२) त्यसपछि योजनभर फैलिएको शुद्ध नीलोत्पलको वनद्वारा त्यो घेरिएको थियो। (३) त्यसपछि क्रमशः त्यसको अगाडि अगाडि पट्टि योजन योजन फैलिएको रक्त-उत्पल, (४) सेतो-उत्पल, (५) रातो-पद्म, (६) सेतो-पद्म र (७) अगाडि अगाडि कुमुद वनले घेरिएको थियो। यी सात वनपछि (८) पुनः सबै सेता आदि फूलहरूले मिसिएको योजन प्रमाण फैलिएको वनले घेरिएको थियो। तदनन्तर हात्तीहरूको टाङसम्म आउने पानीमा योजन प्रमाणको

नें (९) रातो शालीवन। तदनन्तर योजनभर फैलिएको (१०) नीलो-पहेंलो-रातो-सेतो सुरभि कुसुमहरूले भरिएको दहको किनारसम्म स्याना स्याना रुखको वन थियो। यसरी यी दश वनहरू योजनभर फैलिएका थिए।

त्यसपछि (१) स्याना-मास, ठूलो-मास र मुगीको वन, तदनन्तर, (२) लौका फर्सी भुइफर्सी आदि फलहरूका लताको वन, त्यसपछि (३) सुपारीको बोट जत्रै उखूको वन, त्यसपछि (४) हात्तीको दाह्रा जत्रै फल भएको केराको वन, त्यसपछि (५) शालवन, त्यसपछि (६) घैंटो जत्रै फल भएको कटहरको वन, त्यसपछि (७) मधुरफल भएको इमिलीको वन, त्यसपछि (८) कपिट्ठफलको वन, त्यसपछि (९) मिश्रित भएको महावनखण्ड र त्यसपछि (१०) बाँसको वन थिए। यही त्यसबखतको सम्पत्ति हो। संयुक्त अर्थ कथामा[१] चाहिं हाल विदयमान सम्पत्तिको बारेमा मात्र बताइएको छ।

बाँसको वनलाई घेरा लगाएका सात पर्वतहरू थिए। यिनीहरू-मध्ये बाहिरबाट प्रारम्भ गर्दा (१) पहिलो चुल्लकाल भन्ने पर्वत, (२) दोस्रो महाकाल भन्ने पर्वत, त्यसपछि (३) उदकपस्स भन्ने पर्वत, (४) त्यसपछि चन्दपस्स भन्ने पर्वत, त्यसपछि (५) सुरिय-पस्स भन्ने पर्वत, त्यसपछि (६) मणिपस्स भन्ने पर्वत र (७) सातौं सुवण्णपस्स भन्ने पर्वत थियो। उचाइले यो सात योजन थियो र

१. सं. नि. अ. क. I. पृ. २१७: कोण्डञ्ञसुत्तवण्णना।

पात्रको किनाराले जस्तै छद्दन्त दहलाई घेरी राखेको थियो। त्यसको भित्री भाग चाहिं सुवर्णवर्णी थियो जसबाट निस्केको प्रकाशद्वारा छद्दन्त दह उदित बाल-सूर्य जस्तै देखिन्थ्यो। पर्वतको बाहिरतिरबाट चाहिं उचाइले यौटा सात योजनिक, यौटा छ योजनिक, यौटा पाँच योजनिक, यौटा चार योजनिक, यौटा तीन योजनिक, यौटा दुइ योजनिक र यौटा एक योजनिक थियो। यसरी सात पर्वतहरूले घेरिएको त्यस छद्दन्त दहको पूर्वोत्तर कुनामा पानीको हावा लाग्ने ठाउँमा विशाल बरको रुख थियो। त्यसको स्कन्धको गोलाई पाँच (५) योजन र उचाई सात (७) योजन थियो। चारदिशामा चारवटा शाखाहरू छ छ योजनका थिए। माथितिर गएको शाखा पनि छ छ योजनकै थियो। यसरी त्यसको (बरको रुखको) फेददेखि लिएर माथिसम्म तेह्र (१३) योजन थियो र शाखाको माथि चारैतिर बाह्र (१२) योजन। आठहजार (८,०००) प्रशाखाहरूले प्रतिमण्डित मुण्डमणी पर्वत जस्तै सुशोभित भई खडा भएको थियो। छद्दन्त दहको पश्चिम भागमा चाहिं सुवण्णपस्स पर्वतमा बाह्र (१२) योजनिक कञ्चनगुफा थियो। छद्दन्त नामक हात्तीराजा वर्षादको समयमा आठहजार (८,०००) हात्तीहरूले परिवृत्तभई कञ्चनगुफामा बस्दथ्यो। गृष्म समयमा चाहिं पानीको हावा लाग्ने ठाउँमा विशाल बरको रुखको छायामा प्रशाखा-हरूको बीचमा बस्दथ्यो।

चुल्ल सुभद्राको वैरीभाव

अनि एकदिन महाशाल-वन पुष्पित भएको छ भनी भने।

त्यसपछि सपरिवार "शाल-क्रुडा गर्नेछु" भनी शालवनमा गई एउटा सुपुष्पित शालको रुखलाई उसले टाउकोले प्रहार गऱ्यो। जहांबाट माथितिर हावा बहन्थ्यो त्यहां चुल्लसुभद्रा उभिइरहेकी थिई। उसको शरीरमा सुकेका हाँगाविङ्गा सहित पातहरू र धमिराहरू खसे। जहाँ तलतिर हावा बहन्थ्यो त्यहाँ महासुभद्रा उभिइरहेकी थिई। उसको शरीरमा फूलका केशरहरू खसे। चुल्लसुभद्रा "यो हात्तीराजाले आफ्नी प्रिया भार्यामाथि फूल-केशरहरू खसाले। मेरो शरीरमा चाहिं सुकेका हाँगाविङ्गाहरू सहितका पातहरू र धमिराहरू खसाले। होओस्, गर्नुपर्ने कुरा जानेको छु" भनी महासत्व प्रति वैरता लिई।

अर्को दिनमा नुहाउनकोनिमित्त सपरिवार हात्तीराजा छद्दन्त दहमा ओर्ल्हो। अनि दुइ तरुण हात्तीहरूले सूँढले जराको मुट्ठा लिई कैलाशकूटलाई दले झैं नुहाए। नुहाई उ उक्लिसकेपछि दुइवटी हस्तिनीहरूले नुहाए। उनीहरू पनि उक्लेर महासत्वको नजिकमा उभिइरहे। त्यसपछि आठहजार हात्तीहरू दहमा ओर्ल्ही जलक्रुडा गरिसकेपछि दहबाट नानाप्रकारका फूलहरू ल्याई उनीहरूले चाँदीको स्तूपलाई अलंकृत गरे जस्तै महासत्वलाई अलंकृत गरी पछि दुइ हस्तिनीहरूलाई पनि अलंकृत पारे। अनि दहमा विचरण गर्दा एक हात्तीले सत्तुदय-महापद्म पाई लिएर आई महासत्वलाई दियो। उनले सूँढले लिएर केशर टाउकोमा छरी जेठी महासुभद्रालाई दिए। त्यो देखेर अर्कीले "यो सत्तुदय-महापद्म पनि आफ्नी प्रिया भार्यालाई नै दिएर मलाई दिएनन्" भनी फेरि पनि उनीमाथि वैरता गरी।

एकदिन बोधिसत्वले मधुर फलहरू र पद्मका जराहरू पुष्कर-मधुमा मिलाई पाँचशय प्रत्येकबुद्धहरूलाई भोजन गराइरहेको देखेर—चुल्लसुभद्राले आफूले पाएका फलफूलहरू प्रत्येकबुद्धहरूलाई दिई—"यहाँबाट च्युतभई मद्दराज कुलमा जन्मेर सुभद्रा भन्ने राजकन्या भई ठूलो भएपछि बाराणशी राजाकी अग्रमहिषीभावमा पुगी उनको प्रिया मनापिनी भई उनलाई आफ्नो रुचि अनुसार गर्न समर्था भएपछि उनलाई भनी एउटा ब्याधालाई पठाई यो हात्तीलाई वीष भएको बाँणले हान्नलगाई ज्यानलिई छवर्ण रश्मी निस्कने दुवै दाह्राहरू ल्याउनमा समर्था हुन सकुँ" भनी प्रार्थना गरी।

छद्दन्तलाई मार्न लगाए

त्यहाँदेखि खाना नै नखाई सुक्दै जाँदा चिरकाल नबित्दै मरी र मद्दराष्ट्रको राजमहिषीको कोखमा उ जन्मी। उसको नाम सुभद्रा भन्ने राखे। ठुलो भएपछि बाराणशी राजालाई दिए।

उनी राजाकी प्रिया र मनापिनी थिइन् र सोह्रहजार (१६,०००) स्त्रीहरूमध्येमा जेठी भइन्। उनले जातिस्मरण ज्ञान पनि पाइन्। अनि उनले सोचिन्—"मेरो प्रार्थना सफल भयो।" त्यसपछि आङमा तेल लगाई मैलो वस्त्र लगाई रोगिणी जस्तो देखाई खोपीमा पसी खाट्मा लेटिन्। राजाले "सुभद्रा खोई?" भनी सोध्दा "बिरामी" भन्ने सुनेपछि खोपीमा पसेर खाट्मा बसी उनको पिठ्यूँ मुस्सुम्याई पहिलो गाथा भने—

"किन्नु सोचसि अनुच्चङ्गी पण्डसि वरवण्णिनी ।
मिलायसि विसालक्खि मालाव परिमद्दिता'ति ।।"

अर्थ—

"हे स्वर्णवर्णे ! तिमी के सोच्दैछ्यौ ? हे उत्तमवर्णे ! तिमी पाण्डुवर्णी भएर गइरहेकी छ्यौ । हे विशाल आँखा हुने ! मालालाई हातले मर्दन गरे झैं तिमी सुकेर जाँदैछ्यौ ।"

यो सुनेर उनले अर्को गाथा भनिन्—

"दोहलो मे महाराज सुपिनन्तेनुपच्चगा ।
न सो सुलभरूपोव यादिसो मम दोहलो'ति ।।"

अर्थ—

'महाराज ! स्वप्नमा मेरो दोहलो (=गर्भिणी स्त्रीमा हुने इच्छा) उत्पन्न भयो । जुन किसिमको दोहलो ममा उत्पन्न भयो त्यो सुलभ छैन ।"

यो सुनेर राजाले गाथा भने—

"ये केचि मानुसा कामा इध लोकस्मि नन्दने ।
सब्बे ते पचुरा मय्हं अहन्ते दम्मि दोहल'न्ति ।।"

अर्थ—

"हे प्रिया ! यो लोकमा मानिसहरूले जुन वस्तुको इच्छा गर्छन्—ती सबै ममा प्रचूरमात्रामा छन् । तिम्रो दोहलो पूरा गरिदिने छु ।"

यो सुनेर "महाराज ! मेरो दोहलो पाउनु दुर्लभ छ । अहिले म सो कुरा बताउँदिन । तपाइको राज्यमा जति व्याधाहरू छन् तिनीहरू सबैलाई भेला गराउनुहोस् । उनीहरूको बीचमा बताउने छु" भनी रानीले तदनन्तर गाथा भनिन्—

"लुद्दा देव समायन्तु ये केचि विजिते तव ।
एतेसं अहमक्खिस्सं यादिसो मम दोहलो'ति ।।"

अर्थ—

"हे देव ! तपाइको राज्यमा जति व्याधाहरू छन् ती सबैलाई भेला गराउनुहोस् । उनीहरूलाई म भन्नेछु कि कस्तो मेरो 'दोहलो' हो ।"

"हुन्छ" भनी राजा खोपीबाट निस्की "तीनशय (३००) योजन भएको काशी राष्ट्रमा जति व्याधाहरू छन् ती सबैलाई भेला गराउनकोनिमित्त ढ्यााली पिटाउन लगाऊ" भनी उनले अमात्यहरूलाई आज्ञा दिए । उनीहरूले त्यसो गर्नलगाए । चिरकाल नबित्दै काशी राष्ट्रमा बस्ने व्याधाहरू आ-आफ्नो गच्छेअनुसार कोसेली लिई

आई आएको खबर राजालाई दिन पठाए । उनीहरू सबै साठीहजार (६०,०००) थिए । उनीहरू आएको कुरा बुझी झ्यालमा उभिई हात पसारी उनीहरू आएको कुरा देवीलाई भन्दै राजाले भने—

"इमे ते लुद्दका देवि कतहत्था विसारदा ।
वनञ्ञू च मिगञ्ञू च ममत्थाय चत्तजीविता'ति ।।"

अर्थ—

"हे देवी ! यी ती कुशल तथा विशारद व्याधाहरू हुन् । यिनीहरूलाई वनको ज्ञान र पशुहरूको ज्ञान पनि छ । यिनीहरू मेरो निमित्त जीवन परित्याग गर्न पनि तयार छन् ।"

यो सुनेर देवीले उनीहरूलाई सम्बोधन गर्दै अर्को गाथा भनिन्—

"लुद्दपुत्ता निसामेथ यावन्तेत्थ समागता ।
छब्बिसाणं गजं सेतं अद्दसं सुपिने अहं ।
तस्स दन्तेहि मे अत्थो अलाभे नत्थि जीवित'न्ति ।।"

अर्थ—

"जति व्याधाहरू यहाँ भेला भएकाछौ तिमीहरूले राम्ररी मेरो कुरा सुन । मैले स्वप्नमा छवर्णरश्मी युक्त दाह्रा भएको एक सेतो हात्ती देखें । मलाई उसको दाह्रा आवश्यकता छ । यदि मैले सो पाइन भने मेरो जीवन रहने छैन ।"

यो सुनेर ब्याधाहरूले भने—

"न नो पितुनं न पितामहानं,
दिट्ठो सुतो कुञ्जरो छब्बिसाणो ।
यमद्दसा सुपिने राजपुत्ती,
अक्खाहि नो यादिसो हत्थिनागो'ति ।।"

अर्थ—

"हे राजपुत्री ! यस्तो छवर्ण युक्त दाह्रा भएको हात्ती हाम्रा बाबु बाजेहरूले पनि सुनेको वा देखेको छैनन् भने हामीहरूको त के कुरा ! स्वप्नमा तपाइले कस्तो हात्ती देख्नु भएको हो त्यसको वर्णनगर्नुहोस् ।"

यसपछिको गाथा पनि उनीहरूले नै भनेका हुन्—

"दिसा चतस्सो विदिसा चतस्सो,
उद्धं अधो दसदिसा इमायो ।
कतमं दिसं तिट्ठति नागराजा,
यमद्दस सुपिने छब्बिसाण'न्ति ।।"

अर्थ—

"चारदिशाहरू छन्, चार अनुदिशाहरू छन् र माथि तल गरी

बम्मा दशदिशाहरू छन् । तपाइले स्वप्नमा देख्नु भएको छवर्ण रश्मी युक्त भएको हात्तीराजा कुन दिशामा बस्छ ?"

यसो भन्दा सुभद्राले सबै व्याधाहरूतिर हेरी तिनीहरूको बीचमा—औंला फिजिएको पाउ भएको, भातको थैलो जस्तो जाँघ भएको, मोटो घुंडा भएको, ठूलो करङ भएको, धेरै जुंगा भएको, तामाको वर्ण जस्तै दाँत भएको, खैरो रंगको आँखा भएको, कुरूप बीभत्स्य र सबैको बीचमा अग्लो देखिने, महासत्वको पहिलेको वैरी—सोणुत्तर भन्ने व्याधा देखेर "यसले मेरो वचन अनुसार गर्न सक्नेछ" भन्ने ठानी राजासँग आज्ञा मागी उसलाई लिएर साततले प्रासादको माथिल्लो तलामा उक्ली उत्तरतिरको झ्याल उघारी उत्तर हिमालयतिर हात पसारी चारवटा गाथा भनिन्—

१. "इतो उजुं उत्तरियं दिसायं,
अतिकम्म सो सत्त गिरी ब्रहन्ते ।
सुवण्णपस्सो नाम गिरी उलारो,
सुपुप्फितो किम्पुरिसानुचिण्णो ।।

२. "आरुय्ह सेलं भवनं किन्नरानं,
ओलोकय पब्बतपादमूलं ।
अथ दक्खसि मेघसमानवण्णं,
निग्रोधराजं अट्ठसहस्सपादं ।।

३. "तत्थच्छति कुञ्जरो छब्बिसाणो,
सब्बसेतो दुप्पसहो परेहि ।

रक्खन्ति नं अट्ठसहस्सनागा,
ईसादन्ता वातजवप्पहारिनो ।।

४. "तिट्ठन्ति ते तुमुलं पस्ससन्ता,
कुप्पन्ति वातस्सपि एरितस्स ।
मनुस्सभूतं पन तत्थ दिस्वा,
भस्मं करेयुं नास्स रजोपि तस्सा'ति ।।"

अर्थ—

१—"यहाँबाट सीधा उत्तरदिशामा सात महापर्वतहरू छन् । त्यसको उतातिर सुपुष्पित 'सुवण्णपस्स' भन्ने ठूलो पर्वत छ । जहाँ किन्नरहरू बस्छन् ।

२—"किन्नरहरूको शैलमय भवन उक्ली पर्वतको फेदीतिर हेर । अनि तिमीले आठहजार जरा भएको मेघवर्ण जस्तै वरको वृक्षराजलाई देख्नेछौ ।

३—"त्यहीं छवर्णयुक्त दाह्रा भएको सम्पूर्ण सेतो हात्ती बस्छ । जसलाई कसैले पनि जित्न सक्दैन । उसलाई आठहजार हात्तीहरूले रक्षा गर्छन् । रथको धुरी जत्रै उसका दाह्राहरू छन् र वायुबेगले उ प्रहार गर्छ ।

४—"महान आवाज निकाली साँस फेरी त्यहाँ बस्छ र उ वायु चल्दा पनि कुपित हुन्छ । मानिसलाई देखेपछि उसले खरानी मात्र पनि नरहने गरी भस्मपार्न सक्छ ।"

यो सुनेर मरण भयले डराई सो पुरुषले भन्यो—

"वहूहिमे राजकुलम्हि सन्ति,
पिलन्धना जातरूपस्स देवि ।
मुत्तामणी वेलुरियामया च,
किं काहसि दन्त पिलन्धने ।
मारेतुकामा कुञ्जरं छब्बिसाणं,
उदाहु घातेस्ससि लुद्दपुत्ते'ति ।।"

अर्थ—

"देवी ! राजदरबारमा मोती मणी वैदुर्यमय सुन, चाँदीका धेरै गहनाहरू छन् । दाह्राको गहनाले के गर्ला र ? छवर्ण रश्मीयुक्त दाह्रा भएको हात्तीलाई मार्न चाहनुहुन्छ कि क्याहो ? अथवा व्याधालाई मार्न चाहनु हुन्छ ?"

त्यसपछि देवीले गाथा भनिन्—

"सा इस्सिता दुक्खिताचस्मि लुद्द,
उद्धञ्च सुस्सामि अनुस्सरन्ती ।
करोही मे लुद्दक एतमत्थं,
दस्सामि ते गामवरानि पञ्चा'ति ।।"

अर्थ—

"हे व्याधा ! अघि गरेको ईर्ष्यालाई सम्झेर मलाई दुःख हुन्छ

र म त्यसैको कारणले सुकेर पनि गइरहेकी छु। हे व्याधा ! मेरो यो काम गरिदेऊ। म तिमीलाई पाँचशय गाउँहरू वरदान दिनेछु।"

यति भनी—"सौम्य व्याधा ! यो छद्दन्त हात्ती मारेर उसका दुइवटा दाह्राहरू ल्याउन समर्थ होऊँ भनी मैले अघि प्रत्येकबुद्धहरूसँग प्रार्थना गरी दानदिएको थिएँ। मैले स्वप्नमा देखेको होइन। त्यो मैले गरेको प्रार्थना सिद्धहुने छ। तिमी जानमा नडराऊ" भनी उसलाई आश्वासन दिइन्।

"हुन्छ, आर्या !" भनी उनको वचन स्वीकारी "त्यसोभए उ बस्ने ठाउँको बारेमा मलाई प्रष्टरूपले भन्नुहोस्" भनी भन्यो—

"कत्थच्छति कत्थमुपेति ठानं,
वीथिस्स का नहानगतस्स होति।
कथञ्हि सो नहायति नागराजा,
कथं विजानेमु गतिं गजस्सा'ति॥"

अर्थ—

"उ कहाँ बस्छ र कहाँ उभिइरहन्छ ? उ नुहाउनजाने बाटो कुन हो ? सो हात्तीराजा कसरी नुहाउँछ ? हात्ती जाने बाटाहरू कसरी जानूँ ?"

त्यसपछि जातिस्मरण ज्ञानद्वारा प्रत्यक्ष रूपमा देखेका स्थानहरूको बारेमा उसलाई बताउँदै दुइ गाथा भनिन्—

१. "तत्थेव सा पोक्खरणी अदूरे,
रम्म सुतित्था च महोदिका च।
सम्पुप्फिता भमणगणानुचिण्णा,
एत्थ हि सो नहायति नागराजा ।।

२. "सीसं नहातो उप्पलमालधारी,
सब्बसेतो पुण्डरीकत्तचङ्गी।
आमोदमानो गच्छति सन्निकेतं,
पुरक्खत्वा महेसिं सब्बभद्द'न्ति ।।"

अर्थ—

१—"त्यहाँ उ बस्ने ठाउँ नजिकै रम्य सुतीर्थ धेरै पानी भएको एक पुष्करिणी छ। त्यहाँ अनेक प्रकारका भ्रमरगणहरू पनि छन्। सो हात्तीको राजा उही छद्दन्त दहमा स्नान गर्छ।

२—"पुण्डरिकको जस्तो सबै सेतो भएको सो हात्तीराजाले नुहाई उत्पलहरुको माला लगाउँछ। अनि आफ्नो महिषी सुभद्रालाई अगाडि राखी आमोद प्रमोद गर्दै उ आफू बस्ने ठाउँमा सबै हात्तीहरुका साथ जान्छ।"

यो सुनेर—"हुन्छ, आर्या! म त्यो हात्तीलाई मारी दाह्राहरु ल्याउनेछु" भनी सोणुत्तरले स्वीकार गर्‍यो। अनि सन्तुष्ट भई एकहजार (कार्षापण) दिई अहिलेलाई घर जाऊ। आजको एक

सातापछि त्यहाँ जानुपर्ने छ। उसलाई पठाइसकेपछि कालिगडहरूलाई बोलाउन पठाई "तात ! हामीलाई तरवार, बञ्चरो, कोदालो, गल, बाँसको झाङकाट्ने खुकुरी, घाँसकाट्ने खूर्पा, फलामको दण्डी, करौंती, कीला, फलामको चारपाते चक्का आदिहरूको आवश्यकता छ। यी सबै छिटो बनाई ल्याऊ" भनी आज्ञादिइन्। त्यसपछि सार्कीलाई बोलाउन पठाई "तात ! हामीलाई घ्याम्पो जत्रै छालाको धोक्रो बनाउनपर्‍यो। अनि छालाको डोरी र फित्ता, हस्तीपाद उपाहन (=बूठ) र छालाको छाता आदिहरूको आवश्यकता छ। ती सबै छिटो बनाएर ल्याऊ" भनी आज्ञादिइन्। त्यसपछि दुवै जनाले छिटै बनाएर ल्याइदिए। अनि उनले उसको बाटोखर्चको प्रबन्ध गरी अरणी आदि सहित सबै उपकरणहरू र डल्ला पारेको सत्तु आदि बाटोखर्चकोनिमित्त छालाको धोक्रोमा राखिन्। ती सबै घ्याम्पाभरीको भार मात्र थियो।

आफ्नो आवश्यक वस्तु तयार पारी सातौं दिनमा सोणुत्तर आई देवीलाई वन्दना गरी उभिइरह्यो। अनि उनले "तिम्रा सबै उपकरणहरू तयार छन्। यो धोक्रो लेऊ" भनी भनिन्। उ चाहिं महाबल सम्पन्न थियो। पाँच हात्तीको बल उसमा थियो। त्यसले पानको थैलो जस्तै गरी उचाली काखीमा च्यापी रित्तै भए जस्तै गरी उभियो। सुभद्राले व्याधाका केटाकेटीहरूकोनिमित्त खर्चदिई राजालाई भनी सोणुत्तरलाई पठाइन्।

उ पनि राजा र देवीलाई वन्दना गरी राजदरवारबाट ओर्ल्ही रथमा बसी ठूलो परिवारका साथ नगरबाट निस्की क्रमशः गाउँनिगमहरू पारगरी प्रत्यन्तमा पुगेपछि जानपदिकहरूलाई फर्काई प्रत्यन्तवासीहरूसँग

जंगलमा गयो। अनि मानिसहरूको बस्ती कटेपछि प्रत्यन्तवासीहरूलाई पनि फर्काई एक्लै तीस (३०) योजन बाटो गयो। सर्वप्रथम (१) दुबोको गहन, (२) घाँसको गहन, (३) तृणको गहन, (४) तुलसीको गहन, (५) सरको गहन, (६) तिरितवच्छको गहन गरी छ गहन र (७) काँढाको गहन, (८) झाङ्को गहन, (९) बेतको गहन, (१०) मिश्रित भएको गहन, (११) बाँसको गहन, (१२) सरको गहन, (१३) सर्प पनि छिरेर जान नसक्ने गहन, (१४) रुखको गहन (१५) बाँसको गहन, (१६) धापको गहन, (१७) पानीको गहन र (१८) पर्वतको गहन गरी जम्मा अठार (१८) गहनहरू क्रमैसँग पारगर्‍यो। दुबोको गहन आदिलाई तरवारले काटी, तुलसीको गहन आदिलाई बाँसको झाङ काटने खुकुरीले काटी, रुखहरू बन्चरोले काटी, अति ठूला रुखहरूलाई गलद्वारा (निखादन) ढलाई बाटो बनाउँदै गयो। बाँसको झाडीमा भर्‍याङ्ग बनाई बाँसको झाङमा उक्ली बाँस काटी अर्को बाँस झाडीमाथि सो बाँस (राखी) बाँस झाडीको माथि माथिबाट गयो। धापको गहनमा सुकेका रुखहरूका फलेक बिच्छ्याई त्यसबाट गई अर्को बिच्छ्याई अघिको झिकी फेरि अगाडिपट्टि बिच्छ्याई पारगर्‍यो। पानीको गहनमा पुगेपछि द्रोणी अर्थात् डुँगा बनाई त्यसबाट पानीको गहन तरेर गई पहाडको फेदमा उभिई फलामको चारकुने चक्का डोरीमा बाँधी माथितिर फ्याकी पर्वतमा अटकाई डोरीबाट उक्ली त्यहाँ उभिई छालाको डोरी कुण्डचाई त्यसलाई समाती ओर्ली तल्लो कीलामा बाँधी डोरीबाट उक्ली फलामको छिनोले पाहाड खोपी कीला गाडी त्यहाँ उभिई चारकुने चक्का तानेरलिई फेरि माथि अटकाई

त्यसमा उभिई छालाको डोरी फुण्डचाई त्यो समातेर ओर्ल्ही तलको कीलामा बांधी डोरीबाट चढी देब्रे हातले डोरी समाती दाहिने हातले मुग्रो लिई डोरी हल्लाई कीला निकाली फेरि चढ्यो ।

यस्तै प्रकारले पर्वतमाथि चढी उताबाट ओर्ल्हिंदै पहिलेकै क्रमले सर्वप्रथम पर्वतमाथि कीला गाडी छालाको धोक्रोलाई डोरीले बाँधी कीलामा बेरी स्वयं धोक्रोमा बसी माकुराले सूत फाल्ने जस्तै गरी डोरी फुकाल्दै ओर्ल्ह्यो । छालाको छाताले हावालाई थामी चरा जस्तै ओर्ल्हियो पनि भन्दछन् ।

यसरी सुभद्राको वचन मानी नगरबाट निस्की सत्र (१७) गहनहरू पारगरी पर्वतको गहनमा पुगेपछि ६ पर्वतहरू पनि पारगरी 'सुवण्णपस्स' पर्वतमाथि चढेको कुरा प्रकाशपार्दै शास्ताले भन्नु-भयो—

१. "तत्थेव सो उग्गहेत्वान वाक्यं,
आदाय तूणिञ्च धनुञ्च लुद्दो ।
वितुरिय सो सत्त गिरी ब्रहन्ते,
सुवण्णपस्सन्नाम गिरिं उलारं ।।

२. "आरुय्ह सेलं भवनं किन्नरानं,
ओलोकयी पब्बतपादमूलं ।
तत्थद्दसा मेघसमानवण्णं,
निग्रोधराजं अट्ठसहस्सपादं ।।

३. "तत्थद्दसा कुञ्जरं छब्बिसाणं,
सब्बसेतं दुप्पसहं परेहि ।
रक्खन्ति नं अट्ठसहस्सनागा,
ईसादन्ता वातजवप्पहारिनो ।।

४. "तत्थद्दसा पोक्खरणिं अदूरे,
रम्मं सुतित्थञ्च महोदिकञ्च ।
सुपुप्फितं भमरगणानुचिण्णं,
यत्थ हि सो नहायति नागराजा ।।

५. "दिस्वान नागस्स गतिं ठितिञ्च,
वीथिस्स या नहानगतस्स होति ।
ओपातमागञ्छि अनरियरूपो,
पयोजितो चित्तवसानुगाया'ति ।।"

अर्थ—

१–" उहाँ साततले प्रासादमा उनको कुरा ग्रहण गरी व्याधाले धनुष र धनुषराख्ने धोक्रो लिई सात पर्वतमा पुगी उसले '**सुवण्णपस्स**' भन्ने विशाल पर्वत भनेको कुनचाहिं रहेछ भन्ने परीक्षा गऱ्यो ।

२–" अनि किन्नरहरू बस्ने शैलभवन चढेर उसले पर्वतको फेदीमा हेऱ्यो । त्यसपछि अठारहजार जरा भएको र मेघसमान वर्ण भएको वरको रुख देख्यो ।

३–"त्यसपछि उसले त्यहाँ सुवर्ण रश्मीयुक्त दाह्रा भएको, कसैले जित्न नसक्ने, सम्पूर्ण सेतो, रथको धुरी जत्रै दाह्रा भएको र वायुबेगले प्रहार गर्ने हात्तीलाई देख्दो। जसलाई आठहजार हात्तीहरूले रक्षा गर्दथे।

४–"त्यसको नजिकै रम्य सुतीर्थ तथा धेरै पानी भएको, सुपुष्पित र भ्रमरगणहरूले भरिएको पुष्करिणी देख्यो। जहाँ सो हात्तीराजा नुहाउँदथ्यो।

५–"हात्ती उभिने र बस्ने ठाउँ तथा नुहाउनकोनिमित्त आवत-जावत गर्ने बाटो पनि देख्यो। अनि चित्तको वशीभूत भएकी सुभद्रा-द्वारा प्रेरित व्याधाले खाडल खन्यो।"

